तानसेन गुठी
# तानसेन गुठी
काठमाडौं (स्थापित : २०५०)

जि.प्र.का.द.नं.८०।०५१।०५२ पान नं.३०१५८६२१८

# चिनारी

वर्ष : २८/२९ अंक : २६-२७ २०७८ भाद्र २६, शनिबार

२८/२९ औं वार्षिक भेला - २०७८

## चिनारी प्रकाशन समिति

### सल्लाहकार


सर्जु मान लिगल
अध्यक्ष


शान्ता शाक्य
नि. अध्यक्ष


हेमन्त राज कोलाक्षपती
पूर्व अध्यक्ष


गृहमान सिंह
पूर्व अध्यक्ष


हिमाल कसजू
पूर्व अध्यक्ष

### प्रधान सम्पादक


जयन्ती श्रेष्ठ

### सह–सम्पादक


दिनेश थान्जू

### सम्पादन सहयोगी


प्रमी श्रेष्ठ

### विज्ञापन संकलन उपसमिति


जीवन ज्योति बज्राचार्य
संयोजक


विधान जोशी
सदस्य


मनिस श्रेष्ठ
सदस्य

## सल्लाहकारहरू


मि.सु. नारायण प्रसाद श्रेष्ठ
९७४१०५९९७०


डा. मोहन मान सैँजू
९७४१०३९९१६


ई. शंकर कृष्ण मल्ल
९८४९६२७३९७


क्या. रवीन्द्र प्रसाद प्रधान
९८४९४८२३३८


श्री वनमाली प्रसाद लाकौल
९८४१९०५४३४


प्रा. डा. पुष्पा श्रेष्ठ
९८४९५२४५५७


श्री शोभा श्रेष्ठ
९८१८२३२८५०


श्री पृथ्वीराज लिगल
९८५१०७८५७२


प्रा.डा. विनोद प्रसाद श्रेष्ठ
९८५१०९३७२२

## पूर्व अध्यक्षहरू र उहाँहरूको कार्यकाल


प्रा. डा. श्री विनोद कुमार श्रेष्ठ
२०५०/५१ - ०५१/५२
९८४९७६४९७२


श्री लक्ष्मण प्रसाद श्रेष्ठ
२०५२/५३ - ०५३/५४ - ०५४/५५
९८५१०७२७८९


श्री हेमन्त राज कोलाक्षपती
तदर्थः ०४९/१२/२७ - ०५०/५/५
०५५/५६ - ०५६/५७
९८५१०२३०८७


स्व. ज्ञानुमान मल्ल
०५७/५८ - ०५८/५९



स्व. श्यामसुन्दर लाल कक्षपती
२०५९/६० - ०६०/६१
९८५१०२०८५०


ई. श्री विधान चन्द्र राजभण्डारी
२०६१/६२ - ०६२/६३
९८४१३०३३७४


ई. श्री करुणा गोविन्द श्रेष्ठ
२०६३/६४ - ०६४/६५
९८५१०८५४४२


श्री गृहमान सिंह
२०६५/६६ - ०६६/६७
९८४१३६०१३०


श्री शरण रत्न शाक्य
०६७/६८ - ०६८/६९
९८४१७८९१७०


श्री हिमाल कसजू
०६९/७० - ०७०/७१
९८५१०८२६१०


श्री अनुप लाल कक्षपती
०७१/७२ - ०७२/७३
९८५१०२४७४०


श्री शान्ता शाक्य
०७३/७४ - ०७४/७५
९८४१५२७०५८

# कार्यसमितिका पदाधिकारीहरू



**श्री सर्जु मान लिगल**
अध्यक्ष (नायः)
९८५१०७३४२५



**श्री निलम श्रेष्ठ (गोंगल)**
उपाध्यक्ष (न्वकु)
९८४१७८१३७२



**श्री प्रमी श्रेष्ठ**
सचिव (छ्याञ्जे)
९८५१०७५५००



**श्री जीवन ज्योति बज्राचार्य**
कोषाध्यक्ष (दाँभरी)
९८४१२३८३४४



**श्री नवीन गोविन्द श्रेष्ठ**
सह–सचिव (ल्यू छ्याञ्जे)
९८५१११३३९९



**श्री विधान जोशी**
सह–कोषाध्यक्ष (ल्यू दाँभरी)
९८५१०५५१३२



**श्री सुबोध लाल श्रेष्ठ**
सदस्य (दुजः)
९८५१०३६९२१



**श्री राजु प्रधान**
सदस्य (दुजः)
९८५१०३०८९२



**श्री मनिस श्रेष्ठ**
सदस्य (दुजः)
९८५११३०३२९



**श्री विनय शाक्य**
सदस्य (दुजः)
९८४९२५२९११



**श्री भवनी गोंगल**
सदस्य (दुजः)
९८४१५४९१३३

# अध्यक्षको मन्तव्य (नायःया न्वचु)



आदरणीय गुठियार सदस्यज्यूहरू

विश्वभरी कोभिड-१९को संक्रमण अत्यधिक देखिएपछि नेपाल सरकारले जनताको स्वास्थ्यलाई उच्च महत्व दिई सुरक्षित र स्वस्थ रहनको लागि अधिराज्यभरि लागुगरेको लकडाउन २०७६ चैत्र ११ गतेदेखि पटक पटक गरी २०७७ जेठ ३२ गतेसम्म कायम रहेको थियो। विभिन्न सभा समारोह तथा भेला गर्न निषेध गर्ने नेपाल सरकारको निर्णय भाद्र महिनासम्म कायम रहेकोले २८ औं वार्षिक साधारण सभा एवम् भेला कार्यक्रम समेत हुनसकेन। विस्तारै कोभिड–१९ को संक्रमणले प्रभावित हुने संख्यामा केही कमी हुँदै आएता पनि पूर्ण रूपमा मुक्त हुन सकेको थिएन। पुनः विश्वभरि कोभिडको नयाँ भेरियन्ट सहितको महामारीको संङ्क्रमण नेपालमा २०७७ चैत्र २९ देखि तीव्ररूपमा बढ्न थाल्यो। नेपाल सरकारले नियन्त्रण तथा रोकथामको लागि २०७८ वैशाख ६ गतेदेखि पुन: लकडाउन गर्दै पटक-पटक थप गरी २०७८ जेष्ठ मसान्तसम्म कायमै रह्यो। तर लकडाउन खुलेता पनि २५ जना भन्दा बढी भेला भएर कुनै सभा-समारोह गर्न निषेध गरिएकोले २९ औं वार्षिक भेला तथा साधारण सभा समेत हुन नसक्ने अवस्था रह्यो।

यसरी सबै गुठियार सदस्यहरू भेला भएर कार्यक्रम गर्न सम्भव नभएको अवस्थामा आफ्नो दुई वर्षे कार्यकाल तीनवर्ष पूरा भैसकेकोले नयाँ कार्यसमिति चयन तथा हस्तान्तरण गर्नुपर्ने अवस्था रह्यो। यस विषम परिस्थितिलाई ध्यानमा राखेर एक-आपसमा समाजिक दुरी कायम राखी सिमित गुठियार सदस्यहरूको (२५ जनामा नबढाई) उपस्थितिमा २०७८ साल भाद्र .....गतेका दिन २८औं तथा २९औं वार्षिक भेला तथा साधारण सभा गर्ने निर्णय भएको छ। साथै नेपाल सरकारको नियम अनुसार संस्था नविकरण गर्न अनिवार्य रूपमा साधारण सभा गर्नुपर्ने भएकोले उपस्थिति पुस्तिकामा हस्ताक्षर मात्र गर्नको लागि भएपनि साधारण सभालाई पूर्णता प्रदान गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु। यस पावन अवसरमा उपस्थित आदरणीय सम्पूर्ण गुठियार सदस्य तथा शुभचिन्तक महानुभावज्यूहरुमा हार्दिक स्वागत गर्दै बधाई तथा शुभकामना व्यक्त गर्दछु। कोरोना भाइरसबाट सजग भएर रहनुपर्ने विषम परिस्थितिमा पनि गुठीले आफ्नो उद्देश्य अनुरूप गुठी परिवार तथा सामाजिक सेवामा योगदान गर्न केही हदसम्म सफल भएको जानकारी पनि गराउन चाहन्छु।

१. २०७७ पौष १५ गते मङ्गलवारको दिन यस गुठीबाट वाङ्मय शताब्दी पुरुष तथा वरिष्ठ संस्कृतिविद् १०१ वर्षिय श्रद्धेय डा.श्री सत्यमोहन जोशीज्यू तथा उहाँको धर्मपत्नी ९५ वर्षिया श्रद्धेय श्रीमती राधादेवी जोशीज्यूको सम्मानमा शतवार्षिक पूजा कार्यक्रम सम्पन्न गरियो।

२. २०७६ माघ ११ गते शनिवारको दिन पाल्पा 'टक्सार पर्यटन महोत्सव २०७७' आयोजना गर्ने उद्येश्यले विभिन्न समयमा पाल्पामा बैठक सम्पन्न गर्नुका साथै महोत्सव सहयोगार्थ नेपाली चलचित्र 'यात्रा' प्रदर्शनबाट अर्थ संकलनको कार्यक्रम सम्पन्न गरियो।

३. २०७६ माघ १८ गते शनिवारको दिन तारकेश्वर, काभ्रेस्थलीस्थित शान्तिधाम बद्रिनाथ मन्दिर तीर्थयात्रा कार्यक्रम सम्पन्न गरियो।

४. २०७६ चैत्र २९ गते तानसेन गुठी काठमाडौंका गुठियार सदस्यहरुमा आर्थिक सहयोगको लागि अपिल गरी असहाय, दु:खी तथा पीडितहरुमा प्रति परिवार चामल २५ के.जी., दाल २ के.जी., तेल १ लि., नुन १ के.जी., सोयाविन १ पाकेट, लुगा धुने साबुन २ पिस र हात धुने साबुन २ पिस गरी राहत वितरण गर्ने उद्देश्यले अर्थ संकलनको कार्यक्रम सुरुवात गरियो।

५. २०७७ वैशाख ५ गते तानसेन नगरपालिकाले कोराना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारकोषमा सहयोग गरेको थियो।

६. २०७७ साल वैशाख २५ गतेका दिन १६ विपन्न तथा असहायहरूलाई खाद्यान्न सहयोग वितरण गरिएको थियो।

७. २०७७ वैशाख २६ गते शुक्रवारका दिन पाल्पा तेल्घामा एकल महिला, अपाङ्ग, दलित, एवं मजदुर ९६ जनालाई खाद्यान्न वितरण गरिएको थियो।

८. २०७७ जेष्ठ ९ गते शुक्रवारको दिन गोर्खेकोटमा बराङ्दी, मिसन हस्पिटल नजिकका तीन क्षेत्रका पीडित समुदायलाई खाद्यान्न वितरण गरिएको थियो।

९. २०७७ जेष्ठ १६ गते शुक्रवार विशालवजार, बि.पि. चौकमा जम्मागरी १२ घर परिवारलाई खाद्यान्न वितरण गरिएको थियो।

१०. २०७७ जेष्ठ २७ मंगलवार तानसेन वडा नं. चारका २० घर परिवारमा खाद्यान्न वितरण गरिएको थियो।

११. २०७७ जेष्ठ ३० गते शुक्रवार तानसेन भिमसेन टोल , बर्तुङ र कुनिसरे एवं बसपार्क र बर्तुङमा जम्मा गरी

दुई स्थानमा ३२ परिवारमा खाद्यान्न राहत वितरण गरिएको थियो।

१२. २०७७ आषाढ १६ गते मंगलवार युनाइटेड मिशन अस्पतालका चिल्ड्रेल वार्डमा भर्ना रहेका २३ परिवारका बालबालिकाहरुलाई ताजा फलफूल र अण्डा तथा ५० पाकेट बिस्कुट वितरण गरिएको थियो।

१३. २०७७ श्रावण २७ गते मङ्गलवार श्रीकृष्ण जन्माष्टमीको अवसरमा काठमाडौं वानेश्वर स्थित नि:सहाय सेवा सदनका आश्रित जेष्ठ नागरिकहरूको सहयोगार्थ उक्त संस्थामा खाद्यान्न हस्तान्तरण गरिएको थियो।

१४. २०७७ साल पौष ७ गते पाल्पा तानसेन अमर नारायण मन्दिर परिसरमा श्री ७ रणउजीरेश्वरी भगवतीमाताको रथ बोक्ने ४४ जना कुमालहरूलाई खाद्यान्न वितरण गरिएको थियो।

१५. पाल्पा तानसेन श्री अमर नारायण मन्दिर परिसरमा अवस्थित ऐतिहासिक हनुमान मन्दिर जिर्णोद्धार गर्न आर्थिक सहयोग संकलन गरिएको थियो।

१६. २०७७ साल पौष ७ गते पाल्पा तानसेन श्री अमर नारायण मन्दिरको फूलवारी परिसरमा रहेको हनुमानको मन्दिरलाई पुन:निर्माण गर्न तथा 'श्री हनुमान'को मूर्ति तथा 'श्री सिद्धि सकल गणेश' मूर्ति र 'नौग्रह भगवान'को मूर्तिको लागि आवश्यक संकलित रकम हस्तान्तरण कार्यक्रम सम्पन्न गरिएको थियो।

१७. २०७७ माघ १० गते शनिवार असहाय जेष्ठ नागरिकहरूको सहयोगार्थ साँखु शंकरापुर लव्सीफेदी स्थित जे.पी.प्रतिष्ठान मैत्रीसेवा आश्रममा विविध खाद्यान्न सहयोग हस्तान्तरण गरिएको थियो।

१८. २०७७ कार्तिक १५ गते शनिवार द वेकरी क्याफे, पुलचोक ललितपुरमा प्रथम चरणमा बिहानको १२ बजे देखि ३ वजेसम्म इन्फ्लूएन्जा तथा निमोनिया भ्याक्सिन लगाईने कार्यक्रमा ११० जना इच्छुक सदस्यहरू मध्ये ८८ जना इन्फ्लूएन्जा र ६६ जनाले निमोनिया भ्याक्सिन लगाउनु भएको थियो।

१९. २०७७ साल कार्तिक २२ गते शनिवार दोश्रो चरणको इन्फ्लूएन्जा तथा निमोनिया भ्याक्सिन कार्यक्रममा ९० जना सहभागी भएका मध्ये ८१ जना इन्फ्लूएन्जा र ५० जनाले निमोनिया भ्याक्सिन लगाउनु भएको थियो।

२०. २०७७ साल श्रावण २८ गते बुधवार नवमीका दिन आफ्नै निवासमा रणउजीरेश्वरी भगवती माताको प्रतिमूर्तिमा विधिवत् गुठी पूजा सम्पन्न गरिएको थियो।

२१. २०७७ कार्तिक २९ गते शनिवार पाल्पा प्रदेश स्तरिय फिल्म सुटिङ्ग सेन्टर तथा स्थलको रूपमा विकासको आवश्यकता तथा सम्भाव्यताबारे छलफल कार्यक्रम आयोजना गरिएको थियो।

२२. २०७७ फागुण १२ गते पाल्पा प्रदेश स्तरिय फिल्म सुटिङ सेन्टरको रुपमा विकास गर्न अध्ययन टोली सहित पाल्पा भ्रमण गरिएको थियो।

२३. २०७७ चैत्र २८ शनिवार स्वास्थ्य उपचार सहयोगको लागि रकम सङ्कलन कार्यक्रम सञ्चालन गरिएको थियो।

२४. कोभिड-१९ बाट सङ्क्रमित व्यक्तिहरूको सहयोगार्थ गुठीबाट अक्सिजन सिलिण्डर व्यवस्था गर्ने कार्यक्रम सञ्चालन गरिएको थियो।

यस वर्ष गुठियार सदस्यहरूको सहयोगमा रकम संकलन गरी दु:खी पीडितहरुलाई खाद्यान्न राहत सहयोग तथा मन्दिर जिर्णोद्धार साथै स्वास्थ्य उपचारको लागि रकम संकलन सहित अन्य विविध उपलब्धिमूलक कार्यक्रमहरु सफलताका साथ सम्पन्न गर्न योगदान र महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएका आदरणीय गुठियार सदस्यज्यूहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। तानसेन गुठीलाई संस्थागत रूपमा जीवन्त राख्न सर–सल्लाह, सुझाव र मार्गदर्शन दिनुहुने सम्पूर्ण आदरणीय सल्लाहकारज्यूहरू, पूर्व अध्यक्षज्यूहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। सम्पूर्ण अक्षय कोष दाताज्यूहरूको योगदान प्रति हार्दिक आभार सहित धन्यवाद प्रकट गर्दछु। निरन्तर सल्लाह सुझाव सहित लेखापरीक्षण गरिदिनुहुने चार्टर एकाउण्टेन्ट आदरणीय श्री प्रताप प्रसाद प्रधानज्यू प्रति धन्यवाद ज्ञापन गर्दछु। तीर्थयात्रा कार्यक्रम सफलता पूर्वक सम्पन्न गर्नुभएकोमा संयोजक तथा गुठीका उपाध्यक्ष श्री निलम गोंगल श्रेष्ठज्यूमा धन्यवाद व्यक्त गर्दछु। गुठीको तीनवर्षे कार्यकालमा निरन्तर जोश जाँगरका साथ लाग्नुभएका शतवार्षिकी पूजा कार्यक्रमका संयोजक तथा सचिव प्रमी श्रेष्ठज्यू, कोषाध्यक्ष जीवनज्योति बज्राचार्यज्यू र सदस्य मनिस श्रेष्ठज्यूप्रति विशेष धन्यवाद सहित कृतज्ञता ज्ञापन गर्दछु। गुठीको उद्देश्य अनुरूप पाल्पा तानसेनमा विभिन्न कार्यक्रमहरू लगनशील भएर सफलता पूर्वक सम्पन्न गर्नुभएका शाखाका कार्यबाहक अध्यक्ष श्री सुशील प्रसाद प्रधानज्यू लगायत सम्पूर्ण पदाधिकारीज्यूहरूमा हार्दिक आभार सहित धन्यबाद व्यक्त गर्दछु।

गुठीलाई हार्दिक वधाई तथा शुभकामना दिनुहुने शुभचिन्तक महानुभावज्यूहरू, विज्ञापन दाताज्यूहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। यस वर्षका चिनारी प्रकाशन समितिका प्रमुख संयोजक जयन्ती श्रेष्ठज्यू, सल्लाहकारज्यूहरू, सह-संयोजक तथा विज्ञापन संयोजक सदस्यज्यूहरूमा धन्यवाद ज्ञापन गर्दछु। आवश्यक परेको समयमा सहभागितासहित सहयोग गर्नुभएका निवर्तमान अध्यक्ष शान्ता शाक्यज्यू, पूर्व अध्यक्षज्यूहरू क्रमश: हेमन्तराज कोलाक्षपतीज्यू, श्यामसुन्दर लाल कक्षपतीज्यू ,श्री लक्षणप्रसाद श्रेष्ठज्यू, श्री गृहमान सिंहज्यू र हिमाल कसजूज्यू प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

अन्तमा, नयाँ कार्यसमितिका अध्यक्ष लगायत सम्पूर्ण पदाधिकारीज्यूहरूमा हार्दिक बधाई दिँदै यहाँहरुको कार्यकालको पूर्णसफलताको शुभकामना व्यक्त गर्दछु। जय श्री ७ रणउजीरेश्वरी भगवती माता हामी सबैको उत्तरोत्तर प्रगति तथा सदा कल्याण गरिदिउन्।

जय भगवती माता।
जय तानसेन गुठी।

## सम्पादकीय



आज तानसेन गुठीको २८ र २९ औं वार्षिक भेलाको अवसरमा गुठीको मुखपत्रको रूपमा 'चिनारी' पत्रिका यहाँहरू समक्ष राख्न पाउँदा धन्य महसुस भएको छ। विभिन्न उद्देश्य र सपना बुनेर तानसेनबाट काठमाडौं आएका केही अग्रज युवाहरूको अथक प्रयासबाट आफ्ना भाइ-बन्धुत्वको आपसी साथ-सहयोग तथा एकताका लागि २०५० सालमा जन्म भएको थियो, तानसेन गुठी। सुरुवाती अवस्थामा विभिन्न आरोह-अवरोह झेल्दै आजको यो प्रतिष्ठित संस्थाको रूपमा २९ औं वसन्तमा आइपुगेको छ।

गुठीले आफ्नो उद्देश्य अनुरूप धार्मिक, सांस्कृतिक, ऐतिहासिक, सामाजिक, शैक्षिक, स्वास्थ्य तथा पर्यटनको क्षेत्रमा विभिन्न योगदान दिँदै आइरहेको यहाँहरूमा विदितै छ। यी उद्देश्यहरूलाई मूर्तरूप दिन गुठीका सदस्यज्यूहरूले स्थापना गर्नुभएका विभिन्न अक्षयकोषहरूको योगदानबाट नै सम्भव भएको हो भन्दा अत्युक्ति नहोला।

विश्वव्यापी कोभिड १९ को महामारीले गर्दा गतवर्ष (२०७७) को २८ औं साधारण सभा तथा वार्षिक भेला कार्यक्रम संचालन गर्न सम्भव नभएकोले स्थगित गरिएको थियो। यस वर्ष त पक्कै पनि भव्य रूपमा कार्यक्रम गर्नुपर्छ भन्ने आशा गरेका थियौं। तर कोभिडको नयाँ भेरियन्ट देखापरेको र संक्रमण बढेकोले सरकारबाट स्वास्थ्य सुरक्षाको कारण सभा, सम्मेलन गर्न बन्देज लगाइयो। आवश्यक परेको खण्डमा सम्पूर्ण स्वास्थ्य सुरक्षा अपनाएर २५ जनासम्म भौतिकरूपमा भेला भएर कार्यक्रम गर्न पाउने सरकारको प्रावधान अनुरूप आज गुठीको २८ र २९ औं साधारण सभा तथा वार्षिक कार्यक्रम सम्भव भएको छ। साथै गुठीले आफ्नो स्थापनाकाल देखि हरेक वर्ष निरन्तररूपमा प्रकाशन गर्दै आएको चिनारी पत्रिका पनि प्रकाशन गर्न सफल भएको छ।

चिनारीको कभर पेजमा देशको लागि उल्लेखनीय योगदान दिनुभएका तीनजना आदरणीय व्यक्तित्वहरू गुठीबाट सतवार्षिकी पूजागरी सम्मानित व्यक्तित्व शताव्दि पुरूष एवम् संस्कृतिविद् श्रध्येय सत्यमोहन जोशीज्यू, गुठीबाट अभिनन्दित पूर्व अध्यक्ष श्यामसुन्दर लाल कक्षपतीज्यू र सम्मानित हुनुभएका आजीवन सदस्य डा. दिनेशनाथ गोंगलज्यूको फोटो राखिएको छ।

गुठीको २७ औं वार्षिक भेलामा प्रकाशित चिनारी पत्रिकामा आदरणीय सल्लाहकारज्यूहरूको जीवनी बारेमा आधारित 'जन्मभूमिदेखि कर्म क्षेत्रसम्म' लेख प्रकाशित गरिएकोमा यसवर्षको चिनारी पत्रिकामा गुठीलाई जन्म दिई हुर्काइ डोह्याएर आजको युवा अवस्थासम्म ल्याउन सफल व्यक्तित्वहरू गुठीका आदरणीय पूर्व अध्यक्षज्यूहरूको जीवनी बारेमा 'जन्मभूमिदेखि कर्म क्षेत्रसम्म' लेख प्रकाशन गर्ने जमर्को गरिएको छ। यसबाट हामीलाई र नयाँ पुस्तालाई अवश्य पनि प्रेरणा, हौसला तथा मार्गदर्शन मिल्ने छ।

विगतमा गुठीले वार्षिक तालिका अनुसार विभिन्न क्रियाकलाप संचालन गर्दै आइरहेको थियो। उक्त तालिकावद्ध विभिन्न कार्यक्रम विश्वव्यापी कोभिड-१९ को महामारीले गर्दा यसवर्ष सम्भव हुनसकेन। बरू कोभिड १९ को कारणले लकडाउन भई देश नै ठप्प भएको अवस्थामा समय अनुकुल नौलो सोंच र जागरणले जन्मभूमि पाल्पा तानसेन तथा कर्मभूमि काठमाडौंका असहाय तथा एकछाक खान समस्या भएका निम्नवर्गका पीडित जनसमुदायहरूका लागि गुठीको सक्रियतामा गुठीका मनकारी सदस्यहरूबाट संकलित रकमबाट खाध्यान्न तथा अन्य आवश्यक सामग्रीहरू विभिन्न चरणमा राहत वितरण गरी केही सामाजिक कार्यमा हातेमालो गर्न पाएकोमा हामीलाई खुसीलागेको छ। साथै गुठीका सदस्यहरूको स्वास्थ्य सुरक्षाको लागि खोप कार्यक्रम, पाल्पाको पर्यटन विकासमा टेवा पुग्ने उद्देश्यले पाल्पा टक्सार पर्यटन महोत्सव र पाल्पामा प्रदेश स्तरिय फिल्म सुटिङस्थलको विकास गर्न विभिन्न चरणको कार्यक्रम, गुठीयार सदस्यज्यूहरूको आर्थिक सहयोगमा पाल्पामा ऐतिहासिक हनुमान मन्दिरको जिर्णोद्धार गरिएका कार्यक्रमहरू यहाँहरू समक्ष प्रष्टरूपमा पस्किने प्रयास गरिएको छ।

चिनारीको नियमित स्तम्भहरूलाई निरन्तरता दिँदै गुठीका मुख्य उद्देश्य, प्रस्तावित वार्षिक कार्यक्रमहरू, वार्षिक गतिविधिहरू, धार्मिक तिर्थयात्रा र आयव्यय विवरण आदि प्रकाशित गरिएको छ। साथै तानसेनसँग सम्बन्धित पर्यटनबारे ज्ञानमूलक लेख, गहनतम एवं विचार प्रधान लेख रचनाहरू, समाचारहरू तथा समय सान्दर्भिक लेखहरू र प्रतिक्रियाहरूलाई प्राथमिकताका साथ समावेश गरेर पठनयोग्य बनाउने प्रयास गरिएको छ।

आदरणीय पूर्व अध्यक्षज्यूहरूको अति व्यस्तताको बावजुद पनि आफ्नो जीवनीमा आधारित लेख समयमै उपलब्ध गराई चिनारी प्रकाशनमा सहयोग गर्नुभएकोमा हृदयदेखि आभार प्रकट गर्दछु। साथै विभिन्न लेख-रचनाहरू समयमै उपलब्ध गराइदिनुहुने महानुभावहरू, कोभिड १९ ले व्यवसाय धराशायी भएको अवस्थामा पनि गुठीप्रति आत्मीयता देखाई विज्ञापन दिई सहयोग गर्नुहुने विज्ञापनदाताज्यूहरू, प्रकाशन समितिका सल्लाहकारज्यूहरू, सदस्यज्यूहरू तथा विज्ञापन संकलन समितिका सदस्यज्यूहरूको साथ र सहयोगका लागि गुठीको तर्फबाट हार्दिक कृतज्ञता-ज्ञापन गर्दछु। आगामी दिनमा यहाँहरूको सल्लाह, सुझाव, उत्प्रेरणा र सकारात्मक प्रतिक्रियाले अझ उत्कृष्ट, आकर्षक र संग्रहणीय चिनारी प्रकाशनमा योगदान पु-याउने छ भन्नेमा म पूर्ण आशावादी छु।

यस अंकलाई शुध्दाशुध्दि र सम्पादनमा सहयोग गर्नुहुने सम्पादन मण्डललाई विशेष धन्यवाद दिन चाहन्छु। मलाई यस्तो असहज परिस्थितिमा समेत पूर्ण विश्वासका साथ यति महत्वपूर्ण जिम्मेवारी प्रदान गरिएकोमा गुठीप्रति विशेष आभारी छु। यहाँहरूको यो विश्वासलाई सदैव यसरी नै थामिरहन सकूँ भनी श्री रणउर्जीरेश्वरी भगवती मातासँग प्रार्थना गर्दछु।

**'स्वास्थ्य मापदण्ड अपनाऔं र सुरक्षित रहौं' !**

**जयन्ती श्रेष्ठ**

**प्रकाशकः तानसेन गुठी काठमाडौं**

सम्पर्क कार्यालय : ४३० **कुलेश्वर आवास सडक, कुलेश्वर आवास क्षेत्र, वडा नं. १४, काठमाडौं**
**फोनः** ४२७८३६७, ४२८७२४७, Email: tansenguthi@gmail.com, Web: www.tansenguthi.org

लेआउट, कभर डिजाइन तथा मुद्रण व्यवस्थापन : **एम एस माउस, अद्वैत मार्ग, फोनः** ४२१५५६, Email: meromouse@gmail.com

आवरण फोटो : संस्कृतविद् सत्यमोहन जोशी, डा. दिनेश नाथ गोंगल, स्व. श्याम सुन्दर लाल कक्षपती

तानसेन गुठीले
२८ वर्ष पार गरी २९ औं वर्ष
प्रवेशको अवसरमा
गुठीको उत्तरोत्तर प्रगतिको लागि
हार्दिक शुभकामना
व्यक्त गर्दछौं ।

**Lumbini Medical College Teaching Hospital**

**Pravas, Tansen**
**Tel: 075-520840, Fax: 075-522755**
**Email: lmcpalpa@gmail.com**

# विषय सूची


- अध्यक्षको मन्तव्य (नायःया न्वचु) ५
- सम्पादकीय ७
- प्रतिक्रिया/पुरस्कृत विद्यार्थी प्रतिक्रिया ११
- तानसेन गुठीका प्रमुख उद्देश्यहरू १५
- आ. व. २०७८-०७९ को प्रस्तावित कार्यक्रम १५
- **तानसेन गुठीका वार्षिक गतिविधिहरू (आ.व. २०७६/७७)** १७
- शतवार्षिकी पूजा - वाङमय शताब्दी पुरुष तथा वरिष्ठ संस्कृतिविद् सत्यमोहन जोशी - प्रमी श्रेष्ठ ३३
- पाल्पाको सम्झना - सत्यमोहन जोशी ३६
- परिचय - 'वाङमय शताब्दी पुरुष' संस्कृतिविद : श्री सत्यमोहन जोशी - प्रमी श्रेष्ठ ३८
- तिर्थयात्रा कार्यक्रम - निलम गोंगल ४०
- पाल्पा तानसेन टक्सार पर्यटन महोत्सव ४५
  - दिपेन्द्र मान थैव
- तानसेन गुठीको राहत सहयोगार्थ अर्थ संकलन कार्यक्रम ५२
- तानसेन गुठी, राहत (नगद तथा खाद्यान्न) वितरण कार्यक्रम ५४
- हनुमान मन्दिर जिर्णोद्धार तथा राहत वितरण कार्यक्रम ५९
- जे.पी प्रतिष्ठान मैत्री सेवा आश्रम - खाद्यान्न सहयोग कार्यक्रम ६३
- इन्फ्लूएन्जा (Influenza) तथा निमोनिया (Pneumonia) भ्याक्सिन कार्यक्रम ६७
- पाल्पामा प्रदेश स्तरीय फिल्म सुटिङ सेन्टर स्थापनाको पहल ६९
- २०७७ सालको गुठी पूजा तथा वार्षिक भेला ७४
- ९० वर्षीय पूजा (देवरथारोहण) कार्यक्रम ७६
- माधवराज मास्के स्मृति अक्षयकोष ७८
- लाले जोकर –सुख लक्ष्मी चित्रकार स्मृति अक्षयकोष ८०
- 'देवी-सरस्वती अक्षय कोष' ८२
- युगल-गंगा अक्षयकोष ८४
- तानसेन गुठी तानसेन शाखाको छैठौं साधारण सभा तथा अधिवेशन कार्यक्रम ८६
- हार्दिक बधाई तथा शुभकामना ८८
- जन्मभूमिदेखि कर्मभूमिसम्म
  - प्रा.डा. विनोद कुमार श्रेष्ठ ९२
  - लक्ष्मणप्रसाद श्रेष्ठ ९४
  - ज्ञानुमान मल्ल ९६
  - Er. Bidhan Chandra Rajbhandari ९७
  - करुणा गोविन्द श्रेष्ठ १०१
  - गृहमान सिंह १०५
  - शान्ता शाक्य १०८
  - दिल बहादुर शाक्य ११२
- भगवानले पटक पटक बचाएको कोरोना मुक्त मान्छे - सर्जुमान लिगल ११५
- समाजसेवी राधा भारती - रेणुका देवी जोशी श्रेष्ठ १२१
- तानसेन गुठीको उन्नयन - सुरेन्द्र लोहनी १२३
- डा. महेन्द्र प्रसाद प्रधानको व्यक्तित्व र योगदान १२५
  - प्रकाश प्रधानाङ्ग
- कविता - सानो तानसेन भित्र ठूलो सहर छ १३१
  - वनमाली निराकार
- जन्मथलोको समाचार १३२
- शैक्षिक गतिविधि १३९
- स्वास्थ्य गतिविधि १४५
- स्वास्थ्य उपचार सहयोगार्थ रकम संकलन कार्यक्रम १४७
- गुठीको संरक्षणमा रहेका स्वास्थ–सेवा, स्वास्थ शिक्षा तथा अन्य उद्देश्यका अक्षयकोषहरू १४९
- गुठीको संरक्षणमा रहेका धार्मिक, साँस्कृतिक तथा पर्यटन अक्षयकोष १४९
- आजीवन सदस्यहरूले पाउने सहुलियतको विवरण १५१
- लेखापरिक्षकको प्रतिवेदन १५२
- धन्यवाद ज्ञापन १६३
- आजीवन/साधारण सदस्यहरूको नामावली १७८
- अतितको सम्झना १९२




तानसेन गुठीले २८ वर्ष पार गरी २९औं वर्ष प्रवेशको
अवसरमा गुठीको उत्तरोत्तर प्रगतिको लागि
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**प्रज्वल प्रसाद कसजू**
अध्यक्ष

**एक्सिस** बचत तथा ऋण सहकारी संस्था लि.
**AXIS** SAVING & CREDIT CO-OPERATIVE LTD.
पो.ब.नं. २६१९२, प्यूखा, न्यूरोड, काठमाडौं, नेपाल
फोन नं. ०१-५३६६६४५, ५३४८९८३, इमेलः axis1saving@wlink.com.np

**प्रतिक्रिया**

# मेरो दृष्टिमा तानसेन गुठी



तीनजना संयोजकहरूको निम्ता हुँदा पनि तानसेन गुठीको २०७६ सालको कार्यक्रममा सामेल हुन नपाउँदा ३-३ पटक गुठीको भेला मिस होला भनेर सोंचेको थिइन। तर विडम्बना नै भनौं कोभिड १९को महामारीले गर्दा यस्तै होला जस्तो छ। तैपनि आगामी अङ्कको चिनारीलाई लेख्दैछु।

२०७६ सालको गुठी भेला कार्यक्रम मिस गरे पनि म तानसेनका प्रवुध्द हस्तीहरूलाई स्मरण गर्दै भैरहवामै स्वास्थलाभ गर्दै बसें र दशैं मनाउन काठमाडौं आई ०७७ सालको भेलामा सामेल हुन आतुर थिएँ। तर महामारीले ०७७ साल जस्तै ०७८ साल पनि भेला रद्द गर्नुपर्ने नहोस् भनी प्रार्थना गर्दछु।

अब तान्सेनमा जन्मेका प्रवुद्ध हस्तीहरूलाई सम्झिएको बारे चर्चा गरौं। ०७६ सालको शुरूमै लुम्बिनी भ्रमण-वर्षको अवसर पारेर लुम्बिनी-भैरहवा-तौलिहवा सडक विस्तारको काम हेर्न जाँदा हामी तान्सेनवासी प्राविधिकको योगदानले धुले हुलाकी सडकलाई अल-वेदर पिचरोडमा परिणत गरी छाडेकोमा अब चारलेनको सडक लुम्बिनी देखि तौलिहवासम्मै पुग्ने भएको छ। भैरहवा-लुम्बिनी सडकको निर्माण कार्य २०३० साल देखि २०३६ सालसम्म त तानसेनमै जन्मेका प्राविधिज्ञहरूको रेखदेखमा थियो। अब चार लेनको सडक तयार हुँदा के के संरचना देखिने भयो उसबेलाको भन्दा पक्की पुलहरू मात्र हुनेभयो। त्यही पुरानो सडकको दायाँ-बायाँको वयलगाडी ट्र्याक र रूखहरूलाई नादारद गरी सडक विस्तार भएको छ।

उसबेला तीनवर्षमा निर्माण भएको घाघरा (गौतम बुध्द अन्तराष्ट्रिय हवाई मैदान नजिकै) तिनाउ, दानो, कोइलिहवा, तेलारमध्ये दानो र तिनाउले भाइ पुल अझै पाएको छैन। उमेरको हदले रिटायर हुने बेलामा पनि ९२ मिटर लामो यी दुईपुलले चारलेन सडकमा गुड्ने वाहनको भार बोक्दैछन्-समाहित भएर एक्ला एक्लै। सायद लामो आयुहुने मूल्यांकन हो कि यत्रो वर्षमा पनि यी दुई मेजर ब्रिजले भाइपुल नपाएकोमा आश्चर्य लाग्यो। तिनाउमा त भाइपुलको मिड स्प्यान तैयार गरी प्रदर्शित गरेको छ। तल ओर्ली हेर्दा त दुबैतिरको एवटमेन्टको सव-स्ट्रक्चर नै छैन। यो सडक अवलोकन गर्दा आफू सहित ई. अशोक मल्ल, ई. विधानचन्द्र राजभण्डारी, ई. मदनगोपाल मलेकु (सडक विभाग) र संघबहादुर गुभाजु (सबै तान्सेन गुठी सदस्य) ले पसिना बगाएको पनि सम्झें।

अन्तमा म पनि गुठीको संस्थापकमध्ये एक भएकोले केही कुरा लेखिहालौं कि?

अध्यक्ष श्री सर्जुमान लिगल, सचिव प्रमी श्रेष्ठ र विधान जोशीले फोन गरी निम्ता दिनुभएको रैछ संस्थापकको नाताले। यसमा मेरो प्रतिक्रिया यस्तो छ। २०५० साल अघि पनि गुठीले गर्ने काम स्व:स्फूर्त रूपमा काठमाडौंमा पढ्न बस्ने विद्यार्थीको समूहले गर्दथ्यो। यसमध्ये एक समूह जो असन नजिकैको चारढुङ्गेमा २०१८ सालमा थिए- तिनीहरूले स्व. जगतबहादुर जोशी (हेड सर)ले त्यसवर्षको प्रज्ञा प्रतिष्ठानको कविता महोत्सवमा स्वर्ण पदक र क्या. रवीन्द्रप्रसाद प्रधान पाल्पाको पहिलो पाइलट बनेर आएकोमा प्रोत्साहन र खुसीयाली पार्टी दिएको थियो भने भारतको पढाई पछि जागिरको लागि न्यूरोडको होटेलमा बसेकोदेखि आवास दिएको थियो त्यो समूहले। समूहमा रहनेहरूले बिदाको दिन दक्षिणकाली दर्शनको कार्यक्रम त कहिले सुन्दरीजल-गोकर्णको यात्रा गरेको पनि स्मरण गर्दछु। समूहमा डा. मोहनमान सैंजू, वनमालीप्रसाद लाकौल, स्व. हरिमान थैंव, स्व. अमृतमान थैंव,स्व. शैलेन्द्र सैंजू, डा. अरूणिमा श्रेष्ठ र मीरा थैंव रहेको कुरा स्मरणपटलमा अझै ताजै छ। यसरी त्यो समूहले तानसेनवासीको संस्कृति उसबेला देखि नै जगेर्ना गरेकोले अमूर्त तानसेन गुठी थियो भने यो गुठी कानुनी भनौं। फलोस्। फुलोस्। इति

**लोकदर्शन बज्राचार्य**
भैरहवा २०७८-४-१२

प्रतिक्रिया

# अविष्मरणीय ती क्षण



मानिसको मन-मस्तिष्क बस टर्मिनल जस्तै हो दिनभरि जसो बसहरू आउने जाने गर्छन्। बस टर्मिनल-भित्र आएका बसहरूमा कोही केही क्षण बस्छन्, आफ्नो पालो आएपछि बस टर्मिनल छोड्छन्। धेरैजसो बसहरूको दिनभरि आउने-जाने क्रम चलि नै रहन्छ। त्यसरी नै मानिसको मन मस्तिष्कमा पनि दिनभरि विभिन्न कुराहरू (क्षण) आउने जाने गर्छन्। हामी धेरै कुराहरूलाई भुल्ने गर्छौ तर केही यस्ता क्षणहरू हुन्छन्, जुन हाम्रो मनमा पछिसम्म अविष्मरणीय रूपमा रहि रहन्छन्। अझ केही यस्ता क्षणहरू पनि हुन्छन् जसले जीवन यात्रामा मार्ग-निर्देश गरेका हुन्छन्।

यस प्रकृतिको अविष्मरणीय क्षणमा तानसेन गुठीको २७औं साधारण सभा पनि एक हो। वि.सं. २०७६ साल भाद्र २१ गते आयोजना गरिएको उक्त कार्यक्रम आज झैं लाग्छ। त्यसदिन तानसेनेली आदरणीय व्यक्तित्व, प्राज्ञ, राष्ट्रसेवकहरूको बृहत् जमघट भएको थियो। मानौं त्यसदिनको कार्यक्रम 'मिनी तानसेन' जस्तो भान भएको थियो। तानसेनेलीहरूलाई एकै ठाउँमा जुटाउने हेतुको काम तानसेन गुठीले गरेकोमा यस्ता अहम् कार्य गर्ने तानसेन गुठीलाई साधुवाद। गुठीको यस सत्कार्यमा प्रमुख अतिथि को शिरपोश लगाउने श्रृंखलाको कडीको रुपमा त्यसपाली मलाई जोडिने अवसर मिलेको थियो। मलाई तानसेन गुठीले प्रमुख अतिथिको आसन ग्रहण गर्ने अवसर दिएकोमा धन्यवाद दिन चाहन्छु।

त्यति ठूलो सम्मानले मलाई गौरवान्तित बनाएको छ। त्यस अविष्मरणीय क्षणलाई सम्झँदा अहिले पनि मेरो मन गद्गद् हुने गर्दछ। गुठीको त्यस कार्यक्रम मेरो लागि सदैव अविष्मरणीय रहि रहने छ। त्यसदिन भएको हरेक कार्यक्रमलाई मैले नजिकबाट नियाँलेको थिएँ। अहिले पनि मेरो मन मस्तिष्कमा तैरिराखेको छ र मलाई ज्यादै रमाइलो र रुचिकर पनि लागेको छ। यस्तो कार्यक्रमले हामी तानसेनेलीहरू विभिन्न कामको सिलसिलामा तानसेन छोडी बसेकाहरूलाई हाम्रो इतिहास, कला र संस्कृति सँग जोड्ने काम गरेको मैले महसुस गरेको छु।

यस गुठीको मातहतमा हुने गरेको पुरस्कार प्रदान र अग्रजहरूलाई सम्मान गर्ने प्रथाले मलाई निकै छोयो। यसरी विभिन्न कामको सिलसिलामा बाहिर बस्दै आएका तानसेनेलीहरूको जमघटले अतीतलाई ताजा गरेको महसुस पनि भयो। यस्तै हृदयस्पर्शी कार्यहरूको नयाँनयाँ बान्कीहरू यस तानसेन गुठीले आउँदा दिनहरूमा निश्चय नै पस्किने छ भन्ने आशा लिएको छु। तानसेन गुठी, तानसेनेलीहरूको माया, प्रेम, स्नेह साट्ने चौतारी बनोस् यहि मेरा शुभकामना !!

**देवीध्वज सिमाङ्गैडा**

## प्रतिक्रिया पठाउने बारे

चिनारी पत्रिकामा प्रतिक्रिया स्तम्भ शुरु गरिएको हुनाले गुठीप्रति आफ्नो धारणा, गुनासा तथा सल्लाह सुझावहरु तलको इ-मेल ठेगानामा प्रकाशनार्थ पठाउनु हुन हार्दिक अनुरोध गर्दछौ।

tansenguthi@gmail.com

## मानसम्मान सम्बन्धी सूचना

गुठियारहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको मान सम्मान, विशिष्ट उपलब्धि तथा पद्वी पुरस्कार आदि विशिष्ट सम्मान प्राप्त गर्नु भएको छ भने समयमै गुठीलाई जानकारी दिनुहोला ।

पुरस्कृत विद्यार्थी प्रतिक्रिया

# सम्मानित हुन पाउँदा आफूलाई धेरै नै भाग्यमानी ठानेको छु



बि.एस्सी. पश्चात् अध्यापन पेशामा संलग्न भएकोले मेरो जीवनशैली अध्यापन क्षेत्रमै व्यस्त थियो। एकदिन विध्यालयबाट छुट्टि भएर घर फर्किंदै थिएँ एउटा अपरिचित नम्बरबाट फोन आयो र मैले फोन उठाएँ। फोन उठाउना साथ भन्नुभयो तपाई सुदिप बिष्ट होइन? हजुर हो! भनेँ मैले। सुदिपजी तपाईलाई धेरै-धेरै बधाई छ, हजुरले तानसेन गुठीबाट सम्मानित हुने अवसर प्राप्त गर्नुभएको छ। २०७१-२०७५ ब्याचको बि.एस्सी.मा सर्वाधिक अङ्क ल्याएर उत्तीर्ण हुनुभएको रहेछ त्यसैले हामीले हजुरलाई सम्मान गर्दैछौं। यति भनिसकेपछि मेरो मन खुशीले गद्गद् भयो। उहाँले फेरि भन्नुभयो तपाई काठमाडौं आउनुहोला, हाम्रो गुठीको कार्यक्रममा यहाँलाई सम्मान गर्नेछौं। फोन चाहिँ गुठीका सचिव आदरणीय प्रमी म्याडमले गर्नुभएको रहेछ। यति भनिसके पछि म ज्यादै उत्साहित भएँ र घर आएर सुनाएँ सबैजना ज्यादै खुशी हुनुभयो।




सर्वप्रथम तानसेन गुठीद्वारा प्रकाशित हुने ‘चिनारी’ नामक पत्रिकामा आफ्नो अनुभव र भावनाहरू प्रस्तुत गर्ने सुवर्ण अवसर प्रदान गर्नुभएकोमा यस गुठीमा आवद्ध सम्पूर्णप्रति आभार व्यक्त गर्न चाहन्छु। वि.सं.२०५०-०५-३० गते स्थापना भएको तानसेन गुठीले सामाजिक, धार्मिक तथा साँस्कृतिक क्षेत्रमा पुर्याएको योगदान साँच्चै नै अतुलनीय छ। चाहे पाल्पामा मनाइने संस्कृतिमूलक जात्रा होस् वा रक्तदान कार्यक्रम संचालन गरी कैयौंको जीवन प्रदान गर्ने काम होस् चाहे विद्यार्थीको मनोवल र उत्साहलाई थप उर्जा प्रदान गर्ने काम होस्, यी सबै काममा तानसेन गुठी अलिकति पनि चुकेको देखिंदैन।

तानसेनको ऐतिहासिक, धार्मिक, सांस्कृतिक आदि सम्पदाको संरक्षण, सम्बर्द्धन र संभार गर्ने कार्यमा तानसेन गुठीले उत्प्रेरकको रूपमा काम गरिरहेको छ। त्यतिमात्र नभएर विध्यार्थीहरूको शिक्षामा पूनर्वल र उत्साह मिलोस् भनेर तानसेन गुठीले आफ्नो वार्षिक भेला कार्यक्रमका दिन विभिन्न तहमा अध्ययनरत विध्यार्थीहरूमध्ये सर्वाधिक अंक प्राप्त गरी उत्तीर्ण हुने छात्र-छात्राहरूलाई पुरस्कृत गर्दै आएको छ। विभिन्न किसिमका छात्रवृत्तिमध्ये अमृतमान तथा पृथ्वीकुमारी श्रेष्ठ द्वारा स्थापित ‘सिध्दि सकल तुल्सी कृष्ण इन्द्र दुर्गा स्मृति पुरस्कार’ बाट म पनि सम्मानित हुन पाउँदा आफूलाई धेरै नै भाग्यमानी ठानेको छु। कार्यक्रममा हामीप्रति गरिएको आदर, सम्मानले मलाई आफ्नो अध्ययन नै वयान गरेपनि त्यो पर्याप्त हुन्छ जस्तो लाग्दैन। आगामी दिनहरूमा पनि यस्तै विविध कार्यक्रमलाई निरन्तरता दिंदै थप रचनात्मक कार्यतर्फ तानसेन गुठी लागिरहोस् भनि शुभकामना व्यक्त गर्दछु।

जय तानसेन गुठी।

**सुदिप बिष्ट**
पाल्पा-५ तानसेन,
हाल-कीर्तिपुर, काठमाडौं।

**प्रतिक्रिया**

# हार्दिक धन्यवाद ज्ञापन

हाम्रो पुजनिय वुवा श्री भगवती प्रसाद श्रेष्ठज्यूलाई वहाँको ९२औं जन्मदिनको शुभअवसरमा मैत्रीपथ बुटवल स्थित आवास गृहमा २०७८ साल भाद्र १५गते तानसेन गुठी काठमाण्डौं र तानसेन गुठी बुटवल शाखाले संयूक्त रुपमा आयोजना गरेको देवरथारोहण अभिवादन कार्यक्रमबाट हामी सम्पूर्ण परिवार निकै हर्षित भएका छौं । यस विधिवत हिन्दु संस्कार परम्परा अनुसार यस सम्पन्न पूजा कार्यक्रमबाट वहाँको स्वास्थ्य र दैनिक जिवनमा नयाँ उर्जा थपेको आभाश भएको वुवा स्वयमले व्यक्तगर्नुभएको छ ।

विगत७÷८ दिनको अविरल वर्षाले सृजना गरेको प्रतिकूल मौसम र तानसेन गुठी काठमाण्डौंको आउँदो २०७८ सालको वार्षिक कार्यक्रमको तैयारीका`व्यस्तताको बावजूद अध्यक्ष श्री सर्जु लिगल र सचिव श्री पमी श्रेष्ठज्यूहरुको स्वयम उपस्थितिले यस रथारोहण अभिवादन कार्यक्रमलाई अझै सारपूर्ण बनाएको आभाश हामीलाई भएको छ । तानसेन गुठी काठमाण्डौं र बुटवल शाखाबाट यस अवसरमा व्यक्तगरिएका बुवाको सुस्वास्थ्य र दिर्घायुको कामनाको लागि हामी धन्यवाद व्यक्तगर्न चाहान्छौं । यस अवसरमा उपस्थित हुनुभएका तानसेन गुठी बुटवल शाखाका पदाधिकारीहरु अध्यक्ष श्री निर्मलप्रसाद लाकौल, उपाध्यक्ष श्री अर्जुनमान सैजू, कोषाध्यक्ष श्री मुकेशमान श्रेष्ठ र सदस्यहरु श्री अमूल्यमान थैव, श्री उज्वल कसजू, श्री महेन्द्र प्रसाद लिगलज्यू र साधारण सदस्य श्री संजय सैजू प्रति वुवाज्यूबाट सादर धन्यवाद व्यक्त गर्नुभएको छ, साथै सपरिवार पनि धन्यवाद व्यक्त गर्दछौं ।

तानसेन गुठीले सुरुवात गरेको यो प्रंशसनीय कार्यले आउने दिनहरुमा पनि निरन्तरता पाओस भनि शुभेच्छा समेत व्यक्तगर्न चाहान्छौं । "देवरथारोहण अभिवादनपत्रिका"मा समावेश गरिएका विषयवस्तुहरु आफैमा पूर्ण रहेको छ । अभिनन्दित व्यक्तित्वको संक्षिप्त जिवनी र वहाँको सामाजिक क्षेत्रमा पु¥याएको योगदानको स्पष्ट विवरण अभिवादनपत्रिकामा समावेश गर्ने परिपाटी निकै प्रंशसनीय छ । बुवाज्यूको व्यक्तिगततर्फबाट र हामी सपरिवारको तर्फबाट पुन एकपटक हार्दिक धन्यवाद व्यक्तगर्दछौं ।

**भगवती प्रसाद श्रेष्ठको समस्त परिवार**
२०७८ भाद्र १६ गते बुधबार ।



# तानसेन गुठीका प्रमुख उद्देश्यहरू

क) जन्मभूमि तानसेनबाट काठमाडौंमा आई विभिन्न पेसा र व्यवसाय गरी बसेका तानसेनवासीहरूबीच सुमधुर सम्बन्ध, स्नेह, मित्रता र भ्रातृत्व एवम् सद्भाव कायम गरी पारस्परिक मेलमिलाप र सहयोग अभिवृद्धि गर्दै लैजाने ।

ख) सामाजिक कार्य अन्तर्गत बेलविवाह (इहि) व्रतबन्ध आदि सामूहिक रूपमा सम्पन्न गराउने ।

ग) गुठी सदस्य वा परिवार आकस्मिक अस्वस्थ, संकट र अन्य भवितव्य पर्दा र मर्दा एक अर्कालाई गुठी मार्फत सक्दो सहयोग गर्ने ।

घ) तानसेनको ऐतिहासिक, धार्मिक, सांस्कृतिक आदि सम्पदाको संरक्षण, संवर्द्धन र संभार गर्ने कार्यमा गुठी Catalyst का रूपमा काम गर्ने र सक्दो सहयोग गर्ने ।

ङ) शिक्षा, स्वास्थ्य, पर्यटन, वातावरण र आर्थिक क्षेत्रमा प्रत्यक्ष रूपले सकारात्मक प्रभाव पर्ने क्रियाकलापमा टेवा दिने कार्य गर्न प्रयत्नशील रहने ।

च) गुठियार सदस्यहरूलाई संस्थागतरूपमा आवद्ध गराउन विभिन्न कार्यक्रमको योजना तर्जुमा गर्दै समयानुकूल परिवर्तन गर्दै लगिनेछ ।

छ) गुठी सदस्यहरूका छोराछोरीहरू एकत्रित गर्न विशेष खालका कार्यक्रमहरूको आयोजना गर्ने ।

# आ. व. २०७८-०७९ को प्रस्तावित कार्यक्रम

१) शिक्षा स्वास्थ्य, धार्मिक, सांस्कृतिक पर्व जात्रा सहयोग विभिन्न विद्यालयको छात्रवृत्ति पुरस्कार प्रदान र एसईई पास विध्यार्थीहरूलाई बधाई तथा शुभकामना दिने कार्यक्रमलाई निरन्तरता दिने छ।

२) गुठी सदस्यका स्वर्गीय बन्धु वा परिवारको सम्झनामा स्मृति अक्षयकोष खडा गर्न आह्वान गरी विभिन्न सामाजिक सेवा कार्यहरू सञ्चालन गर्ने।

३) धार्मिक तथा सामाजिक कार्यक्रमलाई निरन्तरता दिइने छ।

क) विभिन्न तीर्थस्थलको धार्मिक तीर्थयात्रा कार्यक्रम गरिने छ।

ख) गुठी सदस्य तथा सदस्य परिवारको ९० र १०० वर्ष पुगेको जेष्ठ नागरिक सम्मानपूजा कार्यक्रम।

ग) इही (बेलविवाह) र ब्रतबन्ध–कार्य सामूहिक रूपमा सम्पन्न गर्ने कार्यक्रम।

४) तानसेनस्थित भगवती मन्दिरको आवश्यक कार्यहरू सम्बन्धित क्षेत्रमा कार्य गर्न गराउन निरन्तरता दिने। विभिन्न धार्मिक, सांस्कृतिक जात्रा पर्व सञ्चालन गर्न गुठीबाट आर्थिक सहयोग भइरहेका अझ थप रकम सहयोग गर्न जुटाउने कार्य गर्ने।

५) युवाहरूलाई तानसेनप्रति भावनात्मक सम्बन्ध गराउने उद्देश्यले युवा लक्षित कार्यक्रम गर्ने।

६) हालसम्मका गुठीका क्रियाकलापको पुनर्मूल्याङ्कन गरी परिमार्जन वा सुधार गर्ने।

७) दीर्घकालीन कार्यक्रम – तानसेन नेवाः छेँको अवधारणा साकार पार्न गुठीका पूर्व अध्यक्ष श्री श्याम सुन्दरलाल कक्षपतीज्यूको सहयोगमा काठमाडौंमा जग्गा समेत उपलब्ध हुनआएको उक्त जग्गालाई संस्थागतरूपमा आवश्यक कार्य गर्न सम्बन्धित क्षेत्रमा अगाडि बढाई गुठीको अवधारणालाई पूर्णता दिन कार्यसमिति जिम्मेवारीपूर्वक निरन्तर प्रयासरत् रहनेछ।

८) गतवर्ष 'म र मेरोबारे जन्मदेखि कर्म क्षेत्रसम्म' एक प्रेरणाको श्रोतको रूपमा सल्लाहकारज्यूहरूको जीवनी प्रकाशन गरिएको थियो। यसवर्ष पूर्व अध्यक्षज्यूहरूको जीवनी प्रकाशन गर्ने सन्दर्भमा विभिन्न कारणले प्रकाशन गर्न बाँकी भएका पूर्व अध्यक्षज्यूहरूको लेख अर्को वर्ष प्रकाशन गरिने छ।

९) नेवाः भाषा नेपाली भाषा, संस्कृति र साहित्यको विकास, संरक्षण र सम्वर्धन र भाषिक उत्थानलाई टेवा पुग्ने गरी साहित्यिक कार्यक्रम गर्ने।

१०) गुठी संस्थापक सदस्य तथा पूर्व कार्यसमिति सदस्यहरूको उपस्थितिमा सुझाव संकलन तथा भेटघाट कार्यक्रम गर्ने।

११) गुठीमा स्थापित विभिन्न अक्षयकोषदाताज्यूहरूको उपस्थितिमा अक्षयकोष सम्बन्धित छलफलगर्ने उद्देश्यले तथा पुनरावलोकन र सरसल्लाहको लागि अक्षयकोष दाता भेटधाट कार्यक्रम गर्ने।

१२) तानसेन पाल्पामा पर्यटकीय क्षेत्रमा टेवा पुर्याउने कार्यक्रमको साथै पाल्पा सांस्कृतिक पर्वको निरन्तरताको लागि सहयोग जुटाउने कार्यक्रमको निरन्तरता रहने।

१३) गुठीको विभिन्न कार्यक्रमलाई सहयोग पुग्ने विभिन्न आयमूलक कार्यक्रमको निरन्तरता रहने छ।

१४) स्वास्थ्य सेवाको सन्दर्भमा गुठीबाट इन्फ्लुएन्जा तथा निमोनिया भ्याक्सिन कार्यक्रमको निरन्तरता साथै स्वास्थ्य सेवा अन्तरगत आँखादान गर्न इच्छुक सदस्यहरूको लागि तिलगंगा स्थित आँखा बैंकसँग समन्वयकारी भूमिका निर्वाह गर्ने।

१५) यूवा तथा महिला सदस्यहरूलाई सक्रिय बनाउन विभिन्न उपसमितिमा सहभागी गराउने र महिलाहरूको सीप श्रृजनशील विकाशको लागि छुट्टै उपसमिति गठन गरी सिपमूलक ट्रेनिङ साथै व्यक्तित्व विकाश गर्ने कार्यक्रम गर्ने।

१६) तानसेन नगरपालिकासंग निरन्तर सम्पर्कमा रही आवश्यकता अनुसार सरसल्लाह सुझाव सहयोग पुर्याउने कार्यक्रमहरू गराउने कार्यमा शाखालाई सक्रिय बनाउने।

१७) तानसेन गुठीको नाममा YouTube channel बनाई पाल्पाको ऐतिहासिक धार्मिक मठ-मन्दिर स्थल तथा पर्यटन क्षेत्रलाई सहयोग पुर्याउने विविध स्थानिय साहित्य कला संस्कृतिको र परम्परा आदिको प्रस्तुतीको बारेमा कार्यक्रमहरू सन्चालन गर्ने।

१८) Data Mapping बाट गुठियार सदस्यहरूको बारेमा जानकारी दिन Who is Who लाई पुन:निरन्तरता दिने, गुठीको क्यालेण्डर निकाल्ने कार्यक्रम अन्तरगत तानसेनसंग सम्बन्धित फोटो प्रतियोगिता गर्ने।

१९) वर्षको दुई पटक सल्लाहकारहरूलाई सहभागी गराई छलफल र राय लिई विभिन्न सामाजिक सेवाका प्रभावकारी कार्यक्रमहरू गर्ने।

२०) वार्षिक साधारणसभा तथा भेला कार्यक्रमको समिक्षा गरी आवश्यक सुधार गर्ने।

२१) पौष मसान्तसम्म अर्धवार्षिक आय–व्यय तयार गर्ने। वार्षिक आय–व्यय वासलात आषाढ मसान्तसम्मको, वार्षिक भेला बारे चिनारी प्रकाशन कार्य सम्पन्न गर्ने।

# तानसेन गुठीका वार्षिक गतिविधिहरू

**(आ.व. २०७६/७७)**

## (क) तानसेन गुठी वार्षिक भेला कार्यक्रम

तानसेन गुठीको वार्षिक साधारण सभा तथा गुठी भेला कार्यक्रम प्रत्येक वर्ष पाल्पा, तानसेनस्थित ऐतिहासिक श्री ७ रणउजीरेश्वरी भगवती माताको जात्राको लगत्तै आउने शनिबार वा अनुकूल समयमा भगवती माताको स्मरण गरी गुठी पूजा तथा वार्षिक भेला कार्यक्रम गरिने परम्परा रहँदै आएकोछ। गुठीबाट प्रत्येक वर्ष तानसेनको विविध धार्मिक, साँस्कृतिक, तथा शैक्षिक क्षेत्रमा वितरण गरिँदै आएको सहयोग तथा पुरस्कार यस वर्ष भगवती जात्राको अघिल्लो दिन २०७६ भाद्र २१ गते शनिवार पाल्पा शाखाको सक्रियतामा एक कार्यक्रम बीच तानसेनमा हस्तान्तरण गरिएको थियो।

## (ख) गुठी पूजा

तानसेन गुठीको गुठी पूजा श्री ७ रणउजीरेश्वरी भगवती माताको स्मरण गरी गुठी प्रारम्भ गरिने परम्परा अनुसार यस वर्ष २०७६ भाद्र २९ गते शनिवारको दिन काठमाडौंस्थित स्टार पार्टी भेन्यू, नक्सालमा उत्सवको रूपमा हर्षोल्लासमय वातावरणमा प्रारम्भ गरिएको थियो। उक्त कार्यक्रममा तानसेनस्थित श्री ७ रणउजीरेश्वरी भगवती माताको प्रतिमूर्तिमा यस कार्यक्रमका थकाली तथा प्रमुख अतिथी श्रद्धेय श्री देविध्वज सिमाङ्गैडाज्यू तथा उहाँको धर्मपत्नी श्रीमती सरस्वती देवी श्रेष्ठज्यूबाट विधिवत पूजा अर्चना गरी उपस्थित सम्पूर्ण गुठियार तथा सदस्य परिवारहरूलाई टीका प्रसाद तथा आशिर्वाद दिनुभएको थियो।

## (ग) वार्षिक भेला कार्यक्रम

गुठीको २७ औं वार्षिक भेला कार्यक्रम २०७६ भाद्र २९ गते शनिवारका दिन विहान श्री रणउजीरेश्वरी भगवती माताको पूजा अर्चना पछि विहानको करिव १० वजेतिर स्टार-भेन्यूको सभा हलमा प्रारम्भ गरिएको थियो। उक्त कार्यक्रम गुठीका सदस्यहरू, सदस्य-परिवारहरू, अक्षयकोषदाताहरू, तानसेनबाट पाल्नुभएका विध्यालय, क्याम्पस तथा विभिन्न संघ-संस्थाका पदाधिकारी तथा प्रतिनिधिहरू विध्यर्थी भाइबहिनीहरू र विशिष्ट तथा अन्य अतिथिज्यूहरूको गरिमामय उपस्थितिमा विभिन्न साँस्कृतिक कार्यक्रमका साथ सु-सम्पन्न गरिएको थियो।



*श्री ७ रणउजीरेश्वरी भगवती माताको प्रतिमूर्ति*



*जेष्ठ गुठियार श्री देविध्वज सिमाङ्गैडाद्वारा भगवती प्रतिमूर्तिको पूजा गर्नुहुँदै*





*जेष्ठ गुठियार श्री देविध्वज सिमाङ्गैडाज्यूबाट टिका प्रसाद प्रदान गर्नुहुँदै*

## १. दर्ता तथा नवीकरण कार्य

वार्षिक भेला कार्यक्रमको पूर्वार्धमा विहानको करिव ९ बजे साधारण सदस्य नवीकरण कार्य तथा उपस्थित सम्पूर्ण आजीवन लगायत साधारण सदस्यहरूको उपस्थिति पुस्तिकामा हस्ताक्षर गरी गुठीको वार्षिक पत्रिका 'चिनारी' वितरण गरिएको थियो। गुठीको निर्णय बमोजिम साधारण सदस्यको नवीकरण वापत वार्षिक शुल्क रू.३००।– (रू तीनसय मात्र) तथा नयाँ आजीवन सदस्य भए वापत रू.५,०००।– (रू.पाँच हजार मात्र) लिने कार्यलाई निरन्तरता दिँदै आएको थियो। त्यसैगरी आजीवन सदस्यहरूलाई एक प्रति चिनारी पत्रिका नि:शुल्क वितरण तथा साधारण सदस्यहरूको लागि न्युनतम शुल्क रु.एकसय मात्र लिएर उपलब्ध गराईएको थियो।



*गुठियारहरू आफ्नो सदस्यता नवीकरण गर्दै*

## २. भगवती पूजा-प्रसाद ग्रहण कार्य

सबै गुठियार सदस्यहरू र सदस्य परिवारहरू तथा उपस्थित सम्पूर्ण महानुभावहरूले श्री रणउर्जीरेश्वरी भगवती माताको दर्शन गरी तानसेन भगवती जात्रा सञ्चालनार्थ सहयोगको लागि राखिएको दान–पात्रमा आफ्नो ईच्छा अनुसार आर्थिक सहयोग गर्नुभएको थियो। साथै यस सभाका थकाली, जेष्ठ गुठियार श्रद्धेय श्री देविध्वज सिमाङ्गैंडाज्यूले उपस्थित सबैलाई टीका-प्रसाद दिनुभएको थियो भने प्रसादको रुपमा नास्ताको व्यवस्था गरी वितरण गरिएको थियो। तत्पश्चात् विधिवत् साधारण सभाको कार्यक्रम सुरु गरिएको थियो।



*गुठियारहरू खाजा-नास्ता ग्रहण गर्नुहुँदै*

## ३. आसन ग्रहण

वार्षिक भेला कार्यक्रममा गुठीका संरक्षक श्री रणउर्जीरेश्वरी भगवती माताको तस्विरलाई आसनमा विराजमान गराइएको थियो। आसन ग्रहणको क्रममा गुठीका अध्यक्ष श्री सर्जुमान लिगलज्यूको सभापतित्वमा आजका थकाली प्रमुख–अतिथि जेष्ठ गुठियार श्रद्धेय श्री देविध्वज सिमाङ्गैंडाज्यू र सल्लाहकारज्यूहरू, पूर्व अध्यक्षज्यूहरू तथा तानसेन शाखाबाट पाल्नुभएका सल्लाहकार केदारलाल श्रेष्ठज्यूलाई मञ्चमा आसन ग्रहण गराई सभापतिबाट खादा ओढाई स्वागत गरिएको थियो। साथै गुठीका कार्यकारी सदस्यज्यूहरू, अक्षयकोष दाताज्यूहरू, विभिन्न संघ–संस्थाबाट पाल्नुभएका आमन्त्रित अतिथिज्यूहरू, सम्मानित र पुरस्कृत व्यक्तित्वहरू तथा उपस्थित सम्पूर्ण महानुभावहरूलाई यथास्थानमा आसन ग्रहण गराइएको थियो। उक्त कार्यक्रम पूर्व कार्यकारी सदस्य तथा आजीवन सदस्य श्री जयन्ती श्रेष्ठबाट सञ्चालन गरिएको थियो।




*आसन ग्रहण पछिको दृश्य*

## ४. हार्दिक श्रद्धाञ्जली अर्पण

विगत एक वर्षभरिमा दिवंगत हुनुभएका गुठी सदस्य तथा सदस्य परिवारप्रति गहिरो दुःख व्यक्त गर्नुका साथै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै समवेदना सहित उक्त सभामा उपस्थित सम्पूर्ण महानुभावज्यूहरूबाट सामुहिक रूपमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै एक मिनेट मौनधारण गरिएको थियो।



*श्रद्धाञ्जली व्यक्त गर्दै एक मिनेट मौन धारण*

## ५. सामुहिक राष्ट्रियगान

राष्ट्रको सम्मानमा उपस्थित सम्पूर्ण महानुभावज्यूहरू आ–आफ्नो स्थानबाट सामुहिक रूपमा राष्ट्रिय गान गाउनुभएको थियो।



## ६. उद्घाटन कार्यक्रम

यस सभाका थकाली तथा जेष्ठ गुठियार आदरणीय श्री देविध्वज सिमाङ्गैंडाज्यूले पानसमा दीप प्रज्वलन तथा भगवती माताको तस्विरमा माल्यार्पण गरी औपचारिक रूपमा कार्यक्रम शुभारम्भ गर्नुभएको थियो।



*वार्षिक भेलाको समुद्घाटन गर्नुहुँदै जेष्ठ गुठियार तथा भेलाका प्रमुख अतिथि श्री देविध्वज सिमाङ्गैंडा*

## ७. स्वागत मन्तव्य

गुठीका उपाध्यक्ष श्री निलम गोंगल श्रेष्ठज्यूबाट आजको कार्यक्रमबारे प्रकाश पार्दै उपस्थित सम्पूर्ण महानुभावहरूमा हार्दिक स्वागत गर्नु भएको थियो।



*उपाध्यक्ष तथा भेला संयोजक श्री निलम गोंगल श्रेष्ठ स्वागत तथा वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै*

## ८. वार्षिक गतिविधि कार्यक्रम

गुठीका सचिव श्री प्रमी श्रेष्ठज्यूले उपस्थित सम्पूर्ण महानुभावहरूमा आर्थिक वर्ष २०७५-०७६ को वार्षिक गतिविधि संक्षिप्त रूपमा प्रकाश पार्नुभएको थियो।



*सचिव श्री प्रमी श्रेष्ठ वार्षिक गतिविधि प्रस्तुत गर्नुहुँदै*

## ९. आर्थिक प्रतिवेदन

गुठीका कोषाध्यक्ष श्री जीवन ज्योति वज्राचार्यज्यूले आर्थिक वर्ष २०७५-०७६ को आय–व्यय विवरण संक्षिप्त रूपमा प्रस्तुत गर्दै कूल आम्दानीतर्फ जम्मा रू. १३,४७,३९०।–, कूल खर्चतर्फ जम्मा रू.८५८,७९१।–, वचततर्फ जम्मा रू.४,८८,५९९।– र कूल मौज्दात जम्मा रू.१,१६,९४०५३।–लाई उक्त भेलाबाट अनुमोदन गरिएको थियो। साथै आ.व. २०७६-७७ को लागि अनुमानित वजेट (आय–व्यय) तथा लेखा परीक्षक पि.पि. प्रधान एण्ड कम्पनीको निरन्तरताको लागि सर्वसम्मतिबाट अनुमोदन गरिएको थियो।



*कोषाध्यक्ष श्री जीवन ज्योति बज्राचार्य आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै*

## १०. अभिनन्दन तथा सम्मान कार्यक्रम

**क) गुठीका आजीवन सदस्य तथा पूर्व अध्यक्ष श्री श्याम सुन्दर लाल कक्षपति:**

“सामजिक उत्थान नै जीवनको परम न्याय हो” भन्ने मूल मन्त्रलाई अनुसरण गरी अगाडि बढेर समाजमा पुर्‍याउनुभएको

उच्च योगदानको कदर गर्दै उहाँलाई नेपाल सरकारको समाज कल्याण परिषद्बाट 'समाज सेवा पुरस्कार' तथा नेपाल सरकारको तत्कालिन राष्ट्रपतिबाट 'सुप्रबल जनसेवा पदक' बाट विभूषित हुनुभएको थियो। देशको विभिन्न क्षेत्रमा उध्योग, व्यवसाय तथा पर्यटन क्षेत्रमा गरिराख्नु भएको योगदान साथै काठमाडौं तथा आफ्नो कर्मथलो पाल्पा तानसेनदेखि बुटवलमा संचालित 'द नाइ्लो बेकरी क्याफे' जस्तो सेवा मूलक कार्यबाट नेपालीहरुलाई रोजगारी दिलाउन अहम् भूमिका निर्वाह गर्नुभएका कर्तव्यनिष्ठ उहाँ ४९ वर्ष देखि निरन्तर संघर्षमय यात्राको लामो अनुभव बटुल्नु भएका अनुकरणीय, उदाहरणीय व्यक्तित्वको रूपमा परिचित हुनुहुन्छ।



आफ्नो कार्यक्षेत्रमा सरकारी, गैरसरकारी समन्वयमा वाणिज्य, होटल तथा पर्यटन विकासमा टेवा पुऱ्याउने उद्देश्यले विभिन्न संघ-संस्थामा आवद्ध हुनुभई 'यूरोपियन युनियन चेम्वर अफ कमर्स' को सदस्यको रुपमा अन्तर्राष्ट्रिय स्तरको कार्य संजालमा सम्पर्क राख्नुभई समग्र देशको हितमा कार्य गर्दै आउनुभएको सर्वविदितै छ। उहाँले यस गुठीको विभिन्न पदहरुमा रही गुठीको विकास तथा सम्वर्धनमा निरन्तर लागेर आ.व.२०५९-६० देखि २०६०-०६१ सम्म (२वर्ष) अध्यक्षको जिम्मेवारी वहन गरेर शैक्षिक, धार्मिक, साँस्कृतिक तथा समाजिक क्षेत्रमा संस्थागत व्यवस्थापन गर्न नयाँ प्रगतिशील अवधारणा दिनुभई आजसम्म सक्रिय भूमिका निर्वाह गर्दै आउनुभएको छ। तानसेन पाल्पास्थित श्री रणउजीरेश्वरी भगवती माताको रथ नगरपरिक्रमा गराउन आर्थिक सहयोगार्थ आफ्नो बुवाको स्मृतिमा यस गुठीमा "राम लाल ज्योतिलाल स्मृति अक्षयकोष" स्थापना गर्नुभई धार्मिक एवं साँस्कृतिक क्षेत्रमा टेवा पुऱ्याउनु भएको छ। यसैगरी शिक्षा क्षेत्रमा काठमाडौंमा बसोवास गरेका सदस्य परिवारबाट एस.इ.इ. परीक्षामा सर्वाधिक अङ्क प्राप्त गरी उत्तीर्ण हुने छात्र र छात्रा एक-एकजनालाई छात्रवृति प्रदान गर्ने उद्देश्यले गुठी स्थापनाको समयमै 'श्री नगर छात्रवृति पुरस्कार' उहाँ समेत तीन जना संस्थापकहरूबाट स्थापना गरिएको थियो। भविष्यमा गुठीको आफ्नै भवन "तानसेन नेवा: छे" बनाउने उद्देश्यले आफ्नो पिताको स्मृतिमा सुन्दरीघाट, काठमाडौंको मेन रोडमा चार आना दुई पैसा तिन दाम जग्गा प्रदान गर्नु भएको थियो। यसको अतिरिक्त गुठीको विभिन्न समयमा वैठक तथा सभा-समारोह गर्न नि:शुल्क रूपमा स्थान, सभा-हल उपलब्ध गराउँदै आउनु भएको छ। गुठीलाई आवश्यकता अनुसार विभिन्न समयमा आर्थिक सहयोग उपलब्ध गराउँदै आउनुभएका उहाँले यस वर्ष कारोना महामारीको कारण लकडाउनको विषम् परिस्थितिमा विपन्न परिवारको लागि राहत सहयोगार्थ रु. एक लाख आर्थिक सहयोग पनि गर्नुभएको थियो।

यसरी गुठीप्रतिको सकारात्मक सोंच तथा निरन्तर सहयोगको उच्च मूल्यांकन गर्दै गुठीको २७ औं वार्षिक साधारण सभाको सुअवसरमा आजीवन सदस्य तथा पूर्व अध्यक्ष श्री श्यामसुन्दर कक्षपतीज्यूलाई गुठीका वरिष्ठ सल्लाहकार ई. श्री शंकरकृष्ण मल्लज्यूबाट दोसल्ला ओढाई अभिनन्दन–पत्रद्वारा अभिनन्दित गरिएको थियो। साथै प्रमुख अतिथि श्री देविध्वज सिमाङ्गेंडाज्यूबाट माला तथा अध्यक्ष श्री सर्जुमान लिगलज्यूबाट खादा ओढाई उहाँलाई वधाई ज्ञापन गरिएको थियो।

**ख) सम्मान –पत्र द्वारा सम्मानित आजीवन सदस्य डा.श्री दिनेश नाथ गोंगलज्यू**

पाल्पा तानसेन भिमसेन टोलमा माता भूमती देवी गोंगल र पिता कृष्ण बहादुर गोंगलको सुपुत्रको रूपमा सन् १९२३ मा जन्मनु भएका उहाँ मुलुककै स्वास्थ्य क्षेत्रका एक मूर्धन्य, प्रतिष्ठित र स्थापित व्यक्तित्वका रूपमा 'डा. गोंगल' भनेर परिचित हुनुहुन्छ। मुलुकको स्वास्थ्य क्षेत्रमा विशेषज्ञहरूको आवश्यकता खड्किरहेको अवस्थामा जनताको उपचार, उध्दार अनि स्वास्थ्य जीवनको लागि उहाँले गर्नुभएको अतुलनीय योगदानलाई इतिहासमा स्वर्ण अक्षरले लेखिने छ। 'सबैको लागि स्वास्थ्य' भन्ने भावनाबाट प्रेरित भई राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरका विभिन्न निकायमा आबद्ध भई स्वास्थ्य सम्बन्धी नीति निर्माणको क्षेत्रमा उहाँले गर्नुभएको योगदान अविस्मरणीय रहेको छ। नेपालको एक मात्र अग्रणी स्वास्थ्य सँस्था वीर अस्पतालको प्रमुखको जिम्मेवारी बहन गर्दै उक्त अस्पतालको



शल्यक्रिया विभागमा आफ्नो जीवनको अधिकांश महत्वपूर्ण समयलाई ऊर्जा सहित स-शरीर संलग्न गराउँदै धेरै भन्दा धेरै नेपाली विरामीहरूको शल्यक्रिया गर्नुभई उनीहरूलाई जीवनदान दिने कार्य गरिरहनु भयो। यसका साथै Examiner of Royal College of Surgeons of Edinburgh, Organizer of the Fellowship Examination Of RCS of Edinburgh in Nepal जस्ता महत्वपूर्ण कार्य गरेर दिनुभएको योगदान अतुलनीय रहेको छ।

स्वास्थ्य क्षेत्रको साथै समाजसेवामा पनि उहाँको त्यत्तिकै सक्रिय सहभागिता र योगदान रहेको छ। तानसेन गुठीको रजत महोत्सवको अवसरमा जेष्ठ गुठियारको रूपमा सम्पूर्ण गुठीयार सदस्यहरूमा टिका प्रसाद प्रदान गर्नुभई साधारण सभामा प्रमुख अतिथिको आसन ग्रहण गरी कायक्रमको शोभा बढाइदिनुभएको थियो। यस उमेरमा पनि जनताको सेवामा अटूट रुपमा लाग्नुभई लाखौं नेपालीको स्वास्थ्यका क्षेत्रमा पुऱ्याउनु भएको अतुलनीय योगदानको कदर गर्दै गुठी परिवार अत्यन्त प्रसन्न र गौरवान्वित भई श्रध्देय डा. श्री दिनेशनाथ गोंगलज्यूलाई गुठीको २७ औं वार्षिक भेलाको सुअवसरमा वरिष्ठ सल्लाहकार क्या. श्री रवीन्द्र प्रसाद प्रधानज्यूबाट दोसल्ला ओढाई सम्मान–पत्र द्वारा सम्मानित गरिएको थियो। साथै प्रमुख अतिथिज्यूबाट माला तथा अध्यक्षज्यूबाट खादा ओढाई वधाई ज्ञापन गरिएको थियो।

### ग) इन्द्र–पद्म स्मृति संस्कृति पुरस्कार– श्री ज्ञानकाजी मानन्धरज्यू

नेपाल भाषा साहित्य, संस्कृति आदिको संरक्षण तथा सम्बर्धन गर्न योगदान पुऱ्याउने व्यक्तित्व तथा संस्थालाई पुरस्कृत गर्ने उद्देश्यले स्थापित यो पुरस्कार यस वर्ष नेपाल–भाषाका साहित्यकार, नाटककार तथा अनुसन्धानकर्ता श्री ज्ञानकाजी मानन्धरज्यूलाई प्रदान गरिएको थियो। यस अक्षयकोषका दाता तथा पूर्व अध्यक्ष ई.श्री करुणा गोविन्द श्रेष्ठज्यूबाट रु.१०,०००।– (रू. दश हजार) रकमको पुरस्कार राशी र प्रमाणपत्र सहित पुरस्कृत गर्नुभएको थियो। अध्यक्षज्यूबाट दोसल्ला ओढाई वधाई ज्ञापन गर्नुभएको थियो।



पुरस्कृत व्यक्तित्वबाट मन्तव्य प्रकट गर्नुभई गुठी प्रति हार्दिक धन्यवाद व्यक्त गर्नुभयो।

## ११. हार्दिक बधाई तथा शुभकामना कार्यक्रम

### क) आजीवन सदस्य तथा पूर्व–कार्यसमिति सदस्य श्री शम्भु श्रेष्ठज्यू

स्वतन्त्र सार्वभौम सम्प्रभु संघीय लोकतान्त्रिक नेपालका सम्माननीय राष्ट्रपति बिद्यादेवी भण्डारीज्यूबाट नेपाल राष्ट्रको गौरव एवम् नेपाली जनताको हित अभिवृद्धिमा पत्रकारिताको माध्यमबाट उल्लेखनीय योगदान पुऱ्याउनु भएकोमा सम्मान स्वरूप 'प्रवल जनसेवा श्री पदक' द्वारा विभूषित हुनुभएकोमा तानसेन गुठी सगौरव उहाँलाई हार्दिक बधाई ज्ञापन गरिएको थियो। साथै मानपदवीको गरिमा अक्षुण्ण राख्दै गौरव एवम् श्रीवृद्धि तथा उत्तरोत्तर प्रगतिको शुभकामना सहित उहाँलाई गुठीका वरिष्ठ सल्लाहकार मी.सु. श्री नारायण प्रसाद श्रेष्ठज्यूबाट खादा ओढाई बधाई तथा मायाँको चिनो प्रदान गरिएको थियो।



### ख) आजीवन सदस्य तथा पूर्व अध्यक्ष श्री हिमाल कसजू

नेपाल परिवार नियोजन सघंको ४० औं अधिवेशनबाट (२०७५ साल पौष ५ गते), सघंको केन्द्रिय अध्यक्षमा निर्विरोध निर्वाचित हुनुभएकोमा गुठीका आजीवन सदस्य तथा पूर्व अध्यक्ष श्री हिमाल कसजूज्यूलाई तानसेन गुठी सगौरव हार्दिक बधाई ज्ञापन तथा सफल कार्यकालको हार्दिक शुभकामना दिदै सल्लाहकार श्री शोभा श्रेष्ठज्यूबाट खादा ओढाई मायाँको चिनो प्रदान गरिएको थियो।



### ग) आजीवन सदस्य श्री सुन्दर श्रेष्ठज्यू

आजीवन सदस्य श्री सुन्दर श्रेष्ठज्यू नेपाल सरकारको सूचना तथा संचार प्रविधि मन्त्री माननीय गोकुल बाँस्कोटाज्यूबाट नेपाल चलचित्र विकास बोर्डको १९ औं वार्षिक–उत्सवमा 'विशिष्ट योगदान सम्मान' बाट सम्मानित हुनुभएको थियो। नेपालमा हाल चलन-चल्तीमा रहेका सबै कागजी-मुद्रा तथा धातुका सिक्का उहाँले नै डिजाईन गर्नुभएको थियो। त्यस मध्ये दुई रूपियाँको सिक्का (हलो जोतेको छाप भएको) तथा नोट सन् २०१७ मा वेलायत टेलिग्राम पत्रिकामा प्रकाशित विश्वव्यापी सर्वेक्षणमा सर्वोत्कृष्टमा पर्न सफल हुनुभएकोमा नेपाल राष्ट्र बैंकबाट सम्मानित हुनुभएको थियो। यसरी विश्व सामु नेपालको नाम उच्च राख्न पुऱ्याउनु भएको उल्लेखनीय योगदानको उच्च कदर गर्दै गुठीका सल्लाहकार श्री पृथ्वी राज लिगलज्यूबाट सगौरव हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामनासहित खादा ओढाई मायाँको चिनो प्रदान गरिएको थियो।



### घ) आजीवन सदस्य श्री अन्जु मल्ल प्रधान

आजीवन सदस्य श्री अन्जु मल्ल प्रधान सोसाइटी अफ नेप्लिज आर्किटेक संस्थाको अध्यक्ष जस्तो गरिमामय पदमा पहिलो महिला अध्यक्षमा निर्वाचित हुनुभएकोमा उहाँलाई गुठीका पूर्व अध्यक्ष श्री श्याम सुन्दर लाल कक्षपतिज्यू द्वारा सगौरव हार्दिक बधाई ज्ञापन गर्दै वहाँको उत्तरोत्तर प्रगतिको शुभकामना दिंदै खादा ओढाई मायाँको चिनो प्रदान गरिएको थियो।



## १२. हार्दिक बधाई तथा प्रमाण–पत्र प्रदान

### क) आजीवन सदस्य डा. श्री सुशी श्रेष्ठज्यू

आजीवन सदस्य डा. श्री सुशी श्रेष्ठज्यू एडिनवर्ग विश्वविद्यालय, स्कटल्याण्डबाट मृगौला प्रत्यारोपण (Factors influencing cold ischaemia time in deceased donor kidney transplants) सम्बन्धी विषयमा पिएच.डी- Doctor of Philosophy Degree _ हासिल गर्नुभएकोमा उहाँलाई गुठीका अध्यक्ष सर्जुमान लिगलज्यूबाट सगौरव हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दै उहाँको अनुपस्थितिमा उहाँकी श्रध्देय आमा तथा गुठीका सल्लाहकार प्रा.डा. पुष्पा श्रेष्ठज्यूलाई खादा तथा प्रमाणपत्र हस्तान्तरण गर्नुभएको थियो।



### ख) आजीवन सदस्य डा. श्री यशस्वी श्रेष्ठज्यू:

आजीवन सदस्य डा. श्री यशस्वी श्रेष्ठज्यू हार्वर्ड विश्वविद्यालय, अमेरिकाबाट स्तन क्यान्सर सम्बन्धित (Deciphering Mechanisms of Cell Transformation Through Functional Genomics) बिषयमा पिएच.डी. डिग्री हासिल गर्नुभएकोमा उहाँलाई गुठीको अध्यक्षज्यूबाट सगौरव हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दै उहाँको अनुपस्थितिमा उहाँकी श्रध्देय आमा तथा सल्लाहकार प्रा.डा. पुष्पा श्रेष्ठज्यूमा खादा तथा प्रमाणपत्र हस्तान्तरण गर्नुभएको थियो।



### ग) आजीवन सदस्य डा. श्री राजेन्द मान श्रेष्ठज्यू

आजीवन सदस्य डा. श्री राजेन्दमान श्रेष्ठज्यू त्रिभुवन विश्वविद्यालय, नेपालबाट 'Modeling for Assessing Impacts of Climate Change on River-Hydrology for Bagmati River Basin in Nepal' बिषयमा पिएच. डी. डिग्री हासिल गर्नुभएकोमा उहाँलाई गुठीका अध्यक्षज्यूबाट सगौरव हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दै उहाँलाई खादा तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो।



## दोश्रो चरणको कार्यक्रम

### १३. विभिन्न सम्मानपत्र तथा छात्रवृत्ति पुरस्कार वितरण कार्यक्रम

### क. श्री नगर छात्रवृति पुरस्कार

काठमाडौँमा बसोबास गरेका गुठी सदस्यहरूका छोरा र छोरी एक–एक जनालाई प्रदान गरिने उद्देश्यले तीनजना अक्षयकोष दाताहरू क्रमश पूर्व अध्यक्षद्वय श्री श्यामसुन्दर लाल कक्षपतीज्यू र श्री लक्ष्मण श्रेष्ठ तथा आजीवन सदस्य श्री पुष्प प्रधानज्यूबाट स्थापित यो छात्रवृत्ति पुरस्कार यस वर्ष काठमाडौं मोडेल स्कुल, काठमाडौबाट जि.पि.ए.३.८५ ल्याई उत्तीर्ण हुने आजीवन सदस्य श्री ऐश्वर्य मान वैश्यतका सुपुत्र अनिमेषमान वैश्यतलाई र वृहस्पति मा.बि. नक्साल, काठमाडौंबाट जि.पि.ए.३.५० ल्याई उत्तीर्ण हुने आजीवन सदस्य श्री दिनेश प्रसाद थान्जू तथा श्रीमती बिन्द्रा थान्जूकी सुपुत्री दिव्या एल्के थान्जूलाई कोषदाता श्री लक्ष्मण श्रेष्ठज्यूबाट हार्दिक बधाई तथा प्रगतिको शुभकामना सहित प्रमाणपत्र प्रदान गर्नुभएको थियो साथै गुठीका अध्यक्षज्यूबाट खादा ओढाई बधाई ज्ञापन गरिएको थियो।

### ख. पद्मचन्द श्रेष्ठ स्मृति पुरस्कार

काठमाडौँमा बसोबास गरेका गुठी सदस्य परिवारका छोरा-छोरीमध्ये नेपालबाट विज्ञान, व्यवस्थापन र मानविकी संकायमा १०+२ तहको परीक्षामा सर्वाधिक अंक ल्याई उत्तीर्ण हुने दुई जनालाई पुरस्कृत गर्ने उद्देश्यले श्रीमती चन्द्रलक्ष्मी श्रेष्ठबाट स्थापित यो छात्रवृत्ति पुरस्कार यस वर्ष काठमाडौं मोडेल सेकेण्डरी स्कुल वागबजारबाट जि.पि.ए. ३.७९ ल्याई उत्तीर्ण हुने गुठीका आजीवन सदस्य श्री उपमा श्रेष्ठ तथा श्री हरिराम श्रेष्ठकी छोरी श्री रिजु श्रेष्ठलाई र सेन्टमेरीज् हाइस्कुल, जाउलाखेलबाट जि.पि.ए. ३.५२ ल्याई उत्तीर्ण हुने गुठीका पूर्व अध्यक्ष श्री करुणा गोविन्द श्रेष्ठका नातिनी आजीवन सदस्य तथा कार्यकारी सदस्य श्री नविन गोविन्द श्रेष्ठ तथा श्रीमति नविना श्रेष्ठकी छोरी श्री स्वस्तिका श्रेष्ठलाई कोषदाताज्यूबाट









प्रमाणपत्र सहित पुरस्कार प्रदान गर्नुभएको थियो। साथै गुठीका अध्यक्षज्यूबाट खादा ओढाई बधाई ज्ञापन गरिएको थियो।

### ग. सिद्धि सकल तुल्सी कृष्ण ईन्द्र दुर्गा स्मृति पुरस्कार

अमृतमान श्रेष्ठ तथा पृथ्वीकुमारी श्रेष्ठबाट त्रिभुवन बहुमुखी क्याम्पस, तानसेनबाट विज्ञान संकायबाट स्नातक तह (बि. एस्सी) को परीक्षामा सर्वोच्च अंक ल्याई उत्तीर्ण हुने एकजना विध्यार्थीलाई चाँदीको करूवा सहित प्रशंसा-पत्र प्रदान गर्ने उद्देश्यले स्थापित यो पुरस्कार यसवर्ष श्री सुदिप बिष्ट ७३.५०% लाई प्रदान गरिएको थियो। कोषका प्रतिनिधि तथा गुठीका सल्लाहकार प्रा.डा. पुष्पा श्रेष्ठज्यूबाट प्रमाणपत्र सहित चाँदीको करुवा पुरस्कार स्वरूप प्रदान गर्नुभएको थियो। साथै गुठीका अध्यक्षज्यूबाट खादा ओढाई बधाई ज्ञापन गरिएको थियो।



### घ. श्याम रत्न स्मृति छात्रवृत्ति पुरस्कार

तानसेन न.पा. भित्रका माध्यमिक विद्यालयहरू मध्येबाट विज्ञान संकायबाट १०+२ मा सर्वोत्कृष्ट अंक ल्याई उत्तीर्ण हुने एकजना छात्र र एकजना छात्रा गरी जम्मा दुई जनालाई छात्रवृत्ति प्रदान गर्ने उद्देश्यले डा. युगलकृष्ण मल्ल, ई. श्री शंकरकृष्ण मल्ल, ई. लक्ष्मणकृष्ण मल्ल, डा. ओमकृष्ण मल्ल, डा. महावीरकृष्ण मल्ल तथा ई. नारायणकृष्ण मल्लबाट स्थापित यो पुरस्कार यसवर्ष मिलेनियम सेकेण्डरी स्कूल पाल्पाका छात्र अशिम थापा, जि.पि.ए. ३.५९ तथा छात्रा भावना बस्याल, जि.पि.ए. ३.४२ लाई प्रदान गरिएको थियो। कोषदाता तथा गुठीका सल्लाहकार ई. श्री शंकरकृष्ण मल्लज्यूबाट विध्यार्थी भाई-बहिनीहरू पाल्पा बाट आउन असमर्थ हुनुभएकोले प्रतिनिधिको रूपमा तानसेन गुठी पाल्पा शाखाका सल्लाहकार श्री केदारलाल श्रेष्ठज्यूलाई उक्त छात्रवृत्ति पुरस्कार र प्रमाणपत्र प्रदान गर्नुका साथै गुठीका अध्यक्षज्यूबाट खादा ओढाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गरिएको थियो।



### ङ. जीवन–जयन्ती उत्कृष्ट पर्यटक पथ–प्रदर्शक पुरस्कार

नेपालको पर्यटन विकासमा देशको अवैतनिक राजदूत मानिने पर्यटक पथ–प्रदर्शकहरुको सम्मान र प्रोत्साहनको लागि तथा आफ्नो पेशाप्रति थप उर्जा प्राप्त होस् भन्ने उद्देश्यले आजीवन सदस्य तथ पूर्व–कार्यकारी सदस्य श्री जयन्ती श्रेष्ठज्यूबाट स्थापित उक्त पुरस्कार वरिष्ठ पर्यटक पथ–प्रदर्शक श्री सुरेन्द्रप्रसाद लोहनीज्यूलाई कोषदाताबाट दोसल्ला ओढाई सम्मानपत्र सहित मायाँको चिनो प्रदान गर्नुभएको थियो। साथै अध्यक्षज्यूबाट खादा ओढाई हार्दिक बधाई ज्ञापन गरिएको थियो। सम्मानित व्यक्तित्वबाट मन्तव्य व्यक्त गर्नुभई गुठीप्रति हार्दिक धन्यवाद ज्ञापन गर्नुभएको थियो।



### च. एस.इ.इ. परीक्षामा उत्तीर्ण भाइ–बहिनीहरूलाई वधाई तथा शुभकामना

यस वर्ष २०७६ सालको एस.इ.इ. परिक्षामा उत्तीर्ण भएका विद्यार्थीहरू क्रमश सार्थक श्रेष्ठ, आशिष कर्माचार्य, सम्मित कर्माचार्य, सुधन गोविन्द श्रेष्ठज्यूलाई सल्लाहकारज्यूहरू





श्री पृथ्वीराज लिगल तथा प्रा.डा. श्री विनोदप्रसाद श्रेष्ठज्यूबाट खादा ओढाई प्रमाणपत्र प्रदान गर्नुका साथै हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्नुभएको थियो।

## १४. अक्षयकोषको सम्झौतापत्र (फाईल) आदान प्रदान

### क. श्याम रत्न स्मृति अक्षयकोष

डा.श्री युगलकृष्ण मल्ल, डा. श्री शंकर कृष्ण मल्ल, ई. श्री लक्ष्मणकृष्ण मल्ल, डा. श्री ओमकृष्ण मल्ल, डा. श्री महावीरकृष्ण मल्ल तथा ई. श्री नारायणकृष्ण मल्लज्यूबाट तानसेन नगरपालिका भित्रका विद्यालयहरुबाट १०+२ विज्ञान संकायबाट सर्वोत्कृष्ट अंक ल्याई उत्तीर्ण हुने एकजना छात्र र एकजना छात्रा गरी दुई जनालाई छात्रवृत्ति प्रदान गर्ने उद्देश्यले स्थपित यो अक्षयकोषमा रु.२,००,०००।- (अक्षरूपी दुइलाख रुपैयाँ मात्र) रकम थप गरी तीनलाख रुपैयाँ पुऱ्याइएको छ। साथै पुरस्कृत विध्यार्थी भाइबहिनीहरु पुरस्कार लिन आउँदा तानसेनदेखि काठमाडौं सम्मको आवत जावत तथा खानेबस्ने व्यवस्था समेत कोषबाटै गरिने छ। उक्त कोषको सम्झौता–पत्रको फाईल कोषदाता तथा सल्लाहकार डा.श्री शंकर कृष्ण मल्लज्यू र अध्यक्ष बीच आदान प्रदान गरियो।



### ख. नरायण सरोज छात्रवृति अक्षयकोष

गुठी सल्लाहकार मि.सु श्री नारायणप्रसाद श्रेष्ठ तथा श्रीमती सरोजनी श्रेष्ठबाट स्थापित यस अक्षयकोषमा यस वर्ष रु.२,२५,५५५।- (अक्षरूपी दुईलाख पच्चीस हजार पाँचसय पचपन्न मात्र) रकम थप गरी जम्मा अक्षय कोष रु.५,५५,५५५।- (पाँच लाख पचपन्न हजार पाँचसय पचपन्न) बनाइएको छ। उक्त कोषको व्याजबाट श्री रणउजीरेश्वरी भगवती मातामा ५%, श्रीनगरमा अवस्थित श्री सिद्धि विनायक गणेशमा २५%, शिक्षामा २५%, स्वास्थ्यमा २५% र बाँकी २०% गुठी सञ्चालनको लागी उपयोग गरिने जानकारी गराउँदै उक्त कोषदाता तथा अध्यक्ष बीच सम्झौतापत्रका आदान प्रदान गरियो।



### घ. हरिप्रसाद कृष्णमायाँ प्रधान स्मृति अक्षयकोष:

गुठी सल्लाहकार क्या. श्री रवीन्द्र प्रसाद प्रधानज्यूबाट पाल्पा तानसेनस्थित धवल पुस्तकालयलको लागि रु.५१,०००।- (अक्षरूपी एकाउन्न हजार रुपैयाँ मात्र) तथा आजीवन सदस्य ई. श्री सतिस प्रसाद प्रधानज्यूबाट रु.५१,०००।-(अक्षरूपी एकाउन्न हजार रुपैयाँ मात्र) गरी जम्मा रू.१,०२,०००।–(रू. एक लाख दुई हजार मात्र) को व्याजबाट प्रत्येक वर्ष आर्थिक सहयोग पठाउने गरी 'हरिप्रसाद कृष्णमायाँ प्रधान स्मृति अक्षयकोष' को सम्झौतापत्र कोषदाताज्यूहरू तथा अध्यक्ष बीच आदान प्रदान गरियो।



### ङ. पद्मचन्द श्रेष्ठ स्मृति अक्षयकोष:

गुठी आजीवन सदस्य श्री चन्द्रलक्ष्मी श्रेष्ठज्यूबाट स्थापित यस अक्षयकोषमा यस बर्ष रु.१,००,०००।- (अक्षरुपी एकलाख रुपैयाँ मात्र) थप गरी जम्मा रु.२,११,१,११।- (अक्षरुपी दुईलाख

एघार हजार एकसय एघार) को पद्मचन्द स्मृति अक्षयकोषको सम्झौतापत्र कोषदाता तथा अध्यक्ष बीच आदान प्रदान गरियो।



### च. रामलाल ज्योतिलाल, दुर्गालाल कक्षपति स्मृति अक्षयकोष

गुठीका पूर्व अध्यक्ष श्री श्यामसुन्दरलाल कक्षपतिज्यूबाट पाल्पा, श्री रणउजीरेश्वरी भगवती माताको जात्रा संचालनार्थ आर्थिक सहयोग गर्ने उद्देश्यले रु.४,००,०००।- (अक्षरूपी चारलाख रुपैयाँ मात्र) रकमको उक्त अक्षयकोष स्थापना गर्नुभएको थियो। उक्त सम्झौतापत्र कोषदाता तथा अध्यक्ष बीच आदान प्रदान गरियो।



### छ. अमरगञ्ज वटुक भैरव अक्षयकोष

यस गुठीका सल्लाहकार श्री वनमाली लाकौलका धर्मपत्नी श्री विजयलक्ष्मी लाकोलज्यूबाट तानसेनस्थित अमरगञ्ज वटुक भैरवको जात्राको लागि आर्थिक सहयोग पुऱ्याउने उद्देश्यले स्थापना गर्नुभएको रु.१,६०,०००।- (अक्षरूपी एकलाख साठी हजार मात्र) को अक्षयकोषको सम्झौतापत्र कोषदाता तथा अध्यक्ष बीच आदान प्रदान गरियो।

### ज. भगवती प्रसाद–गीतादेवी थान्जू अक्षयकोष

गुठीका आजीवन सदस्य श्री राजेन्द्र प्रसाद थान्जूका पुजनीय माता श्री गीतादवी थान्जू तथा परिवारबाट तानसेनको विभिन्न देवी देवताको जात्रा सञ्चालनमा सहयोग पुऱ्याउने उद्देश्यले स्थापित रु.१,११,१११।-( अक्षरूपी एकलाख एघार हजार एकसय एघार मात्र)को अक्षयकोषको सम्झौतापत्र कोषदाता श्री राजेन्द्र प्रसाद थान्जू तथा अध्यक्ष बीच आदान प्रदान गरियो।



### झ. देवी सरस्वती अक्षयकोष

गुठीका आजीवन सदस्य तथा बुटवल शाखाका कार्यकारी सदस्य अमोद सिमाङ्केंडा श्रेष्ठज्यूका पिता यस वार्षिक भेला कार्यक्रमका प्रमुख अतिथि श्री देवीध्वज सिमाङ्केंडा श्रेष्ठज्यूबाट तानसेनस्थित जनता माध्यमिक विद्यालयबाट छनौट गरेको एकजना विध्यार्थीलाई स्कूलको वार्षिकोत्सवको अवसरमा छात्रवृत्ति प्रदान गर्ने उद्देश्यले स्थापित रू.१,११,१११।– (अक्षरूपी एक लाख एघार हजार एक सय एघार रूपियाँ) को 'देवी सरस्वती अक्षयकोष' को रकम (चेक) गुठीका अध्यक्षलाई हस्तान्तरण गर्नुभयो।




### झ. देवलक्ष्मीको-शान्तीलक्ष्मी स्मृति अक्षयकोष

गुठीका आजीवन सदस्य डा. श्री महेन्द्रप्रसाद श्रेष्ठ तथा साधारण सदस्य डा. श्री देवेन्द्रप्रसाद श्रेष्ठज्यूका पिता श्री भगवतीप्रसाद श्रेष्ठ (भगवती मास्टर) बाट तानसेनस्थित पद्म पब्लिक बहुउद्देश्शीय नमूना हाइस्कूलमा कक्षा आठ पास गरी कक्षा नौमा अध्ययनरत विद्यार्थी एकजनालाई छात्रवृत्ति प्रदान गर्ने उद्देश्यले रू. १,११,१११।– (अक्षरूपी एकलाख एघार हजार एक सय एघार रुपियाँ) को अक्षयकोषको स्थापना गर्नुभएको

छ। उक्त अक्षयकोषको रकम (चेक) उहाँका छोराहरूले गुठीका अध्यक्षलाई हस्तान्तरण गर्नुभयो।



## १५. पाल्पा लाखे नाच सहयोग कार्यक्रम

तानसेन पाल्पाको सांस्कृतिक पर्वको निरन्तरताको लागि गुठीका सदस्यहरुबाट पाल्पाली नाट्यकला सांस्कृतिक समूह तानसेन, बसपार्कलाई आवश्यक जिन्सी सामान खरिद गर्न सहयोग गरेको थियो। सो पाल्पाली सांस्कृतिक–परम्पराको पर्वलाई वर्षेनी निरन्तरता दिँदै, गठेमगंल, चुँइकी फिराई, गाईजात्रा रोपाँई जात्रा तथा लाखे नाँच प्रस्तुत गर्दै आएका कलाकारहरूको प्रोत्साहन तथा हौसला बढाउन गुठीका पूर्व अध्यक्ष श्री हेमन्त राज कोलाक्षपतीज्यूको तर्फवाट रु.२७,०००।- (अक्षरूपी सत्ताइस हजार मात्र) पर्ने लाखेको कपालको रौं, मुकुट सहितको ख्वापा एक थान र गुठी आजीवन सदस्य डा. श्री शम्भुमान सिंहज्यूबाट १५*२७ इन्चको





लाखे ढोल उक्त समूहका अध्यक्ष श्री किरण चित्रकारज्यूलाई हस्तान्तरण गर्नुभएको थियो। तानसेन बजारमा हरेक वर्ष गाईजात्रा पर्व सञ्चालनको लागि पाँच वर्षसम्मका लागि निरन्तर पूर्व अध्यक्ष हेमन्त राज कोलाक्षपतीज्यूबाट रु.१०,०००।– (अक्षरूपी दसहजार मात्र) र आजीवन सदस्य डा. श्री शम्भुमान सिंहज्यूवाट रु.५,०००।– (अक्षरूपी पाँच हजार मात्र) गरी प्रत्येक वर्ष जम्मा रु.१५,०००।– (अक्षरूपी पन्ध्र हजार रुपैयाँ मात्र) तानसेन पाल्पाका हाँस्य व्यङ्गकार तथा पाल्पाली नाट्यकला सांस्कृतिक समूहका अध्यक्ष श्री किरण चित्रकारज्यूलाई आर्थिक सहयोग प्रदान गर्ने जानकारी गर्नुभएको थियो। श्री किरण चित्रकारज्यूबाट मन्तव्य दिने क्रममा सहयोगको लागि हार्दिक धन्यवाद ज्ञापन गर्नुभएको थियो।

# तेश्रो चरण

## १६. मनोरञ्जनात्मक सांस्कृतिक कार्यक्रम तथा नेवाः भोज

क) शुरूमा गुठी सदस्य परिवार श्री गँगा गोंगलज्यूबाट कविता वाचन भएको थियो।



ख) पाल्पा धरमपानी निवासी, हाल काठमाडौं बस्नुहुने पाल्पाका प्रतिष्ठित गुर्जूबाजे परिवारको सदस्य गायक श्री यादवराज पाण्डेज्यूले पाल्पा तानसेनको बारेमा आफैले रच्नुभएको सुमधुर गीत तथा सँगीतले सभा हल गुञ्जायमान भएको थियो।



ग) हाँस्य व्यङ्गकार तथा पाल्पाली नाट्यकला सांस्कृतिक समूहका अध्यक्ष श्री किरण चित्रकारज्यूबाट विविध हाँस्य-व्यङ्ग प्रस्तुत गर्नुभएको थियो।




घ) गुठी आजीवन सदस्य श्री दिव्यचन्द्र श्रेष्ठकी श्रीमती हिरादेवी श्रेष्ठद्वारा नाचगानको रमाइलो कार्यक्रम प्रस्तुत गरिएको थियो।




यसरी उपस्थित सम्पूर्ण गुठी सदस्यहरूमा मनोरञ्जन साथै रमाइलो कार्यक्रम सम्पन्न भएको थियो।

## १७. नेवाः सम्येबजी तथा गुठी भोज

कार्यक्रमको अन्तमा तानसेनका नेवारहरूको सँस्कृति–परम्परा अनुसारको तानसेनको अति प्रसिद्ध हाँसको छोईला तथा चुकाउनी न्यूनतम् मूल्यमा सभा हल बाहिरको फास्ट फुड स्टलमा उपलब्ध गराइएको थियो। सम्पूर्ण गुठीयारहरु तथा परिवारहरू, साथीभाईहरू तथा इष्टमित्र एक-आपसमा भलाकुसारी गर्दै स्टल वरिपरी तानसेनको विगतलाई स्मरण गर्दै स्वादिष्ट परिकारहरू खाँदै रमाईरहनु भएको थियो। यसको साथै गुठीबाट व्यवस्था गरिएको नेवारी भोजमा रमाईलो वातावरणमा सबै गुठियारहरू सरिक हुनुभएको थियो। यसरी तानसेन गुठीको २७ औं वार्षिक भेला तथा साधारण सभाको कार्यक्रम बिहान ८ बजे शुभारम्भ भई विभिन्न कार्यक्रम सहित साँझको ७ बजे सम्म सभ्य तथा भव्य तरिकाले रमाईलो तथा सौहार्द्रतापूर्ण वातावरणमा सम्पन्न भएको थियो।










*भेलाका उद्घोषक श्री जयन्ती श्रेष्ठ कार्यक्रम सञ्चालन गर्नुहुँदै*




प्रमुख अतिथि जेष्ठ गुठियार श्री देविध्वज सिमाङ्डाद्वारा मन्तव्य व्यक्त गर्दै



गुठी आजीवन सदस्य श्री अशोक महर्जनद्वारा मन्तव्य व्यक्त गर्दै




गुठीका अध्यक्ष श्री सर्जुमान लिगलबाट धन्यवादसहित सभा विसर्जन गर्दै



गुठीको २७ औं वार्षिक भेला कार्यक्रममा उपस्थित गुठी परिवारका सदस्यहरू

## तानसेन गुठी काठमाडौँको बार्षिक जात्रा तथा सांस्कृतिक पर्व स्वास्थ्य आर्थिक सहयोग शाखाबाट हस्तातरण गर्न गएको आ.व. २०७७/०७८

| सि.न. | मन्दिर तथा सांस्कृतिक पर्व | ठेगाना | प्राप्त गर्ने ब्यक्ति | रकम | |
|---|---|---|---|---|---|
| १ | श्री रणउजीरेश्वरी भगवती मन्दिर | भगवती टोल | श्री केदार लाल श्रेष्ठ | ९२२८२ | ०० |
| २ | श्री नगर सिद्धि विनायक मन्दिर | श्री नगर | श्री केदार लाल श्रेष्ठ | १३१६० | ०० |
| ३ | श्री सूर्य बिनायक गणेश मन्दिर | टक्सार टोल | श्री कृष्ण प्रसाद शाक्य | २६५५ | ०० |
| ४ | श्री बुद्ध रथयात्रा गुठी | टक्सार टोल | श्री त्रिरत्न लाल शाक्य | २६५५ | ०० |
| ५ | श्री भिमसेन मन्दीर | भगवती टोल | श्री मनोहर लाल श्रेष्ठ | ४६५५ | ०० |
| ६ | श्री भिमसेन मन्दीर | भिमसेन टोल | श्री शम्भु रत्न मुनन्कर्मी | ४६५५ | ०० |
| ७ | श्री आनन्द बिहार | भिमसेन टोल | श्री ज्यानेन्द्र काजी शाक्य | २६५५ | ०० |
| ८ | श्री बटुक भैरव मन्दिर | अमरगन्जा | श्री प्रकाश नाथ गंगोल | १२५१५ | ०० |
| ९ | श्री लक्ष्मी नारायण मन्दिर | बसन्तपुर टोल | श्री महेन्द्र भट्टराई | २६५५ | ०० |
| १० | श्री पाल्पा भैरब मन्दिर | पाल्पा भैरवस्थान | श्री तुल बहादुर अधिकारी | ४६५५ | ०० |
| ११ | श्री काल भैरव मन्दिर | टक्सार टोल | श्री मंगल प्रसाद बज्राचार्य | २६५५ | ०० |
| १२ | श्री अमर नारायण मन्दिर | नारायण टोल | श्री बुद्धिराज नेपाल | १७४५५ | ०० |
| १३ | श्री देउराली सास्कृतिक अध्ययन प्रतिस्ठान | पाल्पा तानसेन | श्री मदन देउराली | ३६८८ | ०० |
| १४ | श्री पाल्पाली नाट्यकला सांस्कृतिक समूह | पाल्पा तानसेन | श्री किरण चित्रकार | ३६८८ | ०० |
| १५ | स्वास्थ्य क्षेत्र पाल्पा | टक्सार टोल | श्री आशिष महर्जन | १३५०५ | ०० |
| १६ | श्री धवल पुस्तकालय | पाल्पा तानसेन | श्री युवराज पौडेल | ११२०० | ०० |
| | जम्मा रकम | | | १९४६३३ | ०० |

## तानसेन गुठी काठमाडौँको बार्षिक जात्रा तथा सांस्कृतिक पर्व, स्वास्थ्य आर्थिक सहयोग अक्षयकोष दाता/व्याज/ आ.व. २०७७/०७८

| सि.न. | मन्दिर तथा सांस्कृतिक पर्व | दाता ठेगाना | दाताहरु | रकम | |
|---|---|---|---|---|---|
| १ | भगवाती जात्रा दान पात्र | काठमाडौं | दक्षिणा | २५७ | ०० |
| २ | नेपाल सरकार | „ | नेपाल सरकार | २३०८३ | ०० |
| ३ | बेणी प्रसाद श्रेष्ठ ज्योती लक्ष्मी श्रेष्ठ | „ | श्री आनन्द, विनोद, बिज्ञान, प्र श्रेष्ठ | ३७७५ | ०० |
| ४ | धर्मराज सूर्य कुमारी लिगल अक्षय कोष | „ | श्री पृथ्वी राज लिगल | ६३४२ | ०० |
| ५ | यज्ञ प्रसाद भगवती मायाँ अक्षय कोष | „ | स्व भगवतीमायाँ कक्षपती | ६८९१ | ०० |
| ६ | राम लाल ज्योती लाल अक्षयकोष | „ | स्व श्यामसुन्दरलाल कक्षपी | ७१३२ | ०० |
| ७ | नारायण प्र. महाजन हरि प्र. माहाजन | „ | डा. श्री चिरञ्जीवी लाल प्रधान | ६४८४ | ०० |
| ८ | मूर्तेन्द्र मोहन मायाँ अक्षय कोष | „ | श्री हित सिंह तथा परिवारहरु | ५४०० | ०० |
| ९ | गृह गिता सिंह अक्षय कोष | „ | श्री गृहमान सिंह | ३७२९ | ०० |
| १० | प्रतीमान निमा स्मृती अक्षय कोष | „ | श्री दिपक बोहरा | ६२०० | ०० |
| ११ | सूर्य चन्द्र स्मृति अक्षयकोष | „ | श्री दिव्यमान बैश्यत् परिवार | १२४०० | ०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | तेज लक्ष्मी लाल प्रसाद श्रेष्ठ अक्षयकोष | „ | श्री दिल प्रसाद श्रेष्ठ | ३१४२ | ०० |
| १३ | बैद्य गणेश कुमारी चन्द्र कुमारी श्रेष्ठ स्मृति | „ | श्री रेणुका देवी जोशी | ३२४२ | ०० |
| १४ | उमा देवी गणेश नारायण श्रेष्ठ स्मृति | „ | श्री रमेश नारायण श्रेष्ठ | ६५५७ | ०० |
| १५ | नारायण सरोज अक्षयकोष | „ | श्री नारायण प्रसाद श्रेष्ठ | १२८७७ | ०० |
| १६ | दुर्गालाल ज्योतीलाल अक्षयकोष | „ | श्री पुष्प लाल कक्षपती | ३९७८० | ०० |
| १७ | भगवती प्रसाद गीता देवी थान्जू | „ | श्री राजेन्द्र प्रसाद थान्जु | ६५३५ | ०० |
| १८ | गणेश प्रसाद सानुमायाँ महालक्ष्मी थान्जू | „ | श्री स्व. सानु मायाँ थान्जु | ६३४२ | ०० |
| १९ | अमर गङ्गा बटुक भैरब | „ | श्री विजय लक्ष्मी लाकौल श्रेष्ठ | ९८६० | ०० |
| २० | नारायण सरोज स्वास्थ्य अक्षयकोष | „ | मि.सु श्री नारायण प्रसाद श्रेष्ठ | १०५०५ | ०० |
| २१ | मूर्तेन्द्र मोहन मायाँ स्मृति स्वास्थ्य | „ | श्री हित सिंह तथा परिवारहरु | ३००० | ०० |
| २२ | हरि प्रसाद कृष्ण माया प्रधान स्मृति | „ | क्या. श्री रविन्द्र प्रसाद प्रधान | ६०३० | ०० |
| २३ | हरि प्रसाद कृष्ण माया प्रधान स्मृति | „ | श्री सतिश प्रसाद प्रधान | ५०७० | ०० |
| | जम्मा जम्मी | | | १९४६३३ | ०० |

## २६) विभिन्न नगद तथा जिन्सी पुरस्कार रकमहरू

**छात्रवृत्ती तथा स्वास्थ्य उपचार सहयोगको तानसेन शाखाको कार्यक्रममा वितरण हुने विवरण (२०७६/७७)**

| सि.न. | छात्रवृती अक्षयकोष | ब्याज | संख्या | नाम | विद्यालय | कक्षा | जिपिए | अन्य | नगद |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | दिब्यमान वैश्यत् स्मृति | ३१३०।०० | १ | | प.प.उ.न.मा.वि. | | | प्र.पत्र | ३१३०।०० |
| २ | जीत गोविन्द चन्द्र कुमारी स्मृती | ५९००।०० | २ | | जनता उ.न.मा.वि. | एस इ.इ. | | प्र.पत्र | २९५०।०० |
| | | | | | जनता उ.न.मा.वि. | ५ | | प्र.पत्र | २९५०।०० |
| ३ | नारायाण सरोज छात्रवृत्ती | १०५०५।०० | | | म. बोधि मा.वि. | ९ | | प्र.पत्र | १०५०५।०० |
| ४ | दशरथ मिथिला छात्रवृत्ती | ६३४०।०० | २ | | त्रिभुवन क्याम्पस पाल्पा | बि.ए | | प्र.पत्र | ३१७०।०० |
| | | | | | त्रिभुवन क्याम्पस पाल्पा | बि.बि.एस. | | प्र.पत्र | ३१७०।०० |
| ५ | शिवनाथ यमुनादेवी गोंगल छात्रवृत्ती | १३३७४।०० | २ | | ज.उ.न.मा.वि. | ९ | | प्र.पत्र | ६६८७।०० |
| | | | | | ज.उ.न.मा.वि. | १० | | प्र.पत्र | ६६८७।०० |
| ६ | मूर्तेन्द्र मोहनमाया स्मृति छात्रवृत्ती | १२०००।०० | ६ | | जनता उ.न.मा.वि. | १० | | | २०००।०० |
| | | | | | जनता उ.न.मा.वि. | १० | | | २०००।०० |
| | | | | | मोहन कन्या मा. वि. | १० | | | २०००।०० |
| | | | | | मोहन कन्या मा. वि. | १० | | | २०००।०० |
| | | | | | पदम प. न.उ.मा.वि. | १० | | | २०००।०० |
| | | | | | पदम प. न.उ.मा.वि. | १० | | | २०००।०० |
| ७ | अनन्त मथुरा प्रसाद राजभण्डारी | ६४४०।०० | २ | | पदम प. न.उ.मा.वि. | एस.इ.इ. | | प्र.पत्र | ३२२०।०० |
| | | | | | पदम प. न.उ.मा.वि. | एस.इ.इ. | | प्र.पत्र | ३२२०।०० |
| ८ | तेजकुमारी गणेश बहादुर गुभाजु स्मृति | ३७९५।०० | १ | | सेन मा बि.वा मोहन कन्या | १० | | | ३७९५।०० |
| ९ | महालक्ष्मी श्रेष्ठ स्मृति गरिब विपन्न | ६५५६।०० | १ | | देव बाणी सांस्कृतिक वि. | १० | | प्र.पत्र | ६५५६।०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | मूर्तेन्द्र मोहनमाया स्मृति | ३०००।०० | १ | अशेष महर्जन | भरतपुर क्यान्सर हस्पिटल | | | | ३०००।०० |
| ११ | मूर्तेन्द्र मोहनमाया स्मृति | २०००।०० | १ | | धवल पुस्तकालय | | | | २०००।०० |
| १२ | हरि प्रसाद कृष्णमाया प्रधान स्मृति | ३२४०।०० | १ | | धवल पुस्तकालय | | | | ३२४०।०० |
| १३ | हरि प्रसाद कृष्णमाया प्रधान स्मृति | ५०७०।०० | १ | | धवल पुस्तकालय | | | | ५०७०।०० |
| १४ | जय चिरञ्जीवी स्मृति छात्रवृत्ती | ६८२०।०० | १ | | तानसेन नर्सीङ्ग स्कुल | | | | ६८२०।०० |
| १५ | बैद्य पूर्णलाल श्रेष्ठ अक्षयकोष | ७३९०।०० | १ | | लुम्बिनी मेडिकल कलेज | | | | ५०००।०० |
| १६ | नारायण सरोज स्वास्थ क्षेत्र | १०५०५।०० | १ | अशेष महर्जन | भरतपुर क्यान्सर हस्पिटल | तानसेन | | | १०५०५।०० |
| १७ | गोबिन्द इन्दिरा अक्षयकोष | १४०००।०० | १ | | गुठी वरिवार | | | | १४०००।०० |
| १८ | तेज प्रसाद लाल प्रसाद | ३२४०।०० | १ | अन्जु जोशी | स्वास्थ्य इन्सुरेन्स वार्षिक | | | | ३२४०।०० |
| १९ | देवी सरस्वती अक्षयकोष | ६५३५।०० | १ | | तानसेन जनता मा.वि. | | | | ६५३५।०० |
| २० | देव लक्ष्मी शान्ती लक्ष्मी स्मृति अक्षयकोष | ७११५।०० | १ | | तानसेन प. प. मा.वि. | ८ | | | ७११५।०० |
| २१ | लाले जाक्कर सुखलक्ष्मी चित्रकार अक्षयकोष | १४७०।०० | | | तानसेन दृष्टी विहिन | | | | १४७०।०० |
| | जम्मा जम्मी तानसेन शाखामा | १३८४२५।०० | | | | | | | १३८४२५।०० |

**छात्रवृत्ती तथा स्वास्थ्य उपचार सहयोगको काठमाण्डौमा कार्यक्रममा बितरण**

| सि न. | छात्रवृती अक्षयकोष | ब्याज | संख्या | नाम | बिद्यालय तथा ठेगाना | कक्षा | जिपिए | अन्य | नगद |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्यामरत्न स्मृती छात्रवृत्ती | १४९१८।०० | २ | | | १० + २ | ३।४२ | प्र.पत्र | ७४५९।०० |
| | गत आ.व. बाकी १०८०८।०० | | | | | १० + २ | ३।५९ | प्र.पत्र | ७४५९।०० |
| २ | श्री नगर छात्रवृति | ३१००।०० | २ | | | एस इ इ | | प्र.पत्र | १५५०।०० |
| | | | | | | एस इ इ | | प्र.पत्र | १५५०।०० |
| ३ | पदम चन्द स्मृति छात्रवृत्ती | ६४८४।०० | २ | | | १० + २ | | प्र.पत्र | ३२४२।०० |
| | | | | | | १० + २ | | प्र.पत्र | ३२४२।०० |
| ४ | इन्द्र पदम स्मसति कोष | ९४४२।०० | | | | | प्र.पत्र | प्र.पत्र | ९४४२।०० |
| ५ | सिद्धिसकल तुल्सी कृष्ण इन्द्र दुर्गा स्मृति | ७५१०।०० | १ | श्री सुदिप बिष्ट | त्रिभुवन क्याम्पस पाल्पा | बि.एस. सी. | ७३.५ | करुवा | ७५१०।०० |
| ६ | जगत बहादुर जोशी साहित्यक कोष | ३२४०।०० | | | | | | | ३२४०।०० |
| ७ | जुन लोक थापा शिक्षा पुरस्कार कोष | ६८००।०० | १ | श्री सृष्टी नेपाल | चिडीपानी पाल्पा, हाल | काडमाण्डौ | | टक्मा | ६८००।०० |
| ८ | मुक्ति प्रसाद लक्ष्मी कुमारी स्मृति | ७१३२।०० | १ | | त्रिभुवन क्याम्पस पाल्पा | प्राप्त नभएको | | टक्मा | ७१३२।०० |
| ९ | जिवन जयन्ती अक्षय कोष | ८७००।०० | १ | श्री सुरेन्द्र लोहनी | टुरीजम गाइड ए.अ.नेपाल | टुगार्न सिफारिस | | करुवा | ८७००।०० |
| | जम्मा जम्मी | ६७३२६।०० | | | | | | | ६७३२६।०० |




### शतवार्षिकी पूजा

# वाङ्मय शताब्दी पुरुष तथा वरिष्ठ संस्कृतिविद् सत्यमोहन जोशी



**प्रमी श्रेष्ठ**
शत वार्षिकी पूजा कार्यक्रम संयोजक
तानसेन गुठी

जन्मभूमी तानसेनलाई विभिन्न कारणले छोडी काठमाण्डौंलाई कर्मभूमि बनाई विभिन्न क्षेत्रमा पेशा र व्यवसाय गरी बसेका तानसेनबासीहरु बीच पारस्परिक सुमुधुर सम्बन्ध राखी एक आपसमा सहयोग पुर्याउने भावना र उद्देश्य राखी जन्मथलो तानसेनको शैक्षिक, स्वास्थ्य, धार्मिक, सांस्कृतिक र सामाजिक लगायत विभिन्न क्षेत्रको विकास, सम्बर्धन र प्रवर्धन साथै कल्याणकारी कार्यमा तानसेन गुठी आफ्नो स्थापना कालदेखि नै उद्देश्य अनुरूप क्रियाशील रहँदै आएको छ।

यस अनुरूप तानसेन गुठीले गर्दै आएको विभिन्न गतिविधिमध्ये जेष्ठ नागरिक सम्मान पूजा (९० वर्षिय र सय वर्षिय) कार्यक्रम पनि एक हो। नेपालमा अहिलेसम्म पनि हामी नेपालीको औसत आयू ७० वर्ष पुगेको छैन। जतिबेला मान्छेको आयु कम थियो त्यतिबेला लामो आयु जिउँने व्यक्तिलाई देवतुल्य मानेर जंकु पूजा गरी आर्शिवाद लिने सांस्कृतिक परम्परा अहिले पनि चलनचल्तीमा रहेको छ। जस अनुसार विभिन्न उमेरमा गरिने रथारोहणको आफनै महिमा, मूल्य र पहिचान यसरी गरिन्छ।

१) ७७ वर्ष ७ महिना ७ दिनमा गरिने पूजा लाई भिमरथारोहण।
२) ८३ वर्ष ४ महिना ४ दिनमा गरिने पूजा लाई चन्द्ररथारोहण (सहस्रचन्द्र दर्शन)
३) ८८ वर्ष ८ महिना ८ दिनमा गरिने पूजा लाई देवरथारोहण
४) ९९ वर्ष ९ महिना ९ दिनमा गरिने पूजा लाई दिव्यरथारोहण
५) १०५ वर्ष ८ महिना ८ दिनमा गरिने पूजा लाई महा-दिव्यरथारोहण

यही परम्परा अनुसार तानसेन गुठीले आफ्नो गुठी सदस्य तथा सदस्य परिवारका ९० वर्ष पुगेका अग्रजहरूको नब्बे वर्षीय र १०० वर्ष पुगेका अग्रजहरूको शतवार्षिकी पूजा सम्मान गरी आर्शिवाद लिने गरिएको छ। श्रध्येय श्रीमती राजकुमारी प्रधानज्यूको शतवार्षिकी सम्मान पूजा २०६६ साल मंसिर २० गते गरिएको थियो।

गुठीको रेकर्ड अनुसार हालसम्म विभिन्न समयमा ९० वर्षिय पूजा गरी सम्मान गरिएका श्रध्येय व्यक्तित्त्वहरू:

१) श्रीमती राजकुमारी प्रधान
२) डा. महेन्द्र प्रसाद प्रधान
३) केशवलाल कसजू
४) करुणा प्रसाद प्रधान
५) रामकृष्ण श्रेष्ठ
६) जुठेलाल बज्राचार्य



७) चन्द्रमान नकर्मी
८) तिर्थ प्रसाद श्रेष्ठ
९) दशरथमान सिंह
१०) राजमायाँ बज्राचार्य
११) भूयुमान लिगल
१२) गँगा प्रसाद वैजू
१३) हिरा बहादुर गुभाजू
१४) अमृतमान श्रेष्ठ
१५) तिलकमान बज्राचार्य
१६) भिमकुमारी मलेकु
१७) पृथ्वी कुमारी श्रेष्ठ
१८) जोग प्रभा बज्रचार्य
१९) श्याम कुमारी मलेपति श्रेष्ठ
२०) डा. चिरञ्जीवीलाल श्रेष्ठ बैध्य
२१) हरि प्रसाद श्रेष्ठ
२२) गीतादेवी थान्जू
२३) भगवतीप्रसाद श्रेष्ठ

यहि सांस्कृतिक परम्पराको जगेर्ना गर्दै तानसेन गुठी काठमाडौंले यसपटक गुठीका सदस्य वा सदस्यपरिवारको नभई देशकै एक धरोहर, नेपाल सरकारबाट 'वाङ्मय शताब्दी पुरुष' को उपाधीले सम्मानित साहित्यकार, इतिहासकार, वरिष्ठ संस्कृतिविद् आदरणीय श्री सत्यमोहन जोशीज्यूको शतवार्षिकी पूजा उहाँकी धर्मपत्नी श्रध्येय श्रीमती राधादेवी जोशीज्यूका साथ उहाँकै निवासस्थान वखुँवहाल, ललितपुरमा २०७६ पुष १५ गतेको शुभदिनमा हार्दिकता साथ सम्मानपत्र सहित सम्मान गरी सम्पन्न गरिएको थियो।

गुठी द्वारा आवश्यक विविध पूजा सामान व्यवस्था गरी विधिवत् हिन्दु संस्कार र परम्परा अनुसार गुठीका पूर्वअध्यक्ष श्री गृहमान सिहंबाट मन्त्र उच्चारण गरी सुकुन्दामा विधिपूर्वक बत्तीबालेर गणेश, कुमार, कलश, अष्टचिरञ्जीवी, अष्टमातृका, अष्टभैरव, कुलदेवता र श्री रणउजीरेश्वरी भगवतीमातालाई पुकारी गुठीका अध्यक्ष श्री सर्जुमान लिगलज्यूले गुठीका तर्फबाट टीका, फुलमाला, सगुन, प्रसाद अर्पण गर्दै दीर्घ जीवन, सुस्वास्थ्य, सुख–शान्ति र समृद्धिको मङ्गलमय शुभकामना व्यक्त गर्दै विशेष पूजा गर्नुभएको थियो। त्यसपछि नेवारी परम्परा अनुसार वाङ्मय शताब्दी पुरुष श्रध्येय श्री सत्यमोहन जाशीज्यू तथा उहाँकी धर्मपत्नी राधादेवी जोशीज्यूलाई शतवार्षिकी पूजामा सगुनको रूपमा 'खें: सगों' दिई सुस्वास्थ्य र दीर्घायुको कामना गरिएको थियो।।

साथै गुठीका अध्यक्षज्यूबाट उहाँलाई पाल्पाको प्रसिध्द ढाकाटोपी लगाइदिनु भै मायाको चिनो स्वरूप पाल्पाको प्रसिध्द करुवा सहित अभिवादनपत्र द्वारा सम्मान गरी विधिवत पूजा सम्पन्न गरेर आर्शिवाद लिने कार्य गरिएको थियो। गुठीका सल्लाहकार शोभा श्रेष्ठज्यूबाट श्रध्येय श्रीमती राधादेवीज्यूलाई पाल्पाली ढाकाको पछ्यौरा ओढाई तथा गुठीका सल्लाहकार इ.शंकरकृष्ण मल्लज्यूले शताब्दी पुरुष श्रध्येय सत्यमोहन जोशीज्यूलाई दोसल्ला ओढाई उहाँको बारेमा आफ्नो भनाई राख्दै बिरलै मनाइने शतवार्षिकी पूजामा सहभागी हुने अवसर पाउँदा खुशी व्यक्त गर्दै हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्नुभयो। यसको साथै तानसेन गुठीले आफ्नो सांस्कृतिक परम्परालाई निरन्तरता दिँदै आएकोमा धन्यवाद दिँदै खुशी लागेको बताउनु भयो।

गुठीबाट आफ्नै संस्कार र परम्पराको अनुशरण गर्दै जेष्ठ नागरिकको सम्मानमा उहाँहरूलाई गरिएको शतवार्षिक पूजाको प्रशंसा गर्दै श्रध्येय शताब्दी पुरुषबाट गुठीलाई हार्दिक धन्यवाद व्यक्त गर्नुभएको थियो। नेवारी परम्परामा 'जंकु परम्परा' बारे संक्षिप्त प्रकाश पार्दै तानसेन गुठीले गर्दै आएको यस सांस्कृतिक परम्परा चिरञ्जीवी भएर निरन्तरता पाओस् भन्ने कामना गर्नुभयो। साथै तानसेन पाल्पाको ऐतिहासिक महत्व र श्री रणउजीरेश्वरी माता भगवतीको स्थापनामा कर्णेल उजीर सिँह थापाको भूमिकाबारे प्रकाश पार्नुभएको थियो। विश्वमा अंग्रेजहरुलाई जित्न सफल भएको एक मात्र प्रतीकको रुपमा रहेका तानसेन भगवती मन्दिरको सिन्दूरे रथजात्रा वास्तवमा राष्ट्रिय पर्वको रुपमा मनाउनुपर्ने भन्ने विषयमा प्रकाश पार्नुभएको थियो। यसका साथै नेपालको इतिहासमा देशको सार्वभौमिकता कायम राख्न ठूलो भूमिका रहेको सुगौली सन्धिसँग जोडिएको पाल्पाको इतिहास, उजीरसिँहको महत्वपूर्ण भूमिका, बुटवलगढी र शक्तिरूपा श्री रणउजीरेश्वरी भगवतीको जात्रा परम्पराबारे प्रकाश पार्नुभएको थियो। त्यति ठूलो शक्तिरूपा माता रणउजीरेश्वरीको पूजाआजा गरी श्रध्दा गर्ने गरेका पाल्पाली, तानसेन गुठीका दाजुभाई दिदिबहिनीहरु आफ्नो घरमै आएर १०० वर्ष लागेकोमा हामी दुबैजना राखी पूजा सम्मान गर्नुभएकोमा आफ्नो परिवारको तर्फबाट मुरी-मुरी आभार व्यक्त गर्नुभएको थियो।






अन्त्यमा तानसेन गुठीका अध्यक्षज्यूबाट १०० वर्षको उमेरमा पनि स्वस्थ र सक्रिय जीवनयापन गरिरहनु भएको यो महान् जोडीलाई सुस्वास्थ्य तथा दीर्घायूको कामना गर्दै उहाँहरूको करकमलबाट आर्शिवाद समेत ग्रहण गर्ने सौभाग्य प्राप्त भएकोमा अत्यन्तै खुशी र गौरव लागेको बताउनु भयो।

### गुठीबाट पूजामा सहभागीहरूः

**सल्लाहकारज्यूहरू :**

१. ई.श्री शंकरकृष्ण मल्ल
२. श्री वनमाली लाकौल
३. प्रा.डा.श्री पुष्पा श्रेष्ठ
४. श्री शोभा श्रेष्ठ
५. श्री पृथ्वीराज लिगल

**पूर्व अध्यक्षज्यूहरूः**

१. प्रा.डा.विनोद कुमार श्रेष्ठ
२. श्री लक्ष्मण श्रेष्ठ
३. ई.श्री करुणा गोविन्द श्रेष्ठ
४. श्री गृहमान श्रेष्ठ
५. श्री हिमाल कसजु
६. श्री अनुपलाल कक्षपति
७. श्री शान्ता शाक्य

**कार्यसमितिबाटः**

१. अध्यक्ष श्री सर्जुमान लिगल
२. उपाध्यक्ष श्री निलम श्रेष्ठ गोंगल
३. कार्यक्रम संयोजक तथा सचिव श्री प्रमी श्रेष्ठ
४. सह संयोजक सह सचिव श्री नविन गोविन्द श्रेष्ठ
५. कार्यक्रम सदस्य तथा कोषाध्यक्ष श्री जीवन ज्योति बज्राचार्य
६. सह कोषाध्यक्ष श्री विधान जोशी
७. सदस्य श्री राजु प्रधान
८. सदस्य श्री विनय शाक्य

**आजीवन सदस्यज्यूहरूः**

१. श्री धरणीमान सिंह
२. श्री निर्मल प्रसाद
३. श्री विजय सागर श्रेष्ठ
४. श्री कवि कृष्ण अमात्य
५. श्री प्रा.डा. हरिप्रसाद श्रेष्ठ
६. श्री किरण रावल
७. श्री जमुना लिगल
८. श्री अशोक प्रधान

साथै उहाँले यस शतवार्षिकी पूजा कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण सहभागी, गुठीका सल्लाहकारज्यूहरू, पूर्व अध्यक्षज्यूहरू, पूर्व कार्यकारी सदस्यज्यूहरू, आजीवन र साधारण सदस्यज्यूहरू कार्यसमितिका पदाधिकारी तथा सदस्यज्यूहरू र कार्यक्रम समितिलाई तथा सम्मानित व्यक्तित्वका सकल परिवारमा हार्दिक आभार र धन्यवाद ज्ञापन गर्दै पूजा कार्यक्रम सम्पन्न गर्नु भएको थियो।

कार्यक्रम पश्चात् गुठीले सम्पूर्ण सहभागीहरुमा जलपानको व्यवस्था गरेको थियो।




# पाल्पाको सम्झना

(तानसेन गुठीबाट संस्कृतिविद् सत्यमोहन जोशीज्यूको शतवार्षिकी पूजा कार्यक्रमको अवसरमा उहाँको निवास बखुँबहालमा आयोजित कार्यक्रममा जोशीज्यूले दिनुभएको मन्तव्यको संक्षेपीकरण)

नमस्कार, आज मेरो घरमा यहाँहरु सवै गण्यमान्य व्यक्तिहरु, तानसेन गुठीका परिवार आएर मलाई, हामीलाई यसरी जङ्कुको सम्मान गर्नु भएकोमा ज्यादै खुशी लागेको छ। नेवारहरुको संस्कृति, परम्परामा ७७ वर्षमा भीमरथारोहण, ८४ वर्षमा चन्द्ररथारोहण, त्यसपछि ८८ वर्षमा देवरथारोहण, १०० वर्षमा दिव्य र १०५ वर्षमा महा दिव्यरथारोहण गर्ने परम्परा चलिआएको छ। हामीहरूको पनि ३ चोटि जङ्कु अर्थात बुढापासनी परम्पराअनुसार भइसकेको छ। १०० वर्ष लागेको वर्षमा यस्तो किसिमको देवतुल्य सम्झेर सम्मान गर्ने जुन परम्परा तपाईहरुले पाल्पाका राजकुमारी प्रधानज्यूलाई सम्मान गरेर सुरुवात गर्नुभयो र त्यसपछि दोश्रो चरणमा हामीलाई पाल्पादेखि तपाईहरुको गुठी परम्परा अनुसार हामीप्रति दर्शाउनु भएको सम्मानप्रति हामीलाई धेरै खुशी लागेको छ। नेवार समाज र संस्कारमा यस प्रकारको परम्पराको संरक्षण गर्नुभएको छ। यस कार्यले चीरकालसम्म निरन्तरता पाइरहोस्। तपाईहरूप्रति मुरी मुरी धन्यवाद छ।

पाल्पाको कुराको सन्दर्भमा मनमा इवास्स सम्झना भइराखेको कुरा के छ भने पाल्पाको इतिहास ज्यादै नै पुरानो छ। इतिहास मात्र होइनकी नेपाललाई आजको सार्वभौमिकता (Sovereignty) कायम गर्नमा सबभन्दा ठूलो देन पाल्पाको रहेको कुरा धेरैलाई त्यती थाँहा नहुन सक्छ तर अध्ययन अन्वेषण गर्दा मेरो विचारमा, कसैले नगरेको ठूलो काम त्यता पाल्पाबाट सुसम्पन्न भएको छ। त्यो कुरा के हो भने सुगौली सन्धि भन्दा अगाडि जब अंग्रेजहरुले सम्पूर्ण भारतलाई आफ्नो अधिनस्थ पारे। उनीहरूले बाइबलको पछि वन्दुक ल्याएर के के गरे एक–दुई एक–दुई गर्दा गर्दा त्यत्रो विशाल भारतलाई कबजा गरे। King of England, Emperor of India “बेलायतको राजा”, हिन्दुस्थानको भने “वादशाह” कहलाएर The Sun never sets in British Empire भनेर त्यस्तो अधिनस्थ गरेको अंग्रेजहरुले सम्पूर्ण भारतलाई कब्जा गरिसकेपछि अब यो पहाडका सानातिना राज्यहरुलाई पनि हामी क्वाप्प खाईदिउँ, निलि दिउँ भन्ने किसिमको भावनाले लडाई घोषण गरे। लडाई घोषण गरेपछि चार वटा मोर्चामा नेपालीहरुले लड्नु पर्ने भयो। चारवटा मोर्चामा लड्नुपर्नेमा तिनवटा मोर्चामा नेपाली अर्थात् त्यो वेलाको गोर्खाली नेपाली फौजले आत्मसर्मपण नै गरेको त होइन तर सम्झौता गर्न भने वाध्यता भयो। अब हामी तपाईहरुसंग लड्दैनौं, हामीले कब्जा गरेको तपाईहरुको जग्गा फिर्ता लिन चाहनु हुन्छ भने फिर्ता दिन्छौं भनेर एउटा सन्धि (Treaty) सम्पन्न भयो। चार मोर्चामध्ये तीन मोर्चाको कुरा सन्धिमा समावेश भयो र एउटा मोर्चा बाँकी थियो पाल्पाको। पाल्पाको मोर्चा भने लडाईको मुखमा नै थियो जुन मोर्चाको नेतृत्व भीमसेन थापाको भतिजा कर्णेल उजिरसिंह थापाले गरेको थियो। त्यो बेला उजिरसिंह थापाले सोंचे – अब तीनतिर त गइसक्यो, सम्झौता भएर मिलिसक्यो। हामी झगडा नगरौं, तपाईहरुको जे जति हामीले कब्जा गरिएको जग्गा त्यो फिर्ता गर्छौ भनेपछि अंग्रेजहरु अर्थात् ब्रिटिश इन्डियाहरुले माने तर पाल्पाको त बाँकी नै थियो। उनि लड्ने मूडमा थिए। त्यो बेला कर्णेल उजिरसिंह थापाले पाल्पामा लडाईमा विजय पाउन मन्दिरहरुमा प्रार्थना गर्न थाले। एउटा कुरा जहाँ जहाँ नेवारहरुको घर हुन्छ त्यहाँ गणेश स्थान हुन्छ, भैरव स्थापना गरिएको हुन्छ नृत्यनाथ स्थापना गरिएको हुन्छ, चैत्यहरु बनाई सकेको हुन्छ, यस्तै त्यहाँ भगवती पनि स्थापना भएको हुन्छ। त्यो बेला पाल्पाली भगवती मन्दिरमा गएर उजिरसिंह थापाले




घुँडा टेकेर “या देवी सर्वभूतेषु शक्तिरुपेण संस्थिता नमस्तस्यै नमस्तस्यै नमो नमो” हे भगवती, हे देवी, हे भवानी म अब यो अंग्रेजहरुसंग लड्नको लागि हाम्रो मोर्चामा पाल्पाबाट तल झर्न लागेको छु, यति बेला पिठ्यु फर्काएर हारेर फर्कनुपर्‍यो भने मेरो इज्जत गयो, सारा कुरा जाने भयो, राष्ट्रको सार्वभौमिकतामा नै धक्का लाग्ने भयो। यसैले मलाई जिताई दिनुस् मलाई विजयी बनाईदिनुस् म हजुरको लागि मन्दिर बनाई दिन्छु– एक तले, दुई तले, तीन तले के गर्नु पर्छ गर्छु। गहनाहरुले सजाई दिन्छु, हजुरको भव्य जात्रा मेलाको परम्परा बसाली दिन्छु, सारा कुरा पूरा गरिदिन्छु, मलाई विजयी गरिदिनुस् हे भगवती, हे शक्ति, हे देवी हाम्रो रक्षा गरिदिनुस् भनेर उनले भगवती पुकारे र यसरी पछि फलस्वरुप ठूलो विजय पनि प्राप्त गरे। देवी भगवतीको शक्तिको यति ठूलो महिमा रहेछ।

शक्तिको प्रतीकको रुपमा रहेको पाल्पाली भगवतीलाई त्यति बेला कर्णेल उजिरसिंह थापाले प्रार्थना, पुकार गरेर ब्रिटिश इन्डियाका अंग्रेजको जनरल उड्को नेतृत्वमा ठूलो फौज लिएर लडन आएका थिए, उनीहरुलाई त्यहाँबाट फिर्ता भगाएर हराइदिए। त्यो बेला दुई पक्षको सेना बीच बुटवलको युद्ध मोर्चामा ठूलो भिडन्त भएको  थियो। कर्णेल उजिरसिंह थापा र उनको फौजले त्यो बेला पाल्पाली भगवतीको कृपाले, अनुग्रहले त्यस युद्धमा ठूलो विजय प्राप्त गर्‍यो। यसैले अहिले पनि त्यो युद्ध थलो जितगढीको नामले प्रख्यात छ। अहिले सुन्छु, बुटवलको नगरपालिकाले त्यहाँ कर्णेल उजिरसिंह थापाको ठूलो मूर्ति स्थापना गर्न लागेको छ। जे भएपनि त्यो लडाई नजितेको भए सुगौली सन्धीमा उनिहरुले जे जसो गर्‍यो उस्तै गर्नु पर्ने हुन्थ्यो, त्यो हुन पाएन। सुगौली सन्धिमा हारेको चाहि होइन, हामीले जितिराखेको हो नियन्त्रण गर्न सकेनौं। उनीहरुको जग्गा फिर्ता मागेको दिएको मात्र हो। हारेर सन्धि गरेको भने होइन। कर्णेल उजिरसिंह थापाले युद्ध स्थललाई जितगढी कायम गरेर विजय दिवस मनाए त्यसपछि पाल्पामा आएर उनले भगवतीलाई पूजा–आजा गरेर, के कति गर्नु पर्‍यो सबै गरेर परम्परा चलाए। त्यो जितको अवसरमा चलाएको परम्पराअनुसार आज पनि कृष्णाष्टमीको भोलिपल्ट भव्य रुपमा पाल्पा भगवतीको जात्रा गर्ने प्रचलन भइआएको छ। यस बारेमा गर्नु पर्ने केही कमजोरी होला जुन सैनिकले यता उता गर्नु पर्ने गर्ने हो, अहिले पनि गरि रहेकै छ। तर जे जति गर्नु पर्ने हो सम्झनु पर्ने हो कर्णेल उजिरसिंह थापाको बारेमा त्यो भएको जस्तो लाग्दैन। तर जे होस नेवारहरु भएकोले भगवतीलाई त्यो रुपमा मानेर त्यति पूजा आजा गरेको पाइन्छ। नेवारहरु जहाँ जहाँ पुगे त्यहाँ भगवती, गणेश आदि स्थापना गर्ने परम्परा, संस्कृति नै भइआएको छ। पोखरा, घनकुटा, भोजपुर, चैनपुर जहाँ जहाँ नेवारहरु पुगे त्याहाँ यो संस्कृति पुर्‍याएको पाइन्छ। धार्मिक पृष्ठभूमिमा, आध्यात्मिक पृष्ठभूमिमा नेवारहरुको ठूलो देन छ। आज पाल्पामा बस्ने नेवारहरुले यस प्रकारले जुन परम्परा कायम गरिराखेको छ यसलाई सह्राहनीय मान्नु पर्दछ।

हुन त अरुले जे जस्तो सम्झे पनि, जे जस्तो भएपनि सुगौली सन्धि गर्नेमा कर्णेल उजिरसिंह थापाको सबैभन्दा ठूलो योगदान छ। कर्णेल उजिरसिंह थापाले त्यसबेला हारेको भए अंग्रेजहरुले के गर्थे, के गर्थे, थाहा छैन। आजको नेपालको सार्वभौमिकता रहन्थ्यो कि रहन्दैनथ्यो त्यो पनि थाहा छैन। त्यसले गर्दा सन्धि हाम्रो पक्षमा आयो, त्यति बिगारेन। त्यसो भएको हुनाले त्यस्तो भगवतीको पूजा–आजा गरेर, त्यस्तो श्रध्दा गरेका पाल्पाली दाजुभाई, दिदीबहिनीहरु सबैले आज यता आएर मलाई र मेरो श्रीमतीलाई १०० वर्ष लागेकोमा यो जुन सम्मान गर्नु भयो यसको निम्ति हामी सबै परिवारको तर्पmबाट यहाँहरुलाई मुरी मुरी आभार व्यक्त गर्दछौं र यस्तो किसिमको संस्कृति कायम भएको खण्डमा अरुको लागि पनि अनुकरणीय हुन्छ। खास गरेर यो भगवतीको आधारमा भनेको हो। भगवती भनेको ज्यादै ठूलो शक्ति हो, शक्ति नभए संसारमा केही चल्दै चल्दैन, बोल्न पनि सक्दैन। रुख पनि, पात पनि हरियो हुन सक्दैन, फूल पनि फुल्न सक्दैन। जे भने पनि शक्ति, शक्ति, शक्ति। त्यसैले “या देवी सर्वभूतेषु शक्ति रुपेण संस्थिता नमस्तस्यै नमस्तस्यै नमो नमो”। सारा प्राणी जगतमा जड होस् या जीव होस् हरेकमा त्यो प्राणी रहिरहेको हुन्छ। ती शक्तिलाई, शक्तिको प्रतीकलाई हामी नमस्कार गर्छौं। आज हाम्रो लागि ज्यादै खुशीको कुरा भयो। अब तपाईहरुको समय धेरै नलिउँ। यति भनि म यहाँहरूसित बिदा चाहन्छु। धन्यवाद।

सत्यमोहन जोशी



परिचय

# 'वाङमय शताब्दी पुरुष' संस्कृतिविद ः श्री सत्यमोहन जोशी

- प्रमी श्रेष्ठ

२०७६ साल बैशाख ३० गते ९९ वर्ष पूरा गरी स्वस्थ र सक्रीय जीवनयापन गरिरहनु भएका देशका अत्यन्तै परिचित व्यक्तित्व संस्कृतिविद् श्री सत्यमोहन जोशी शताब्दी पुरुषको उपाधीले विभूषित र प्रख्यात हुनु भएको छ ।

माता नुगल देवी र पिता शंकरदासको जेठो सुपुत्र श्री सत्यमोहन जोशीज्यूको जन्म वि.स. १९७७ बैशाख ३० गते पाटनको बंखुबहाल मा भएको थियो ।

उहाँको शिक्षा प्राथमिक शिक्षा दरवार हाइस्कुलमा भएको थियो । उहाँका बुबा मोहन शमसेरका कारिन्दाको रुपमा महाराजगंज बसेर काम गर्नुहुन्थ्यो । यसरी पाटन र महाराजगंज दुबै ठाउँदेखि दरबार स्कुल आउजाउ गर्न मुस्किल भएको कारणले उनी इन्द्रचोकस्थित मामाघर बसेर अध्ययन गरी SLC पास गर्नु भएपछि त्रिचन्द्र कलेजबाट B.A. गर्नुभएको थियो ।


त्रिचन्द्र कलेजमा B.A. अध्ययनरत हुँदा उहाँले एउटा महत्वपूर्ण जिम्मेवारी पाउनु भएको थियो । नेपालबाट M.Com. गर्ने पहिलो व्यक्ति भिमबहादुर पौडेलले गाउँघरको विकासको लागि के कस्तो उद्योग चलाउनु पर्छ भनी गरिरहनु भएको Industrial Survey को लागि ५ जनाको टोली तयार पार्नु भएको थियो । त्यसमध्ये सत्यमोहन जोशी पनि एकजना हुनुहुन्थ्यो । उहाँको जिम्मामा तनहुँ र लमजुङ जिल्लाको अध्ययन गर्नुपर्ने थियो । यसरी अनुसन्धानको क्रममा तनहुँ र लमजुङ पुग्नु भएका जोशीज्यूलाई त्यस ठाउँको रहन सहन, लोक भाका, संस्कृतिले प्रभाव पार्‍यो ।

बि.सं.२००१ साल (सन् १९४५) त्यस समयमा दोस्रो विश्व युद्धको समय थियो र गाउँ घरबाट १४/१५ वर्षदेखि ४०/४५ वर्षका मान्छेलाई लाहुरे बनाई गोरखपुरमा लगी लडाईंमा पठाउने गर्थे । जसको प्रभावले गाउँघरमा बिरही लोकभाका सुन्न पाइन्थ्यो ः जस्तै -

"गाई पाल्यो रेलीमाई बनको बाघलाई
छोरो पाल्यो रेलीमाई जर्मनको धावालाई"
"के खायो के लायो होला रेलीमाई बनैको जुरेली चरीले"
"नकरा बनका न्याउली
तिमी भन्दा म झनै बैरागी"

यस्ता लोक भाकाले उहाँलाई अति प्रभाव पार्‍यो र त्यस्ता लोक गीतहरु संकलन गर्न थाल्नु भयो । आफ्नै जिम्मामा रहेको अध्ययन प्रतिवेदन बुझाइसके पछि २००३ साल तिर आफ्नो संकलनबाट २,४ वटा लोकगीत त्यतीबेला प्रकाशीत हुने 'शारदा' का सम्पादक गोपाल प्रसाद रिमाल ज्यूलाई दिनु भएको थियो । त्यस लोकगीतलाई "ग्रामीण गीत" भनी प्रकाशित गर्दा एउटा सम्पादकीय नोटमा आफ्नो कामको सिलसिलामा जाँदा सोखको रुपमा संग्रह गरी ल्याएको गीतहरु राम्रो भएको र यी गीतहरुको बारेमा कहाँ, के कस्तो परिस्थितिमा गाइने हो, समय स्थान र परिस्थीतिहरु खुलाएर लेखदा अझ राम्रो हुने भन्ने भावनाले टिप्पणी गरिएको थियो । उक्त सम्पादकीय नोटले उहाँलाई छोयो र विशेष अध्ययन गर्ने जागर चल्यो, जसको फलस्वरुप लोकगीत संकलन गरी अध्ययन गरी "हाम्रो लोक संस्कृति" नामक पुस्तक प्रकाशित गर्नुभयो । यस पुस्तकको लागि उहाँले मदन पुरस्कार गुठीको स्थापना वर्ष वि.सं. २०१३ मा नै उहाँले नगद रु. ४००० सहित पहिलो पटक मदन पुरस्कार प्राप्त गर्नुभयो ।






त्यस पछि उहाँको जीवन जागिरदारबाट साहित्यकार तिर ढल्कियो र अझ, बढी प्रोत्साहित भई संकलन, अध्ययन र प्रकाशन गर्न थाल्नु भयो । उहाँको यस्तै लगन, अध्ययन र झुकावको कारण २०१५ सालमा पुरातत्व विभागमा संस्कृति विभाग थपेर, तथ्यांक विभाग Statistics Department मा खरदार पदमा कार्यरत उहाँलाई बढुवा गरी पुरातत्व तथा संस्कृति विभागमा पहिलो निर्देशकको पदको जिम्मेवारी दिइएको थियो । यसरी केवल ३८  वर्षको उमेरमा उहाँलाई पुरातत्व तथा संस्कृति विभागको पहिलो निर्देशक बन्ने सौभाग्य प्राप्त भयो ।

यसपछि उहाँ देशको  कला संस्कृति, परम्परा, भाषा, साहित्य, इतिहासको अहोरात्र अध्ययन अनुसन्धान गर्न लागी पर्नुभयो । जसको फलस्वरुप नेपालमा लिच्छवीकालदेखि आधुनिक नेपालसम्म प्रयोग भएका मुद्राहरूको खोज तलासमा लाग्नु भयो र यही सेरोफेरोमा लेखिएको 'नेपाल राष्ट्रिय मुद्रा' नामक पुस्तकका लागि वि.सं. २०१७ मा दोस्रो पटक मदन पुरस्कार प्रदान गरियो र पछि नेपाली भाषाको उदगम स्थल जुम्लाको सिञ्जामा बाटो घाटो नभएको ठाउँमा हिडेर गई महिना बसी नेपाली भाषा, लोक संस्कृति र इतिहासको खोज, अध्ययन गरी कर्णालीको संस्कृति पुस्तक तयार पार्नु भएको थियो । वि.सं.२०२८ सालमा उहाँले तेस्रो पटक 'कर्णाली लोक संस्कृति' पुस्तकका लागि मदन पुरस्कार प्राप्त गर्नुभयो । हालसम्म तिन पल्ट मदन पुरस्कारबाट पुरस्कृत हुने उहाँ एक्ला व्यक्ति हुनुहुन्छ ।

आफ्नो कामले चीनमा केही वर्ष बसेर काम गर्दा नेपाली कलाकार 'अरनिको' बारेमा खोज र अध्ययन गरी उनको बारेमा प्रकाश पार्नु भएको थियो ।

अहिले १०२ वर्षको उमेरमा पनि उर्जाशील र  चिन्तनशील भएर उच्च विचार सहित सादा जीवनयापन गरिरहनु भएका उहाँ आज पनि नाटक विधाको अध्ययनमा व्यस्त हुनुहुन्छ ।

दैनिक बिहानै ५:००-५:३० बजे उठेर नित्यकर्म सँगसँगै घरको आगनमा प्रतिस्थापित आफ्नो श्रद्धेय माता पिताको प्रतिमालाई ढोगेर मात्र अन्य कार्यमा लाग्नु हुन्छ । उहाँ चिन्ता गर्ने होइन चिन्तन मनन गर्ने, आनन्दसँग बस्ने । आफूले आफूलाई बुझ्ने आत्मालोचना गर्ने र संतोषम परमसुखममा विश्वास गर्ने उहाँ शताब्दी लामो जीवनमा निरन्तर अहोरात्र देशको कला, संस्कृति, परम्परा, भाषा, साहित्य, इतिहासको खोज, अध्ययन र अनुसन्धान गरी दर्जनौ पुस्तकको लेखन गरी हामी नेपाललाई ठूलो गुण लगाउनु भएको छ ।

नेपाली सजिलो वर्णमालादेखि निबन्ध(१७), नाटक(७), कविता संग्रह, कथा (२), महाकाव्य (२), कथा संग्रह, नाटक निबन्ध, प्रबन्धदेखि बाल साहित्यसम्म अनगिन्ती पुस्तक लेख्नु भएको छ, जसमा संस्कृतिसम्बन्धी १० पुस्तक प्रकाशित छन् भने दुई वटा काव्य, पाँच कथा सङग्रह, १० वटा नाटक र केही नेवारी भाषाका कृतिहरु लेखिएका छन् । समालोचकहरुले उहाँका ५० वटा पुस्तक प्रकाशित भएको जनाएका छन् । तीमध्ये २० पुस्तकलाई महत्वपूर्ण पुस्तक मानिएको छ ।

यसैले त नेपाल सरकारबाट उहाँलाई २०७४ सालमा "वाङगमय शताब्दी पुरुष" को उपाधीबाट विभूषित गरी सम्मान गरिएको छ ।

उहाँ यस अघि नै -

१) विख्यात त्रिशक्ति पट्ट
२) सुप्रवल गोरखा दक्षिणबाहु
३) प्रसिद्ध प्रवल गोरखा दक्षिणबाहु
४) उज्जवल किर्तिमय राष्ट्रदीपबाट विभूषित हुनुहुन्छ ।

यो सहित थुप्रै पुरस्कार, सम्मान प्राप्त गर्नुभएको छ भने २०७६ सालमा नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभाग टक्सार महाशाखाबाट वाङमय शताब्दी पुरुष सत्यमोहन जोशीको तस्बीर अंकित चाँदीको सिक्का निस्काशन गरिएको छ । दुई हजार पाँच सयका २५ हजार थान, एक हजारका २५ हजार थान र रु एक सयको १० हजार थान दरको सिक्कामा एकातिर जोशीको तस्बीर छ भने अर्कोतिर सगरमाथाको तस्बीर रहेको छ भने हुलाक विभागबाट उहाँको चित्र अनकित हुलाक टिकट प्रकाशनमा ल्याई सम्मान गरेको छ ।

सत्यमोहन जोशीको विवाह १९ वर्षको उमेरमा केबल १४ वर्षकी राधा देवीसँग भएको थियो ।नेपाल र  विश्वका कैयौं घटनाहरुका साक्षी १०२ वर्षका सत्यमोहन जोशीको ९८ वर्षकी राधा देवी जोशी सँग ८४ वर्ष लामो दामपत्य सहीत बिरलै पाइने दिव्यथारोहणको सौभाग्य प्राप्त उहाँ हाम्रो यस समयका धरोहर र प्ररणा पुरुष हुनुहुन्छ, उहाँलाई स्वस्थ दीर्घ जीवनको शुभकामना अर्पण गरी आशिर्वाद ग्रहण गर्न पाउँदा तानसेन गुठी परिवार भाग्यशाली र गौरवान्वित अनुभव गर्दछ ।




# तिर्थयात्रा कार्यक्रम



**निलम गोंगल**
संयोजक

तानसेन गुठीको तिर्थयात्रा कार्यक्रम भन्नासाथ समस्त भक्तजनहरुको आत्मादेखि धार्मिकभाव जागृत भई भगवानप्रति समर्पित भई आनन्दको यात्रामा निस्कने एक कार्यक्रम भएको छ, गुठीका सदस्य तथा परिवारको लागि। तसर्थ धरैजसो सदस्यज्यूहरूले अति नै मनपराउनु भएको सबैलाई जाऊँ जाऊँ लाग्ने एक महत्वपूर्ण कार्यक्रम भएको छ तिर्थयात्रा। यस तिर्थयात्रा कार्यक्रमले महाकवि लक्ष्मीप्रसाद देवकोटाको रचना "कुन मन्दिरमा जान्छौ यात्री, कुन मन्दिरमा जाने हो, कुन सामाग्री पूजा गर्ने साथ कसरी लाने हो?" भन्ने कविता तानसेन गुठीलाई सदैव भनिरहको जस्तो भान हुन्छ। प्रत्येक वर्ष यस कार्यक्रममा सहभागी सबैजना प्रफुल्ल मुद्रामा यात्रामा निस्केपछि विभिन्न तिर्थस्थलका देवी-देवताहरूको दर्शन गर्ने सुन्दर अवसरको रूपमा लिएको पाईन्छ। साथै सबै उमेरका गुठीयार सदस्यहरू माझ एक आपसमा आफ्ना ईष्टमित्र, साथीभाइहरुसँग रमाईलो भेटघाट, सौहार्द्रपूर्ण वातावरणमा खुशी बाँड्दै आनन्दको अनुभूति गर्ने कार्यक्रमको रूपमा समेत यो कार्यक्रम लोकप्रिय भएको छ।

### बृहत् शान्तिधाम श्री बदरीनारायण मन्दिर

तानसेन गुठीले २०७६ को तिर्थयात्रा कार्यक्रम काठमाडौं बाहिर तराईतिर तिर्थाटन गर्ने सल्लाह भएको थियो तर पछि परिस्थितिलाई मध्यनजर गरी काठमाडौं उपत्यकाभित्रै तिर्थाटन गर्ने निर्णय गरिएको थियो। सोही अनुरुप तानसेन गुठी काठमाडौंको आयोजनामा २०७६ माघ १८ गते शनिवारका दिन काठमाडौं काभ्रेस्थली तारकेश्वर न.पा. स्थित बृहत् शान्तिधाम श्री बदरीनारायण मन्दिर जाने निर्णय भयो। सोही बमोजिम इच्छुक गुठियारज्यूहरुले माघ १६ गते बिहीबारभित्र नाम दर्ता गर्नु भै आफ्नो स्थान सुरक्षित गर्नुहुन हार्दिक अनुरोध गरिएको थियो। तिर्थयात्रामामा जानुहुने भक्तजनको सुविधाकोलागि काठमाडौंको विभिन्न पायक पर्ने तोकिएका निश्चित स्थानहरूमा जम्मा भएका तिर्थालुहरूलाई प्रस्थान रूट दिएर दुईवटा बसको व्यवस्था गरिएको थियो। एउटा बिहान ८.०० बजे आर.एन.ए.सी. अगाडिबाट प्रस्थान गर्दै र अर्को सामाखुसीबाट छुट्ने व्यवस्था गरी बालाजु रिङरोड, माछा पोखरी, जरंकु, धर्मस्थली हुँदै बिहान ११ बजे बद्रिनाथ मन्दिर पुगेका थियौं। यसरी बिहान आठ बजे छुटेको बस बाटोमा तर्थालुहरूलाई लिँदै अति रमाइलो वातावरणमा मनमोहक दृश्यहरूको अवलोकन गर्दै गन्तव्यतिर लागेर शान्त शान्तिधाम बद्रीनारायण मन्दिर परिसरमा पुग्दा सम्पूर्ण भक्तजनहरू आनन्दित, भावविभोर र प्रफुल्ल भएका थिए।

सहभागी तिर्थालुहरूबाट पालैपालो विधिपूर्वक पूजाआजा गरी श्रीहरि बद्रीनारायण भगवानको नजिकबाट दर्शन, आराधना गर्ने सुअवसर मिलेकोमा खुशीको अनुभूति गरी आनन्द विभोर भएका थिए। पूजा आराधनाको कार्यक्रम पछि त्यहाँका मनमोहक दृश्यहरुलाई आफ्नो मोवाइलमा कैद गर्न सबैजना व्यस्त देखिन्थे। सबै भक्तजनलाई बिहानको चिया नास्ता गराइसकेपछि दिउसो १२ देखि १.३० बजे गुरूबाट प्रवचन तथा भजनकिर्तन कार्यक्रम बृहत् शान्तिधामका मठाधिश स्वामी चतुर्भुजाचार्य चुडामणि माहाराजबाट धार्मिक प्रवचनको आयोजना गरिएको थियो। सोही अवसरमा शान्तिधामका व्यवस्थापकद्वारा तानसेन गुठीलाई सदस्यताको लागि अनुरोध गरेकोमा तानसेन गुठीले सो शान्तिधाममा आवद्ध हुन रू. ५०००।-(अक्षरूपी पाँच हजार) को आजीवन सदस्यता लिई स्वामी चतुर्भुजाचार्य चुडामणि महाराजबाट तानसेन गुठीका अध्यक्ष श्री सर्जुमान लिगलज्यूलाई सदस्यताको प्रमाण हस्तान्तरण गर्नुभयो। दिउँसो १.३०बजे गुठीले व्यवस्था गरेको शाकाहारी भोजनमा सबै सरिक हुनुभएको थियो।

अपरान्ह २.३०बजे परिचयात्मक कार्यक्रम पछि तिर्थयात्रा कार्यक्रमको वातावरणलाई अझ रमाइलो, मनोरन्जनात्मक बनाउन लक्की-ड्र खेलको आयोजना गरिएको थियो। साथै सम्झनाको लागि उपहारस्वरुप केही सामान पाउने व्यवस्था पनि गरिएको थियो। सबैले खुशीसाथ पालैपालो आफ्नो प्रस्तुति दिनुभएको थियो। गुठीका पूर्व कार्यकारी सदस्य श्री कोकिल गोविन्द श्रेष्ठज्यूको अति सुरिलो स्वरमा मिठा गीतहरू गाउनुभै वातावरणलाई सङ्गीतमय बनाइदिनुभएको थियो। पूरै एकदिनको रमाइलो कार्यक्रममा सहभागी भै दिउँसो चार बजेतिर दुईवटा बसमा चढेर सबैजना आ-आफ्नो गन्तव्ततिर प्रस्थान गर्यौं।

भगवान बद्रीनारायणको दर्शन विश्वभर छरिएर रहेका आर्यहरूका लागि अत्यन्त पुण्यकर्म मानिन्छ। शास्त्रले पनि भनेको छ कि भगवान नारायण सर्वव्यापी भएकोले प्रेमी भक्तले जहाँ जस्तो रूपमा दर्शन गर्न चाहन्छ भगवान त्यहीँ स्थानमा त्यहीँ रूपमा प्रकट हुनुहुन्छ। यो काभ्रेस्थली बद्री नारायण भारतको उत्तराखण्डमा हिमालय क्षेत्रमा रहेको बद्री नारायणको प्रतिकृति पनि छ, सबै इच्छुक दर्शनार्थी भक्तजनहरुले धन खर्च गरेर जोखिम मोलेर टाढा पुग्न अनुकूल नपरे आफ्नै देशमा बद्री नारायण भगवानको दर्शन गर्न पाउने अनुभुति हामी सहभागी भक्तजनले गर्यौं।

यस तिर्थयात्रा व्यवस्थापन समिति २०७६ का संयोजक उपाध्यक्ष निलम गोंगल श्रेष्ठ, सदस्य सचिव प्रमी श्रेष्ठ, कोषाध्यक्ष जीवन ज्योति बज्राचार्य, सदस्य कोकिल गोविन्द श्रेष्ठ, सहयोगी सदस्यहरू कविकृष्ण अमात्य र ऐश्वर्यमान वैश्यत हुनु हुन्थ्यो। कार्यक्रममा निम्न गुठियारहरू, सदस्य परिवारहरू तथा आफन्तजनहरू सहभागी हुनुभएको थियो।

| क्र.सं. | तिर्थयात्रीहरूको नाम | क्र.सं. | तिर्थयात्रीहरूको नाम |
|---|---|---|---|
| १. | सर्जुमान लिगल | २८. | विजयलक्ष्मी श्रेष्ठ |
| २. | जमुना प्रधान लिगल | २९. | कल्पना |
| ३. | ज्योति श्रेष्ठ | ३०. | दानमान शाक्य |
| ४. | ऐश्वर्यमान वैश्यत | ३१. | शान्ता शाक्य |
| ५. | उमा वैश्यत | ३२. | मुना वज्राचार्य |
| ६. | सुधिरमान वैश्यत | ३३. | श्वेता शाक्य |
| ७. | प्रभा वैश्यत | ३४. | शान्ति कर्माचार्य |
| ८. | शिला प्रधान | ३५. | कमल श्रेष्ठ |
| ९. | सुवर्णमान प्रधान | ३६. | मैयाँ श्रेष्ठ |
| १०. | सुजन भारी | ३७. | शान्ति श्रेष्ठ |
| ११. | सावित्री श्रेष्ठ भारी | ३८. | चिनियाँ श्रेष्ठ |
| १२. | रमेश नारायण श्रेष्ठ | ३९. | अनिता पोखरेल |
| १३. | अनिता श्रेष्ठ शाक्य | ४०. | सिद्ध लक्ष्मी |
| १४. | अरिना शाक्य | ४१. | मधु राजभण्डारी |
| १५. | गङ्गा मल्ल | ४२. | श्लेष्मा राजभण्डारी |
| १६. | कान्ति मल्ल | ४३. | कृष्ण लिगल |
| १७. | लक्ष्मी प्रधान | ४४. | मुना लिगल |
| १८. | डा. पुष्पा मल्ल | ४५. | दुर्गा सेती |
| १९. | कविकृष्ण अमात्य | ४६. | कविन्द्र जोशी |
| २०. | प्रमी श्रेष्ठ | ४७. | अम्विका जोशी |
| २१. | लक्ष्मीप्रसाद श्रेष्ठ | ४८. | लिला महर्जन |
| २२. | कोकिल गोविन्द श्रेष्ठ | ४९. | निर्मला महर्जन |
| २३. | निलम गोंगल श्रेष्ठ | ५०. | रेश्मा |
| २४. | निर्शा श्रेष्ठ | ५१. | दिव्या |
| २५. | भवानी गोंगल | ५२. | रामेश्वर ध्वँजू |
| २६. | रेखा श्रेष्ठ | ५३. | अनु ध्वँजू |
| २७. | ज्ञानु मुनन्कर्मी | | |



# श्री बदरीनारायण मन्दिर एक परिचय

भारतको उत्तराखण्ड राज्यको नन्दादेवी हिमश्रृङ्खलाको काखमा अवस्थित बदरीनारायण धाम गडवाली विकट पहाडी क्षेत्रमा अलकनन्दा गंगाधार किनारमा रमणीय सानो शहरमा छ। भगवान श्रीहरि शेषशायी वैकुण्ठबासी नारायणले मञ्चन गर्नुभएको अदभूत लीला श्रीमन श्रीनारायण प्रभू नै बद्रिनारायण भगवान हुनुहुन्छ। भगवान श्रीमन नारायणले कलिकालका मनुष्यलाई कल्याणको लागि कठोर तपगरी परम् दिव्य अष्टाक्षरी मन्त्रको अनुसन्धान गरी सिध्द गरेको स्थान नै बद्रिनारायण धाम हो। बद्रिनारायण भगवानको बिषयमा पुराणहरुको सारबाट यस्तो तथ्य प्रचलित रहेको छ। "प्राचिन कालमा एक दुर्मद नाम गरेको प्रतापी दैत्य थियो जसले सूर्यनारायणको कठोर तपस्या गरी सर्वशक्तिमान् बन्नको लागि सूर्यनारायणबाट हजार कवच कुण्डल प्राप्त गरेकोले सो दैंत्यको नाम सहस्राकवच रह्यो। अब शक्ति पाएपछि सहस्राकवचले तिनैलोकमा त्राही-त्राही बनायो।

सम्पूर्ण देवताहरू नारायणको स्तुति गर्न लागे। देवताहरूको स्तुतिबाट प्रशन्न हुनुभएको नारायणले उचित समयमा तपस्वी अवतार लिएर लोक कल्याण गर्नेछु भनी देवताहरूलाई आश्वस्त पार्नुभयो। भगवान नारायण त्यसपछि एक रुपमा धर्म र मूर्तिबाट प्रकट भएर अलकनन्दा र सरस्वती संगम तटमा तपस्वी भई कठोर तपस्यामा लीन हुनुभयो। सहस्राकवचलाई दशहजार वर्ष तपस्या गर्नेले मात्र वध गर्न सक्ने वर प्राप्त गरेको हुनाले उसले श्री नारायणको तपस्या भङ्ग गर्न नाना प्रयत्न गर्न लाग्यो। अन्तमा सहस्राकवचले भगवानसँग आफ्नो सम्पूर्ण कुकृत्य छोडेर प्राणीको कल्याण गर्ने प्रण गरेकोले भगवान नारायणले यस युगमा उसको बध नगर्ने र द्वापर युगमा हुने भगवानको कृपाले कुन्ति नन्दन कर्ण बनेर जन्मिने अनि भगवान नर अर्जुन र नारायण कृष्ण अवतार भई नर अर्जुनको हातबाट मर्ने भनेपछि त्यस सहस्राकवचले उत्पात गर्न छाड्यो र श्रीहरिले तिनै लोकको रक्षा गर्नुभयो।

यसै प्रसङ्गमा बद्रिनारायण नाम कसरी हुन गयो भन्नेबारे भगवान नारायण श्रीहरि केदारखण्डको अलकनन्दा तटमा लोक कल्याणको लागि कठोर तपस्यारत हुनुहुन्छ भन्ने नारदबाट खबर पाएपछि श्री लक्ष्मीमाता पनि त्यस पवित्र भूमिमा जानुभयो। त्यहाँ श्वेत हिम वर्षा, कुहिरो, घामपानी आदि प्राकृतिक विपत्ति सहन् गरेर आफ्नो स्वामी नारायणले तपस्या गरेको देखी नारायणको तपस्यालाई विघ्न नगरी प्रभुको सेवा गर्छु भनेर वयरको वृक्ष बनी श्रीहरिको छत्र बन्नुभयो र हिम, वर्षा घामबाट श्रीहरिको रक्षा गरी सेवा गर्नुभयो। कालान्तरमा भगवान श्रीहरिको तपस्या पूर्ण भई जगत कल्याणगरी अष्टधारी

मूलमन्त्रको अनुसन्धान सम्पन्न गर्नुभयो। तपस्या पूर्णगरी नेत्र खोल्नुहुँदा लक्ष्मीजीको सेवाबाट प्रशन्न भै भगवानले भन्नुभयो "हे प्रिया मेरो तपस्यालाई विघ्न नगरी बयरको वृक्ष बनी मेरो सेवा गरेकोले प्रशन्न छु र तिमीलाई मैले प्राप्त गरेको सम्पूर्ण सिध्दी ज्ञान र प्रप्रतिको मन्तार्थ आदि सर्वप्रथम तिमीलाई दिन्छु र यो परम्पराको तिमी प्रथमाचार्य बन्नेछौं" भनि श्री लक्ष्मीलाई प्रदान गर्नुभयो। मेरो सेवा बद्री वृक्ष बनेर गोप्य तरिकाले गरेकोले मेरो अबको नाम बदरीनारायण र यो स्थानलाई बद्रि नारायण धाम भनी प्रख्यात हुनेछ भनेर नारायण भगवानबाट नामाकरण गर्नुभयो।

बद्रीनारायणलाई चारधाम मध्ये उत्कृष्ट मानिन्छ। यो गति प्रदान गर्ने भगवदधाम भएकोले बद्रीनारायण बराबरको कुनै धाम अथवा तिर्थस्थल हुन सक्दैन। "भगवान बद्रीनारायण शालिगग्राम शीला विग्रह (अर्चा) प्रत्येक वर्ष अक्षयतृतीया देखि दीपावली सम्म मनुष्यले र दीपावली देखि अक्षयतृतीया सम्म नारदजीले भगवानको सेवा अर्चना गर्ने विधान छ। भौगोलिक विकटता र हिमपात हुने भएकोले वदरीकाश्रम जेठ महिनामा अक्षयतृतीयामा धुमधामका साथ पटखुला गर्ने र कार्तिकान्त औंसीको केही दिन पछि भाईटिकाको भोलिपल्ट दीर्धमालय दीप प्रज्वलन गरी बन्द गर्ने परम्परा रहिआएको छ। छ महिना भन्नाले दीपावलीदेखि अक्षयतृतिया सम्म जोशी मठमा भगवानको अर्चा विग्रह सवारी गराई रावलहरूले सेवा पूजा अर्चना गर्ने प्रचलन छ"।

नेपालका भक्तहरू जीवनमा एकचोटी जसरी भएपनि बद्रीनारायण धाम जाने धोको र उल्लासका साथ जाने गर्दछन्। बद्रीनारायण धाम तिर्थयात्रा कठिन र जोखिमपूर्ण र बढी खर्चिलो भएकोले जोकोहीले पनि अनुभव गरेको छ। विकट यात्रा, जोखिमपूर्ण साथै धार्मिकता सन्दर्भमा ठगीबाट दिक्क भएको र यो कष्टप्रद यात्रा बिना नै भगवान श्रीबदरीनारायणको दर्शन सुलभ गराउनको लागि नेपालमै बद्रि नारायण धामको स्थापना गर्ने परिकल्पना गर्नु भगवानको ईच्छा र आशीर्वाद नै हो। स्वामी चतुर्भुजाचार्य चुडामणि माहाराजको साथै स्थानीयवासीको अथक प्रयास र नेपाल सरकारको सहयोगबाट काठमाडौं महानगरको तारकेश्वर नगरपालिका २ काभ्रेस्थलीको उत्तरी भाग शिवपुरी नागार्जुन राष्ट्रिय निकुन्जको काखमा रहेको शान्तिधाममा शास्त्रीय विधि विधान पूर्वक अनुष्ठान गरी श्री बद्रीनारायण धामको संस्थापन भएको थियो।

२०७५ साल वैशाख ५ गते शुक्लपक्ष चतुर्थी रोहिणी नक्षत्रमा श्री बद्रिनारायण भगवान्को विशाल रथयात्रा गरी वैशाख ६ गते वैशाख शुक्ल तृतीया अक्षयतृतीयामा नेपालका सम्मानित राष्ट्रपति श्रीमति विध्यादेवी भण्डारीज्यूको समुपस्थितिमा विश्व प्रसिद्ध वृन्दावनस्थित गोवर्धन गद्दिनासिन अनन्तश्री विभूषित उभय वेदान्तप्रवर्ताकाचार्य श्रीमद् प्रतिष्ठापकाचार्य बालक स्वामी माहाराज लगायत अनेकानेक योगी सन्त माहात्माहरूको सान्निध्य र सहकार्यमा श्री १००८ स्वामी चतुर्भुजाचार्य चुडामणिजी माहाराजको उपस्थितिमा बद्री नारायण भगवानको प्राण प्रतिष्ठा सम्पन्न गरी भगवान बद्री नारायणलाई दिव्य मन्दिरमा विराजमान गरी भक्तहरूलाई दर्शन खुला गरियो।

काभ्रेस्थली शान्तिधाम श्री बद्री नारायण धाम तिर्थयात्रा गर्नको लागि बालाजु बाईपास हुँदै नेपालटार, शेषमती, लामबगर, जरङ्ग, ढकालटार, भेंडिगोठ, ठाँटी पिपलबोट, कोईराले खोला, सिम्लेश्वर मन्दिर, ढकाल गाउँ, काउरेको उकालो हुँदै पैदल वा साना ठुला सवारी साधनबाट पुग्न सकिन्छ। यो धाम उच्च रमणीय भागमा रहेकोले यहाँबाट उपत्यकाको अधिकांश भाग अवलोकन गर्न सकिन्छ।

भारतको बद्रीनाथको प्रतीकको रूपमा स्थापना गरिएको शान्तिधाम बद्रीनारायण मन्दिरको गर्भगृहमा पनि उही अलखनन्दा धर्म नदीको कृष्णशीला नारायणस्वरूप शास्तोक्त विधि विधानबाट अभिर्वचन र मन्त्रोच्चारण साथ प्रादुर्भाव गरी सोही मूल मन्दिरको पूजा अर्चना र आराधना पद्धति अनुसार सेवा संचालन गरिन्छ। फरक केवल बद्रीनारायण मन्दिर करिव ६ महिना मात्र दर्शन गर्न खुला हुन्छ भने आनन्दधाम स्थित बद्रीनारायण धाममा वर्ष भरिनै आफ्नो अनुकूल समयमा तिर्थाटन गर्न सकिन्छ। हाल यस धाममा मठाधिश स्वामी चतुर्भुजाचार्य चुडामणि माहाराज रहनु भएको छ। मुख्य मन्दिरको अगाडि मठाधिशको आवास, पाहुना घर, पुजारी निवास, सहयोगी निवास एवम् भान्छाघरको प्रयोजनको लागि दक्षिण पश्चिम फर्किएको एक भवन छ। यसै भवनको अग्रभागमा एकादशी महात्म्य वाचन साथै धर्म प्रवचनको निमित्त ट्रस निर्माण गरेको छ। धामको पश्चिमतर्फ चारवटा ढुङ्गेधाराको निर्माण गरिएको छ। ढुङ्गेधारा सँगै विष्णुपादुका राखी श्राद्धादी कर्म गर्नको लागि व्यवस्था गरिएको छ। निकट भविष्यमा यहाँ गौशाला, हवन कुण्ड साथै अन्य विस्तार कार्यको योजना भएको बारे व्यवस्थापन पक्षबाट जानकारी भयो।

जय जय जय श्री बद्री नारायण भगवान!!!

**नोट: यस तिर्थयात्रा विवरण लेखको श्रोत "श्री बदरी नारायण भगवदको प्राणप्रतिष्ठा एवम् रथयात्रा राष्ट्रिय मेला महोत्सव स्मारिका" बाट उधृत गरिएको।**

# THE LEARNERS´ BEST CHOICE SINCE 2040 B.S.

**FOR**

---

**PERSONAL ATTENTION :**

Expert and experienced teachers who provide personal attention to each student.

---

**ACADEMIC EXCELLENCE :**

Nurturing students to achieve academic excellence through innovative teaching methods.

---

**BEST-IN-CLASS INFRASTRUCTURE :**

Students friendly infrastructure to support academic and co-curricular activities.

---

**SAFE SCHOOL / COLLEGE :**

Ensuring the safety of every child through comprehensive security measures.

---

**HOLISTIC DEVELOPMENT :**

Learning beyond classrooms - there are enough extra-curricular activities to ensure all-round development.

## AMRIT SECONDARY BOARDING SCHOOL

*A full fledged English Medium School*

Mhenpi, Parizat Marg, Kathmandu, Nepal

Tel.: 01-4358722, Email: amritschool2040@gmail.com

ESTD. 2040 B.S. (1983 A.D.)

# पाल्पा तानसेन टक्सार पर्यटन महोत्सव



**दिपेन्द्र मान थैव**
सचिव, तानसेन गुठी, पाल्पा शाखा

तानसेन गुठी काठमाडौंको आयोजनामा सहयात्री पाल्पाली-संगम रहने गरी प्रथम पटक 'पाल्पा तानसेन टक्सार पर्यटन महोत्सव' गर्ने आफ्नो अवधारणा जानकारी गराउने उद्येश्यले गुठीका अध्यक्ष सर्जुमान लिगलज्यूले तानसेन शितलपाटीस्थित द वेकरी क्याफेमा कार्यक्रम राख्नुभएको थियो। उक्त कार्यक्रम शाखाका अध्यक्ष गोपालप्रसाद श्रेष्ठको निमन्त्रणामा सल्लाहकार केदारलाल श्रेष्ठ लगायत कार्यसमिति पदाधिकारी, टक्सार टोलका गन्यमान्य व्यक्तित्व तथा वरिष्ठ पत्रकार, उद्योगी, व्यापारी, टोल विकास समिति, वडा अध्यक्ष, ता.न.पा. प्रतिनिधिहरूको उपस्थिति थियो। पाल्पा शाखाका अध्यक्ष श्रेष्ठज्यूबाट उपस्थित महानुभावहरूलाई स्वागत गरी प्रारम्भ भएको उक्त कार्यक्रममा प्रमुख संयोजक तथा गुठीका अध्यक्षबाट महोत्सवबारे अवधारणापत्र प्रस्तुत गर्दै २०७७ साल नयाँ वर्षको अवसरमा 'भ्रमण वर्ष २०२०' तीन दिनसम्म विभिन्न कार्यक्रम गरी भव्यरूपमा महोत्सव गर्ने जमर्को गरेको जानकारी गराउनु भयो। यस सन्दर्भमा टोलमा विभिन्न समयमा निर्मित आकर्षक सरसामन आ–आफ्नो घर तथा गोदाममा रहेका पुराना सङ्ग्रहित धातुकलाका सामग्रीहरूको प्रदर्शन गर्ने योजनाको जानकारी पनि उहाँले गराउनु भयो।

टक्सारमा जन्मनु भएका प्रख्यात आर्टिष्ट अशोकमान सिंहज्यूले श्रृजना गर्नुभएको पाल्पासँग सम्बन्धित विभिन्न आकर्षक चित्रकलाहरूको प्रदर्शन साथै पाल्पाली स्वादिष्ट भोजन, विभिन्न खाना परिकार तथा करुवा, सुकुण्दा अन्य उत्पादनको बिक्री वितरण गर्ने तथा पाल्पालाई चिनाउने यहाँको प्रमुख उत्पादनका समाग्री (चिनो स्वरूप) निर्माणमा बढावा दिने उद्वेश्य समेत रहको उहाँले बताउनु भयो। तपाई हामी सबै मिलेर सुरुवात गरौं जस्ले गर्दा हरेक नयाँ वर्षमा आन्तरिक एवं बाह्य पर्यटकलाई पाल्पा तानसेन टक्सार टोलमा आउँदा केही समय बिताउने, रमाउने, मन भुलाउने किसिमले आकर्षक रूपमा परिवर्तन गरौं। जसले गर्दा भोलिका दिनमा आवश्यकता अनुसार टक्सार टोललाई एक म्यूजियमको स्वरूपमा प्रस्तुत गर्न टेवा पुगोस् भन्ने विचार उहाँले राख्नु भएको थियो।

हरेक नयाँवर्षमा गर्मी छल्न बुटवल, भैरहवा, तथा अन्य ठाउँबाट आन्तरिक पर्यटकहरू पाल्पामा आउँदा टक्सार टोलमा अवलोकन गर्ने वातवरणको सृजना गरी विभिन्न कार्यक्रम सहित नयाँ वर्षमा तानसेन महोत्सव मनाउने सम्भावना रहन्छ। पाहुनाहरू (नयाँ आगन्तुक) टक्सारमा प्रवेश गरी पाल्पाको अन्य स्थानको अवलोकन गर्दै केही समय बिताउन होटेल बसाईलाई एउटा अर्को आयमूलक व्यवसाय तथा अन्य व्यापारमा बढावा दिन सहायक हुनसक्छ। यो अवधारणा यहाँहरूको लागि Vision for Tourism Landmark from Taksar बन्न सक्नेकुरा सबैमा जानकारी गराउनु भयो। कार्यक्रममा उपस्थित सबैले यस अवधारणाको स्वागत गरेका थिए। वरिष्ठ पत्रकार श्री मेघराज शर्माज्यूबाट टक्सार टोलवासीको बीच एक प्रतिबद्धता बैठक राख्नुभई सुरूवात गर्नु राम्रो हुन्छ भन्ने मनसाय राख्नुभएको थियो। साथै टक्सार टोलका विभिन्न व्यक्तित्वबाट यसलाई समग्र पाल्पाको कार्यक्रम ठान्नुपर्छ भन्दै आ-आफ्नो भनाइ राखी यसको आार्थिक श्रोतबारे जिज्ञासा समेत राख्नु भएको थियो।



**प्रथम चरण पाल्पा तानसेन टक्सार पर्यटन महोत्सवबारे अवधारणा स्थानीय नगरपालिका प्रतिनिधि, टोलवासी, वडा अध्यक्ष एवं गन्यमान्य सम्मानित व्यक्तित्व तथा वरिष्ठ पत्रकार 'द वेकरी क्याफे' पाल्पामा बसेको बैठक।**

तत्पश्चात् ता.न.पा. वडा नं. ३ का अध्यक्ष श्री महेश शाक्य र वडा नं. ६ का अध्यक्ष श्री सागर मर्हजनज्यूबाट सफलताको लागि शुभकामना तथा तानसेन नगरपालिकाको तर्फबाट आफ्नो पूर्ण सहयोग रहने कुरा जानकारी गराउनु भएको थियो। अन्तमा गुठीका अध्यक्षज्यूबाट कार्यक्रम सफल पार्नको लागि आर्थिक श्रोत जुटाउन गुठीबाट आफ्नो अगुवाईमा विभिन्न माध्यमहरु खोजिने तथा यहाँहरुसँग पटक-पटक बैठक समेत बस्ने जानकारी गराउनुभई सबैमा धन्यवाद प्रकट गरी सभा विर्सजन गर्नुभएको थियो।

### दोश्रो पाल्पा तानसेन टक्सार पर्यटन महोत्सव बैठक

२०७६ कार्तिक १८ गते सोमवार तानसेन गुठीका अध्यक्ष सर्जुमान लिगलको अध्यक्षतामा शाखाको निमन्त्रणामा टक्सार टोलस्थित महाचैत्य विहारमा महोत्सव गरिने सम्वन्धित टोलमा रहेका विभिन्न सघंसस्थाको भूमिका रहनुपर्छ भन्ने विषयमा एक प्रतिवद्धता बैठक राखिएको थियो। उक्त बैठकमा टक्सार टोलका विभिन्न संघ संस्थाका टोल विकास समितिहरू, मैत्री क्लव, धिमी बाजा खल, दाफा भजन खल, महाचैत्य विहार, हनुमान मन्दिर व्यवस्थापन समिति, भैरव व्यवस्थापन समिति, महिला अजीवन दायक समिति, श्री सिद्धिविनायक गणेश मन्दिर व्यवस्थापन समिति, तानसेन बरुजु गुठी, लगायत ५० घर परिवारलाई निमन्त्रणा गरिएको थियो। सबै सहभागीहरूमा स्वागत तथा महोत्सवमा गरिने विभिन्न कार्यक्रमहरूको बारेमा प्रकाश पार्दै प्रतिबद्धता जनाउन सबैमा आग्रह गरिएको थियो। उपस्थित महानुभावज्यूहरूबाट आर्थिक श्रोत कसरी जुट्छ भन्ने जिज्ञासामा छलफल हुँदा यसको लागि तानसेन गुठी क्रियाशील रहने जानकारी गराउनु भयो।

उहाँले सफलताका साथ कार्यक्रम गर्न सकिन्छ भन्ने विश्वास दिलाउन हालसालै आफ्नो आदरणीय बुवा भूयूमान लिगलको स्मृतिमा आफू कार्यकारी निर्माता रही निर्माण गरेको नेपाली चलचित्र 'यात्रा' नि:शुल्क, सन्तोष चलचित्र मन्दिरको हल नि:शुल्क तथा टिकट छपाई गर्न सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। साथै विभिन्न सरकारी, गैरसरकारी संस्था लगायत तानसेन नगरपालिका एवं तानसेन गुठी काठमाण्डौंका सदस्य तथा गुठीको समेत सहयोग जुटाउन कोशिस रहने जानकारी गराउनु भयो। यसमा यहाँहरू सबैको भूमिका तथा सहयोग अतिआवश्यक रहने कुरामा जोड दिनुभयो। यसरी हामी सबै एकजुट भएर लाग्यौं भने कार्यक्रम सफल पार्न सहज हुने कुराको सबैजनाले प्रशंसा गर्दै प्रतिबद्धता व्यक्त गर्नुभयो। अन्तमा विभिन्न कार्यक्रमहरूको लागि उप–समिति गठन गर्ने निर्णय गरी सबैलाई धन्यवाद व्यक्त गर्नु भयो।

### तेश्रो पाल्पा, तानसेन टक्सार पर्यटन महोत्सव बैठक

मिति २०७६ कार्तिक २१ गते तानसेन गुठीका अध्यक्ष श्री सर्जुमान लिगलको अध्यक्षतामा, तानसेन विशाल बजारस्थित होटल अमृतको सभा हलमा पुनः टक्सार टोलका सम्पूर्ण संघसंस्था लगायत गन्यमान्य व्यक्तित्वहरूको उपस्थितिमा विभिन्न उप–समितिमा सदस्यहरू चयन गरी कार्यक्रमको खाका प्रस्तुत गर्नुभयो। भ्रमण वर्ष २०२० को अवसरमा, पाल्पा तानसेन 'टक्सार पर्यटन महोत्सव २०७७' आयोजक तानसेन गुठी र सहयात्री पाल्पाली-संगम रहने गरी चैत्र ३० र वैशाख १ गते दुइदिने महोत्सव भव्यताका साथ गरिने उद्घोष गर्नुभयो। यस कार्यक्रमका विभिन्न उपसमिति तथा अर्थ संकलन, चित्रकला हस्तकला प्रदर्शन, धातुकला प्रदर्शन, नेवारी खाना र नेवारी भोज ,प्रचार–प्रसार तथा र्याली कार्यक्रम, पाहुना स्वागत सत्कार , प्रवेशद्वार निर्माण तथा सरसफाइ, ब्यानर तथा प्रचार-प्रसार, मन्दिर भजन तथा दीप प्रज्वलन, नयाँवर्षको स्वागत गर्दै घरघरमा दीप प्रज्वलन, तथा अन्य स्व-इच्छाले बिक्री वितरण आय श्रोतको रूपमा राख्न पाउने खुल्ला व्यवस्थापन स्वयम् गर्ने निर्णय भयो। साथै यस आर्थिक वर्षदेखि पाल्पा तानसेनको प्रचार-प्रसार हुनेगरी नयाँवर्षमा तानसेन गुठी काठमाडौंले क्यालेण्डर प्रकाशन गर्ने निर्णय भयो।







**दोश्रो चरण टोलवासी बीच कार्यक्रम गर्न सबैमा प्रतिबद्धता बैठक बसेको टक्सार टोल महाचैत्य विहार**

## आर्थिक श्रोत जुटाउन पहिलो सहयोग कार्यक्रम

गुठीको अध्यक्ष श्री सर्जुमान लिगलको सहयोगमा उहाँको बुवा भूयूमान लिगलको स्मृतिमा नेपाली चलचित्र "यात्रा" र तानसेन सन्तोष चलचित्र मन्दिर ,सिनेमाहल कुनै खर्च बेहोनु नपर्ने गरी नि:शुल्क साथै टिकट छपाई वापत तथा विभिन्न बैठक खर्च समेत गरी उहाँबाट रु १२,५००-(बाह् हजार पाँचसय) भुक्तान गर्नुभएको थियो। एम. एस. माउसका श्री महेन्द्र श्रेष्ठज्यूबाट महोत्सव प्रचार प्रसार तथा सिनेमाको चार थान ब्यानर बनाउन सहयोग स्वरूप रु.१२,०००।- प्रदान गर्नुभएको थियो। उक्त चलचित्र प्रदर्शनको लागि टिकट दर रु.३००।- र रु.४००।–का हिसाबले टिकट विक्रीबाट तानसेन गुठी पाल्पा शाखामा रु. ९८,०००।-( रुपैयाँ अन्ठानब्बे हजार) रुपैयाँ संकलन गर्न सफल भएको थियो। अर्थ संकलन उप–समितिमा केन्द्रबाट कार्यक्रम प्रमुख संयोजक तथा अध्यक्ष सर्जुमान लिगल र शाखाबाट उपाध्यक्ष सुशील प्रसाद प्रधान र कोषाध्यक्ष विनयराज बज्राचार्य रहनुभएको थियो। उक्त रकम गुठीको पाल्पा शाखाको कुमारी बैंकको वचत खातामा जम्मा गरिएको छ। यस्तैगरी विभिन्न क्षेत्रबाट सहयोग जुटाउन तानसेन गुठीबाट भ्रमण वर्ष २०२० को लागि पर्यटन बोर्ड काठमाडौं, पाल्पाली-संगम काठमाडौं र गुठीको शाखाबाट तानसेन नगरपालिका, उध्योग वाणिज्य संघ, पाल्पा तथा अन्य बैंक तथा वित्तिय संघ संस्थालाई समेत सहयोगको लागि




पत्र द्वारा अनुरोध गरिएकोमा सफलताको शुभकामना सहित सहयोग प्राप्तहुने आश्वासन समेत प्राप्त भएको थियो।

विश्वभरी नयाँवर्ष २०२० मनाउने तयारी सँगसँगै गुठीको यस कार्यक्रमको तयारी चलिरहँदा अचानक २०१९ डिसेम्वर २९ मा चीनको हुवेई प्रान्तको वुहानबाट महामारीको रूपमा विश्वभरी फैलिरहेको कोरोना भाइरसको भयावह परिस्थिति सृजना भएपछि नेपाल सरकारबाट २०७७ चैत्र ११ गते देखि नेपाल अधिराज्यभरी लकडाउन गर्ने निर्णय भयो। तसर्थ मिति २०७६ चैत्र ६ गते तानसेन गुठी काठमाडौंमा सर्जुमान लिगलज्यूको अध्यक्षतामा कार्यसमितिको बैठकबाट यस भयावह अवस्थालाई मध्यनजर गर्दै 'पाल्पा तानसेन टक्सार पर्यटन महोत्सव' अर्को सूचना नआएसम्मको लागि स्थगित गरी अनुकूल समयमा (अवस्था) कार्यक्रम गर्ने सूचना जारी भयो।






**तेश्रो चरण पर्यटन महोत्सवको विभिन्न तयारी उपसमिति संयोजक निर्णयको बैठक विशालबजार अमृत होटल सभा हलमा**

# टक्सार पर्यटन महोत्सव, पाल्पा २०७७

# अवधारणा पत्र

नेपालको ५ नं. प्रदेशको आकर्षक पहाडी जिल्ला पाल्पा नयाँ अवधारणा सहित पर्यटन, शिक्षा र स्वास्थ्य क्षेत्रको विकास पथमा अगाडि बढिरहेको छ। यो जिल्ला प्राचिन, ऐतिहासिक र वातावरणीय एवं प्राकृतिक सौन्दर्यताका हिसाबले धनी जिल्ला मानिन्छ। देश संघीय संरचनाको स्वरूपमा अगाडि बढिरहेको सन्दर्भमा यहाँका हरेक महत्वपूर्ण सम्पदाहरुको संरक्षण, सम्वर्धन र प्रवर्धन गर्न जरुरी छ। यसै पृष्ठभूमिमा नेपाल सरकारले आगामी सन् २०२० लाई पर्यटन वर्षको रुपमा मनाउने र हरेक पुराना (प्राचिन) क्षेत्रको प्रवर्धन र नयाँ क्षेत्रको पहिचान गर्ने रणनीति बनाएको सन्दर्भमा पर्यटकीय नगरी पहाडी जिल्ला पाल्पा पनि यस अभियानमा सामेल हुन अति आवश्यक छ।

यहाँ आन्तरिक तथा वाह्य पर्यटकका लागि आकर्षण बढाउने सबैखाले सम्पदा र प्रकृति उपलव्ध छन्। नेपालको प्राचिन बजार तानसेन, सेनबंशीय पाल्पा दरवार, नेपालको ताजमहल रानीमहल, धार्मिक आस्थाका केन्द्रहरु भगवती मन्दिर, कलात्मक नारायण मन्दिर, धार्मिक आस्थाको एक धाम रिडीधाम, नेपालको ठूलो त्रिशुल रहेको पाल्पा-भैरव मन्दिर, सत्यवती देवी र सत्यवती ताल, रम्भादेवी लगायत प्रकृतिसँग रमाउनेहरुका लागि एकै स्थानबाट लामो हिमश्रृङ्खला देखिने स्थान श्रीनगर पनि पाल्पामै छ। नमूना गाउँ, होमस्टेका नमूना अभ्यास, हातेतानबाट उत्पादित कपडा र ढाका (पाल्पाली ढाका), हातैले बनाउने पाल्पाली करुवा पनि पाल्पाकै गौरव हुन्। यस्तै यहाँको खाना हाँसको छोयला, पाल्पाली चुकाउनी, पाल्पाली झिनीया रोटी लगायतले नेपालीको मन जितेका छन्। यहाँको मगर संस्कृति, नेवारी संस्कार र संस्कृति, कुमाले जीवनले नेपाली संस्कृतिको पहिचानमा योगदान गरिरहेका छन्।

तानसेन गुठीले पाल्पाको चौतर्फी विकासमा गर्दै आएको योगदान तथा पहलहरू मध्ये विशेषगरी तानसेनको पर्यटन प्रर्वद्धनका लागि प्रमुख भूमिका निर्वाह गर्दै आईरहेको छ। तानसेनमा रहेका ऐतिहासिक सम्पदा र सम्पत्तिहरुको संरक्षणमा महत्वपूर्ण भूमिका र योगदान गर्दै आएको संस्था हो। पाल्पाको पर्यटन विकासमा तानसेनको ऐतिहासिक बजारको संरचनाले महत्वपूर्ण भूमिका निर्वाह गरेकोछ।

यसैगरी पाल्पाली संगमले पाल्पाको विकासमा आवश्यक प्राविधिक सहयोगमा जनशक्ति परिचालन गरी मद्दत गर्दै आएको छ भने पाल्पाको थप पहिचानका लागि काठमाडौंमा पाल्पा महोत्सव र पाल्पा विकास गोष्ठी जस्ता प्रवर्धनात्मक कार्यक्रमहरु पनि सञ्चालन गर्दै आएको छ।

तानसेन बजार एक लामो इतिहास बोकेको ऐतिहासिक र साँस्कृतिक थलो हो। बजारमा रहेका ऐतिहासिक र साँस्कृतिक सम्पदाहरू पाल्पाको पर्यटन प्रवर्धनका लागि मुख्य आधार हुन। जबसम्म बजारलाई पर्यटकीय आकर्षणको रूपमा परिचालन गर्न सकिँदैन तबसम्म पाल्पाको विकासमा अपेक्षाकृत पर्यटन विकास हुन सक्दैन। आन्तरिक एवं बाह्य पर्यटकहरूको लागि केही समय घुम्न, रम्न तथा भुल्ने ठाउँको रुपमा बजारका हरेक गल्लीहरु आकर्षणको थलो हुनसक्छ। तर केही समय यता तानसेनको संरचनामा परिवर्तन भैरहेकोले कम्तीमा एउटा टोलबाट सुरुवात गर्दै भविष्यमा बजार नै परिवर्तन गर्न सकिन्छ कि भन्ने अपेक्षा राखी यो अवधारणा तयार पारिएको हो। जस अनुसार टक्सार टोललाई नमूनाको रूपमा प्रारम्भ गरिने यस अभियान भविष्यमा पाल्पाको पर्यटन प्रवर्धनमा एउटा landmark बन्नेछ।

नेपाल सरकारले आगामी सन् २०२० लाई पर्यटन वर्षको रूपमा मनाउने अभियानलाई सफल बनाउन तानसेन गुठी आयोजक र पाल्पाली-संगम सहयात्री संस्थाको रूपमा रहेर गुठीले पाल्पामा धेरै भन्दा धेरै आन्तरिक तथा वाह्य पर्यटकहरूलाई भित्र्याउने आकर्षक कार्यक्रमहरू तयार पारेको छ। आगामी २०७६ चैत्र ३० र २०७७ वैशाख १ गते तानसेनको ऐतिहासिक ठाउँ टक्सार टोलमा 'टक्सार पर्यटन प्रवर्धन महोत्सव' आयोजना गर्ने लक्ष्य सहितको कार्यक्रम बनाई तानसेनमा विभिन्न जिल्लाबाट आन्तरिक र वैदेशिक पर्यटकहरु समेतको भ्रमण सँख्या बढाउने लक्ष्य लिएको छ। यही विश्वासका साथ यो अवधारणा तयार पारिएको छ।

## पृष्ठभूमि

तानसेन नगरपालिका भित्र थुप्रै टोलमा पर्यटकीय आकर्षणका मठमन्दिर, पुरातात्विक सम्पदाकोरूपमा रहेता पनि धेरैजसो टोलहरूमा नौलो व्यवसायिक भौतिक संरचना निर्माण भएका छन्। तर टक्सारटोल भने आज पनि पुरानै अवस्थामा रहेको छ। पाल्पा र सेराफेरोमा सेनवशंले राज गर्दाका समयमा टक्सार टोलमा तामाको बिभिन्न पैसा छापिने (टंकन) गर्दथ्यो र पैसा (सिक्का) बनाउने कालिगढहरु पनि यहीँ बस्ने भएको हुँदा यो आफैमा महत्वपूर्ण छ। हाल पनि यहाँका कतिपय वासिन्दाहरुसँग सिक्का टंकन गर्ने यन्त्र (ढुङ्गाका मेसिन एवं समानहरू) रहेको अनुमान गरिन्छ।

आज पनि टक्सार टोलमा पाल्पालाई चिनाउने पाल्पाली करुवा, सुकुण्दा, विविध ढाका कपडा उत्पादन र यसका कारखाना रहेका छन। साथै बजार र जिल्लामै आवश्यकता अनुसार सिन्कारोटी (झिनिया रोटी) तथा नेवारी परिकार छोयला, चुकाउनी व्यवसायिक रुपमा उत्पादन हुने गरेका छन्। यस्तै कतिपय पुराना महत्वपूर्ण सरसमान, देवी-देवताको धातुका मूर्ति, अग्ला-अग्ला सुकुण्दा, काँसका बिभिन्न साईजका करुवा, पानस, हुक्का, कचौरा, थाल, तथा तामाका गाग्रो, बाटा, देवी देवताका घण्टी तथा अन्य धरै बस्तुहरु प्रायजसोको घर-गोदाममा थन्किएको अवस्थामा छन्। यस्ता सामान कहिलेकाहीँ विदेशी पाहुना आएको बेलामा देखाउने गरेको पनि पाइएको छ ।

टक्सार टोलमा विगत लामो समयदेखि निरन्तर रूपमा मर्दा-पर्दा भजन किर्तन तथा गाईजात्रा पर्वमा निर्गुण रामायण निकाल्न आवश्यक पर्दा सहभागी हुने गायक गायिकाहरु रहेको मात्र नभई दिनहुँ जस्तो बुद्ध धर्मको भजन किर्तन भइरहने स्थानको रूपमा बुद्धविहार रहेको तथा मुभिङ बुद्ध समेत निर्माण भई हेर्न सकिने स्थानको रूपमा बनेको छ। विभिन्न प्राचिन संस्कृतिका अतिरिक्त श्री गणेशको मन्दिर, भैरव मन्दिर, हनुमान मन्दिर, पुरानो निशान धारा साथै पुराना झ्याल ढोका र घर आज पनि आर्कषणको केन्द्र बनेको छ। पुराना घर तथा ढुङ्गा बिच्छ्याइएको गल्लीहरु नै यहाँका प्रमुख विशेषता हुन्। यसलाई व्यवस्थित गर्न सकियो भने यो तनहुँको बन्दिपुर बजार भन्दा आकर्षक देखिनेछ।

## उद्देश्य

१) पाल्पा तानसेन टक्सारमा ‘टक्सार पर्यटन महोत्सव २०७७’ आयोजना गर्ने।
२) तानसेनका विभिन्न संस्कृति, संस्कार र सम्पदाहरुको पहिचान र प्रवर्धनमा मद्धत गर्ने।
३) टक्सारमा दीगो पर्यटन विकासमा मद्धत गर्ने गरी पर्यटक संख्या बढाउन सहयोग गर्ने।
४) महोत्सव पश्चात् टक्सारलाई पर्यटनको नमूना अभ्यासका रीपमा निरन्तर सञ्चालन गर्ने गरी संयन्त्र तयार पार्ने।

## कार्यक्रम तयारी

स्थानीय संस्था एवम् अग्रजहरूसँग विभिन्न चरणमा बैठक सम्पन्न गरी निम्नानुसार जिम्मेवारी वाँडफाँड गरी तयारी गर्ने निर्णय भएको छ।

| कार्यक्रम | | मिति | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १ | धातु कला तथा हस्तकला प्रदर्शनी | चैत्र ३० र वैशाख १ | टक्सार टोल | संघ संस्था |
| २ | अशोक मान सिहं चित्रकला प्रदर्शनी | चैत्र ३० र वैशाख १ | टक्सार टोल | संघ संस्था |
| ३ | साँस्कृतिक तथा धार्मिक कला प्रदर्शनी | चैत्र ३० र वैशाख १ | „ | „ |
| ४ | नेवारी खाना व्यवस्थापन | चैत्र ३० र वैशाख १ | „ | „ |
| ५ | साँस्कृतिक कार्यक्रम आयोजना | चैत्र ३० र वैशाख १ | „ | „ |
| ६ | भजन किर्तन गायन | चैत्र ३० र वैशाख १ | „ | „ |
| ७ | र्याली तयारी | चैत्र ३० | „ | „ |
| ८ | स्वागत सत्कार | चैत्र ३० र वैशाख १ | „ | „ |
| ९ | प्रचार प्रसार | चैत्र १५ देखि | „ | पर्यटन वोर्ड |
| १० | अर्थ संकलन | निवेदन गएको सबैमा | तानसेन गुठी, पाल्पाली संगम | तानसेन पाल्पा |

| | | | | |
|---|---|---|---|---|
| ११ | सरसफाइ | टक्सार टोल | वडा कार्यालय | उद्योग बा.संघ |
| १२ | प्रवेशद्वार निर्माण | नियुक्त संयोजक | तानसेन गुठी, | वैंक वित्तिय संस्था सहयोग |
| १३ | क्यालेण्डर प्रकाशन | नयाँ वर्षको | तानसेन गुठी | |
| १४ | सचिवालय व्यवस्थापन | | शाखा गुठी | |
| १५ | दीप प्रज्वलन | चैत्र ३० र वैशाख १ | टोल वासी | नव वर्ष स्वागत |
| १६ | भ्रमण कार्यक्रम पाल्पा, तानसेन, | चैत्र २९, ३०, १ | तानसेन गुठी | पाल्पाली संगम |
| १७ | स्वास्थ्य-परीक्षण | महोत्सव समयभरि | लाइन्स क्लव | पाल्पा तानसेन |
| १८ | स्वास्थ्य-परिक्षण | महोत्सव समयभरि | लाइन्स क्लव | पाल्पा तानसेन |

**कार्यक्रमको औचित्य**

सम्भवत: आगामी वर्ष सम्ममा सञ्चालनमा आउने भैरहवा विमानस्थल र लुम्विनीमा आउने पर्यटकको रोजाइको जिल्ला पाल्पा हुने हुनाले यहाँ आवश्यक पर्यटन पूर्वाधारको विकासमा स्थानीय लगानी प्रवर्धनको आवश्यकता छ। यस्ता कार्यक्रमले त्यसतर्फ स्थानीय सरकार, निजी क्षेत्र र स्थानीय जनतालाई आकर्षित र अभिप्रेरित गर्नेछ।

पाल्पाको हावापानी र मौसम बाह्रै महिना उत्तम रहने र यहाँबाट विभिन्न १४—१५ वटा हिमश्रृङ्खलाहरू नजिकैबाट अवलोकन गर्न सकिने हुनाले आन्तरिक तथा वाह्य पर्यटकका लागि अत्यन्त आकर्षक पर्यटकीय स्थल मानिन्छ।

पाल्पाको आन्तरिक पर्यटन प्रवर्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने भएकोले विभिन्न जिल्लामा गठन भएका पाल्पाली समाजहरुलाई पनि परिचालन गरिनेछ।

नेपालकै पुरानो व्यापारिक केन्द्रको रूपमा रहेको तानसेन सेनवंशीय राजाहरुको राज्य र राजधानी पनि हो। यसर्थ यहाँ प्राचिनकालीन बस्तुहरु समेत तानसेन र विशेषगरी टक्सारमा रहेका छन्। यस्ता सम्पदा र सम्पत्तिले टक्सारको पर्यटकीय विकासमा महत्वपूर्ण भूमिका खेल्नेछ। यसर्थ यो टोलको विकासमा स्थानीय वासिन्दालाई परिचालन गरी भविष्यमा एउटा नमूना अभ्यासको रुपमा टक्सार विकास हुनेछ।

**कार्यक्रमका लागि लागत**

| कार्यक्रम विवरण | | अनुमानित लागत | श्रोत अनुरोध गर्ने | कैफियत |
|---|---|---|---|---|
| १ | धातुकला तथा हस्तकला प्रदर्शनी | १००,००० | नेपाल पर्यटन बार्ड | सहयोग |
| २ | साँस्कृतिक तथा धार्मिक कला प्रदर्शनी | १५०,००० | नेपाल पर्यटन बार्ड | सहयोग |
| ३ | नेवारी तथा पाल्पाली खाना व्यवस्थापन | १५०,००० | टक्सार टोल वि स. | स्वयम् |
| ४ | भजन किर्तन गायन | १५,००० | स्थानि धार्मिक समूह | स्वयम् |
| ५ | र्याली तयारी | १०,००० | धिमे बाजा खलः | स्वयम् |
| ६ | स्वागत सत्कार तथा अन्य | ८५,००० | पाल्पा उद्योग बा.स | सहयोग |
| ७ | साँस्कृतिक कार्यक्रम आयोजना | ५०,००० | मैत्री क्लब तानसेन | सहयोग |
| ८ | प्रचार प्रसार | ५५,००० | भुयूमान लिगल स्मृति | सहयोग |
| ९ | ब्यानर तथा स्टेज निर्माण | ४०,००० | बैकं तथा वित्तीय संस्था | सहयोग |
| १० | सरसफाई | ३५,००० | स्थानिय समूह | स्वयम् |
| ११ | प्रवेशद्वार निर्माण ३ स्थानमा | ९०,००० | बैंक तथा वित्तिय संस्था | सहयोग |
| १२ | क्यालेण्डर प्रकाशन | ३७,५०० | तानसेन गुठी | सहयोग |
| १३ | सचिवालय व्यवस्थापन | १५००० | व्यवस्थापन समूह | स्वयम् |
| १४ | दीप प्रज्वलन | २५,००० | टोल बासी | स्वयम् |

| | | | | |
|---|---|---|---|---|
| १५ | पाहुना सत्कार | ५०,००० | पाल्पाली सगंम | सहयोग |
| १६ | नि:शुल्क स्वास्थ्य शिविर | | लायन्स क्लब पाल्पा | सहयोग |
| १७ | पाल्पा तानसेन भ्रमण बस सेवा | १००००० | तानसेन सिमेन्ट | सहयोग |
| १८ | व्यवस्थापन समिति बन्दिपुर भ्रमण | २००००० | तानसेन नगरपालिका | सहयोग |
| | जम्मा लागत | १२०७५००० | | |

**प्रभाव**

१) टक्सार टोलमा रहेका पुराना घरहरूमा पर्यटकका लागि होमस्टे वा गेष्टहाउसका माध्यमबाट बसोबास गर्ने व्यवस्था प्रारम्भ हुनेछ।
२) हरेक घरमा पुरातात्विक र ऐतिहासिक वस्तुहरुको प्रदर्शन-कक्ष सहित आवास र रेष्टूरेन्ट हुने छन्।
३) बहुमूल्य सम्पदाहरुको लागि एक स्थानीय संग्राहलय स्थापना हुनेछ।
४) चोक वा मठमन्दिर रहेका स्थानमा दैनिक भजन किर्तन वा संस्कार अनुरूपका प्रदर्शन गर्ने व्यवस्था शुरु हुनेछ।
५) टक्सार टोलमा उत्पादन हुने विभिन्न सामानहरुको विक्री वितरणमा बृद्धि हुनेछ।
६) पर्यटन सूचना केन्द्र स्थापना हुनेछ।
७) टोलमा यातायातका साधनहरुको निषेध गरी परम्परागत रूपका सडक, पेटी, घर, गल्लीहरूलाई ढुङ्गे गल्लीकारूपमा विकास गर्न टोल सक्रिय हुनेछ।

यसको लागि निम्नानुसारको कार्यको थालनी हुनेछ ।

| कार्यक्रम | | मिति | सम्बद्ध संस्था | प्रायोजन |
|---|---|---|---|---|
| १ | संस्था समन्वय वैठक पाल्पा | कार्तिक महिना | तानसेन गुठी र संगमसँग, टक्सार टोल सम्बद्ध संस्था | अवधारणा प्रस्तुत |
| २ | समन्वय बैठकको अवधारणा | मंसीर दोश्रो हप्ता | गुठी पूर्वकार्यसमिति भेला | सुझाव र सहयोग |
| ३ | प्रस्ताव लेखन र पेश गर्ने | मंसिर-पौष | विभिन्न संघ संस्थाहरूमा | श्रोत व्यवस्थापनमा |
| ४ | प्रथम श्रोत व्यवस्थापन | पौष-चलचित्र शो | सर्जुमान लिगल सहयोगमा | सन्तोष चलचित्र हल |
| ५ | बन्दिपुर भ्रमण कार्यक्रम | पौष तेश्रो हप्ता | त.न.पा. सहयोगमा | अन्तरक्रिया दिगो प्रवर्धन |
| ६ | तयारी समिक्षा बैठक | माघ पहिलो हप्ता | तानसेन गुठी काठमाडौं | विविध संयोजक निर्णय |
| ७ | समिक्षा र फलोअप | माघ तेश्रो हप्ता | गुठी र पाल्पाली संगम | व्यवस्थापन सहयोगमा |
| ८ | पाल्पा तानसेन बैठक | फागुन पहिलो हप्ता | टक्सार टोल आबद्ध संस्था | प्रगति तथा तयारी सह – संयोजकको टोलको |
| ९ | अन्तिम बैठक क्रियाशिलतामा | फागुन दोश्रो हप्ता | शाखा सहित टक्सार टोल | प्रचारप्रसार र आमन्त्रण |
| १० | आयोजनाको तयारी अवस्था | फागुन तेश्रो हप्ता | सम्वन्धित सबैको कार्यमा | गेट तथा अन्य कार्य |
| ११ | पाल्पा टक्सार पर्यटन महोत्सव | चैत्र ३० र वैशाख १ गते | उद्घाटन तथा सञ्चालन | दुइदिने कार्यक्रम |
| १२ | समिक्षा बैठक | वैशाख ३ गते | तानसेन गुठी, संगम, टक्सार सम्बद्ध संस्था | निरन्तरताको लागि |

**प्रस्तावक अवधारणा**

सर्जु मान लिगल
अध्यक्ष
तानसेन गुठी काठमाडौं

**सहयात्री**

पदम न्यौपाने
अध्यक्ष
पाल्पाली सगंम काठमाडौं

# तानसेन गुठीको राहत सहयोगार्थ अर्थ संकलन कार्यक्रम

२०७६ सालको मध्य मंसिर (सन् २०१९ डिसेम्वर) मा चीनको हुवेई प्रान्तको वुहानबाट शुरु भएको कोरोना भाइरस(COVID 19) विश्वभरीका मानवजातिमा महामारीको रूपमा फैलिएर धेरैको मृत्यू समेत भइरहेको भयावह अवस्था थियो। यस रोगबाट नेपाल पनि अछूतो रहन सकेन। सोही कारण राष्ट्रले जनताको स्वास्थ्य सुरक्षाको अवस्थालाई ध्यानमा राखी नेपाल अधिराज्यभरी २०७६ चैत्र ११ गते देखि लकडाउन गरेको थियो। जसले गर्दा देशभरिका सम्पूर्ण उद्योग, कलकारखाना, व्यापार, व्यवसाय, कार्यालयहरु, शैक्षिक संस्थाहरू तथा यातायातका साधनहरू समेत ठप्प भई सबैजना आ-आफ्नो घरैमा बस्न बाध्य भएका थिए। लामो समयसम्मको बन्दले देशको आर्थिक स्थिति कमजोर भई जीवन निर्वाह गर्न समस्या परेको थियो। दैनिक ज्यालादारी गरी जीवन निर्वाह गर्ने मजदुरहरूको अवस्था अझै नाजुक भएको थियो।

तानसेन गुठीको स्थापना कालदेखि नै विभिन्न कल्याणकारी तथा सामाजिक सेवा गर्ने उद्देश्य अनुरूप दु:खी तथा पीडितहरुलाई सहयोग गर्न मिति २०७७ चैत्र २९ गते सम्पूर्ण गुठीयार सदस्यहरूमा आर्थिक सहयोगको लागि हार्दिक अनुरोधका साथ अपिल गरिएको थियो। सोही अनुरूप सङ्कलित रकम आवश्यकता अनुसार अतिप्रभावित क्षेत्रको पहिचान गरी गुठी सदस्य तथा तानसेन पाल्पाका अन्य पीडित परिवारहरूको पहिचान गरी उचित तथा अनुकूल समयमा राहत सहयोग वितरण गर्ने जानकारी समेत गराइएको थियो। गुठी सदस्यहरू तथा अन्य स्वस्फूर्त सहयोगी दाताहरूबाट सहयोग रकम जम्मा गर्न सामाजिक सञ्जाल भाईवर र फेसबुकको समेत प्रयोग गरिएको थियो। विभिन्न माध्यमबाट दाताहरूको सहयोग गुठीको खाता रहेको सानिमा बैंक लिमिटेड, चल्ती खाता नं. ००१०१०० १०००३५७३ नक्साल काठमाडौं तथा कुमारी बैंक लिमिटेड, बचत खाता नं. ०४३००३३३२४६००००९ नक्साल, शाखा तथा अनलाइन बैंङ्किङ बाट रकम संकलन गरी जम्मा गरिएको थियो। यसरी गुठीको राहत संकलन अभियानमा अमूल्य सहयोग गर्नुहुने निम्न लिखित गुठियार सदस्यज्यूहरु तथा अन्य व्यक्तित्वहरुमा हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्दछौं।

**आर्थिक सहयोग गर्नुहुने दाताज्यूहरुको नामावली तथा प्राप्त रकम**

| क्र.सं. | मिति | दाताको नाम | ठेगाना | रकम (रू.) |
|---|---|---|---|---|
| | २०७६-१२-३० | श्याम सुन्दर लाल कक्षपति | सानेपा | ५०००० |
| | २०७७-०१-०६ | श्याम सुन्दर लाल कक्षपति | सानेपा | ५०००० |
| ३. | २०७७-०२-०२ | Triesdorf Unterstutz (हस्ते दिनेश थान्जू) | जर्मनी | ५२००० |
| ४. | २०७७-०२-०४ | श्रीमति बिलगित वेल्लर र उहाँकी छोरी निला वेल्लर (हस्ते दिनेश थान्जू) | जर्मनी | ५०००० |
| ५. | २०७७-०२-३२ | प्रो.डा.पुरन प्रसाद श्रेष्ठ | कुपण्डोल | ५०००० |
| ६. | २०७७-०१-२६ | वनमाली प्रसाद लाकौल | बालुवाटार | २५००० |
| ७. | २०७७-०१-२६ | प्रो डा. मनोहर लाल श्रेष्ठ | कुलेश्वर | १८७५० |
| ८. | २०७७-०१-०५ | सतिस प्रसाद प्रधान | चुनदेवी | १५००० |
| ९. | २०७७-०१-०५ | डा.शम्भु मान सिंह | कुसन्ती | १५००० |
| १०. | २०७७-०१-३१ | यमुना देवी गोंगल | ताल्छीखेल, सातदोबाटो | १२६०० |
| ११. | २०७७-०१-०४ | रमेश शेखर र निभा बज्राचार्य | महाराजगञ्ज | १२५२० |
| १२. | २०७७-०१-०३ | सर्जु मान लिगल र जमुना प्रधान लिगल | टोखा धापासी | १२५२० |
| १३. | २०७७-०१-०५ | जयन्ती श्रेष्ठ | क्षेत्रपाटी | १०००० |

| | | | | |
|---|---|---|---|---|
| १४. | २०७७-०१-१२ | सौगात मान लिगल (पुत्र-सन्तोष लिगल) | अमेरिका | १०००० |
| १५. | २०७७-०१-२६ | प्रा.डा. पुष्पा श्रेष्ठ | मण्डिकाटार | १०००० |
| १६. | २०७७-०१-२९ | शान्ता शाक्य र दान मान शाक्य | धापाखेल | १०००० |
| १७. | २०७७-०२-३० | शोभा श्रेष्ठ | चावहिल | १०००० |
| १८. | २०७७-०२-३० | डा. मोहन मान सैंजू र माधुरी सैंजू | सानेपा | १०००० |
| १९. | २०७७-०२-३० | ई शकंर कृष्ण मल्ल | पुलचोक | १०००० |
| २०. | २०७७-०१-०९ | प्रमी श्रेष्ठ | टेकु | ६५०० |
| २१. | २०७७-०१-३१ | निलम गोगंल श्रेष्ठ | सुनाकोठी | ६५०० |
| २२. | २०७७-०१-११ | प्रा.डा. हरि प्रसाद श्रेष्ठ | टेकु | ५५५५ |
| २३. | २०७७-०१-०५ | ऋषी केशब धौभडेल | भक्तपुर | ५२०० |
| २४. | २०७७-०१-०५ | महालक्ष्मी थान्जू | म्हेपी | ५१०० |
| २५. | २०७७-०२-३० | भगवती प्रसाद श्रेष्ठ र शकुन्तला श्रेष्ठ | महाराजगञ्ज | ५१०० |
| २६. | २०७६-१२-३० | प्रज्वल प्रसाद कसजू | कुलेश्वर | ५००० |
| २७. | २०७७-०१-०३ | दिब्य चन्द्र श्रेष्ठ र हिरा देवी श्रेष्ठ | शङ्खमुल | ५००० |
| २८. | २०७७-०१-०४ | रमेश भारी | सामाखुसी | ५००० |
| २९. | २०७७-०१-०६ | निरज भारी | सामाखुसी | ५००० |
| ३०. | २०७७-०१-०६ | सुरेश प्रसाद प्रधान | धोवीघाट | ५००० |
| ३१. | २०७७-०१-०९ | राजु प्रसाद प्रधान र उषा प्रधान | सामाखुसी | ५००० |
| ३२. | २०७७-०१-२८ | लक्ष्मण प्रसाद श्रेष्ठ | महाराजगञ्ज | ५००० |
| ३३. | २०७७-०१-२८ | विकाश चन्द श्रेष्ठ | बालुवाटार | ५००० |
| ३४. | २०७७-०१-२८ | गृह मान सिंह र गिता सिंह | कुलेश्वर | ५००० |
| ३५. | २०७७-०२-३० | मिता सैंजू | झम्सीखेल | ५००० |
| ३६. | २०७७-०३-१५ | अशोक प्रसाद प्रधान | ताहाँचल | ५००० |
| ३७. | २०७७-०३-१६ | अनुप प्रधान | महाराजगञ्ज | ५००० |
| ३८. | २०७७-०६-२२ | मि.सु नारायण प्रसाद श्रेष्ठ | पुलचोक | ५००० |
| ३९. | २०७७-०६-२७ | प्रा.डा.सावित्री कक्षपती मल्ल र अशेष मल्ल | रातोपुल | ५००० |
| ४०. | २०७७-०७-२३ | भरत प्रसाद श्रेष्ठ (देउराली) | महाराजगञ्ज | ५००० |
| ४१. | २०७७-०२-१५ | शकुन्तला शाक्य | नयाँबानेश्वर | ३००० |
| ४२. | २०७७-०२-१५ | मुना बज्राचार्य | बाल कुमारी | ३००० |
| ४३. | २०७७-०६-२७ | स्व. गोपालप्रसाद श्रेष्ठ(राकेश श्रेष्ठ) | तानसेन | ३००० |
| ४४. | २०७७-०२-१३ | रामेश्वर प्रसाद ध्वोजु | बुटवल | २५०० |
| ४५. | २०७७-०२-१३ | सुजन भारी | सामाखुसी | २५०० |
| ४५. | २०७७-०१-३१ | गंगा मल्ल | धोविघाट | २००० |
| | | जम्मा सहयोग रकम | | ५,५८,३४५ |

(अक्षरूपी पाँच लाख अन्ठाउन्न हजार तीनसय पैंतालीस रूपियाँ मात्र)।

# तानसेन गुठी, राहत (नगद तथा खाद्यान्न) वितरण कार्यक्रम

**पहिलो चरण: तानसेन नगरपालिकामा रकम हस्तान्तरण**

तानसेन गुठी काठमाडौंका मनकारी सदस्यहरूको सहयोगबाट संकलित रकममध्ये रु.१,००,०००।– (रू.एकलाख रुपैयाँ मात्र) २०७७ वैशाख ५ गते तानसेन नगरपालिका द्वारा स्थापित 'ता.न.पा. कोराना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारकोष' को लागि नगर-प्रमुख श्री अशोक कुमार साही समक्ष गुठीको तानसेन शाखाका पदाधिकारीहरूको उपस्थितिमा तानसेन नगरपालिकाको सभा कक्षमा हस्तान्तरण भएको थियो। उक्त मानवीय सहयोगको लागि तानसेन नगरपालिकाबाट सधन्यवाद पत्र प्राप्त भएको थियो।



नेपाल अधिराज्यभरी कोभिड-१९ महामारीको कारण लकडाउनको अवस्था थियो। परिवार सहित आ–आफ्नो घरमा सुरक्षित बस्नु बाहेक अरू कुनै विकल्प थिएन। कोही पनि बैंकसम्म पुगेर रकम निकाल्ने तथा जम्मा गर्ने, पाल्पा पठाउने अवस्था समेत थिएन। कतिपय सदस्यहरूले आर्थिक सहयोग गर्न चाहेर पनि बैंक ट्रान्सफर तथा ई-सेवा सुविधा नभएको अवस्थामा घर-घरको ढोकासम्म पुगेर रकम संकलन गर्न कठिन थियो। यस्तो असहज र भयावह परिस्थितिमा पनि गुठीका अध्यक्ष सर्जुमान लिगलको अग्रसरतामा रकम संकलन गर्दै गुठी खातामा जम्मा गर्ने र पाल्पामा राहत सहयोग कार्यक्रम सञ्चालन गर्न सम्भव भएको थियो।



यस्तो विषम परिस्थितिमा कार्यसमितिका सदस्यहरू एक-आपसमा सामाजिक सञ्जाल (भाइवर) मार्फत छलफल गरी तानसेन गुठी काठमाडौंले २०७७ साल वैशाख २५ गते २५६४औं बुद्ध जयन्तीको शुभअवसर पारेर गुठीयार सदस्यज्यूहरूबाट संकलित राहत रकम पाल्पा जिल्ला स्थित विभिन्न वडा तथा स्थानका वास्तविक पीडितको पहिचान गरी गुठीको पाल्पा शाखाको समन्वयमा शाखाका उपाध्यक्ष सुशिल प्रसाद प्रधानको नेतृत्वमा अन्य पदाधिकारीहरु सहित स्थानीय व्यक्तित्वको साथै वडा अध्यक्षको उपस्थितिमा विभिन्न राहत (चामल, दाल, तेल, नुन, सोयाविन, लुगा धुने तथा हात धुने साबुन) वितरण कार्यक्रम चलाउने निर्णय गरेको थियो।

**दोश्रो चरण: कैलाशनगर राहत (खाद्यान्न) वितरण कार्यक्रम**

लकडाउनको अवस्थामा तानसेन वसन्तपुर टोल र कैलाशनगर टोलका पीडित परिवारहरूको बारेमा एभिन्यूज टि.भि. को प्रत्यक्ष प्रशारणबाट समाचार प्रसारण भएपछि भोकै बस्न वाध्य वास्तविक पीडितलाई राहत उपलव्ध गराउने उद्देश्यले काठमाण्डौं स्थित गुठीका मनकारी सदस्यज्यूहरुबाट प्राप्त सहयोग रकम पाल्पा शाखामा पठाई २०७७ साल वैशाख २५ गते शाखाका उपाध्यक्ष सुशिल प्रधानको नेतृत्वमा, सल्लाहकार सरजुलाल बज्राचार्य तथा अन्य सदस्यहरु





लगायत ता.न.पा.वडा नं.५ का अध्यक्ष र एभिन्युज टि.भि.का सम्पादक अनिल लिगल साथै प्रेस संगठनका अध्यक्ष राजेन्द्र लिगलको उपस्थितिमा विपन्न तथा असहाय १६ घर परिवारलाई जनही रकम रु.२६,९९२।- बराबरको खाद्यान्न (चामल, दाल, तेल नुन र साबुन) सहयोग वितरण गरिएको थियो।

### तेश्रो चरण: तेल्घा, प्रभास खाद्यान्न (राहत) वितरण कार्यक्रम

तानसेन गुठी काठमाडौंवाट संकलन गरी पठाएको रकम रु. ३९,४६६।- तानसेन शाखाको समन्वयमा २०७७ वैशाख २६ गते शुक्रवार शाखाका उपाध्यक्ष, पदाधिकारी, वडा.नं.१० का अध्यक्ष र 'पाल्पाली-संगम'का अध्यक्ष पदम न्यौपाने सहितको उपस्थितिमा पाल्पा तेल्घामा वास्तविक पीडित (कुनै पनि राहत नपाएका) को पहिचान गरी एकल-महिला, अपाङ्ग, दलित, एवं मजदुर १९ वटा घर परिवारलाई प्रभासमा सामाजिक दुरी कायम गरी व्यवस्थित रुपमा खाद्यान्न (चामल, दाल, तेल, नुन, लुगा धुने र हात धुने साबुन) वितरण भएको थियो।





### चौथो चरण: गोर्खेकोट (पाल्पा) राहत वितरण कार्यक्रम

तानसेन गुठी काठमाडौंका सदस्यहरूबाट संकलित रकम रु. ४८,२४४।- गोर्खेकोटमा बराङ्दी, मिशन हस्पिटल नजिकका तीन क्षेत्रको वास्तविक पीडितको पहिचान गरी शाखाका पदाधिकारीको सहभागितामा वडा नं. १ का अध्यक्ष तथा गुठीका आजीवन सदस्य शशी श्रेष्ठ र एभिन्यूज टि.भि.का अनिल लिगलको उपस्थितिमा २०७७ जेष्ठ ९ गते शुक्रबार प्रति परिवार २५ के.जी. चामल, २ के.जी. दाल, तेल १ लि. नुन १ केजी, सोयाविन १ पाकेट, लुगा धुने साबुन र हात धुने साबुन २-२ वटा गरी २८ जनालाई राहत वितरण भएको थियो।





### पाँचौ चरण: वसन्तपुर खाद्यान्न (राहत) वितरण कार्यक्रम

काठमाडौंमा बसोबास गर्नुहुने गुठीका सदस्यज्यूहरुबाट संकलन गरिएको आर्थिक सहयोग पाल्पा स्थित गुठीको शाखाका पदाधिकारीहरू तथा वडा अध्यक्षको उपस्थितिमा २०७७ जेष्ठ १६ गते शुक्रवार तानसेन वडा नं.३ स्थित प्रगति नगर होलङ्दी र वसन्तपुर टोल ३ का विपन्न तथा असहायहरु (खानपानमा समस्या भएकाहरु) ५३ घर परिवार (वडा नं.१ का २८ घर र वडा नं. ३ का २५ घर) लाई वसन्तपुर टोलमा जम्मा गराई प्रति परिवारलाई चामल २५ के.जी., दाल २ के.जी., तेल १ लि., नुन १ के.जी., सोयाविन १ पाकेट, लुगा धुने साबुन २ पिस र हात धुने साबुन २ पिस गरी (जम्मा रु. ४२,७००।– बराबरको) राहत वितरण गरिएको थियो।





**छैठौं चरण: सिल्खान टोलमा खाद्यान्न राहत वितरण कार्यक्रम**

काठमाडौंका गुठी सदस्यज्यूहरुबाट संकलित सहयोग रकम पाल्पा शाखाका पदाधिकारीहरू तथा कार्यवाहक वडा अध्यक्ष गणेश थापाज्यूको उपस्थितिमा २०७७ जेष्ठ १६ गते शुक्रवारको दिन तानसेन वडा नं. ४ का आर्थिक स्थिति कमजोर भएका, खानपानमा समस्या भएका (हालसम्म कुनै खाद्यान्न राहत नपाएका) १२ घर परिवारलाई विशाल वजार वि.पि. चौकमा जम्मा गराई प्रति परिवारलाई चामल २५ के.जी., दाल २ के.जी., तेल १ लि., नुन १ के.जी., सोयाविन १ पाकेट, लुगा धुने साबुन २ पिस र हात धुने साबुन २ पिस गरी जम्मा रु.२०,४९६।- बराबरको राहत सहयोग वितरण भएको थियो।





**सातौँ चरण: भगवती टोलमा खाद्यान्न (राहत) वितरण कार्यक्रम**

काठमाडौंका गुठी सदस्यज्यूहरुबाट संकलन गरिएको आर्थिक सहयोग पाल्पा शाखाका पदाधिकारीहरू तथा तानसेन वडा नं. ४ का अध्यक्ष महेशलाल शाक्यज्यूको उपस्थितिमा २०७७ जेष्ठ २७ गते मंगलवार उक्त वडामा हाल सम्म कुनै खाद्यान्न राहत नपाएका, खानपानमा समस्या भएका आर्थिक स्थिति कमजोर तथा विपन्न वर्गका २० घर परिवारलाई विशाल वजार बि.पि. चौकमा जम्मा गराई प्रति परिवार चामल २५ के.जी., दाल २ के.जी. तेल १ लि., नुन १ के.जी., सोयाविन १ पाकेट, लुगा धुने साबुन २ पिस र हात धुने साबुन २ पिस (जम्मा रु. ३४,१६०।– बराबरको) राहत वितरण भएको थियो।







## आठौं चरण: भिमसेन टोल तथा कुनिसरेमा राहत वितरण कार्यक्रम

काठमाडौंका गुठी सदस्यज्यूहरुबाट आर्थिक सहयोग संकलन गरी पाल्पा शाखाका पदाधिकारीहरू तथा वडा नं. ६ का अध्यक्ष सागर मर्हजनज्यूको उपस्थितिमा २०७७ जेष्ठ ३० गते शुक्रवार तानसेन भिमसेन टोल, बर्तुङ्ग र कुनिसरेमा हाल सम्म कुनै राहत नपाएका आर्थिक स्थिति कमजोर भएका तथा पीडित र विपन्न ३२ परिवारलाई उहाँहरूको पायक पर्ने स्थान भिमसेन टोल बस पार्क नजिक र बर्तुङ्गमा जम्मा गराई प्रति परिवार चामल २५ के.जी., दाल २ के.जी., तेल १ लि., नुन १ के.जी., सोयाविन १ पाकेट, लुगा धुने साबुन २ पिस र हात धुने साबुन २ पिस (जम्मा रु.५१,७,४४।– बराबरको) राहत सहयोग वितरण भएको थियो।







## नवौं चरण: मिशन हस्पिटलमा राहत वितरण कार्यक्रम

काठमाडौंका गुठी सदस्यज्यूहरुबाट आर्थिक सहयोग संकलन गरी पाल्पा शाखाका उपाध्यक्ष सुशिल प्रसाद प्रधान लगायत अन्य पदाधिकारीहरूको उपस्थितिमा युनाइटेड









मिशन अस्पतालका डाईरेक्टर डाक्टर श्री Rachel Karrach तथा वार्डका नर्सहरुको सहभागितामा २०७७ आषाढ १६ गते मंगलबार अस्वस्थ भई चिल्ड्रेन वार्डमा उपचारको लागि भर्ना भएका २३ बालबालिकाहरुलाई जम्मा रु.९,६००।– बराबरको फलफूल र अण्डा (प्रति बालक एक क्रेट अण्डा र फलफूल) वितरण गरिएको थियो। उक्त अवसरमा तानसेन विशाल बजारका अभिषेक लिगलबाट प्राप्त ५० पाकेट बिस्कुट पनि वितरण गरिएको थियो। तानसेन गुठीले निरन्तर रूपमा गर्दै आएको विभिन्न सामाजिक कार्यहरू तथा मानविय सहयोगहरू आज मिशन हस्पिटलमा उपचाररत अस्वस्थ बालबालिकाहरूलाई सहयोग गरिएकोमा डाइरेक्टरज्यूले हार्दिक धन्यवाद व्यक्त गर्नुभएको थियो।

### दशौँ चरण: नि:सहाय सेवा सदनमा राहत वितरण कार्यक्रम

तानसेन गुठी काठमाडौंका मनकारी-दाता सदस्यहरूबाट संकलित आर्थिक सहयोगबाट २०७७ श्रावण २७ गते मंगलबार श्रीकृष्ण जन्माष्टमीको शुभ-अवसरमा काठमाडौं वानेश्वरस्थित नि:सहाय सेवा सदनमा आश्रित जेष्ठ नागरिकहरूको सहयोगार्थ जम्मा रु.३२,२८२।-(अक्षरुपी बत्तिस हजार दुइसय बयासी मात्र) बराबरको विभिन्न राहत सामग्री (भुजा ५० के.जी. भेज चाउ-चाउ ५ कार्टुन, चिकन चाउ-चाउ ५ कार्टुन, चिउरा ५० केजी, दाल रहर ५० केजी, चिनी ५० केजी, चना ५० केजी , लुगा धुने साबुन १०८ पिस, भाँडा माज्ने साबुन २१६ पिस) हस्तान्तरण गरिएको थियो। गुठीका तर्फबाट अध्यक्ष सर्जुमान लिगल, सचिव प्रमी श्रेष्ठ, आजीवन सदस्य दिनेश थान्जू र आजीवन सदस्य प्रा.डा. हरिप्रसाद श्रेष्ठको उपस्थिति रहेको उक्त कार्यक्रममा गुठीका अध्यक्षज्यूले आफ्नो भनाई राख्नुभएको थियो। उक्त संस्थाका उपाध्यक्ष तथा गुठीका पूर्व अध्यक्ष श्री करुण गाविन्द श्रेष्ठज्यूबाट सहयोग गर्नु भएकोमा गुठीलाई धन्यवाद दिनु भएको थियो।





### एघारौँ चरण: भगवती माताको रथ बोक्ने कुमाल समुदायलाई राहत वितरण कार्यक्रम

तानसेन पाल्पा स्थित श्री ७ रणउजीरेश्वरी भगवती माताको रथ-यात्रा (सिन्दुर जात्रा) गर्दा कुमाल समुदायका व्यक्तिहरूले बोकेर बजार परिक्रमा गर्ने परम्परा रहेको छ। यस पटक विश्वव्यापी कोरोना भाइरसको महामारीको कारण कुनै जात्रा पर्व समेत नहुने अवस्था सृजना भएको हुँदा ती कुमाल समुदायका व्यक्तिहरूको आम्दानीको श्रोत गुमेको तथा कुनै ज्याला मजदुरीको अवसर नपाएको कुरा तानसेन गुठी काठमाडौंले महसुस गरेको थियो। सोही अनुरूप गुठीले अनुकूल तथा सहज परिस्थितिमा उहाँहरुलाई राहत सहयोग वितरण गर्ने निर्णय गरेता पनि विभिन्न कारणले सम्भव हुन सकेको थिएन।

आखिरमा २०७७ साल पौष ७ गते पाल्पा तानसेन अमर नारायण मन्दिर परिसरमा हनुमानको मन्दिर पुन निर्माण तथा जिर्णोद्धारको कार्यक्रमको अवसर पारेर गुठीको आर्थिक सहयोग हस्तान्तरण एक कार्यक्रमका बीच भएको थियो। कार्यक्रममा माननीय प्रदेश सभा सदस्य डा. पुरण मान बज्राचार्य, गुठीका अध्यक्ष सर्जुमान लिगल, पाल्पा शाखाका उपाध्यक्ष तथा अन्य पदाधिकारीहरू, पूर्व अध्यक्ष, सल्लाहकार र गुठी आजीवन सदस्य सहितको सहभागितामा भगवती जात्रामा रथ बोक्ने ४४ जना कुमालहरूलाई प्रति परिवार चामल २५ के.जी., दाल २ के.जी., तेल १ लि., नुन १ के.जी., सोयाविन १ पाकेट गरी जम्मा रु.७२,७,००।– (अक्षरुपी बहत्तर हजार सातसय रुपैयाँ) बराबरको राहत वितरण भएको थियो।






# हनुमान मन्दिर जिर्णोद्धार तथा राहत वितरण कार्यक्रम

तानसेन गुठीले आफ्नो स्थापना कालदेखि जन्मथलो पाल्पा तानसेनमा विविध साँस्कृतिक तथा धार्मिक पर्वहरूको संरक्षण र मन्दिर जिर्णोद्धार गर्न तथा पर्यटन, शिक्षा र स्वास्थ्य क्षेत्रमा आर्थिक सहयोग तथा संरक्षणमा अग्रणी भूमिका निर्वाह गर्दै आएको यहाँहरूमा विदितै छ। त्यसैको निरन्तरता अनुरूप पाल्पा तानसेन स्थित श्री अमर नारायण मन्दिर फूलबारी परिसरमा अवस्थित अति पुरानो ऐतिहासिक भगवान श्री हनुमानको मूर्ति तथा मन्दिर समेत भत्किई सकेकोले परापूर्वकालदेखि भइरहेको नित्य पूजा समेत नभएको अवस्थाको जानकारी गुठीमा गराई पुन: निर्माण तथा जिर्णोद्धारको लागि अनुरोध भएको थियो। सोही अनुरुप तानसेन गुठीका सदस्यहरुलाई आर्थिक सहयोगको लागि अपील गरी गुठीको खाता रहेको कुमारी बैंक तथा सानिमा बैंक खातामा सहयोग रकम जम्मा गरिदनिुहुन विनम्र अनुरोध गरिएको थियो।

यस पवित्र धार्मिक कार्यको लागि गुठी सदस्यज्यूहरुबाट मन्दिर परिसरको छाना तथा मार्वल बिछ्याउन आवश्यकता अनुसारको रकम रु.१०७०२२।–(अक्षरूपी एक लाख सात हजार बाइस मात्र) संकलन भएको थियो। साथै मन्दिर भित्र २.५ फिट (३० इन्च) को हनुमानले छाती चिरेको मूर्ति थान एक, १८x१८ इन्चको गणेश भगवानको मूर्ति थान एक र नौ ग्रहको मूर्तिहरू ९ वटा स्थापना गर्ने योजना रहेको थियो।

सोही अनुरुप यस गुठीका आजीवन सदस्य तथा स्वास्थ्य कमिटीका संयोजक डा. मनोहर लाल श्रेष्ठज्यूबाट प्राप्त आर्थिक सहयोग रु.३५,०००।- (अक्षरुपी पैंतिस हजार मात्र) ले ३० इन्च हाइटको प्रस्तर हनुमान मूर्ति निर्माण भएको थियो। यसैगरी नौ वटा १८ इन्च हाइटको नौग्रहको मूर्तिहरु स्थापनार्थ आवश्यक पर्ने रकम मध्ये गुठीका पूर्व कार्यकारी सदस्य तथा आजीवन सदस्य श्री कोकिल गोविन्द श्रेष्ठज्यूवाट सहयोग स्वरूप रु.३३,५००।-(अक्षरुपी तेत्तिस हजार पाँचसय रुपैँया) प्रदान गर्नुभएको थियो। यसै गरी १८*१८ इन्चको श्री गणेश भगवानको प्रस्तरको मूर्ति पाल्पा तानसेन भिमसेन टोल निवासी स्व. अमृतमान श्रेष्ठ तथा स्व. पृथ्वी कुमारी श्रेष्ठको पूण्य स्मृतिमा 'अमृत-पृथ्वी अविनाशी गुठी' काठमाडौंको तर्फबाट उहाँहरुका पाँचजना छोराछोरीहरु गुठीका आजीवन सदस्यहरु क्रमश सल्लाहकार प्रा.डा. पुष्पा श्रेष्ठ, प्रकाशमान श्रेष्ठ, विकाश मान






श्रेष्ठ, पूर्व कार्यकारी सदस्य जयन्ती श्रेष्ठ तथा सचिव प्रमी श्रेष्ठ द्वारा रु.१४,५००।- (अक्षरुपी चौध हजार पाँच सय मात्र) को आर्थिक सहयोगमा निर्माण भएको थियो। ऐतिहासिक श्री हनुमानको मन्दिर निर्माण तथा जिर्णद्धार साथै मूर्ति सौजन्य समेत गरी जम्मा रकम रू.१,९०,०२२।–(अक्षरुपी एक लाख नब्बे हजार बाइस रुपैयाँ) पाल्पा शाखाको समन्वयमा तानसेन अमर नारायण मन्दिर परिसरमा गुठीका अध्यक्षज्यूको उपस्थितिमा हस्तान्तरण गरिएको थियो।



मिति २०७७ साल पौष ७ गते पाल्पा तानसेन श्री अमर नारायण मन्दिर परिसरमा  हनुमानको मन्दिरलाई पुन निर्माण गरी 'श्री हनुमान', 'श्री सिद्धि सकल गणेश' र 'नौग्रह भगवान'को मूर्तिहरु प्राण प्रतिष्ठा गरिने कार्यक्रममा श्री हनुमान तथा नव ग्रह मन्दिर संरक्षण समितिका सदस्य तथा वडा अध्यक्ष श्री वरुण प्रसाद शर्माज्यूरूबाट श्रद्धालु भक्तजनहरु तथा सहयोगी दाताज्यूहरुलाई पूजा तथा प्रसाद ग्रहण गर्न सादर अनुरोध सहित निमन्त्रणा-पत्र प्राप्त भएको थियो। उक्त कार्यक्रममा गुठीका अध्यक्ष सर्जुमान लिगल आफ्नो परिवार सहित बिहान ७ बजेबाट विधिवत पूजा सामग्री सहित सहभागी भई पूजा-अर्चना गर्नुभएको थियो।

साथै 'श्री सिद्धि सकल गणेश' भगवान स्थापना गर्नुभएका दाताको तर्फबाट भक्तजनहरूलाई प्रसादको रूपमा ५ के.जी. बुनियाको लड्डु (रू.३५,००।-) वितरण गरिएको थियो। उक्त प्राण-प्रतिष्ठा पूजामा भक्तजनहरुको उल्लेखनीय उपस्थिति रहेको थियो। मन्दिर व्यवस्थापन समितिको संयोजनमा बिहान ११ बजेदेखि साँझ ५ बजेसम्म भक्तजनहरु मन्दिर दर्शन गरी टिका-प्रसाद ग्रहण तथा भजन-कीर्तन, नाच-गान गर्दै उत्साहका साथ भक्तिभावमा रमाइरहेका थिए। उक्त अवसरमा तानसेन गुठी शाखाको समन्वयमा अमर नारायण मन्दिर परिसरमा गुठीबाट प्राप्त आर्थिक सहयोग रकम हस्तान्तरण तथा स्वास्थ्य सहयोग र राहत वितरण कार्यक्रम गरिएको थियो। शाखाका कार्यवाहक अध्यक्ष सुशिल प्रसाद प्रधानज्यूबाट सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा गुठीका अध्यक्ष सर्जुमान लिगल, माननीय प्रदेश सभा सदस्य डा.पुरण मान बज्राचार्य, शकुन्तला बज्राचार्य, दिपेन्द्र मान थैव, विनय राज शाक्य, सञ्जय राज शाक्य, बसन्त लाल बज्राचार्य लगायत सल्लाहकार सन्तोष लाल श्रेष्ठ, सरजु लाल बज्राचार्य , निवर्तमान अध्यक्ष राजेश्वर उदय सहित अन्य सदस्यहरु र गुठीका आजीवन सदस्य साथै श्री हनुमान व्यवस्थापन समितिका सदस्य तथा वडा अध्यक्ष वरुण प्रसाद रेग्मी र अन्य महानुभावज्यूहरुको उपस्थिति रहेको थियो।



अध्यक्षज्यूवाट तानसेन गुठी काठमाडौंका मनकारी सदस्यज्यूहरुबाट संकलित राहत रकम वारे प्रकाश पार्दै कोभिड-१९ को महामारीमा लकडाउनको बेला देखि तानसेन शाखाको समन्वयमा पाल्पाको विभिन्न स्थानमा निरन्तर रूपमा राहत सहयोग गर्ने सुवर्ण अवसर प्राप्त भएको बारे प्रकाश पार्नु भएको थियो। साथै उहाँले भगवती जात्रामा रथ बोक्ने ४४ जना कुमालहरुलाई राहत वितरण तथा गुठीको स्वास्थ्य सहयोग र हनुमान मन्दिरको निर्माण तथा जिर्णोद्धारमा सहयोग गर्नुहुने दाताज्यूहरुको नाम तथा प्राप्त रकम बारे जानकारी सहित श्री हनुमान व्यवस्थापन समितिका सदस्य तथा वडा अध्यक्षज्यूलाई रु.१,९१,५२२।-(अक्षरुपी एक लाख एकानब्बे हजार पाँचसय बाईस रुपैयाँ) हस्तान्तरण गर्नुभएको थियो। वडा अध्यक्षज्यूले रकम ग्रहण गर्दै स्थानीय सरकारले गर्नुपर्ने काम गुठीले गरिदिनु भएकोमा आभार प्रकट गर्दै गुठीको प्रशंसा गर्नुभएको थियो। साथै आफुले सोचेको भन्दा बढी सहयोग रकम प्राप्त भएकोमा गुठीका मनकारी सदस्यज्यूहरु प्रति हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दै मन्दिर परिसरमा दाताज्यूहरुको नाम शिला-पत्रमा रहने जानकारी गराउनु भएको थियो।

गुठीका आजीवन सदस्य तथा माननीय प्रदेश सभा सदस्य डा.पुरणमान बज्राचार्यज्यूबाट तानसेन गुठी काठमाडौंले स्वास्थ्य क्षेत्रमा दिँदै आएको आर्थिक सहयोग रकम

प्यारालाइसिस् भएर लामो समय देखि अस्वस्थ हुनुभएका असन टोल निवासी श्री पारस रत्न शाक्यलाई उहाँको स्वास्थ्य लाभको कामना सहित रु.२३,०००।- (अक्षरुपी तेइस हजार रुपैयाँ) हस्तान्तरण गर्नुभएको थियो। मन्तव्यको क्रममा उहाँले गुठीले तानसेनको शैक्षिक, सामाजिक, धार्मिक, साँस्कृतिक क्षेत्रको विकासमा गर्दै आएको सहयोगको प्रशंसा गर्नुभएको थियो। तानसेनको ऐतिहासिक जात्रालाई निरन्तरता दिने रथ बोक्ने कुमाल समुदायका ४४ जनालाई खाद्यान्न राहत वितरण र मन्दिर निर्माण र मूर्ति सौजन्य जस्तो पवित्र तथा कुशल कार्य गर्नुभएकोमा गुठीलाई धन्यवाद दिनुभयो। यसै गरी शाखाका निवर्तमान अध्यक्ष तथा भगवती व्यवस्थापन समितिका अध्यक्ष राजेश्वर उदयले धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणमा गुठीले देखाएको सहयोग अनुकरणीय रहको बताउनु भयो। अन्तमा, अध्यक्ष सर्जुमान लिगलले कर्मथलो काठमाडौं लगायत बाहिर भएपनि तानसेन गुठीका सदस्यहरुको संस्थागत रुपमा तानसेनको विकासमा सम्भव भएसम्म निरन्तर लागिरहेको बताउनुभयो। साथै उहाँले गुठी सदैव आफ्नो क्षमता अनुसार असल कार्य गर्नमा प्रतिवद्ध रहेको र सबैको साथ-सहयोग रहनेमा विश्वास राख्दै सम्पूर्ण कार्य सफलता पूर्वक सम्पन्न गर्नमा तानसेन गुठी शाखाका कार्यबाहक अध्यक्ष सुशिल प्रसाद प्रधान लगायत पदाधिकारीज्यूहरु तथा पूर्व अध्यक्षज्यूहरु प्रति तानसेन गुठीको तर्फबाट हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दै सभा विसर्जन गर्नुभएको थियो।

## हनुमान मन्दिर जिर्णोद्धारका लागि सहयोग गर्नुहुने दाताहरूको नामावली तथा प्राप्त रकम

| क्र.सं. | दाताको नाम | बैंक | प्राप्त मिति | प्राप्त रकम |
|---|---|---|---|---|
| १ | भगवती प्रसाद श्रेष्ठ | कुमारी बैंक | १४ अक्टुबर २०२० | १००० |
| २ | सुजन भारी | मुक्तिनाथ | २८ जुलाई २०२० | १००५ |
| ३ | संजय मान बैश्यत | कुमारी बैंक | २१ जुलाई २०२० | २५०५ |
| ४ | रमेश नारायण श्रेष्ठ | कुमारी बैंक | १८ अगष्ट २०२० | ३००० |
| ५ | सर्जु लाल बज्राचार्य | कुमारी बैंक | १८ डिसेम्बर २०२० | २५०० |
| ६ | प्रज्वल प्रसाद कसजु | सानिमा बैंक | २१ जुलाई २०२० | १००५ |
| ७ | दिनेश मान मल्ल | कुमारी बैंक | २१ जुलाई २०२० | २५५५ |
| ८ | गृह मान सिंह | मुक्तिनाथ | बचन बद्धता | २५०० |
| ९ | ऐश्वर्य मान बैश्यत | सानिमा बैंक | २२ जुलाई २०२० | २०२५ |
| १० | अनुप लाल कक्षपति | कुमारी बैंक | १ नोभेम्बर २०२० | २००५ |
| ११ | निरज भारी | कुमारी बैंक | २६ जुलाई २०२० | १००५ |
| १२ | सर्जु मान लिगल | मुक्तिनाथ | २८ जुलाई २०२० | ३५५५ |
| १३ | पदम न्यौपाने | कुमारी बैंक | ३० जुलाई २०२० | २००० |
| १४ | दीपक थान्जु | सानिमा बैंक | २५ जुलाई २०२० | ११११ |
| १५ | कोकिला गोबिन्द श्रेष्ठ | सानिमा बैंक | २६ जुलाई २०२० | ३५०० |
| १६ | लक्ष्मण प्रसाद श्रेष्ठ | कुमारी बैंक | १४ अक्टुबर २०२० | १००५ |
| १७ | प्रा.डा.पुरन प्रसाद श्रेष्ठ | मुक्तिनाथ | २८ जुलाई २०२० | ५००० |
| १८ | सुबर्ण लक्ष्मी मुनंकमी | मुक्तिनाथ | २८ जुलाई २०२० | १०००० |
| १९ | मधु मुनंकमी | मुक्तिनाथ | २८ जुलाई २०२० | २०२५ |
| २० | रेखा मुनंकमी | मुक्तिनाथ | २८ जुलाई २०२० | २०२५ |
| २१ | स्लेश्मा राजभण्डारी | मुक्तिनाथ | २८ जुलाई २०२० | ११२५ |
| २२ | सयुजा राजभण्डारी | मुक्तिनाथ | २८ जुलाई २०२० | २०२५ |
| २३ | आरजु श्रेष्ठ | सानिमा बैंक | २८ जुलाई २०२० | ५००० |
| २४ | डा.तुल्सी प्रसाद श्रेष्ठ | कुमारी बैंक | २९ जुलाई २०२० | २५०० |

| क्र.सं. | दाताको नाम | बैंक | प्राप्त मिति | प्राप्त रकम |
|---|---|---|---|---|
| २५ | सुधिर मान बैश्यत | सानिमा बैंक | २९ जुलाई २०२० | ५००० |
| २६ | शुभाष चन्द्र राजभण्डारी | सानिमा बैंक | २९ जुलाई २०२० | ५५५५ |
| २७ | आशिष गुरुङ | कुमारी बैंक | १८ अगष्ट २०२० | १०१७० |
| २८ | बिन्जु श्रेष्ठ | कुमारी बैंक | ३१ जुलाई २०२० | ११०० |
| २९ | कोकिला गोबिन्द श्रेष्ठ | सानिमा बैंक | २ अगष्ट २०२० | ३०००० |
| ३० | शुशिला प्रधान | कुमारी बैंक | १५ डिसेम्बर २०२० | ११११ |
| ३१ | दशरथ प्रसाद श्रेष्ठ | कुमारी बैंक | ५ अगष्ट २०२० | ५००० |
| ३२ | प्रा.डा.मनोहर लाल श्रेष्ठ | कुमारी बैंक | १९ अक्टोबर २०२० | ३५००० |
| ३३ | पुष्प लाल/कमला श्रेष्ठ | कुमारी बैंक | १६ डिसेम्बर २०२० | ५००० |
| ३४ | गंगा लिगल | कुमारी बैंक | १६ डिसेम्बर २०२० | ५००० |
| ३५ | प्रमी श्रेष्ठ | कुमारी बैंक | १९ डिसेम्बर २०२० | २०००० |
| ३६ | सन्तोष मान लिगल | कुमारी बैंक | २१ डिसेम्बर २०२० | १५०५ |
| ३७ | चंचली श्रेष्ठ | कुमारी बैंक | २१ डिसेम्बर २०२० | २००५ |
| ३८ | अनुप मान/पुष्पा श्रेष्ठ | कुमारी बैंक | २१ डिसेम्बर २०२० | ३१०० |
| | | | | १९१५२२ |

SAGARMATHA SILKS & PASHMINA
New Baneshore, Kathmandu 44600



# जे.पी प्रतिष्ठान मैत्री सेवा आश्रम
# खाद्यान्न सहयोग कार्यक्रम

नेपाल अधिराज्यभरि २०७७ चैत्र ११ गते देखि लकडाउनको अवस्थामा तानसेन गुठी काठमाडौंको गुठियार तथा सदस्य परिवारहरूको आर्थिक सहयोगबाट पाल्पा जिल्लाको  विभिन्न स्थानमा तानसेन शाखाको समन्वयमा अशक्त, दु:खी तथा पीडित परिवारलाई निरन्तर राहत (खाध्यान्न) वितरणको कार्यक्रम गर्दै आइरहेको थियो। केही महिना पछि विस्तारै विस्तारै लकडाउन खुल्ला हुँदै गएकोले दैनिक ज्यालादारी, मजदुर तथा कामदारहरू आ–आफ्नो कार्यमा फर्कनुका साथै उद्योग, व्यापार, व्यवसाय क्रमश: खुल्ला भएकोले पीडित परिवारको समस्या न्यून हुँदै गएकोले तानसेन गुठीले साँखु शंकरापुर, लप्सिफेदीस्थित जे.पी.प्रतिष्ठान मैत्री सेवा आश्रममा रहनु भएका असहाय जेष्ठ नागरिकहरूको सहयोगार्थ विविध खाध्यान्न सहयोग हस्तान्तरण कार्यक्रम गर्ने निर्णय गरेको थियो। कोभिड १९ को संक्रमण निर्मूल भैनसकेको परिस्थितिलाई ध्यानमा राखी  सिमित संख्यामा पूर्व अध्यक्षहरू, कार्यकारी सदस्यहरू सहित १४ जनासम्म सहभागीभई कार्यक्रम सम्पन्न गर्ने निर्णय अनुसार २०७७ साल माघ १० गते शविारको दिन निम्नलिखित सदस्यहरू जम्माभई सो कार्यक्रमको लागि प्रस्थान गरेका थियौं।

१. पूर्व अध्यक्ष श्री करुणा गोविन्द श्रेष्ठ,
२. पूर्व अध्यक्ष गृहमान सिंह
३. निवर्तमान अध्यक्ष शान्ता शाक्य
४. अध्यक्ष सर्जुमान लिगल
५. उपाध्यक्ष निलम गोगंल श्रेष्ठ
६. सचिव प्रमी श्रेष्ठ
७. कोषाध्यक्ष जीवन ज्योति बज्राचार्य
८. पूर्व कार्यसमिति सदस्य  अशोक प्रकाश प्रधान
९. पूर्व कार्यसमिति सदस्य  जयन्ती श्रेष्ठ
१०. आजीवन सदस्य मनोहर राज मास्के
११. आजीवन सदस्य सुजन भारी
१२. सदस्य श्रीमती जमुना प्रधान लिगल
१३. गंगा प्रधान श्रेष्ठ
१४. रन्जु गुरुङ

यस कार्यक्रमको लागि गाडी व्यवस्था साथै सबैलाई समयमा प्रस्थान गराउने कार्यमा कोषाध्यक्ष जीवन ज्योति बज्राचार्यज्यू निरन्तर लाग्नु भएको थियो। उक्त कार्यक्रमको पूर्व तयारी गर्नको लागि साँखु स्थित मैत्रीसेवा आश्रममा यस गुठीका पूर्व अध्यक्ष श्री लक्ष्मण प्रसाद श्रेष्ठ तथा श्रीमती पूर्णकला श्रेष्ठ र गुठी आजीवन सदस्य श्री सावित्री मल्ल कक्षपती एवं मैत्री सेवा आश्रामका आजीवन सदस्य, वरिष्ठ साहित्यकार श्री अशेष मल्लज्यूहरू एकदिन अगाडि नै पुग्नुभएको थियो। स्मरण रहोस्, गुठीका पूर्व अध्यक्ष श्री लक्ष्मण प्रसाद श्रेष्ठ तथा उहाँकी धर्मपत्नी श्रीमती पूर्ण कला श्रेष्ठ उक्त संस्थाका संस्थापक सदस्य रहनुभई निरन्तर सेवा गर्दै आइरहनु भएको छ।





काठमाडौंको गौशाला चोकदेखि ३६ किलेमिटरको दुरीमा रहेको यस आश्रम करीव २ घण्टाको बाटोमा आदरणीय वरिष्ठ आजीवन सदस्य श्री मनोहरराज मास्केज्यूको रमाइलो विविध कुराकानी सुन्ने तथा आपसमा भलाकुसारी गर्दै बिहान १० बजे आराम सँग पुगेका थियौं। केही समय आराम पछि आश्रममा आगन्तुकका लागि व्यवस्थित अर्गानिक मिठो स्वादिष्ठ भोजनको व्यवस्था गरिएको थियो।

**स्वागत तथा हस्तान्तरण कार्यक्रम**

गुठीका अध्यक्ष सर्जुमान लिगलको सभापतित्वमा, पूर्व अध्यक्षहरू, निवर्तमान अध्यक्ष र जे.पी.प्रतिष्ठान मैत्रीसेवा आश्रमका संस्थापक एवं अध्यक्ष तथा योजनाकार समाजसेवी मित्रसेन दाहाल लगायत गन्यमान्य महानुभावहरूलाई आसन ग्रहण गराउँदै सचिव प्रमी श्रेष्ठबाट कार्यक्रम सञ्चालन गर्नुभएको थियो। गुठीका अध्यक्षज्यूले कार्यक्रमबारे प्रकाश पार्दै आफ्नो सान्दर्भिक मन्तव्य व्यक्त गर्दै विविध खाद्यान्न रु.६०,३,११।– (अक्षरुपी साठी हजार तिनसय एघार रुपैयाँ) बराबरको सहयोग हस्तान्तरण गर्नुभएको थियो। मैत्री सेवा आश्रमका योजनाकार, संस्थापक तथा अध्यक्षज्यूले कार्यक्रममा उपस्थित सम्पूर्ण गुठियार सदस्यज्यूहरुलाई रुद्राक्षको माला लगाइदिएर स्वागत गर्दै आश्रम बारे प्रकाश पार्नु भएको थियो। उहाँले सडकमा दुःख पाएका गरीव असहाय वर्गलाई नि:शुल्क बस्न पाउने व्यवस्थादेखि घर परिवारबाट कुनै पनि सेवा, स्याहार-सुसार पाऊनबाट बन्चित रहनु भएका साथै






आफ्नो ईच्छाले शान्त वातवरणमा आनन्दसँग बस्न चाहनुहुने व्यक्तिहरूको लागि यो आश्रम खुल्ला रहेको बताउनु भयो। साथै सोही अनुसार बिना शुल्क तथा न्यून शुल्कको आवश्यक व्यवस्थासहित आश्रममा बस्न पाउने बारे जानकारी गराउनु भयो।

यस आश्रममा संस्थाले बिना कुनै रकम असुली उपलब्ध गराएको जग्गा (स्थान) मा संस्थाको नियमानुसार कतिपय परिवारका सदस्यले आफ्नो निजी सम्पत्ति प्रयोग गरी सुविधायुक्त भुइँतल्ले फ्ल्याट निर्माण गरी बस्नुभएको पनि जानकारी गराउनु भयो। समग्रमा यस लोककल्याणकारी कार्यमा सबैको सहकार्य, सहभागिता र अनुदानबाट निर्माण भएको बताउनु भयो। त्यसकारण आफ्नो गच्छे अनुसार जो सगँ जे छ त्यही दान गरी पुण्य कमाउने यस पवित्र भूमिमा तानसेन गुठीका सदस्यहरुबाट आर्थिक श्रोत जुटाई खाद्यान्न सहयोग गर्नुभएकोमा संस्थाका अध्यक्षज्यूले हार्दिक धन्यवाद व्यक्त गर्नुभयो।

गुठीका निम्न सदस्यज्यूहरूबाट उक्त संस्थाको आजीवन सदस्यता वापत प्रति व्यक्ति रु.१२,०००।– शुल्क तिरेर सदस्य बन्नुभई सामाजिक सेवामा समर्पण हुने अवसर पाउनुभएको थियो।

१. आजीवन सदस्य श्री गृहमान सिंह
२. आजीवन सदस्य श्री मनोहर राज मास्के
३. आजीवन सदस्य श्री शान्ता शाक्य
४. आजीवन सदस्य श्री सर्जुमान लिगल
५. आजीवन सदस्य श्री निलम गोगंल श्रेष्ठ
६. आजीवन सदस्य जयन्ती श्रेष्ठ
७. आजीवन सदस्य प्रमी श्रेष्ठ

आश्रमका अध्यक्षज्यूबाट आजीवन सदस्य बन्नु भएकोमा गुठियार सदस्यज्यूहरूलाई हार्दिक धन्यवाद सहित पुनः स्वागत गर्नुभएको थियो।

यस संस्थाको आश्रममा कुनै पनि सदस्यज्यूहरू केही दिन नि:शुल्क खान बस्न तथा इच्छा भएमा सेवा गर्न






समेत पाउने सुविधा रहेको जानकारी प्राप्त भयो। साथै यस कार्यक्रममा श्री मनोहरराज मास्के आफू रहेसम्म यस आश्रम र तानसेन गुठीलाई ३६५ दिनमा प्रत्येक वर्ष वार्षिक रूपमा रु.३६५।- रुपैयाँ चढाउने घोषणा समेत गरी आफ्ना पुत्रहरुलाई पुण्यकाममा प्रेरित गर्न अनुरोध गर्दै सहभागी हुने अवसर प्रदान गर्नुभएकोमा गुठीलाई धन्यवाद व्यक्त गनुभयो। आजीवन सदस्य सुजन भारीबाट रु.२,०००।- (अक्षरुपी दुइ हजार) आर्थिक सहयोग गर्नुभयो।

### बधाई तथा सम्मान कार्य

यस गुठीका पूर्व अध्यक्ष श्री लक्ष्मणप्रसाद श्रेष्ठज्यू तथा श्रीमती पूर्णकला श्रेष्ठज्यूबाट आफ्नो तर्फबाट समाजसेवी श्री मित्रसेन दाहल तथा उहाँकी धर्मपत्नी श्रीमती शकुन्तला दाहालज्यूलाई पाल्पाली ढाका टोपी, आसकोट र ढाकाको पछ्यौरा ओढाई उहाँहरुको उतरोत्तर प्रगतिको कामना गर्दै खादा ओढाई सम्मान गर्नुभएको थियो। यसरी समाजिक सेवाको भावले तानसेन गुठीले खाद्यान्न सहयोग जस्तो असल कार्यक्रम गरी उहाँहरूलाई मायाँको चिनो स्वरुप सम्मान गर्नुभएकोमा हार्दिक कृतज्ञता ज्ञापन गर्नुभएको थियो। यस संस्थाका अध्यक्षज्यूले आश्रममा तानसेन गुठीको लोगो अंकित नामाकरण रहने उद्घोषण समेत गर्नुभएको थियो।

### गौमातामा प्रसाद ग्रहण गराउने कार्य

जे.पी.प्रतिष्ठान मैत्री सेवा आश्रमका अजीवन सदस्य, प्रज्ञा प्रतिष्ठानका आजीवन प्राज्ञ, नाटककार, लेखक तथा वरिष्ठ साहित्यकार अशेष मल्लज्यूले आफ्नी आमाको स्मृतिमा त्यस संस्थामा स्थापित रू. १,११,१,११।- कोषबाट र गुठी आजीवन सदस्य प्रा. डा. सावित्री मल्ल कक्षपतीज्यूले आफ्नी आमाको स्मृतिमा गौमातालाई भोजन गराउने कार्यक्रम समेत रहेको थियो। उक्त अवसरमा बाच्छी सहित १९ वटा गौमातामा गहुँको रोटी तथा भेली (सख्खर) प्रसादको रूपमा ग्रहण गराउने कार्यमा सम्पूर्ण गुठियार सदस्यज्यूहरू सहभागी भएर पुजनीय माताहरूमा श्रद्धा सुमन अर्पण गरिएको थियो। मैत्री सेवा आश्रममा रहेको गौमातालाई एक दिनमा दुई बोरा भुस्सा, एक बोरा पिठो, आवश्यकता अनुसार नुन, औषधी, भिटामिन आदि खर्च भइरहने जानकारी गराउनुभयो। उक्त गौमाताबाट उत्पादित दुध, दही, मोही आश्रममा रहनुहुने जेष्ठ नागरिकहरूलाई पोषिलो खाना प्रयोजनको लागि गाई पालन गरिएको जानकारी गराउनु भयो। दुधबाट उत्पादित स्वादिष्ट कुराउनी (खुवा) बाट बनाएर सजाईएको नाङ्ग्लो भरिको केक रातो रुमालले ढाकेर गुठीका अध्यक्ष, निवर्तमान अध्यक्ष लगायत पूर्व अध्यक्ष र बयोवृद्ध सदस्य उपस्थित गराई सरप्राईज कार्यक्रमको रुपमा संयुक्त उद्घाटन गराउनु भएको थियो। सो रातो रुमाल खोल्दा अति मेहेनतका साथ सजाएको कुराउनीको आकर्षक शब्द 'I love you Tansen Guthi . Wish you Long live' लेखिएको देखेर हामी अति रोमाञ्चित भएका थियौं। अन्तमा सबैलाई प्रसादको रूपमा स्वादिष्ट कुराउनी वितरण गरिएको थियो जुन पल अविस्मरणीय रह्यो।

### चलचित्र 'यात्रा' प्रदर्शन

सोही अवसरमा आश्रममा आश्रित जेष्ठ नागरिकहरूलाई मनोरन्जन गराउने उद्देश्यले गुठीका अध्यक्ष सर्जुमान लिगलको सौजन्यमा नेपाली कथानक चलचित्र 'यात्रा' तथा म्यूजिक भिडियो 'त्यहीँ सच्चा नेपाली' को प्रदर्शन गरिएको थियो। उहाँकै पहलमा उक्त आश्रममा पहिले नै प्रिज्मा कम्पनीको ५६ इन्च को एल.सि.डि. कलर टि. भी. (रु.७५,०००।-बराबरको) नि:शुल्क जडान समेत भएको थियो। उहाँ स्वयम् चलचित्र 'यात्रा'का कार्यकारी निर्माता भएर निर्माण गर्दा कलाकारको



भूमिकामा अभिनयको लागि जे .पी. प्रतिष्ठान आश्रमको विभिन्न क्षेत्रमा छायाँङ्कन समेत भएको साथै आश्रममा आश्रित जेष्ठ नागरिकहरूलाई समेत चलचित्रमा समेटेर छायाँकन गरिएको कारण उहाँहरूलाई मनोरन्जनको लागि सिनेमा देखाउने कार्य भएको थियो। सोही समयमा उपस्थित गुठियार सदस्यज्यूहरू चलचित्र अवलोकन गर्दै मनोरन्जन लिएर केही समय आराम गर्ने अवसर समेत प्राप्त भएको थियो।

### बिदाई तथा उपहार

चलचित्र आवलोकन पछि आश्रममा व्यवस्था गरिएको खाजा नास्ता ग्रहण गर्दै सबैजना केही समय मनोरम् दृष्यावलोकनमा रमाइरहेका थिए। संस्थाका अध्यक्षले सबैजनालाई आश्रमको अर्गानिक फर्ममा उत्पादित अर्गानिक काउली, हरियो रायोको साग उपहार सहित विदाई गर्नु भएको थियो। यसरी उहाँबाट उपस्थित सम्पूर्ण सदस्यज्यूहरू आश्रममा प्रवेश गरेदेखि विदाईको बेलासम्म सम्मानपूर्वक आतिथ्यता देखाउनु भएकोमा हामी सबै नतमस्तक भयौं। उहाँले हामीहरूप्रति गर्नुभएको स्वागत सत्कार सँधैको लागि स्मरणमा रहने छ। यसरी हामी सम्पूर्ण गुठियार सदस्य जे.पी प्रतिष्ठान मैत्री सेवा आश्रमको खाद्यान्न वितरण कार्यक्रम सम्पन्न गरी काठमाडौंको लागि प्रस्थान गर्दा बेलुकाको ४.३० बजेको थियो। काठमाडौंमा सबैजनालाई आ–आफ्नो घर पायक पर्ने स्थानसम्म माईक्रो बसले सेवा पुर्याएकोमा तथा आफ्नो जिम्मेवारी लगनशील तथा कर्तव्यनिष्ठ भै निर्वाह गर्नुभएकोमा कोषाध्यक्ष जीवन ज्योति बज्राचार्यलाई विशेष धन्यवाद ज्ञापन गर्दै सहभागी सबैलाई कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नुभएकोमा अध्यक्षज्यूबाट हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्दै विदा लिएका थियौं।

तानसेन गुठीले २८ वर्ष पार गरी २९ औं वर्ष प्रवेशको अवसरमा गुठीको उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।



"महिला सहयोगीको अभियान, महिला सशक्तिकरण र सम्मान"

'उद्यमी बनौं, सफल महिलाको पहिचान दिऔं'

| संस्थाले प्रदान गर्ने कर्जाहरू : | संस्थाले संकलन गर्ने वचतहरू : |
|---|---|
| १. लघुवित्त कर्जा | १. समूह वचत |
| २. व्यवसायीक समूह कर्जा | २. व्यक्तिगत वचत |
| ३. धितो कर्जा | ३. योजना वचत |

निर्मला आचार्य
अध्यक्ष
महिला सहयोगी बचत तथा ऋण सहकारी संस्था लि.
का.म.न.पा.-२९, सामाखुसी, काठमाडौं, फोनः ४३८७०३१, ४३८८८८७

# इन्फ्लूएन्जा (Influenza) तथा निमोनिया (Pneumonia) भ्याक्सिन कार्यक्रम

इन्फ्लूएन्जा भ्याक्सिन वर्षको एक पटक लगाउनु र निमोनिया भ्याक्सिन पाँच वर्षको एक पटक लिनु स्वास्थ्यको दृष्टिकोणले अति नै लाभदायक रहेको छ। यस गुठीका स्वास्थ्य समितिका संयोजक प्रो.डा. मनोहरलाल श्रेष्ठको अनुसार विशेष गरेर यो भ्याक्सिन जाडो महिना शुरुहुनु भन्दा अगाडि अगष्ट सेप्टेम्बर भित्र लिनु अति उत्तम मानिन्छ। विशेष गरेर यो खोप डाक्टरहरू तथा उपचारमा खट्ने स्वास्थ्यकर्मीहरुले निरन्तर हरेक वर्ष लिने गरेका हुन्छन्। यो खोप ४० देखि ४५ वर्ष उमेर काटेका व्यक्तिहरू तथा जेष्ठ नागरिकहरूले लिनु अति राम्रो मानिन्छ। वर्तमान कोभिड १९ महामारीको भयावह अवस्थामा यसको औषधी विकास नभएको अवस्थामा एलर्जी तथा रुघा लागिरहने व्यक्तिहरुको लागि अति आवश्यक भएको सम्वन्धित डाक्टरहरूको सुझाव समेत प्राप्त भएको थियो। यसलाई मध्यनजर राख्दै गुठीको आयोजनामा २०७७ साल असोज २६ गते बसेको कार्यसमितिले इन्फ्लूएन्जा (Influenza) तथा निमोनिया (Pneumonia) भ्याक्सिन कार्यक्रम स्वास्थ्य समितिका संयोजक प्रा.डा. श्री मनोहर लाल श्रेष्ठज्यूको संयोजकत्वमा विविध स्वास्थ्य सुरक्षा अपनाएर पायक पर्ने स्थानमा कार्यक्रम गर्ने निर्णय गरेको थियो। कोभिड महामारीको अवस्थाले विदेशको हवाईमार्ग, स्थलमार्ग समेत् ठप्प भएको तथा सर्वसाधारणलाई आवत जावत समेत निषेध गरिएको कारण अगष्ट-सेप्टेम्बर (भदौ–असोज) महिना भित्र विविध कारण यो कार्यक्रम गर्न सम्भव भएको थिएन। तसर्थ कार्तिक महिनामा कार्यक्रम गर्ने निर्णय गरेको थियो।

**प्रथम चरण :**

**इन्फ्लूएन्जा तथा निमोनिया भ्याक्सिन कार्यक्रम**

२०७७ कार्तिक १५ गते शनिवारको दिन 'द वेकरी क्याफे', पुलचोक ललितपुरमा दिनको १२ बजे देखि खोप लगाउने बारे गुठीबट फेसबुक, भाईवर, तथा कार्यसमिति पदाधिकारीहरूको सम्पर्क नम्वर सहित सम्पूर्ण गुठीका सदस्य तथा परिवारमा सूचना जारी गरिएको थियो। सोही अनुसार
















प्राप्त नाम, मिति र समय अनुसार आ–आफ्नो समयमा प्रवेश गराइएको थियो। प्रति घण्टा २० जनाको सँख्यामा १२ बजे, १ बजे, २ बजे, ३ बजेको फरक फरक समय दिएर अनिवार्य रुपमा माक्स, साथै अन्य स्वास्थ्य सुरक्षा अपनाएर सहभागी हुनुहुन अनुरोध गरिएको थियो। उपस्थित गुठियार सदस्य तथा परिवारका सदस्यहरूलाई सेनिटाइजर प्रयोगको व्यवस्था साथै आपसमा सामाजिक दुरी कायम राखी इन्फ्लूएन्जा तथा निमोनिया भ्याक्सिन लगाउने कार्य सम्पन्न भएको थियो। उक्त समयमा गुठी स्वास्थ्य समितिका संयोजक श्रेष्ठज्यूले आवश्यक सरसल्लाह तथा सुझाव दिईराख्नु भएको थियो। दिर्घ रोगी तथा अन्यलाई आवश्यक सरसल्लाह लिनु परेको खण्डमा उहाँसँग सम्पर्क राख्न सकिने व्यवस्था मिलाईएको थियो। उहाँकै संयोजनमा चार जना नर्सहरू खोप लगाउन व्यवस्था समेत गरिएको थियो। खोप लगाउनु हुने महानुभावहरूले शुरूमा आफ्नो समय अनुसारको नाम दर्ता तथा शुल्क खोप सप्लायर्सलाई भुक्तान गर्नुपर्ने वास्तविक मूल्य रहेको निमोनिया रु.१४००।-(एक हजार चारसय) र निमोनिया रू.५३००।- (पाँच हजार) रुपैयाँ गरी थप रकम रु. ५०।- रुपैयाँ प्रति व्यक्ति नर्सिङ सेवा शुल्क भुक्तान गरे लगतै प्राप्त गर्नुभएको कुपनको आधारमा सामाजिक दुरी कायम राखी पालै पालो खोप लगाउने कार्य निरन्तर ३ बजेसम्म चलेको थियो। यसरी पहिलो चरणमा ११० जना सदस्य सहभागी हुनुभएको मध्ये ८८ जना इन्फ्लूएन्जा र ६६ जनाले निमोनियाको सुई लगाउनु भएको थियो।

**दोश्रो चरण :**

**इन्फ्लूएन्जा तथा निमोनिया भ्याक्सिन कार्यक्रम**

२०७७ साल कार्तिक २२ गते शनिवारको दिन पुनः खोपको कार्यक्रम हुने र इच्छुक गुठियार तथा आफन्तहरुले मिति २०७७ साल कर्तिक २० गतेसम्म अन्तिम नाम दर्ताको लागि सूचना जारी गरिएको थियो। साथै जसको नाममा अर्डर सहित बुक भएको औषधि हो सो फिर्ता नलिने सर्त रहेकोले यस विषयमा सबैको ध्यानाकर्षण समेत गराइएको थियो। दोश्रो चरणको भ्याक्सिन कार्यक्रम गर्न वर्तमान कोभिड महामारीको कारण निकै डिमाण्ड रहेको औषधि सप्लायर्स कम्पनीसँग पाउन अति कठिन अवस्था हुँदै गएको थियो। तर पनि कार्यक्रम संयोजक डा. श्रेष्ठज्यू (कन्सल्टेन्ट सर्जन एण्ड ग्यास्ट्रोईन्टरियनलोजी) तथा गुठीका अध्यक्ष सर्जुमान लिगलको निरन्तर प्रयासका कारण विभिन्न श्रोत र माध्यमबाट आवश्यकता अनुसारको औषधि परिपूर्ति गर्न सफल भएको थियो। यस कार्यक्रमको लागि औषधि उपलब्ध गराउनमा बन्दिपुर विकास समाजका अध्यक्ष डा. श्री मदन कुमार पिया (वरिष्ठ छाती रोग तथा क्यान्सर विशेषज्ञ) को महत्वपूर्ण भूमिका रहेको थियो। यस कार्यक्रम संचालनको लागि गुठीका पूर्व अध्यक्ष श्री श्याम सुन्दर लाल कक्षपतीज्यूले 'द वेकरी क्याफे' पुलचोक, ललितपुरमा स्थान उपलब्ध गराई सहयोग गर्नुभएको थियो। यसरी दोश्रो चरणको इन्फ्लूएन्जा तथा निमोनिया भ्याक्सिन कार्यक्रममा ९० जना सहभागी भएका मध्ये ८१ जना इन्फ्लूएन्जा र ५० जनाले निमोनिया भ्याक्सिन लगाउनु भएको थियो। यसरी सबैको साथ सहयोग र सहभागिताको कारण तानसेन गुठीले पूर्ण सफलतकासाथ सेवाको भावले इन्फ्लूएन्जा तथा निमोनिया भ्याक्सिन दिने कार्यक्रम सम्पन्न गरेको थियो। आगामी दिनमा पनि यस किसिमको कार्यक्रमलाई निरन्तरता दिन तानसेन गुठी सँधै प्रतिबद्ध रहने छ।

सन्दर्भ लेखन सर्जुमान लिगल।

# पाल्पामा प्रदेश स्तरीय फिल्म सुटिङ सेन्टर स्थापनाको पहल

नेपाल सरकारको आ.व. २०७७-७८को बजेटमा हरेक प्रदेशमा कम्तिमा एउटा चलचित्र छायाँङ्कन गर्ने स्थलको रूपमा विकास गर्ने उल्लेख भए अनुसार पाल्पामा यसको सम्भाव्यता बारे मिति ....... मा एक छलफल कार्यक्रमको आयोजना भएको थियो। ऐतिहासिक, सांस्कृतिक, भौगोलिक र प्राकृतिक सौन्दर्यले भरिपूर्ण लुम्बिनी प्रदेशको सबैभन्दा धनी जिल्ला पाल्पालाई फिल्म नगरीको रूपमा विकास गर्न तानसेन गुठी काठमाडौं र पाल्पाली-संगम काठमाडौंले संयुक्त रूपमा एक प्रारम्भिक छलफल र अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो। कार्यक्रममा नेपाल चलचित्र विकास वोर्डका अध्यक्ष दयाराम दाहाल लगायत पाल्पाली फिल्म कलाकार, उत्पादक र पाल्पा सम्बद्ध संस्थाहरूको सहभागिता रहेको थियो। सो अवसरमा पाल्पामा फिल्म निर्माणका लागि आवश्यक पर्ने पूर्वाधारहरू प्रशस्त रहको, नेपालको पुरानो तथा मौलिक सांस्कृतिक नगर तानसेन बजार भएकोले यहाँ उपलब्ध ऐतिहासिक र सांस्कृतिक धरोहरहरू अति आर्कषक र महत्वपूर्ण भएको हुँदा फिल्म निर्माणका लागि महत्वपूर्ण स्थल रहेको साथै यस आसपासका क्षेत्रमा प्रशस्त छायांङ्कन स्थलहरूको विकास गर्न सकिने विषयमा संगमका अध्यक्षको अवधारणागत प्रस्तुतिमा व्यापक छलफल भएको थियो।

प्रस्तुत अवधारणामा नेपालमा पनि विधागत फिल्म विकास र निर्माणको ट्रेण्ड शुरु भएको सन्दर्भमा पाल्पामा अवस्थित विध्यमान दरवारहरू, प्रेमको प्रतीक रानीमहल, सूर्योदय देखिने रिम्घा लेक, प्राकृतिक तालहरू, यहाँको सामाजिक संरचना, विभिन्न जातजातिको बसोबास, भाषा, खानपान, नमूना गाउँ र बस्ती रहेका छन्। साथै तराई र मध्यपहाडमा रहेको अत्यन्त सहज पहुँच रहेको जिल्ला, जुनसुकै मौसममा पनि अनुकूल हावापानी लगायतको कारणले पाल्पालाई ओपन स्टूडियोका रूपमा उपयोग गर्न सकिने जानकारी गराइएको थियो। तानसेन वतासेडाँडालाई केन्द्रविन्दु बनाएर हिमाली श्रृङ्खला, मनोरमस्थल श्रीनगर, पारीलेक बुद्ध भगवान, गोर्खेकोट, माडीफाँटको सराइ, रामपुर फाँट, वेगनास डाँडा, रिव्दीकोट ,गुफाचौर , कुसुम खोला जस्ता क्षेत्रहरू धार्मिक तथा साँस्कृतिक र प्राकृतिक रुपमा भरपूर उपर्युक्त स्थानहरू हुन् भन्ने विषयमा छलफल भएको थियो।

चलचित्र निर्माता तथा तानसेन गुठीका अध्यक्ष सर्जुमान लिगलबाट स्वागत भाषण गरी शुरू भएको उक्त कार्यक्रममा कलाकार तथा फिल्म निर्देशक नारायण रायमाझी, कलाकारहरू धिरेन शाक्य र शर्मिला मल्ल, फिल्म निर्माता चिजकुमार श्रेष्ठ, पाल्पाली संगमका पूर्व अध्यक्ष अशोक महर्जन र गुठीका कोषाध्यक्ष जीवन ज्योति बज्राचार्यबाट आ-आफ्नो मन्तव्य राखिएको थियो। छलफल पश्चात् चलचित्र विकास बोर्डका अध्यक्ष दयाराम दाहालले चलचित्र विकासको लागि बढी संभावना रहेको पाल्पा, तानसेनलाई उच्च प्राथमिकतामा राख्नुपर्ने साथै कलाकार, उत्पादक, र पाल्पा संवद्ध संस्थाहरुको पहल अत्यन्तै सह्राहनीय रहेको बताउँदै पाल्पामा सम्भाव्यता अध्ययन गरिने जानकारी सहित यस बिषयलाई महत्वका साथ निरन्तरता दिन आग्रह समेत गर्नुभयो।

यसैक्रममा मिति २०७७ मंसिर ३ गते पाल्पामा चलचित्र छायाँङ्कन स्थल निर्माण (फिल्म सिटी)को पहलको लागि नेपाल चलचित्र विकास बोर्डका अध्यक्ष समक्ष पाल्पाली संगम र तानसेन गुठीका अध्यक्ष द्वय तथा तानसेन गुठीका आजीवन सदस्य भरत देउराली, गुठी संस्थापक सदस्य तथा पाल्पाली संगमका पूर्व अध्यक्ष अशोक महर्जन सहितको टोलीले संयुक्त रूपमा प्रस्तावना सहित निवेदन पेश गरेको थियो। बोर्डका अध्यक्षले निवेदन ग्रहण गर्दै अध्ययनका लागि यथाशिघ्र टोली पाल्पा तर्फ पठाउने प्रतिवद्धता समेत जाहेर गर्नुभयो।

### अध्ययनटोली पाल्पामा

मिति २०७७ फागुण १२ गते पाल्पा प्रदेश स्तरीय फिल्म सुटिङ्ग सेन्टरको रूपमा विकास गर्न सम्भाव्यता अध्ययनका लागि नेपाल चलचित्र बोर्डमा तानसेन गुठी र पाल्पाली-




**पाल्पा फिल्म सुटिङ्ग स्थलको रूपमा विकास गर्न चलचित्र विकास बोर्डका अध्यक्षसँग पहिलो बैठक, काठमाडौँ**






नेपाल चलचित्र विकास बोर्डमा पाल्पा फिल्म सिटीको पहलमा नेपाल चलचित्र विकास बोर्डमा प्रस्तावना सहित निवेदन पेश

संगमको संयुक्त निवेदन तथा प्रयास र अनुरोध अनुरुप नेपाल चलचित्र विकास बोर्ड, सञ्चार मन्त्रालयका सचिव, सूचना तथा प्रविधि मन्त्रालयका प्रतिनिधिहरु तथा प्रदेश आन्तरिक मामिला मन्त्रालयका सचिव सहित १७ सदस्यीय अध्ययन टोलीले पाल्पाको भ्रमण गर्यो। उक्त टोलीलाई पाल्पा स्वागत सत्कार तथा सम्भावित क्षेत्र अवलोकन गराउन सहयोग गर्न निवेदक संस्था द्वय तानसेन गुठी र पाल्पाली सगंम सहभागी हुनुपर्ने आग्रह अनुरुप पाल्पाली संगमका पूर्व अध्यक्ष अशोक मर्हजन तथा वर्तमान अध्यक्ष पदम न्यौपाने र अवलोकन टोलीका सदस्य तथा कलाकार धिरेन शाक्य साथै तानसेन गुठीका अध्यक्ष सर्जु मान लिगलको सहभागिता थियो।

पाल्पामा सम्भावित क्षेत्र अवलोकन पश्चात तानसेन नगरपालिकाको आयोजनामा नगर प्रमुख अशोक कुमार शाहीको सभापतित्वमा तानसेन नगरका विभिन्न वडाका अध्यक्ष र सदस्यहरु, पत्रकार महासंघ पाल्पाका अध्यक्ष, सञ्चारकर्मीहरुको सहभागितामा फिल्म सुटिङ स्थलगत अध्ययन टोलीको स्वागत तथा छलफलको कार्यक्रम भयो।

चलचित्र विकास वोर्डले तयार पारेको विविध आवश्यक पूर्वाधारहरुले उपयुक्त निर्माण स्थलको रुपमा पाल्पा वतासे डाँडा रहेको जानकारी सहित उक्त जग्गा जमीन बारे विस्तृत जानकारी लिने काम अध्ययन टोलीबाट भयो। सो अवसरमा नगर प्रमुख अशोक कुमार शाहीबाट वतासे डाडाँको जग्गा तथा अन्य आवश्यक सहयोग रहने प्रतिवद्धता जनाउँदै उहाँहरुमा काम कारवाही अगाडि बढाउन आग्रह तथा सफलताको लागि शुभकामना समेत व्यक्त गर्नुभयो। पाल्पामा सुटिङ्ग-स्थलका लागि पहल गर्ने, प्रतिवद्धता जनाउने आवद्ध सँघ सँस्था तथा व्यक्तिहरुमा धन्यवाद ज्ञापन गर्दै सभा विर्सजन भयो।

अध्ययन टोली तथा नगरपालिकाका तर्फबाट अध्ययन गरिएको स्थान उपलव्ध गराउने लिखित प्रतिवद्धता र जग्गाको क्षेत्रफल सहितको नक्सा उपलव्ध गराउन न.पा.लाई अनुरोध गरेको थियो। कार्यक्रम पश्चात टोलीले आफ्नो आन्तरिक बैठक गरी पाल्पालाई सिफारिस गर्ने गरी माइन्यूट गरेको जानकारी गराइएको थियो।







पाल्पामा सम्भावित क्षेत्रहरू अवलोकनपछि तानसेन नगरपालिकामा स्वागत तथा छलफल कार्यक्रम

## चलचित्र विकास वोर्डमा बुझाएको पत्र

श्रीमान् दयाराम दाहालज्यू
अध्यक्ष, नेपाल चलचित्र विकास बोर्ड
काठमाण्डौ

मिति: २०७७-८-३

**विषय: पाल्पामा चलचित्र छायाँकन स्थल(फिल्म सिटी) निर्माण, तथा अध्ययनका लागि पहल गरिदिने सम्वन्धमा।**

महोदय,

पाल्पा ऐतिहासिक, सांस्कृतिक, भौगोलिक र प्राकृतिक सौन्दर्यले भरिपूर्ण लुम्बिनी प्रदेशको सबैभन्दा सम्भावनायुक्त जिल्ला हो। इतिहासमा यो एक सश्क्त राज्य रहेको र यसको पहिचान अहिले रहेका कतिपय भौतिक, सांस्कृतिक र ऐतिहासिक संरचनाले गराइरहेका छन्। यस्ता संरचनाहरु महत्वपूर्ण सम्पदाको रुपमा मुलुककै गहनाका रुपमा रहेका छन्।

भौगोलिक हिसावले यहाँको प्राकृतिक सौन्दर्यलाई मुलुककै अति मनोरम, स्वच्छ र शुद्ध भनेर परिभाषित गरिन्छ। कम उचाईको समथर भूभाग देखि झण्डै दुइहजार मिटर अग्ला स्थानमा रहेको यो जिल्लामा सायद यसै कारणले पनि मुलुकका अधिकाशं चलचित्रहरु निर्माण र छायांकन गर्ने गरिन्छ।

पाल्पा, लुम्बिनी प्रदेशको एक भौगोलिक विविधता सहितको जिल्ला हो। यहाँको मानव विकास सूचकांकले लुम्बिनी प्रदेशमा मात्र होइन मुलुककै अग्रिणी जिल्ला पनि हो। विशेषगरी मगर तथा नेवार संस्कृतिको बाहुल्यता रहेको यो जिल्ला लुम्बिनी प्रदेशमा एक मात्र बौद्ध संस्कृति रहेको जिल्ला पनि हो।

नेपालको अर्थतन्त्रमा नेपाली फिल्म बजारको प्रभाव र योगदान न्यून रहेको र यसलाई बढाउन यस क्षेत्रले समय समयमा छलफल र सम्भावनाहरुको खोजी गर्दै आएको सन्दर्भमा पाल्पाले पनि यसका बारेमा छलफल र सम्भावनाको खोजी गरिरहेको छ। नेपाली फिल्म उद्योगमा प्रकृति र सँस्कृतिको प्रभाव अधिक रहेको पृष्ठभूमिमा पाल्पाले पनि यसबारे गम्भीर समिक्षा गर्ने कार्यमा अग्रसर रहेको छ। यसै सन्दर्भमा पाल्पालाई नेपाली फिल्म उद्योगको एक आकर्षक क्षेत्रको रूपमा विकास गर्ने लक्ष्यका साथ पाल्पा सम्बद्ध सबै पक्षहरुको एकमत देखिएको छ।

पाल्पा आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षणको थलो भएको कुरा सर्वविदितै छ। पाल्पाले पर्यटन क्षेत्रका विविध क्षेत्रहरु खेल पर्यटन, संस्कृति र संस्कार पर्यटन, फिल्म पर्यटन, स्वास्थ्य पर्यटन, शिक्षा पर्यटन, जोखिम पर्यटन, धार्मिक तथा आध्यात्मिक पर्यटन, प्रकृति पर्यटन, ग्रामीण पर्यटन, इतिहास पर्यटन, सामुदायिक वन र पर्यावरण पर्यटन लगायतका क्षेत्रहरूमा आफ्नो विकासको रणनीतिमा पहिलो प्राथमिकता बनाएको छ। यसका बारेमा समय समयमा छलफल तथा अन्तरक्रिया गरिरहेको छ। पाल्पालाई अग्रणी चलचित्र छायाँकन क्षेत्रको रूपमा विकास गर्न सकिने आधार एवं औचित्यका सन्दर्भमा पाल्पा र काठमाण्डौमा अन्तरक्रिया समेत सम्पन्न गरिएका छन्।

प्रत्येक प्रदेशमा एक फिल्म सेन्टरको विकास गर्ने नेपाल सरकारको लक्ष्य अनुरूप पाल्पाको सम्भाव्यताको वारेमा समेत यस्ता छलफल आयोजना गरिँदै आएको छ।

विभिन्न छलफल तथा अन्तरक्रिया कार्यक्रमहरूमा व्यक्त विचार र पाल्पाको सम्भाव्यता बारे नेपाल चलचित्र विकास वोर्डको सक्रियतामा सम्भाव्यता अध्ययन गराई पाल्पालाई प्रदेश स्तरिय फिल्म सेन्टरको रुपमा विकास गर्न अध्ययन गरी पहल गरिदिन हुन सादर अनुरोधका साथ यो प्रस्ताव पेश गरेका छौं।

**आवेदक संस्थाहरु :**

सर्जुमान लिगल
अध्यक्ष
तानसेन गुठी काठमाडौं
फोन: ९८५१०७३४२५

पदम न्यौपाने
अध्यक्ष
पाल्पाली संगम काठमाण्डौ
फोन ९८५१०६०७७०

# पाल्पामा प्रदेश स्तरिय चलचित्र छायाँङ्कन स्थल (फिल्म सुटिङ स्टूडियो) स्थापनाका लागि अध्ययन गरिदिन आग्रह सहितको नेपाल चलचित्र वोर्ड समक्ष प्रस्ताव

**पृष्ठभूमिः**

ऐतिहासिक, सांस्कृतिक, भौगोलिक र प्राकृतिक सौन्दर्यताको हिसावले पाल्पा जिल्ला लुम्बिनी प्रदेशकै सबैभन्दा धनी जिल्ला हो। इतिहासमा यो एक सश्क्त राज्य रहेको कुरा यहाँ अवस्थित कतिपय संरचना तथा पहिचानहरूले अवगत गराइरहेका छन्। यस्ता संरचनाहरु तथा सम्पदाहरू मुलुककै गहनाका रुपमा रहेका छन्।

भौगोलिक हिसाबले यहाँको प्राकृतिक सौन्दर्यतालाई मुलुककै अति मनोरम भनेर परिभाषित गरिन्छ। कम उचाइको समथर भूभाग देखि झण्डै दुइहजार मिटर अग्ला स्थान भएको यो जिल्लामा सायद यसैकारणले पनि मुलुकको अधिकाशं फिल्महरु निर्माण वा सुटिङ गर्ने गरिएको पाइन्छ।

हरेक प्रदेशमा एक फिल्म सेन्टरको विकास गर्ने नेपाल सरकारको लक्ष्य अनुरूप पाल्पाको सम्भावनाका वारेमा समेत यस्ता छलफल आयोजना गरिदै आएको छ।

पाल्पा लुम्बिनी प्रदेशको सबैखाले सम्पदा सम्पन्न भएको जिल्ला हो। यहाँको मानव विकास सूचकांक अनुसार लुम्बिनी प्रदेशमा मात्र होइन मुलुककै अग्रिणी जिल्ला पनि हो। विशेषगरी मगर तथा नेवार संस्कृतिको बाहुल्यता रहेको यस जिल्ला लुम्बिनी प्रदेशमा एक मात्र बौद्ध संस्कृति पनि रहेको जिल्ला हो।

नेपालको अर्थतन्त्रमा नेपाली फिल्मी क्षेत्रको योगदान न्यून रहेको र यसलाई कसरी बढाउन सकिन्छ भन्ने बारे समय समयमा छलफल र सम्भावनाहरुको खोजी हुँदै आएको सन्दर्भमा पाल्पाले पनि यस वारेमा छलफल र खोजी गरिरहेको छ। नेपाली फिल्म उद्योगमा प्रकृति र संस्कृतिको प्रभाव अधिक रहेको पृष्ठभूमिमा पाल्पा जिल्ला पनि यसबारे गम्भीर समिक्षा गर्ने कार्यमा अग्रसर रहेको छ। यसै सन्दर्भमा पाल्पालाई नेपाली फिल्म उध्योगको एक आकर्षक क्षेत्रको रुपमा विकास गर्न पाल्पा सम्वद्ध सबै पक्षहरुको एकमत रहेको छ।

स्वदेशी तथा विदेशी पर्यटकहरूको लागि आकर्षणको थलो बनेको पाल्पा जिल्ला पर्यटनका विविध क्षेत्रहरु जस्तैः खेल पर्यटन, संस्कृति र संस्कार पर्यटन, फिल्म पर्यटन, स्वास्थ्य पर्यटन, शिक्षा पर्यटन, जोखिम (साहसी)पर्यटन, धार्मिक तथा आध्यात्मिक पर्यटन, प्राकृतिक पर्यटन, ग्रामीण पर्यटन, इतिहास पर्यटन, सामुदायिक वन र पर्यावरण पर्यटन लगायतका क्षेत्रहरुलाई विकासको रणनीतिमा मुख्य प्राथमिकतामा राखिएको छ। यस वारेमा समय समयमा छलफल तथा अन्तरक्रिया गरिनुका साथै पाल्पालाई फिल्म सुटिङ क्षेत्रको रुपमा विकास गर्न सकिने आधार एवं औचित्यताका सन्दर्भमा काठमाण्डौमा अन्तरक्रिया समेत गरिएको थियो।

**औचित्यः**

- पाल्पामा नेपाली कथानक चलचित्रहरू सिन्दुर, कान्छी लगायत चलचित्र छायांकन गरिएको र अहिले पनि गरिँदै आएको छ।
- सामाजिक चलचित्र 'गोर्खापल्टन'को अधिकाशं भाग पाल्पामै छायांकन गरिएको थियो।
- पाल्पामा विध्यमान छायांकन स्थलहरु प्राकृतिक अवस्थामै सुन्दर तथा मनोरम भएकोले छायांकनमा लाग्ने खर्चमा निकै कटौती (कम लागत खर्च) हुने चलचित्र उत्पादक तथा निर्देशकहरूले बताउँदै आएका छन्।
- चलचित्र सुटिङको लागि अति आवश्यक पर्ने उपर्युक्त वातावरण तथा पूर्वाधारहरु निर्माणको लागि सरकार (प्रदेश वा संघीय) को सक्रिय लगानी प्रारम्भ गर्नुपर्ने बारे निकै पहिलेदेखि माग गरिंदै आएको छ।
- सबै स्थानीय निकायहरु व्यवस्थित विकासको लागि आफ्ना अवधारणा तर्जुमा गरिरहेको र आ आफ्नो निकायमा चलचित्र क्षेत्रका लागि उपयुक्त वातावरण बनाउने तर्फ लगानी बढाउन तत्पर र क्रियाशील रहेका छन्।

**उद्देश्यः**

- पाल्पा पर्यटकीय आकर्षणको केन्द्र भएकोले फिल्म पर्यटनमा पनि स्थापित गराउने गरी प्रदेश स्तरीय फिल्म सुटिङ स्थलको रुपमा विकास गर्ने।
- पाल्पा स्थित तानसेनको बतासेडाँडालाई केन्द्रविन्दु बनाएर माडीफाँटको सराइ, रामपुर फाँट, बगनास डाँडा, रिब्दीकोट, गुफाडाँडा, कुसुमखोला जस्ता क्षेत्रहरूमा आवश्यक विकास कार्यमा मद्दत गर्ने।
- पाल्पामा विध्यमान ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक र प्राकृतिक सम्पदाहरुको प्रवर्धन गरी नेपाली फिल्म उद्योगमा नमूना क्षेत्रको रुपमा विकास गर्ने।
- नेपाल सरकार, चलचित्र विकास वोर्ड र फिल्म उद्यमीहरूको साझेदारीमा पाल्पालाई नयाँ लगानी गन्तव्यको रूपमा विकास गर्ने।
- भारतीय तथा विदेशी फिल्म उद्यमीहरूको समेत आकर्षण हुने क्षेत्रको रूपमा विकास गर्ने।

- पाल्पा र वरिपरिका जिल्लाको संस्कृति, भाषा, जनजीवन लगायतलाई फिल्म उध्योग मार्फत सामाजिक तथा आर्थिक क्षेत्रमा रुपान्तरण गर्ने।
- पर्यटकहरूको आगमन बढाई तानसेनलाई पर्यटकीय सांस्कृतिक नगरीको रूपमा विकास गर्ने।

**पाल्पाका आधारहरू:**

- पाल्पामा फिल्म सुटिङका लागि आवश्यक पूर्वाधारहरु रहेको र लुम्बिनी प्रदेशको एकमात्र जिल्ला जहाँ सबै पूर्वशर्त र आवश्यकताहरु पूरा भएका छन्।
- पाल्पाको तानसेन वजार मौलिक संस्कृतिको नगर र नेपालको पुरानो शहर तथा यहाँ उपलव्ध ऐतिहासिक र सांस्कृतिक धरोहरहरू निकै महत्वपूर्ण रहेको, भौगोलिक अवस्था र हावापानी निकै अनुकूल रहेको र यसको आसपासका क्षेत्रहरूमा विस्तारका प्रशस्त सम्भावना रहेका छन्।
- नेपालमा विधागत फिल्म विकासको ट्रेण्ड शुरु भएको सन्दर्भमा यसका लागि आवश्यक प्राय सबै पुर्वाधारहरू पाल्पामा विद्यमान रहेका छन्।
- यहाँको सामाजिक जीवन, विभिन्न जात-जाति, भाषा, संस्कार, फरक फरक जीवन शैली, जनजीवन, खानपान, नमूना गाउँ र बस्तीहरु रहेका छन्।
- जुनसुकै मौसममा पनि अनुकूल हावापानी रहने तराइ र मध्यपहाडको पहुँच अत्यन्त सहज रहेको जिल्ला हो। यहाँ आउटडोर, इन्डोर र ओपन स्टूडियोका लागि अत्यन्त उपयोगी स्थानहरू पर्याप्त मात्रामा रहेका छन्।
- पाल्पामा अवस्थित दरवारहरु तानसेन दरवार, रानीघाट (प्रेमको प्रतीक रानीमहल) , अर्गली दरवार राणा कालीन र सेनवंशीय प्रतीक पनि हुन।
- रामकालीन संस्कृति र तथ्यहरूसँगको सम्वन्ध नजिक रहेको रामपुर फाँट पनि यही जिल्लामा रहेको छ।
- लोक संस्कृति र संस्कारले भरपुर यो जिल्लाले फिल्म उद्योगका हस्तीहरु समेत जन्माएको छ।
- सूर्योदय देखिने रिम्घा लेक, प्राकृतिक तालहरु, डेढ दर्जन हिमाल र हिमश्रृँङ्खलाहरू, विशाल र मनमोहक फाँटहरु पनि छन्।
- हिन्दु धर्मावलम्वीहरुको चार धाम मध्येको रिडी धाम, गणेशधाम, शिवधाम, राम्दी धाम र नवलपरासीको त्रिवेणी धामदेखि मुक्तिनाथधाम पुग्ने कालिगण्डकी करिडोर पनि यही जिल्लामा पर्दछ।
- कालिगण्डकी नदी र यसमा व्यवस्थित गर्न लागिएको र्याफ्टिङ स्थल, प्रशस्त होचा र उच्च स्थानमा खेल मैदान, पार्कहरु र व्यवस्थित बजार केन्द्रहरु पनि रहेका छन्।
- उत्तर फर्किदा हिमाल र दक्षिण फर्किदा तराई देखिने क्षेत्र पनि हो पाल्पा।
- छिमेकी जिल्ला रुपन्देही गौतमबुद्धको जन्मस्थल र नवलपरासी मामाघर भएको, कपिलवस्तु तिलौराकोट दरवारको अवशेष रहेको र यहाँको विशिष्टता अवधि र मैथली भाषा र थारु संस्कृतिसंग पनि यस जिल्लासँग नजिकको सम्वन्ध रहेको छ।
- पहाडी जिल्लाहरु गुल्मी र स्याङ्जा पनि प्राकृतिक हिसाबले त्यत्तिकै धनी र पाल्पाबाट सहज पहुँच भएका जिल्लाहरू रहेका छन्।
- पाल्पा पर्यटकीय नगरी पोखराबाट मात्र ४ घण्टाको दुरी, बुद्ध जन्मस्थल लुम्बिनीबाट २ घण्टाको दुरीमा रहेको छ।
- आगन्तुकहरुलाई बसोवासका लागी सुविधा सम्पन्न होटल, रिसोर्ट, होमस्टे उपलव्ध भएको जिल्ला हो।
- पाल्पामा स्वास्थ्य सेवाका लागि दुई ओटा ठूला अस्पताल तथा १ मेडिकल कलेज र हरेक निकायमा सुविधा-सम्पन्न स्वास्थ्य अस्पताल तथा केन्द्रहरूको उपलव्धता रहेको छ।
- पर्यटन उद्योगको लागि निजी क्षेत्रको लगानी आकर्षण भएको र ठूला लगानी (विदेशी) का लागि सम्भावना भएको जिल्ला हो।

**कार्यक्रम:**

- नेपाल चलचित्र वोर्ड समक्ष पाल्पा तानसेनमा प्रदेशस्तरीय फिल्म सुटिङ क्षेत्र निर्माणका लागि अध्ययन गर्न अनुरोधसहितको प्रस्ताव पेश गर्ने।
- नेपाली फिल्म उद्यमी, निजी लगानीकर्ता र सम्वन्धित सँस्थासँग अन्तरक्रिया गर्ने।
- यसका बारेमा सबै स्थानीय सरकार, प्रदेश सरकार र योजना आयोग तथा सङ्घीय सरकार एवं सांसदहरूसँग अन्तरक्रिया र घोषणाका लागि अनुरोध गर्ने।
- उल्लेखित सवै कार्यको पहलका लागि पाल्पा, रुपन्देही, कपिलवस्तु, नवलपरासी, गुल्मी, अर्घाखाँची लगायतका जिल्लाका कलाकारहरु सहितको सहभागितामा एउटा कार्यक्रम गर्ने।

**प्रारम्भिक संयोजन र पहल:**

पाल्पाबाट काठमाडौं उपत्यकामा आई वसोवास गरेका पाल्पालीहरुको सबै भन्दा पुरानो र साझा संस्था पाल्पाली संगम काठमाण्डौ र पाल्पा तानसेनबाट काठमाडौं उपत्यकामा आएका नेवारी संस्कृति नजिक रहेकाहरूको संस्था तानसेन गुठी काठमाडौंले यसमा पहल गर्नेछन्। तर जिल्लामा यसका लागि वेग्लै संयोजन समिती गठन गरी कार्य गरिने छ।

# २०७७ सालको गुठी पूजा तथा वार्षिक भेला

विश्वव्यापी कोभिड-१९ महामारीको अवस्थालाई ध्यानमा राख्दै सबैजना सुरक्षित रही स्वास्थ्य सुरक्षा अपनाउनुपर्ने साथै नेपाल सरकारले कुनैपनि सभा समारोह तथा भेला, जात्रा-पर्व गर्न निषेध गरेको अवस्था रहेको थियो। आर्थिक वर्ष २०७६-२०७७ मा हुनुपर्ने गुठीको २८औं वार्षिक भेला कार्यक्रम तथा साधारण सभा हुन सकेन। २०७७ श्रावण २८ गते बुधवार नवमीका दिन पाल्पा स्थित श्री ७ रणउर्जीरेश्वरी भगवती माताको रथ-यात्रा (पर्व) को दिन गुठीको वार्षिक पूजा गुठीका अध्यक्ष सर्जुमान लिगलको निवासमा रणउजिरेश्वरी भगवती माताको प्रतिमूर्तिमा विधिवत् पूजा गरी सम्पन्न गरिएको थियो। उक्त अवसरमा उहाँका धर्मपत्नी जमुना कुमारी प्रधान लिगल सहित परिवारका अन्य सदस्य तथा गुठीका कोषाध्यक्ष जीवन ज्योति बज्राचार्य र कार्यकारी सदस्य राजु प्रसाद प्रधानको उपस्थितिमा कोरोना महामारीको अन्त्य तथा सम्पूर्ण गुठियार सदस्यहरू र परिवारजन, आफन्त सबैको सुख शान्ति, सुस्वास्थ्य र समृद्धिको कामना गर्दै भक्ति-भाव पूर्वक रमाइलो वातावरणमा कार्यक्रम सम्पन्न गरिएको थियो।

यस वर्ष तानसेन पाल्पामा कुनैपनि जात्रा पर्व तथा रथ यात्रा परिक्रमा नभएता पनि पाल्पा स्थित समस्त देवी देवताहरुको जात्रा पूजा खर्च तथा रथ परिक्रमा गराउन हरेक वर्ष निरन्तर पठाइरहेको आर्थिक सहयोग वापत विभिन्न अक्षयकोषहरूबाट प्राप्त व्याज रकम जम्मा रु.१,७०,४६८।- (अक्षरुपी एक लाख सत्तरी हजार चारसय अठ्सठ्ठी रुपैयाँ) तानसेन पठाइएको थियो। उक्त रकम २०७७ श्रावण २७ गते मंगलवार कृष्ण जन्माष्टमीका दिन भगवती मन्दिर परिसरमा पाल्पा शाखाको एक कार्यक्रम बीच हस्तान्तरण गरिएको थियो।





**गुठी पूजा तथा बार्षिक भेला कार्यक्रम, २०७७**

## गुठीबाट आ.व.२०७७-०७८ मा जात्रा सञ्चालनको लागि पाल्पामा पठाइएको सहयोग

| क्र.सं. | विभिन्न मठ मन्दिर जात्रा | ठेगाना | प्राप्त गर्ने व्यक्ति | रकम |
|---|---|---|---|---|
| १ | श्री रणउर्जीरेश्वरी भगवती मन्दिर | भगवती टोल | श्री राजेश्वर उदय | ९५०९१ |
| २ | श्री नगर सिद्धि विनायक मन्दिर | श्री नगर | केदार लाल श्रेष्ठ | १४६५७ |
| ३ | श्री सूर्य विनायक गणेश मन्दिर | टक्सार टोल | श्री कृष्ण प्रसाद शाक्य | २३४३ |
| ४ | श्री बुद्ध भगवान रथयात्रा गुठी | टक्सार टोल | श्रीचिनियालाल बज्राचार्य | २३४३ |
| ५ | श्री भिमसेन मन्दिर | भगवती टोल | श्री मनोहर लाल श्रेष्ठ | ५३४३ |
| ६ | श्री भिमसेन मन्दिर | भिमसेन टोल | श्री सुरेन्द्र नाथ गोंगल | ५३४३ |
| ७ | श्री आनन्द बिहार | भिमसेन टोल | श्री विनय राज बज्राचार्य | २३४३ |
| ८ | श्री वटुक भैरव मन्दिर | अमरगञ्ज | श्री शुवर्ण मुनी शाक्य | १३९१७ |
| ९ | श्री लक्ष्मी नारायण मन्दिर | बसन्तपुर टोल | श्री महेन्द्र भट्टराई | २३४३ |
| १० | श्री पाल्पा भैरव मन्दिर | पाल्पा भैरवस्थान | श्री राजेन्द्र नेपाल | ३८०१ |
| ११. | काल भैरव मन्दिर | टक्सार टोल | श्री रामलाल शाक्य | २३४३ |
| १२. | श्री अमर नारायण मन्दिर | नारायण टोल | श्री नारायण प्रसाद कोइराला | २०६०१ |
| | जम्मा रकम | पाल्पा तानसेन | | १७०४६८ |

तानसेन गुठीले २८ वर्ष पार गरी २९ औं वर्ष प्रवेशको
अवसरमा गुठीको उत्तरोत्तर प्रगतिको लागि
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

आजको सानो बचतले भोलिको ठूलो गर्जो टर्दछ ।

Sapana Multipurpose Co-Operative Society Ltd.
सपना बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
51-Apex Building, Kamaladi, P.O.Box: 21539 Kathmandu, Nepal
Tel: 977-1-4168625, 4168626, Fax: 977-1-4168620
E-mail: sapanampcs@yahoo.com

# ९० वर्षीय पूजा (देवरथारोहण) कार्यक्रम




गुठीका आजीवन सदस्य प्रा.डा. महेन्द्रप्रसाद श्रेष्ठ र साधारण सदस्य प्रा. डा. देवेन्द्रप्रसाद श्रेष्ठ तथा कैलाशचन्द्र श्रेष्ठ, रमेशचन्द्र श्रेष्ठ, शैलेन्द्रप्रसाद श्रेष्ठ, शरदचन्द्र श्रेष्ठ तथा छोरी शारदा राजभण्डारीज्यूका श्रध्देय पिता भगवतीप्रसाद श्रेष्ठको जन्म वि.सं. १९८७ साल भाद्र २ गते कृष्णनवमीका दिन पाल्पा जिल्लाको सुन्दर नगर तानसेन कैलाशनगर वडा न.५ मा पिता डिठ्ठा गृहेन्द्रध्वज श्रेष्ठ र माता मानकुमारी श्रेष्ठका दोस्रो पुत्रको रुपमा भएको थिए। उहाँ श्री रणउजीरेश्वरी भगवतीमाताको सिन्दुर जात्राको बजार परिक्रमाको क्रममा आफ्नो घरअगाडी पूजा अर्पण हुने बेलामा माताको प्रसाद स्वरुप जन्मनु भएकोले उहाँको नाम भगवतीप्रसाद श्रेष्ठ राखिएको हो। उहाँ तानसेन पाल्पाको शिक्षा क्षेत्रको विकासमा दिनुभएको क्रियाशिलता र योगदान स्वरूप सबैको प्रिय “भगवती मास्टर” को नामबाट परिचित हुनुभयो।

उहाँले सन् १९५१ मा बोर्ड अफ हाईस्कूल एण्ड ईन्टरमिडियट एजुकेशन उत्तर प्रदेशबाट हाईस्कूल स्तरीय परीक्षा उत्तीर्ण गर्नुभएको थियो। संगीत समिति एकेडेमी अफ म्यूजिकमा सन् १९४९ मा “जुनियर डिप्लोमा” को उपाधि हासिल गर्नुभई दुई वर्षे फस्टएड कोर्स पनि पास र हाईस्कूल स्तरीय अध्ययन एल.सि.एच.एस. स्कूल बलरामपुर, उत्तर प्रदेशबाट गर्नु भएको थियो।

उहाँ २००७ देखि २०१७ सालसम्म पद्मोदय पाल्पा पब्लिक हाईस्कूलमा अध्यापन गर्नुभएको थियो भने २०१७ साल देखि २०४८ सालसम्म बैंकिङ सेवामा रही नवौं तहको सह–विभागीय प्रमुख पदबाट राष्ट्रिय वाणिज्य बैंकबाट सेवा निवृत्त हुनुभयो। त्यसपछि उहाँ नेपाल रेडक्रस सोसाईटी रुपन्देही शाखा, रक्त संचार सेवा केन्द्र, बुटवलका कार्यकारिणी सदस्य र बुटवल नेवाःपुचको संस्थापक आजीवन सदस्य भई सामाजिक सेवामा संलग्न हुनुभयो। उहाँले आफ्नी जेठी श्रीमती देवलक्ष्मी श्रेष्ठको स्मृतिमा २०५४ सालमा बुटवल माध्यमिक विद्यालय, बुटवलमा रू.५०,०००(अक्षरूपी पचास हजार रुपैयाँ) को छात्रवृत्ति स्थापना गर्नुभएको छ। यसैगरी उहाँले तानसेन गुठीमा पद्म पब्लिक हाईस्कूलमा छात्रवृत्ति प्रदान गर्ने उद्देश्यले रु.१,२१,०००।- (अक्षरुपी एकलाख एक्काईस हजार रूपियाँ) को 'देवलक्ष्मी–शान्तीलक्ष्मी श्रेष्ठ अक्षयकोष’ स्थापना गर्नुभएको छ। उहाँले सामाजिक सेवामा निःस्वार्थ भावले निरन्तर लागिपर्नु भएकाले विभिन्न संघ संस्थाबाट सम्मानित हुनुभएको उहाँलाई तानसेन गुठी सगौरव हार्दिक बधाई ज्ञापन गर्दछ।

तानसेन गुठी काठमाडौंको आयोजनामा मिति २०७८ भाद्र १५ गते मङ्गलवार श्री रणउजीरेश्वरी भगवतीमाताको सिन्दुर जात्राको दिन उहाँको ९२ वर्षिय जन्मदिनको अवसरमा बुटवलस्थित उहाँकै निवासमा एक समारोह बीच विधिवत हिन्दू संस्कार र परम्परा अनुसार ९० वर्षिय देवरथारोहण



पूजा गरियो। उक्त अवसरमा तानसेन गुठीका अध्यक्ष श्री सर्जुमान लिगलज्यूबाट विधिवत पूजा तथा मन्त्रोच्चारण गरी विभिन्न देवीदेवताहरू सहित कुलदेवताको स्मरण गरी पूजा गर्नुभएको थियो। उहाँलाई टीका, फूलमाला, सगुन, प्रसाद अर्पण गर्दै दीर्घ– जीवन, सुस्वास्थ्य, सुख–शान्ति, र समृध्दिको मङ्गलमय शुभकामना व्यक्त गर्नुभयो। साथै गुठीका सचिव प्रमी श्रेष्ठज्यूबाट सम्मान–पत्र वाचन गरी अध्यक्ष सर्जुमान लिगलज्यू र बुटवल शाखाका अध्यक्ष श्री निर्मल प्रसाद लाकौलज्यूबाट दोसल्ला ओढाई सम्मान–पत्र अर्पण गर्नुभएको थियो। साथै सम्मानित व्यक्तित्वबाट उपस्थित सबैलाई टिका लगाइदिनुको साथै आशिर्वाद दिनुभएको थियो।

उहाँको देवरथारोहण पूजा हर्षोल्लासमय वातावरणमा सम्पूर्ण परिवारजन तथा गुठीपरिवार सहितको सहभागितामा कार्यक्रम सुसम्पन्न भएको थियो। उक्त कार्यक्रममा बुटवल शाखाका कार्यसमिति पदाधिकारीज्यूहरू लगायत अन्य सदस्यहरू उपस्थित हुनुहुन्थ्यो। गुठीबाट गरिएको सम्मानको लागि उहाँले हृदयदेखि धन्यवाद व्यक्त गर्नुभएको थियो।



# माधवराज मास्के स्मृति अक्षयकोष



वि.सं.१९९५ पौष अष्टमी बुधबारका दिन पिता अम्वरराज मास्के तथा माता सेतीलक्ष्मी मास्केको माइला पुत्रको रुपमा माधवराज मास्केको जन्म भएको थियो। उहाँका दाजु केशवराज मास्के र भाइ मनोहरराज मास्के हुनुहुन्छ। उहाँका दिदी बहिनीहरु सुश्री सत्यलक्ष्मी मास्के, पुण्यलक्ष्मी मास्के (राजभण्डारी), धनलक्ष्मी मास्के (राजभण्डारी), जयलक्ष्मी मास्के (बडगामी) हुनुहुन्छ। आफ्नो अध्ययन ८ वर्षको सानो उमेरमा नैनितालबाट शुरू गर्नुभई सेन्ट् जोसेफ कलेजबाट Senior Cambridge सम्मको अध्ययन गर्नुभएको थियो। त्यसपछि त्रिचन्द्र कलेज, काठमाडौंमा बि.एस्सी. पास गर्नुभएको थियो।

उहाँ खेलकुदप्रति अति रुचि राख्नुहुने तथा व्याडमिन्टन, फुटवल र क्रिकेट खेलको अब्बल कुशल खेलाडीको रूपमा परिचित हुनुहुन्थ्यो। विध्यार्थी जीवनमा नैनितालमा फुटबल मैदानमा खेल खेल्न सहभागी हुँदा भारतीय खेल प्रेमीहरुले उहाँलाई "आज् माधौ मास्के आए है" भन्थे। उहाँलाई माधौ माधौ भनेर सबैले खेलको मैदानमा चिच्याउने हुटिङ गर्ने गर्थ्यो। उहाँ लखनउ टिमबाट कश्मिर सम्म फुटबल खेल्न पुग्नुभएको थियो। नेपाल तथा भारतमा सञ्चालित क्रिकेट, व्याडमिन्टन, टेबल टेनिस खेलमा जित हासिल गरी पुरस्कृत हुनुभएको प्रमाणहरू उहाँको कोठामा सजाएर राखिएका चाँदीका कपहरूबाट प्रष्ट हुन्छ।

उहाँले पछिल्लो समय तानसेनस्थित भागवती टोलको घरमा रहँदासम्म तानसेनमा फुटवल तथा व्याडमिन्टन खेलको उत्कृष्ट खेलाडीनै हुनुहुन्थ्यो। साथै तानसेन, टुँडिखेलमा 'मणिमुकुन्द ट्रफी' फुटबल खेल सञ्चालन हुँदा रेफ्रीको भूमिका निभाउनुभएको थियो। यसरी उहाँको खेल प्रतिको अभिरुची धरै वर्षसम्म रहेकोले आजसम्म पनि उहाँका मित्रहरु बीच माधवराज मास्के पाल्पाली खेलाडीको रुपमा परिचित हुनुहुन्छ।

तत्कालीन नेपालका शाहवंशीय राजा गिर्वाण युद्धविक्रमको कार्यकालमा एङ्लो–नेपाल युद्धको बेला अङ्ग्रेजहरुसँग बुटवलको जितगढीमा दोश्रो पटक भएको युद्ध (वि.सं. १८७२) मा कर्णेल उजीरसिंह थापाको तैनाथवाला पाल्पामा रहेका गोर्खाली फौजको लागि उहाँको बाजे हेमराज मास्केज्यूले ६ महिनाको तलब र ६ महिनाको खाना खुवाउनको लागि सहयोग गरे बापतको असल कामको कदर स्वरुप उहाँको परिवारलाई 'फौजदार' को उपाधी दिईएको थियो।

उहाँहरुको पुर्खेली जमिन जायजेथा प्रशस्त भएको कारण जमिन्दार तथा धनाढ्य परिवारको रुपमा परिचित हुनुहुन्छ। उहाँको आमा बुवा प्रायजसो जाडोको समय तराईमा बस्ने र बटौलीका साना-ठुला व्यापारीहरूलाई व्याजमा पैसा लगाउने तथा साँवा-व्याज उठाउने, गर्मी लागेपछि भरियालाई सरसमानहरू बोकाएर तानसेन फर्कने उहाँहरूको परम्परा नै थियो।

काठमाडौं झोछें, वसन्तपुरकी निर्मला मास्के सँग २०२२ असार १८ गते शुभ विवाह भएपछि उहाँहरू दुवैजना कहिले बुटवल कहिले तानसेन गर्दै काठमाडौं लाजिम्पाटमा आफ्नै निवासमा बस्दै आउनु भएको थियो। उहाँलाई व्यापार व्यवसायमा खासै रुचि नभएता पनि २०४१ देखि २०५१ सालसम्म (१० वर्ष) काठमाडौं राजधानीको 'सोल्ड डिष्ट्रिव्यूटर्सको' रूपमा रारा चाउचाउको व्यापार गर्नुभएको थियो। व्यवसायबाट टाढा भएपछि रिटायर्डको रूपमा आफ्ना धर्मपत्नीसहित घरैमा बस्ने, साथीभाइ परिवार, आफन्तसँग रमाइलो गर्ने उहाँको दैनिकी थियो।

उहाँकी धर्मपत्नी निर्मला सँधै भन्नुहुन्छ "उहाँसँग बिताएका ५६ वर्षका प्रत्येक पल शान्त, सरल र सहयोगी रहे। उहाँले कसैको मन दुखाउनु भएको थाहा छैन सँधै सहयोगी व्यक्तिको रूपमा परिचित हुनुभएकोमा मलाई गौरव लाग्छ। त्यसकारण मैले उहाँको अनुपस्थितिमा परिवारका सदस्यहरू, आफन्त, समाजमा सबैको मायाँ पाएको छु। उहाँ सदैव अरुलाई मद्दत गर्ने कुरामा सदैब तत्पर हुनुहुन्थ्यो"। उहाँकी धर्मपत्नी निर्मलाका अनुसार, आफ्ना दाजुभाइका छोराछोरीहरूलाई शिक्षित



गराउन काठमाडौंमा जग्गा जमिन जोड्न लगाउनु, घर बनाउन लगाउनु, उहाँहरू दुबैको योगदान रहेकोले परिवारमा सबैले सम्मान गर्दथे। पछिल्लो समय शारिरीक अवस्थाले गर्दा (दमको बिरामी) पनि आफ्नो काम आफैं गर्नुपर्छ भन्ने मान्यता राखी स्वयम् औषधि पानी खानेदेखि सकेको कार्य आफैं गर्नुहुन्थ्यो।

उहाँ धार्मिक चिन्तन गर्ने आध्यात्मिक एवं सामाजिक व्यक्तित्व हुनुहुन्थ्यो। काठमाडौं लाजिम्पाट वडा निर्माण समितिका अध्यक्ष, रोटरी क्लव राजधानीका आजीवन सदस्य रही समाजिक कार्य समेत गर्नुभएको थियो। उहाँले सेवाको भावले मानवसेवा आश्रम काठमाडौं सामाखुसीमा रू.एक लाखको अक्षयकोष स्थापना गर्नुभएको छ।

बुटवलस्थित आफ्नो गाउँमा साढे तीन कठ्ठा जग्गा भगवती मन्दिर बनाउन दान दिनुभएको छ। समाजमा केही सकारात्मक असल कार्य गर्न पाएँ भने उहाँको आत्माले शान्ति पाउने साथै आफूले पनि उहाँको उपस्थिति भएको महसुस गर्न पाउने उद्देश्यले धर्मपत्नी श्री निर्मला मास्केज्यूले उहाँको स्मृतिमा २०७८ साल फागुनमा रुपन्देही जिल्ला मणिग्राम, पश्चिम पाउनीमा अक्षयधाम मन्दिरको सहयोगार्थ रू.५,००,०००।- (रू. पाँच लाख) को अक्षयकोष स्थापना गर्नुभएको छ।

यस्तैगरी तानसेन गुठीप्रतिको उहाँको आस्था तथा स्नेह सँधै ताजा भैरहोस् भन्ने उद्देश्यले श्रीमती मास्केज्यूले उहाँको श्रीमान् (स्व. माधवराज मास्के)को १३ औं दिनको पुण्यतिथि २०७७ माघ ६ गते रू.५,००,०००।- (अक्षरूपी पाँच लाख रुपैयाँ) को अक्षयकोष खोल्न समर्पण गर्नुभएको थियो। उक्त रकम २०७७ माघ २५ गते सेन्ट्रल फाइनान्स लिमिटेड कुपण्डोलमा खाता नं. C 11001023080 मा ७.५% व्याजमा 'माधवराज मास्के स्मृति अक्षयकोष'को संस्थापक दाता श्री निर्मला मास्के रहने गरी स्थापना गरिएको छ।

उक्त रकमको व्याजबाट तानसेन गुठीको वार्षिक भेला तथा कार्यक्रममा प्रत्येक वर्ष विविध उद्येश्यहरू मध्ये कुनै कार्यहरू गर्नेगरी निर्णय गरिएको छ।

गुठीको निर्णय अनुसार, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा कुनैपनि क्षेत्रमा नेपालको नाम उच्च राख्ने एकजना पाल्पालीलाई सम्मान–पत्र सहित सम्मान गर्ने।

तानसेन गुठीका गुठियार सदस्यहरू तथा परिवारमा स्वास्थ्य सहयोग गनुपर्ने भएमा गुठीको निर्णय अनुसार गर्ने।

पाल्पा तानसेनको कुनैपनि मठ-मन्दिर, पाटी-पौवा एवम् धाराको निर्माण तथा जीर्णोद्धार गर्न आवश्यक भएमा गुठीको निर्णय बमोजिम सहयोग प्रदान गर्ने।

समय अनुकूल उद्देश्यमा संस्थापक अक्षयकोष दाता एवं गुठीको समझदारीमा समायोजन हुन सक्नेछ।

उहाँले यस सँस्थाप्रति स्नेह र सेवाभावको कदर गर्दै गुठीमा अक्षयकोष स्थापना गर्नुभएकोमा हार्दिक आभार सहित धन्यवाद छ। साथै प्रात:स्मणीय उहाँ यस गुठीका आजीवन सदस्य माधवराज मास्केको मिति २०७७ साल पुष २३ गते विहिवारको दिन ८२ वर्षको उमेरमा असामयिक दु:खद निधन भएको हुनाले अत्यन्त दु:खित् भएका छौं। उहाँ जस्तो यस गुठीलाई अति नै मायाँगर्ने शुभचिन्तक तथा धार्मिक भावका एक कर्मठ निष्ठावान् व्यत्तित्वको निधनले गुठी परिवारमा अपूरणीय क्षति पुगेको छ। तानसेन गुठी परिवार गहिरो दुःख प्रकट गर्दै दिवंगत आत्माको चीरशान्तिको कामनासहित भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ। साथै यस दुःखद घडीमा शोकाकुल उहाँकी धर्मपत्नी तथा शोक सन्तप्त परिवारका आफन्तजनहरूमा धैर्यधारण गर्न सक्ने शक्ति प्राप्त होस् भनी भगवानसँग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछ।

**सर्जुमान लिगल**
अध्यक्ष, तथा तानसेन गुठी परिवार

# लाले जोकर –सुख लक्ष्मी चित्रकार स्मृति अक्षयकोष




वि.स.१९७९ सालमा जन्मनु भएका लालप्रसाद चित्रकार तानसेन भिमसेन टोलमा निवासी हुनुन्थ्यो। उहाँको बुबा नेपाले चित्रकार चित्रकारको नामबाट प्रशिद्ध थियो। त्यो बेलाको नेपाल अर्थात काठमाडौँ उपत्यकाको यो परिवार तानसेन आएको हो। यसरी आएर विशेष चर्चित रहनेलाई नेपाले भनेर विशेषण लगाउने चलन थियो। विगतमा धेरैजसो मानिसहरूले यिनै नेपाले चित्रकार परिवारबाट थरिथरिका नाग लेखाउँथे। नाग लेखाई अनुसारको मूल्य दिएर सबभन्दा भव्य नाग चिफ साहेब रुद्र शमसेरको दरबारको मूल ढोकामा तस्विरजस्तै फ्रेम र ऐनाभित्र सजाएर झुन्डाइएको हुन्थ्यो। रङ्गीन अष्टनाग अथवा कालिया दमन गर्दै रहेका कृष्ण भएको तस्विरहरू उनैले बनाएको देखिन्थ्यो। ब्राम्हणहरूको समाज जनै पूर्णिमामा धागो बाध्न र विजया दशमीमा टीका लागाउन जान्थ्यौं चिफ साहेब कहाँ। चाँदीको नया एक मोहर दक्षिणा पाइन्थ्यो। दरबारको भव्य नाग पनि बर्षेनी फरक किसिमको हुने गरी यही चित्रकार परिवारले लेख्थे। त्यसरी नागपञ्चमीमा दिन विभिन्न नागको फोटो बनाई वितरण गरेकाले चित्रकार परिवारलाई नागको पूजा नगर्दा पनि रक्षा रहने कुरामा छुट छ। साथै उनको परिवारहरूमा कसैको विवाहको उत्सव पर्न गएमा विविध कारणले बाजा गाजा बजाउन हुँदैन भन्ने मान्यता आजसम्म रहँदै आएको छ। किशोर उमेरका त्यो लाल प्रसादलाई साँस्कृतिक पर्वहरूको जात्रा शुरु भएपछि नाचसँगै सिँगारिएर अभिनय गर्ने जोकर भएको देख्न थाल्यौं। उनको हास्यव्यङ्ग्यका चुट्किला अभिव्यक्ति र अभिनयहरूबाट आमजनतामा उनी प्रसिद्ध हुँदै गए। दर्शकहरूले नृत्य नाटक आदि साँस्कृतिक कार्यक्रममा अरु पात्रहरुलाई बरु बिर्सन्थे तर लाल प्रसाद चित्रकारलाई सबै सम्झिरहन्छ। दैनिक व्यवहारको सामान्य समयमा पनि लाले आम जनतालाई मनोरञ्जन गराउँथे, पेट मिचिमिचि हाँस्ने गराउँथे। पछि यिनै चित्रकारभन्दा पनि लाले जोकरको नामबाट सुप्रसिद्ध हुन पुगे।

त्यस समयमा मञ्चमा प्रदर्शित पर्दावाला नाटकहरूमा समेत लाले जोकरको छुट्टै प्रहसन–अभिनय राख्न थालियो। समाजको विकृति र व्यङ्ग्यहरूलाई लाले जोकरले आफ्नै स्तरीयतामा अभिनय गर्दथे। उनी खास शिक्षा प्राप्त व्यक्ति थिएन, साक्षरसम्म थिए। गाउँका गोठाला, गरिब किसान र

शहर बजारका विपन्न वर्गहरूले लाले जोकरमा आफ्नै तहका मिल्दा जुल्दा, आफ्नै सुख–दुख, हाँसो–आँसुका कुरा पाउँथे। सम्पन्नशालीहरूले पनि लालेबाट पर्याप्त मनोरञ्जन लिन्थे। समय समयको गाईजात्रामा लाले जोकरको रौनकले शिखर छोएको हुन्थ्यो। लाले जोकर गाउँघरतिर जाँदा, बाटोघाटो हिँड्दा शहर– बजारका टोलछिमेकमा घुम्दा पनि भेट भएका मान्छेहरूलाई सदाबहार प्रहसन दिएर प्रसन्न पार्दथे। लालेको प्रहसन–व्यङ्ग्य हेर्न कुनै मञ्च (स्टेज), कुनै पर्व समारोह अर्थात कुनै विशेष स्थान र समयको आवश्यकता नै पर्दैनथ्यो। उनले आफ्नो कला प्रस्तुतीको लागी पाल्पाका विभिन्न स्थानमा बाहेक प्युठान, भैरहवा, वालिङ्ग, पोखरासम्म गई राजा महेन्द्रलाई पस्कने गरेका थिए। उनी वास्तवमा जनजीवनका लोककलाकार थिए। त्यस समयमा सन्तोष पन्त, मदन कृष्ण श्रेष्ठ र हरिवंश आचार्यका एकीकृत समष्टी थिए। त्यो बेला आजको जस्तो कलाकारहरूलाई प्रचारप्रसार, प्रेरणा–प्रोत्साहन दिने पत्रपत्रिका, रेडियो–टेलिभिजन र सघंसंस्थाहरू थिएनन्। सम्पन्नशालीहरूको दृष्टिमा हाँस्य कलाकार भनेको निम्नस्तरको हेय, नीच, जोकर, विदुषक ठानिन्थ्यो। आजको समय भएको भए लाल प्रसाद चित्रकार पनि विभिन्न पदक–पुरस्कार विभूषित एउटा प्रतिष्ठित कलाकारमा दरिएका हुन्थे। लालप्रसाद चित्रकारले २००७ सालको पाल्पाका आन्दोलन सफल गर्नमा एक तन्त्रीय राणा शासनको विरुद्व सशस्त्र क्रान्तिको प्रारम्भमा अगाडिको दुर्गम बाटो पार गर्न एक सिपाहीको भूमिका निर्वाह गरेको छ। पाल्पामा जनक्रान्तिको इतिहासको स्मरण गर्दा इतिहासको अक्षरमा बस्न पाउने अग्राधिकार लाल प्रसाद चित्रकारको छ। २००७ सालपछि लाले जोकरको व्यङ्ग्य र प्रहसन कला अझ उन्मुक्त भए। उनले आम जनसाधारणले बुझ्ने, मन पाराउने व्यङ्ग्य चित्र (कार्टुन) लेखनमा प्रसिद्धि पाए। उनीबाट जनपक्षीय रानीतिक ब्यङ्ग्य चित्रहरु लेखाएर बराबर भित्ताहरूमा टाँसिएको हुन्थे। दुःख र सङ्कट, शोक र अप्ठेरोमा परेको मान्छे पनि लाले जोकरको समीपमा परेपछि उसले एकैछिन भए पनि आफ्ना दुःख र पीर बिर्सन्थ्यो, एउटा आनन्द र प्रसन्नताको सजिलो जीवनको अनुभव गर्न पाउँथ्यो। यसको लागि लाले जोकरलाई न कसैले पैसा नै तिर्नु पर्दथ्यो नत अनुरोध गर्नु पर्दथ्यो। तर यलाकदा लाले जोकरलाई अफ्नो पाहुना बनाएर नास्ता पानी खुवाउन पाउँदा गाउँ नगरका व्यक्तिहरू, भट्टीपसललेहरू प्रसन्न हुन्थे, गौरव मान्थे। पछि अझ लाले जोकरलाई विभिन्न प्रजातान्त्रिक पार्टीमा आफ्नो सङ्गठनमा लिएर उनको कलाको उपयोग पार्टीको निम्ति पनि गर्ने प्रयास गऱ्यो। लाल प्रसाद केही समय “धानको बाला झुल्यो देशै रमाईलो” गीत गाउँदै गाउँ गाउँ पनि घुमे। पञ्चायती व्यवस्थामा तानसेनवासीहरूले चुनावमा लडाएर उपप्रधानपञ्चसम्म पनि बनाए। लाल प्रसाद चित्रकार अस्वस्थ भई उचित उपचारको अभावमा उनको २०२४ सालमा असमयमै ४५ वर्षको उमेरमा निधन भयो। यसरी पाल्पा तानसेनका सुप्रसिद्ध कलाकार तथा नगरका उपप्रधानपञ्चको स्वर्गारोहण भएको सम्मानमा त्यस दिन सम्पूर्ण प्रशासन, स्कुल र बजार बन्द भएको थियो। उहाँका पार्थिव शरिरलाई तानसेन बजार परिक्रमा गराई पहिलो पटक गाडीमा सजाएर राम्दीघाट कालीगण्डकीमा  अन्तिम दाहसंस्कार गरिएको थियो। उहाँका धर्मपत्नी शुभलक्ष्मीले सातवटा लालाबालालाई हुर्काउन आकाश–पाताल एक गरिन्। उनका छोराहरू एकादशी चित्रकार अस्त, किरण, मिलन र तीनजना छोरीहरू महालक्ष्मी, पूर्णलक्ष्मी र बुद्धलक्ष्मी हुर्के बालिग भएर नयाँ शाखा सन्तान पनि बढाइरहेका छन्। यो श्रमजीवी परिश्रमी परिवार जीवन संघर्षबाट कहिले हारेन। अहिले बसबिसौनीबाट मिसन हस्पिटल, भुसलडाँडासम्म बिरामीहरूलाई ओसार्ने भएका छन्। त्यस्तै गरी केही न केही काम गर्दै चित्रकारका यी सन्तानहरूले आमा शुभलक्ष्मीको सेवा गरेका छन्। साभार: कृति आमा, म र पाल्पा, कमल राज रेग्मी,  प्रकाशन वि.सं. २०६६) उनै लाल प्रसाद श्रेष्ठको उनका साहिला छोरा किरण चित्रकार पाल्पा तानसेन बसपार्कमा होटल तथा रेष्टरेण्ट व्यवसाय गर्दै तानसेन पाल्पाको विविध जात्रा पर्वको तथा गाईजात्रामा हास्यव्यङ्ग्य कला र प्रहशन गर्दै बुबाको कलालाई जीवन्त राख्दै पाल्पाको आफ्नो संस्कृति परम्परा जोगाएर राख्न प्रयासरत छ। किरण चित्रकार तानसेन पाल्पाका हाँस्य व्यङ्ग्यकार तथा पाल्पाली नाट्यकला सांस्कृतिक समूहका अध्यक्ष हुनुहुन्छ। उहाँको आमा सुखलक्ष्मी चित्रकारको २०५४ सालमा स्वर्गारोहण भएको थियो। बुबा लाल प्रसाद चित्रकार तथा आमा सुखलक्ष्मी चित्रकारको सम्झनामा रु २५,०००/–(पच्चिस हजार रुपैयाँ) तानसेन गुठीको संरक्षणमा रहने गरी लाले जोकर–सुख लक्ष्मी चित्रकार स्मृति अक्षयकोष स्थापना गर्नुभएको छ। उक्त व्याजको रकमबाट दृष्टिविहीनहरूमा एस.इ.इ. परिक्षामा उत्कृष्ट अङ्क ल्याउनेलाई विद्यार्थीलाई नगद सहयोग हस्तान्तरण गर्ने रहेको छ। उक्त रकममा यस गुठीको नाममा मुक्तिनाथ विकास बैंक लि. कमलादी शाखा FD: MF11035406318 मुद्दती खातामा जम्मा रहेको छ। यसरी उहाँले यस संस्थाप्रति स्नेह र सेवाको भावको कदर गर्दै गुठीमा अक्षयकोष स्थापना गर्नुभएकोमा हार्दिक आभार सहति धन्यवाद छ।

# 'देवी-सरस्वती अक्षय कोष'



वि.सं. १९९३ साल आश्विन नवमीका दिन कैलाशनगर, तानसेनमा स्व. पिता केवलप्रसाद सिमाङ्गैंडा श्रेष्ठ तथा स्व. माता श्रीमती तेजमाया सिमाङ्गैंडा श्रेष्ठको नौजना सन्तान मध्ये ठाइँला सुपुत्रको रूपमा देवीध्वज सिमाङ्गैंडा श्रेष्ठको जन्म भएको थियो। चारजना दाइहरू, एकजना भाइ र तीनजना दिदीबहिनीहरूसँग रमाईलो वातावरणमा उहाँको बाल्यकाल बितेको थियो।

उहाँले तानसेनको पहिलो स्कूल, २००३ सालमा अमरगंज पौवामा स्थापित पद्म पब्लिक हाईस्कूलमा स्थापना भएकै सालमा कक्षा तीनमा भर्ना भएर कक्षा छसम्म त्यहीँ अध्ययन गर्नुभएको थियो। तत्कालीन राणा शासनकालमा दलितहरूलाई स्कूलमा पढ्न मनाही गरिएको थियो। यही सन्दर्भमा ईन्द्रलाल भारती मास्टर, उहाँको बुबा केवलप्रसाद सिमाङ्गैंडा र अन्य साथीहरू मिलेर सर्वसाधारण जनताहरू सबै समान हुन् सबैले पढ्न पाउनु पर्छ भन्ने उद्देश्यले २००७ सालमा जनता माध्यमिक विद्यालय (जे.भी.टी.) को स्थापना भएपछि उहाँ पनि त्यही स्कूलमा अध्ययन गरी एस.एल.सी. पास गर्नुभयो। २०१३ सालमा काठमाडौं स्थित त्रिचन्द्र कलेजमा अध्ययन गरेपछि वनारस हिन्दू विश्वविद्यालयबाट बि.ए. पास भएर तानसेनमै आफ्नो व्यापार-व्यवसाय गर्नुभएको थियो। पछिल्लो समय बुटवलमा सिध्दि सप्लायर्स हार्डवेयर व्यवसाय सञ्चालन गर्नुभएकोमा हाल उहाँका छोराहरूले उक्त व्यवसायलाई निरन्तरता दिइरहनु भएको छ।

तानसेन भिमसेनटोल निवासी स्व. जयमान श्रेष्ठ तथा स्व. कुलमाया श्रेष्ठकी सुपुत्री सरस्वतीदेवी श्रेष्ठसँग २०२० सालमा विवाह गर्नुभएका उहाँको सन्तानहरूमा दुईजना छोराहरू अमोद श्रेष्ठ र प्रमोद श्रेष्ठ हुन्। उहाँको परिवारमा दुई छोराहरू, दुई बुहारीहरू, दुई नातिहरू र एकजना नातिनी छन्।

जनता विद्यालय स्थापना गर्न अहम् भूमिका निर्वाह गर्नुभएका उहाँको बुबाज्यू स्व. केवलप्रसाद सिमाङ्गैंडा २००८ सालमा जे.भि.टी., तानसेनको पहिलो संस्थापक अध्यक्ष भई सेवा गर्नुभएको थियो। उक्त अहम् भूमिकाको उच्च मूल्याङ्कन गर्दै जनता स्कूलले आफ्नो प्राङ्गणमा उहाँको सालिक स्थापना गर्ने निर्णय भएकोमा कोषदाता देवीध्वजज्यूले आफ्नो व्यक्तिगत खर्चमा बूबाज्यूको सालिक निर्माण गरीदिनुभएको थियो।

प्रताप समशेरको पालामा तानसेनमा वितरण गरिएको खानेपानीको ट्याङ्की कैलाशनगर भूभागको हाइट भन्दा तल बनाइएको हुनाले त्यहाँ खानेपानीको (धारा) सुविधा थिएन। यो समस्याको समाधान कसरी गर्न सकिन्छ होला भनेर उहाँ सँधै सोँचिरहनुहुन्थ्यो। त्यही उद्देश्य पूरा गर्ने लक्ष लिएर वडाअध्यक्ष पदमा उम्मेद्वारी दिँदा उहाँको पहिलो एजेण्डा

नै कैलाशनगर क्षेत्रमा खाने पानीको आपूर्ति सहज गराउने थियो। चुनाव जितेपछि ११ वर्ष (२०२६ साल देखि २०३७ सम्म) निरन्तर वडाअध्यक्ष भई जनताको सेवा गर्ने सुअवसर पाएकोमा आफूलाई धन्य ठान्नुहुन्छ। यही क्रममा २०३२ सालमा आफैँ कलकत्ता गएर वाटर पम्प ल्याएर होलङ्दीको पानी वसन्तपुरको टेङ्कीमा र त्यहाँबाट फेरी श्रीनगर डाँडामा निर्माण गरिएको टेङ्कीमा पानी जम्मा गरी २०३३ सालमा आठवटा सार्वजनिक धारा तथा १५-२० वटा निजी धारा जडान गरेर खानेपानीको व्यवस्था गरी आपूर्ति सहज गर्न सफल भएकोमा आफूलाई आत्मसन्तोष भएको अनुभव सुनाउनु हुन्छ। आमाको चौरासी (२०३२ साल) पूजाको सुअवसरमा श्रध्येय बुबा केवलप्रसादको स्मृतिमा आफ्नो घर अगाडि टेङ्की बनाएर उहाँको भिमसेनटोल निवासी आदरणीय भिनाजू अमृतमान श्रेष्ठज्यूको बाहुलीबाट पानी टेङ्कीको उद्घाटन गरी पानी वितरण गरिएको पल सम्झिँदा उहाँ रोमान्चित हुनुभयो।

पाल्पा जिल्लाको लागि विज्ञान विषयको क्याम्पस स्थापना गर्न वतासेडाँडामा रहेको गा.वि.स. र नगरपालिकाबाट जम्मा १३५ रोपनी सार्वजनिक जग्गा त्रिभुवन बहुमुखी क्याम्पस अन्तरगत विज्ञान क्याम्पसलाई प्रदान गर्नमा उहाँको पनि महत्वपूर्ण भूमिका रहेको थियो।

ब्रम्हकुमारी ईश्वरीय ध्यान केन्द्र निर्माणको लागि आवश्यकता अनुसार उहाँले कैलाशनगर स्थित आफ्नो घर पछाडिको जग्गा भोगचलन गर्न प्रदान गर्नुभएको थियो।

तानसेन टुँडिखेलस्थित 'श्री ५ वीरेन्द्र फूलबारी' मा तत्कालीन राजा वीरेन्द्रको शालिक स्थापना गर्न, कैलाशनगरमा सडक पीच गर्न, श्रीनगरमा रिङरोड निर्माण गर्न उहाँको पनि अहम् भूमिका रहेको थियो।

२०७६ साल भाद्र २१ गते तानसेन गुठीको २७ औं वार्षिक भेला कार्यक्रममा थकाली भई श्री रणउर्जीरेश्वरी भगवतीमाताको पूजाअर्चना गरी सबैलाई टिका-प्रसाद प्रदान गर्नुका साथै वार्षिक भेला कार्यक्रमको प्रमुख अतिथी हुनुभएका उहाँले आफ्नो मन्तव्यको क्रममा रू.१,११,१११।– (अक्षरूपी एक लाख एघार हजार एक सय एघार रूपियाँ) को 'देवी सरस्वती अक्षयकोष' स्थापना गर्ने घोषणा गर्नुभएको थियो। आफू र आफ्नो धर्मपत्नीको नाममा स्थापित उक्त अक्षयकोषको उद्देश्य अनुरूप कोषबाट आर्जित व्याज रकम तानसेनस्थित जनता माध्यमिक विद्यालयबाट छनौट गरेको एकजना विध्यार्थीलाई स्कूलको वार्षिकोत्सवको अवसरमा छात्रवृत्ति प्रदान गरिने जानकारी समेत गराउनुभयो।

उक्त कोषको रकम कुमारी बैंक लिमिटेडको मुद्दती खातामा जम्मा गरिएकोछ।



# युगल-गंगा अक्षयकोष



गंगालक्ष्मी मल्ल



स्व. प्रा.डा. युगलकृष्ण मल्ल

गुठी सदस्य परिवार श्रीमती गंगालक्ष्मी मल्लज्यूले आफ्नो स्वर्गीय श्रीमान यस गुठीका आजीवन सदस्य प्रा.डा. युगलकृष्ण मल्लको स्मृतिमा रू.१,११,१००।– (अक्षयरूपी एकलाख एघार हजार एकसय रूपियाँ) गुठीको संरक्षणमा रहने गरी मिति २०७७ साल माघमा गुठीका उपाध्यक्ष श्री निलम गोंगल श्रेष्ठज्यूलाई हस्तान्तरण गर्नुभएको थियो। उक्त रकम कुपण्डोल, ललितपुरस्थित सेन्ट्रल फाईनान्स लिमिटेडमा मुद्दति खाता नं. C11001023061 A/C No. 0010230000700000003 मा मिति २०७७ साल माघ २५ गते तानसेन गुठीको नाममा एक वर्षको लागि 'युगल-गंगा अक्षयकोष' खोलिएको छ। उक्त रकमबाट प्राप्त व्याजले गुठी सदस्यमा स्वास्थ्यमा आइपर्ने विभिन्न रोगको लागि सेवन गर्नुपर्ने औषधि किनेर वितरण गरिने छ। (गुठी सदस्य स्वास्थ्य सहयोग)।

स्व. प्रा.डा. युगलकृष्ण मल्लको जन्म वि.सं. १९९० साल जेष्ठ शुक्ल दशमीको दिन काठमाडौंमा पिता स्व. कम्पाउण्डर श्यामकृष्ण मल्ल र स्व. माता रत्न कुमारी मल्लको कोखबाट पहिलो सुपुत्रको रूपमा भएको थियो। उहाँको बाल्यकाल वसन्तपुर तानसेन, पाल्पामा आफ्नो परिवारसंग बिताउनु थियो। उहाँले एस्. एल्. सी. तानसेनस्थित पद्म पब्लिक हाइस्कूलबाट २००७ सालमा वीरेन्द्र वाटाजू, पिताम्वर ध्वज खाती, विजय प्रताप ज.ब.रा. र राजमान सिंहसंगै गरेको कुरा नेपाल गजेट काठमाडौं कार्तिक ५ गते २००८ सालमा उल्लेख गरिएको छ । आफ्नो बुवाको इच्छा आकाङ्क्षा पूरा गर्नको लागि आई.एस्सी. र वि.एस्सी. अध्ययन गर्न काठमाडौं (त्रिचन्द्र कलेज)मा पठाउनुभयो। पुनः आफ्नो इच्छा अनुसार भारतको बम्बई विश्वविध्यालयबाट प्राणीशास्त्रमा एम. एस्सी. गर्नुभयो। तत्पश्चात नेपालमा आई त्रि.वि.वि. अन्तरगतका विभिन्न कलेजहरूमा २०१६ साल देखि अध्यापन गर्दै आउनुभयो। त्रि.वि.वि. कीर्तिपुरको प्राणीशास्त्र विभागिय प्रमुखको रूपमा पनि सेवा गर्नुभयो। साथै वि.सं. १९७७ मा त्रि.वि.वि.बाट किरा सम्बन्धि 'Study on the Neurves and Neuro Secretory System of Mature Larva, Pupa and Adult of Euxon Segetum Schiff Lepidoptera Noctuidae', Thesis Ph.D. on Zoology, 1977 मा विध्यावारिधी गर्नुभयो। २०३४ सालमा उहाँ महेन्द्र विध्याभूषण पदकबाट विभूषित हुनुभएको थियो।

तानसेन गुठी र तानसेन पाल्पाको लागि उहाँले केही महत्वपूर्ण कार्यहरू गर्नुभएको देखिन्छ। तानसेन गुठीको स्थापनाकाल २०४९ साल चैत्र २७ गते शुक्रवार देखि उहाँ एक सक्षम वरिष्ठ अभिभावक र वरिष्ठ सल्लाहकारको रूपमा मान्दै आइरहेको कुरा गुठीको पुरानो दस्तावेज (मिति २०५०-५-१२) बाट प्रष्ट देखिन आउँछ। २०५० साल श्रावण २७ गते बुधवारको दिन गुठीबाट भद्रकाली मन्दिरमा गरिने नियमित पूजा गर्नुहुने उहाँ पहिलो व्यक्ति हुनुहुन्छ। उक्त पूजा तानसेन पाल्पाको श्री रणउजीरेश्वरी भगवतीमाताको जात्रालाई स्मरण गर्दै भद्रकाली मन्दिरमा पूजा गरिएको थियो। उक्त समयमा गुठियार सदस्यहरू भेला भएका थिए। तानसेन गुठीको लागि यो एउटा राम्रो सुअवसर थियो। गुठीका सदस्यहरू द्वारा अनुरोध गरी बोलाइएको जुनसुकै वैठकमा उपस्थित हुनुभई गुठीका सदस्यहरूको र गुठीको वारेमा अति कठीन समस्याहरू बारे कुराहरू सुन्नुहुने र उचित राय सुझावहरू दिने गर्नुहुन्थ्यो। उहाँलाई गुठियारहरूले सक्रिय सल्लाहकारको रूपमा लिँदै आएको थियो।

उहाँको विवाह तानसेन भिमसेनटोल निवासी किस्मत बहादुर मुनङ्कर्मी र विष्णु कुमारी मुनङ्कर्मीका जेठी सुपुत्री गंगालक्ष्मी मुनङ्कर्मीसँग वि. सं. २०१८ सालमा तानसेनमा भएको थियो। अहिले उहाँको परिवारमा गुठी आजीवन सदस्य विश्व मल्ल (छोरा), गुणी प्रधान मल्ल (बुहारी), गुठी आजीवन सदस्य ई. अन्जु मल्ल प्रधान (छोरी), आदित मल्ल (नाति) हुनुहुन्छ।

समय ढल्किँदै जाँदा उहाँको स्वास्थ्यमा केहि बिकारहरू देखापरे। २०५४ साल जेष्ठ १७ गते शुक्रवार (जेष्ठ कृष्ण पक्ष परेवा) को दिन ६४ वर्षको उमेरमा उहाँले सबैलाई छोडेर जानुभयो। यस दुखद घडीमा गुठीको तर्फबाट २०५४ साल जेष्ठ ३१ गते शुक्रवारका दिन नेपान च्याम्बर अफ कमर्श कान्तीपथको हलमा गुठियारहरू आजीवन सदस्य एवम् वरिष्ठ सल्लाहकार प्रा.डा. यूगलकृष्ण मल्लको स्मरणमा शोक सभा आयोजना गरिएको थियो। उक्त सभामा मृतआत्मा प्रति हार्दिक श्रध्दाञ्जली अर्पण र शोकाकुल परिवारजन प्रति समवेदना प्रकट गरिएको थियो। उहाँको आत्माको शान्ति र सम्झनामा उहाँको श्रीमती गंगालक्ष्मी मल्लज्यूले गुठियार सदस्यको स्वास्थ्य सहयोग गर्ने उद्देश्यले स्वास्थ्य सेवा क्षेत्रमा 'युगल-गंगा अक्षयकोष' स्थापना गर्नुभएको छ।

तानसेन गुठीले २८ वर्ष पार गरी २९ औं वर्ष प्रवेशको अवसरमा गुठीको उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**प्रमी श्रेष्ठ**
**अध्यक्ष**

Hattiban Social Service Centre (HSSC)
हात्तीवन सामाजिक सेवा केन्द्र
Setidevi-4, Dakshinkali Municipality, Kathmandu

# तानसेन गुठी तानसेन शाखाको छैठौं साधारण सभा तथा अधिवेशन कार्यक्रम

मिति २०७८ भाद्र १२ गते शनिबारका दिन तानसेन गुठी तानसेन शाखाको छैठौं साधारण सभा तथा अधिवेशनबाट नव पदाधिकारीज्यूहरु निर्वाचित भएका छन। वर्तमान कोभिडको अवस्थाको कारण विविध स्वास्थ्य सुरक्षा अपनाएर सिमित व्यतित्वहरुको उपस्थितिमा पदस्थापन कार्यक्रम गर्नुपर्ने अवस्थालाई ध्यानमा राख्दै तानसेन शाखाका कार्यवाहक अध्यक्ष तथा वरिष्ठ उपाध्यक्ष श्री सुशील प्रसाद प्रधानको अध्यक्षतामा सन्चालन भएको थियो।



तानसेन गुठीका उपाध्यक्ष श्री शकुन्तला बज्राचार्यज्यूबाट उपस्थित सदस्यलाई स्वागत गरिएको यस कार्यक्रममा शाखाको २०७७÷२०७८ को वार्षिक प्रतिवेदन सचिव दिपेन्द्र मान थैवबाट प्रस्तुत गर्नु भएको थियो। साथै आर्थिक प्रतिवेदन कोषाध्यक्ष श्री विनय राज बज्राचार्यज्यूले प्रस्तुत गर्नु भएकामा सर्वसम्मतीबाट अनुमोदन भएको थियो। उक्त कार्यक्रममा निर्वाचन अधिकृत पूर्व अध्यक्ष श्री दिल बहादुर शाक्यज्यूले निर्विरोध नव निर्वाचित अध्यक्ष लगायत कार्यसमितिको घोषणा गर्नु भई नव निर्वाचित अध्यक्ष लगायत कार्यसमितिका सदस्यज्यूहरुलाई सपथ ग्रहण गराउनु भएको थियो।

अध्यक्ष – श्री सुशील प्रसाद प्रधान
निवर्तमान अध्यक्ष – श्री राजेश्वर उदय
वरिष्ठ उपाध्यक्ष – श्री शकुन्तला बज्राचार्य
उपाध्यक्ष – श्री दिपेन्द्र मान थैव
सचिव – श्री विनय राज बज्राचार्य
कोषाध्यक्ष – श्री सञ्जय राज शाक्य
सह सचिव –सदस्य – श्री सन्ध्या शाक्य
सदस्य – श्री भूगोल प्रसाद वैंजू श्रेष्ठ
सदस्य –श्री किशोर दर्शन बज्राचाय
सदस्य – श्री बसन्त लाल बज्राचार्य
सदस्य – श्री मधु दयाल सैजू
सल्लाहकार – श्री सर्जु लाल बज्राचार्य
सल्लाहकार – श्री केदार लाल श्रेष्ठ
सल्लाहकार – श्री दिल बहादुर शाक्य
सल्लाहकार – श्री सन्तोष लाल श्रेष्ठ

तानसेन गुठी काठमाडौंमा स्थापित बिभिन्न अक्षयकोषको ब्याजबाट प्रदान गरिने छात्रवृत्तिहरु, नर्सिङ्ग कलेज, त्रिभुवन बहुमुखी क्याम्पस र विद्यालयहरुका जेहन्दार विद्यार्थी छात्र–छात्राहरुको सम्मानमा प्रमाण–पत्र तथा नगद पुरस्कार यस आर्थीक बर्ष वर्तमान कोभिडको कारण बिभिन्न कलेज तथा बिद्यालयहरु बन्द रहकोले आवश्यक कागजपत्र उपलब्ध हुन नसकेको कारण सहज अवस्थामा अन्य बार्षिक कार्यक्रममा गर्ने जानकारी गराउनु भएको थियो। साथै धार्मिक सांस्कृतिक पर्व र जात्रा रथ नगर परिक्रमा सञ्चालनको लागी प्राप्त हुने आर्थिक सहयोग र स्वास्थ्य सहयोग रकम वितरण कार्यक्रम यहि २०७८ भाद्र १५ गते जात्राको दिन बिहान ८ बजे एक कार्यक्रम बिच हस्तातरण हुने जानकारी गर्नु भयो।.यस कार्यक्रम शाखाका सचिव श्री दिपेन्द्र मान थैवज्यूले संचालन गर्नुभएको थियो। सल्लाहकार श्री सन्तोष लाल श्रेष्ठ, सल्लाहकार श्री केदार लाल श्रेष्ठ, पूर्व अध्यक्ष श्री दिल बहादुर शाक्य र पूर्व अध्यक्ष श्री सर्जु लाल बज्राचार्यज्यूवाट नव निर्वाचित पदाधिकारीज्यूहरुमा हार्दिक बधाई तथा शुभकामना सहित कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्नु भएको थियो।

अन्तमा, नव निर्वाचित अध्यक्ष श्री सुशील प्रसाद प्रधानज्यूबाट आफ्नो मन्तब्य सहित धन्यवाद व्यक्त गर्नु भएपछि मिति २०७७ साल आषाढ ३१ गते बुधवारका दिन दिवंगत हुनु भएका तानसेन शाखाका अध्यक्ष गोपाल प्रसाद श्रेष्ठ र मिति २०७८ साल श्रावण २५ गतेका दिन दिवंगत हुनु भएका तानसेन गुठी काठमाडौंका पूर्व अध्यक्ष श्याम सुन्दर लाल कक्षपतीको असामयिक दुःखद निधन प्रति गुठीको तर्पmबाट गहिरो दुःख प्रकट गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै एक मिनेट मौन धारण गरी भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गरि सभा बिर्सजन गर्नु भएको थियो।

तानसेन गुठीले
२८ वर्ष पार गरी २९ औं वर्ष प्रवेशको अवसरमा
गुठीको उत्तरोत्तर प्रगतिको लागि
हार्दिक शुभकामना
व्यक्त गर्दछौं ।

**शत् प्रतिशत साक्षर भक्तपुरको शान**
**गुणस्तरीय शिक्षा साइनिङ्ग पहिचान**

SHINING ENGLISH SEC. SCHOOL
ESTD 1993
Changunarayan-5, Bhaktapur



# हार्दिक बधाई तथा शुभकामना



तानसेन गुठीका आजीवन सदस्य श्री अशोक महर्जनज्यूका माता तथा यस गुठीबाट अभिनन्दित सुप्रसिद्ध पाल्पाली ढाका कपडाका संस्थापक एवं उद्यमी समाजसेवी **श्री पूर्णमाया महर्जन**ज्यू मिति २०७७ गुठी असोज ३ गते पाँचौं संविधान दिवसको अवसरमा प्रदेश सरकार द्वारा 'प्रजापती गौतमी ख' पदकबाट विभूषित हुनुभएकोमा गुठी सगौरव हार्दिक बधाई ज्ञापन गर्दछ । साथै वहाँको उत्तरोत्तर प्रगतिको कामना सहित शुभकामना व्यक्त गर्दछ ।



यस गुठीका आजीवन सदस्य डी.आई.जी.पी. **श्री सुनिल कुमार श्रेष्ठ**ज्यू मिति २०७७ असोज ३ गते पाँचौं संविधान दिवसको अवसरमा सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूको करकलमबाट 'सुप्रवल जनसेवा श्री तृतीय' पदकद्वारा विभूषित हुनुभएकोमा तानसेन गुठी सगौरव हार्दिक बधाई ज्ञापन गर्दछ । साथै वहाँको उत्तरोत्तर प्रगतिको कामना सहित शुभकामना व्यक्त गर्दछ ।



यस गुठीका आजीवन सदस्य एस.एस.पी. **श्री किरण बज्राचार्य**ज्यू २०७७ साल असोज ३ गते पाँचौं संविधान दिवसको अवसरमा सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूको करकमलबाट 'सुप्रवल जनसेना श्री तृतीय' पदकद्वारा विभूषित हुनुभएकोमा गुठी सगौरव हार्दिक वधाई तथा शुभकामना व्यक्त गर्दछ। साथै उहाँ काठमाण्डौं उपत्यकाको ललितपुर जिल्ला प्रहरी प्रमुख जस्तो गरिमामय पदमा नियुक्त भई २०७७ साल मंसिर ७ गते देखि उक्त जिम्मेवारी पदमा आसिन हुनुभई नेतृत्वदायी भूमिका निर्वाह गर्नु भएकोमा गुठी परिवार उहाँको कार्यकालको पूर्ण सफलताको कामना गर्नुका साथै उत्तरोत्तर प्रगति, उन्नतिको कामना गरी सगौरव हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछ।



यस गुठीका आजीवन सदस्य, दृष्टि साप्ताहिकका प्रधान सम्पादक **श्री शम्भु श्रेष्ठ**ज्यू प्रेस काउन्सिल नेपालको 'गोपालदास पत्रकारिता पुरस्कार' २०७७ बाट पुरस्कृत भई सम्मानित हुनुभएकोमा गुठी परिवार उहाँको उत्तरोत्तर प्रगतिको कामना गरी सगौरव हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछ।

**सर्जु मान लिगल**
**अध्यक्ष तथा तानसेन गुठी परिवार**

# हार्दिक बधाई तथा शुभकामना



यस गुठीका सदस्य श्री सरिता श्रेष्ठ मास्के तथा श्रीमान् डा. रमेशकुमार मास्केका सुपुत्र **डा. आभास मास्के** जापान, श्रीलङ्का र नेपालका लागि तीनवटा कृत्रिम भू-उपग्रह निर्माण गर्नको लागि स्थापित परियोजना 'BIRDS-3' को प्रवन्धक भई नेपालको पहिलो भू-उपग्रह 'नेपाल स्याट-१' निर्माणमा महत्वपूर्ण योगदान पुयाएवापत २०७७ साल चैत्र २७ गते नेपालको पाँचौं संविधान दिवसको अवसरमा सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूको करकमलबाट 'राष्ट्रदीप चौथो' पदकबाट विभूषित हुनुभएकोमा गुठीको तर्फबाट वहाँको उत्तरोत्तर प्रगतिको कामना गरी सगौरव हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछ।




यस गुठीका आजीवन सदस्यद्वय श्री महेन्द्र बहादुर सिँह तथा श्रीमती उषा थान्जू सिंहका कान्छा सुपुत्र **उत्सव सिंह**ज्यूले अमेरिकाको टेक्सस् राज्यमा ३ जुलाई २०२१ मा सञ्चालित मिष्टर यू.एस.ए. प्रोफेसनल-अम्याच्योर क्वालिफायर बडीबिल्डिङ प्रतियोगितामा मेन्स् फिजिक तर्फ नाभिस र ओपन दुबै समुहमा 'स्वर्ण पदक' हासिल गर्नुभएकोमा गुठीको तर्फबाट वहाँको उत्तरोत्तर प्रगतिको कामना गरी सगौरव हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछ।



यस गुठीका आजीवन सदस्य **श्री शकुन्तला शाक्य**ज्यू, नेपाल स्वास्थ्य विज्ञान अध्ययन संस्थान, स्तुपा कलेजमा क्याम्पस प्रमुख जस्तो गरिमामय पदमा नियुक्त हुनुभएकोमा उहाँको कार्यकालको पूर्ण सफलताका लागि गुठी परिवार उत्तरोत्तर प्रगतिको कामना गरी सगौरव हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछ।



यस गुठीका आजीवन सदस्य तथा सोसाईटी अफ नेप्लिज आर्किटेक्ट्सका निवर्तमान अध्यक्ष **ई. श्री अन्जु मल्ल प्रधान**ज्यू International Union of Architects (UIA), Region IV को Council Member जस्तो गरिमामय पदमा निर्वाचित हुनुभएकोमा गुठीको तर्फबाट वहाँको उत्तरोत्तर प्रगतिको कामना गरी सगौरव हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछ।

**सर्जु मान लिगल**
**अध्यक्ष तथा तानसेन गुठी परिवार**

# हार्दिक बधाई तथा शुभकामना



यस  गुठीका आजीवन सदस्य डा. श्री दिनेस नाथ गोंगलज्यूका सुपुत्र **प्रा. डा. श्री राजेश नाथ गोंगल**ज्यू Patan Acedemy Of Health Science (PAHS) को  Vice- Chancellor जस्तो गरिमामय पदमा यही 9 April 2021 देखि नियुक्त हुनुभएकोमा हार्दिक बधाई तथा  कार्यकालको पूर्ण सफलताको  कामना गर्दै उत्तरोत्तर प्रगतिको  शुभकामना व्यक्त गर्दछौं।



यस गुठीका आजीवन सदस्य **श्री राजु महर्जन**ज्यू पाल्पा उद्योग बाणिज्य संघको अध्यक्ष जस्तो गरिमामय पदमा निर्विरोधनिर्वाचित हुनुभएकोमा तानसेन गुठी सगौरव हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछ।



यस गुठीका आजीवन सदस्य एवम् बुटवल शाखा कार्यसमिति सदस्य **श्री उज्जल प्रसाद कसजू** बुटवल उद्योग बाणिज्य संघको अध्यक्ष जस्तो गरिमामय पदमा निर्वाचित हुनुभएकोमा तानसेन गुठी सगौरव हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछ।

**सर्जु मान लिगल**

**अध्यक्ष तथा तानसेन गुठी परिवार**

तानसेन गुठीले २८ वर्ष पार गरी २९ औं वर्ष प्रवेशको
अवसरमा गुठीको उत्तरोत्तर प्रगतिको लागि
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**महेन्द्र बहादुर सिंह / उषा थान्जू सिंह**

**बुटवल**



तानसेन गुठीले २८ वर्ष पार गरी २९ औं वर्ष प्रवेशको
अवसरमा गुठीको उत्तरोत्तर प्रगतिको लागि
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**पब्लिक सत्रधार**

**बहुउद्देश्यीय सहकारी संस्था लि.**

बानेश्वर, काठमाडौं, नेपाल

फोन : ४४६३०३५, ४४६३०३६

इमेल : info@publicsutradhar.coo.np

# जन्मभूमिदेखि कर्मभूमिसम्म

**प्रा.डा. विनोद कुमार श्रेष्ठ**
प्रथम प्रमुख संयोजक / पूर्व अध्यक्ष, तानसेन गुठी काठमाडौं
(२०५०-२०५२)

मेरो जन्म वि.सं. २००६ साल फागुन महिनामा बुटवलमा पिता स्व. दुर्गाध्वज श्रेष्ठ तथा माता स्व. हिरादेवी श्रेष्ठको कोखबाट भएको हो। त्यसताका हाम्रो परिवार गर्मीयाममा तानसेन, कैलाशनगरमा बस्ने र हिउँद लागेपछि बुटवलमा झर्ने चलन थियो। यो प्रक्रिया हामी स्कुल पढुन्जेल कायमै रहेको थियो। मेरो स्कुलको शिक्षा वि.सं.२०१४ सालदेखि भगवती मन्दिर परिसरमा संचालित प्राथमिक विध्यालयबाट शुरु भयो। कक्षा एक र दुई त्यहाँ पढेपछि कक्षा ३ देखि १० सम्म तानसेनको मध्य भागमा अवस्थित जनता माध्यमिक विध्यालय (जे. भि.टी.) मा पढेर २०२३ सालमा एस.एल. सी.दिएँ। स्मरण गरौं, २००८ सालमा स्थापित जनता विध्यालयको स्थापना, उत्थान र विकासमा तानसेनका प्रबुद्ध व्यक्तित्वहरू मेरो बाजे स्व. केवल प्रसाद सिमाङ्गेंडा,स्व. गुणाखर भट्टराई, स्व. जगत बहादुर जोशी लगायत अन्य समाजसेवीहरूको महत्वपूर्ण योगदान रहेको थियो। हामीले सोही स्कुलमा पढ्ने सौभाग्य पायौं।

कलेजस्तरको अध्ययनको लागि २०२४ साल वैशाख महिनामा म काठमाडौं आएर त्रि-चन्द्र कलेजमा आई.कम. मा भर्ना भई सोही कलेजबाट बि.कम. सम्मको पढाइ पूरा गरें। त्यसपछि २०२८ सालमा त्रिभुवन विश्वविध्यालय, कीर्तिपुरमा एम.कम.मा भर्ना भएर २०३० सालमा स्नातकोत्तर तह पूरा गरें। २०३१ सालमा केही महिनाको लागि त्रिभुवन बहुमुखी क्याम्पस, तानसेनमा आंशिक प्राध्यापकको रूपमा अध्यापन गरेपछि



सोही सालको दशैं लगतै काठमाडौं आएँ।

काठमाडौंमा साथीहरूसँग भेटघाट र परामर्श गर्ने क्रममा मलाई एकदिन त्रि. वि. व्यवस्थापन संकायका तत्कालीन डिन डा. प्रचण्डमान प्रधानबाट एकपटक भेट्न आउनु भन्ने खबर पाएँ। २०२९-०३० सालमा नेपालमा नयाँ शिक्षा योजना लागु भएपछि देशमा जनस्तरबाट वा सरकारबाट संचालनमा रहेका सबैजसो कलेजहरूलाई त्रिभुवन विश्वविध्यालयको आङ्गिक क्याम्पसका रूपमा समाहित गरिएको थियो। २०३१ साल माघमा डिन डा. प्रधानलाई भेट्न म कीर्तिपुर गएँ र भेटमा उहाँले मलाई 'क्याम्पसमा पढाउँछौ? काठमाडौं बाहिर जानुपर्छ' भनि सोध्नुभयो। Óकाठमाडौं भित्र कुनै क्याम्पसमा पाए गर्छु बाहिर त जाँदिनÓ भनी जवाफ दिएँ। भोलिपल्ट उहाँले लैनचौरस्थित सरस्वती बहुमुखी क्याम्पसमा पढाउने गरी मलाई अस्थायी नियुक्तिपत्र दिनुभयो। त्यसको झण्डै एकवर्ष पछि २०३२ सालमा म सहायक-प्राध्यापकको स्थायी पदमा नियुक्त भएँ। प्राध्यापन कार्य अगाडि बढदै जाँदा २०३६ सालमा उप-प्राध्यापक भएँ।

प्राज्ञिक क्षेत्रमा काम गरेकोले थप अध्ययन-अनुसन्धानमा संलग्न हुने अभिप्रायले म लगायत केही साथीहरू मिलेर २०३७ सालमा 'सेन्टर फर डेभलपमेन्ट रिसर्च' नामको संस्था स्थापना गरी नेपालको विविध आर्थिक-सामाजिक विषयहरूको अनुसन्धान मूलक कार्यमा संलग्न हुने अवसर प्राप्त भयो। यस कार्यले २०४७-०४८ साल सम्म निरन्तरता पायो। यसप्रकारको संलग्नताले मैले २०४६ सालमा भारतको वनारस हिन्दू विश्वविध्यालयबाट पि.एच्. डी. डिग्री हासिल गर्न सफल भएँ।

अध्यापनको लामो सेवा अवधिमा मैले सरस्वती बहुमुखी क्याम्पस बाहेक पब्लिक युथ क्याम्पस तथा कीर्तिपुरस्थित त्रि.वि. केन्द्रिय क्याम्पसको व्यवस्थापन संकायमा पनि अध्यापन कार्यमा संलग्न भएँ। यही क्रममा २०४७ सालमा सह-प्राध्यापक पदमा बढुवा भएँ। २०४८ सालमा सरस्वती बहुमुखी क्याम्पसको क्याम्पस प्रमुखको कार्यभार सम्हालें। विध्यार्थी सँगठनहरूको राजनीतिले उत्कर्षता पाएको त्यो समयमा क्याम्पस सञ्चालन गर्नु निकै चुनौतिपूर्ण थियो।

क्याम्पस संचालनको जिम्मा पाएको झण्डै साढे तीन वर्षपछि २०५१

सालको अन्त्यतिर साथीहरूले मलाई 'नेपाल प्राध्यापक संघ' को निर्वाचनका लागि अध्यक्ष पदको उम्मेद्वार बनाए। उक्त पदमा निर्वाचित भएपछि क्याम्पस प्रमुख पद छाडेर २०५२-०५३ को दुई वर्ष संघको क्रियाकलापमा संलग्न भएँ। यहि अन्तरालमा २०५५ साल असोज र मंसिर महिनाको बीचमा दुई महिनाको लागि संयुक्त राष्ट्र संघको वार्षिक सभा (यू.एन.जि.ए.)मा भाग लिन नेपाली प्रतिनिधि मण्डलको सदस्यको हैसियतले न्युयोर्कमा गई सहभागी हुने अवसर पनि पाएँ।

सार्वजनिक जीवनको उतार-चढावकै क्रममा २०५९ सालमा त्रि. वि. सेवाको अन्तिम पद 'प्राध्यापक' मा प्रमोशन भएको लगभग दश वर्ष पछि २०७० सालको वैशाखमा सेवा निवृत्त भएँ।

**सरकारी निकायहरूमा संलग्नता:**

प्राध्यापन सेवामा संलग्न हुनुको साथै मैले नेपाल सरकारसँग सम्बद्ध विभिन्न निकायहरूमा विविध प्रकारको जिम्मेवारी निर्वाह गर्ने मौका पाएँ। यस सन्दर्भमा २०५७ साल वैशाखदेखि राष्ट्रिय योजना आयोगको 'राष्ट्रिय विकास स्वयम् सेवक कार्यक्रम' मा आंशिक जनशक्ति को रूपमा वरिष्ठ सल्लाहकारको भूमिका निर्वाह गरें। मेरो उक्त भूमिकाले २०६१ सालको अन्त्यसम्म निरन्तरता पायो। यस अवधिमा विविध विषयमा उच्च शिक्षा हासिल गरेका युवाहरूलाई ठूलो संख्यामा स्वयंसेवकको रूपमा जिल्ला विकास समिति मार्फत परिचालन गर्ने क्रममा आफूले सक्दो योगदान दिने मौका पाएँ।

यसैगरी २०६३ साल जेष्ठमा अर्थ मन्त्रालयद्वारा राष्ट्रिय वाणिज्य बैंकको संचालक समिति (बोर्ड) सदस्यमा नियुक्त भई २०६५ सालको अन्त्य सम्म जिम्मेवारी बहन गर्ने मौका पाएँ।



त्यहाँ मैले कर्जा फर्स्यौट उप-समितिको संयोजक भई काम गर्ने मौका पाएँ र बैंकमा ठूलो सँख्यामा थुप्रेको पुराना कर्जा फर्स्यौट गर्न सक्दो भूमिका निर्वाह गरें। यसरी लाग्ने व्याजमा अधिक्तम छुट दिएर कर्जाले थिचिएका धेरै व्यक्तिहरुलाई राहत दिन सफल पनि भइयो।

शिक्षा मन्त्रालयले २०६३ सालको श्रावण महिनामा नै मलाई विश्वविध्यालय अनुदान आयोगको सदस्यसचिव पदमा चार वर्षको लागि काजमा नियुक्ति गर्यो। अध्यक्ष कमलकृष्ण जोशी सहितको हाम्रो टिमले यस आयोग (यू.जि.सी.)मा २०६७ सालको श्रावणसम्म कार्यरत भयौं। यस अवधिमा विश्व बैंकको सहयोगमा सञ्चालित परियोजना अन्तर्गत नेपालमा सयौंको संख्यामा रहेका जनस्तरबाट सञ्चालित सामुदायिक क्याम्पसहरूको भौतिक गुणस्तर सुधार गर्न आर्थिक सहयोग उपलब्ध गर्ने प्रक्रियामा आफूले पनि भूमिका निर्वाह गर्न पाएकोमा सन्तोष लागेकोछ। यस आयोगमा काम गरेकै बेला सन् २००७ मा सार्क अन्तर्गत 'दक्षिण एशियाली विश्वविध्यालय' स्थापना गर्ने कुरा चल्यो। यसका लागि सार्क मुलुकहरूमा पालैपालो गरी बैठकहरू सञ्चालन भए। यसरी सञ्चालन भएका सबैजसो बैठकहरूमा सहभागी हुने क्रममा यस क्षेत्रका अधिकांश देशहरूको जाने मौका प्राप्त भयो र अन्त्यमा सन् २०१० मा भारतको नयाँ दिल्लीमा यो विश्वविध्यालय स्थापना भयो।

जिम्मेवारी वहन गर्ने क्रममा २०६२ सालको अन्त्यतिर शिक्षा मन्त्रालय मार्फत कुलपति द्वारा मलाई पोखरा विश्वविध्यालयको सेवा आयोगको अध्यक्ष पदमा नियुक्त गरियो। यसको लगत्तै म त्रि.वि.वि.बाट सेवा निवृत्त भएँ। सेवा आयोगको जिम्मा मैले २०७३ सालसम्म सम्हालें। यसको कार्यालय काठमाडौंमै थियो। अक्सर सेवा आयोगको काम विवादमा पर्ने डर हुन्छ। तर मेरो कार्यकालमा दरवन्दी अनुसारको कर्मचारी तथा उप-प्राध्यापक देखि प्राध्यापक सम्मको पदहरुमा निष्पक्ष, पारदर्शी र विवाद रहित ढंगले नियुक्ति गर्ने काम सम्पन्न गर्न सकियो। यसमा आफुलाई सन्तुष्टि लाग्नु स्वाभाविकै हो। यो कुरा पोखरा विश्वविध्यालयका प्राध्यापकहरूले अहिले पनि सम्झिरहनुहुन्छ।

# जन्मभूमिदेखि कर्मभूमिसम्म

**लक्ष्मणप्रसाद श्रेष्ठ**
पूर्व अध्यक्ष – तानसेन गुठी काठमाडौं
(२०५२/२०५३ - २०५३/५४ - २०५४/५५)

मेरो जन्म २००५ साल माघ १० गते पाल्पा, तानसेन, भगवती टोलमा स्व. पिता मुक्ति प्रसाद श्रेष्ठ तथा माता स्व. लक्ष्मीकुमारी श्रेष्ठको माहिला पुत्रको रुपमा भएको हो। मेरा ६ जना दिदीबहिनी र तीनजना दाजुभाइ छन्। मेरो प्राथमिक शिक्षा भगवतीस्थान प्राथमिक विद्यालयमा भएको र कक्षा चार देखि पद्म पब्लिक मा.बि.मा भएको थियो। कक्षा १० सम्मको अध्ययनपछि महेन्द्र बोधी बिद्यालयबाट प्रवेशिका परीक्षा पास भएको थिएँ। त्यसपछि आई.ए. तथा बि.ए. त्रिभुवन कलेज, तानसेनमा अर्थशास्त्र र राजनितिशास्त्र विषय लिई उत्तीर्ण गरेको थिएँ। मैले आई.ए. २०२४ र बि.ए २०२६ सालमा त्यस्तै बि.एड्.२०२७ सालमा सानोठिमी क्याम्पसबाट डिष्टिङ्सन ल्याई उत्तीर्ण गरेको थिएँ।



### शिक्षण पेशामा प्रवेश

२०२४ सालमा आई.ए. अध्ययनकै क्रममा पद्म पब्लिक हाईस्कुलमा लेखा शाखामा कार्यरत रही सेवा शुभारम्भ गरेको हुँ। साथै बि.ए. अध्ययनरत रहँदा विद्यालयमा शिक्षण अध्यापन सुरुगर्ने अवसर प्राप्त गरें। सोही क्रममा २०२६ मा बि.ए. उत्तीर्ण भै अध्ययनकै क्रममा राष्ट्रिय प्राशिक्षण तालिम केन्द्र सानोठिमीमा ९ महिनाको सचिवालय विज्ञानमा शिक्षक तालिम गर्ने अवसर प्राप्त भई २०२७ सालमा १४ अञ्चलका शिक्षकहरूमा विशिष्टताका साथ शिक्षक तालिम पूरा गरी विद्यालयमा फर्केर अध्यापन कार्य सुचारू राखेँ। तानसेन पाल्पाको सबैभन्दा पुरानो, नामचलेको र पश्चिम नेपालको नमूना हाईस्कूलमा २०३४ सालसम्म अध्यापन गरेको थिएँ। चार व्यावसायिक विषयहरु; कृषि शिक्षा, गृहविज्ञान शिक्षा, औद्योगिक शिक्षा तथा सचिवालय विज्ञान शिक्षा र व्यावसायिक प्रयोगात्मक शिक्षाको लागि लुम्बिनी अञ्चलको नमूना माध्यामिक विद्यालयमा सचिवालय विज्ञान अध्यापन गरी आएको थिएँ। अध्यापनकै क्रममा २०३४ साल देखि २०३९ सालसम्म बुटवलको सबैभन्दा पुरानो तथा स्थापित बुटवल माध्यामिक विद्यालयमा अध्यापन गरी आएको थिएँ।



मेरो विवाह २०३७ साल मंसिर महिनामा ब्रिटिश गोर्खा स्कूलकी शिक्षिका देहरादुन निवासी पूर्णकला गुरुङसँग लुम्बिनीस्थित मायादेवी मन्दिरमा भएको थियो।

२०३९ सालमा काठमाडौं बसाई सराई गरी आएपछि केही वर्ष श्री ५ को सरकार पञ्चायत नीति तथा जाँचबुझ समितिमा शाखा अधिकृत भै सेवा प्रारम्भ गरी २०४६ सालको परिवर्तन सँगै सरकारी सेवाबाट अवकाश लिएको थिएँ। त्यस लगत्तै केही वर्ष उद्योग व्यापारमा व्यतीत गरी हाल फाईनान्स क्षेत्रको व्यवस्थापनमा संलग्न रहँदै आएको छु।



*तानसेन गुठी काठमाडौंको २५औं रजत महोत्सवमा संस्कृतिविद् सत्यमोहन जोशीबाट कदर-पत्र लिंदै*

सामाजिक सेवातर्फ तानसेनमा रहँदा 'श्रीनगर' पत्रिका तथा 'सत्य' साप्ताहिक पत्रिकाको प्रमुख संयोजक रही सेवा गर्ने सौभाग्य पाएको थिएँ। त्यस्तै तानसेनमा अञ्चलस्तरीय र राष्ट्रियस्तरको फुटवल प्रतियोगिताहरुको आयोजक मण्डलमा रही पाल्पाको फुटवललाई चिनारी दिन महत्वपूर्ण योगदान गरेको थिएँ।त्यसैगरी उद्योग व्यापार क्षेत्रमा रहँदा वैदेशिक यात्रातर्फ बङ्गलादेश, थाईलैण्ड, हङकङ, सिंगापुर, मलेसिया, ब्रुनाई तथा संयुक्त राज्य अमेरिका को भ्रमण पूरा गरेको छु।

त्यसैगरी तानसेन गुठीको स्थापना गर्न प्रारम्भिक दिनदेखि, महत्वपूर्ण भूमिका निर्वाह गर्दै २०५० सालमा तानसेन गुठीको स्थापना पश्चात् दोश्रो प्रमुख संयोजक (अध्यक्ष) को रूपमा २०५२-५३ देखि २०५४-५५ सम्म २ कार्यकाल सेवा गर्दै गुठीको अविछिन्न विकास र प्रगतिका लागि आजसम्म अनवरतरूपमा समर्पित भै सेवा गर्दैरहेको छु।

तानसेन गुठीले २८ वर्ष पार गरी २९ औं वर्ष प्रवेशको
अवसरमा गुठीको उत्तरोत्तर प्रगतिको लागि
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

Siddhi®
Butwal

# जन्मभूमिदेखि कर्मभूमिसम्म

**ज्ञानुमान मल्ल**
पूर्व अध्यक्ष – तानसेन गुठी काठमाडौं
(२०५७/२०५८ - २०५८/५९)

सँधै प्रशन्न मुद्रामा रहने, मुस्कुराएर कुराकानी गर्ने, सबैसँग मित्रभाव राख्ने मिलनसार व्यक्तित्व भएका भद्र व्यक्ति हुन् – श्री ज्ञानुमान मल्ल। बोल्नमा मीठो, व्यवहारमा सरल र मिलनसारिता उहाँमा भएका गुण हुन्।यही गुणले गर्दा उहाँ सबैको प्रिय हुनुहुन्थ्यो। सम्पन्न जमिन्दार परिवारमा जन्मिएका ज्ञानुमान विभिन्न सामाजिक संघ-संस्थाहरूमा आवध्द हुनुहुन्थ्यो र उहाँको सामाजसेवीको रूपमा परिचित हुनुहुन्छ।

वि.सं. २००५ साल कार्तिक १७ गते तानसेन, भिमसेनटोलमा जन्मनुभएका उहाँ चिनियामान मल्ल र बाबानानी मल्लको पाँच छोराहरू र चार छोरीहरू मध्ये माहिला छोरा हुनुहुन्थ्यो। उहाँको परिवारमा धर्मपत्नी अप्सरा मल्ल भनीमण्डल स्थित आफ्नै निवासमा बस्नुहुन्छ। तीनजना छोरीहरू मध्ये ठुली छोरी सृष्टी र माहिली छोरी श्रृजना अमेरिकामा तथा कान्छी छोरी श्रृया मल्ल काठमाडौंस्थित आफ्नो परिवारसँग आनन्दले बसेका छन्। पारिवारिक सुत्रका अनुसार उहाँको सानो उमेरदेखि अति शान्त, सन्तोषी र ज्ञानी स्वभावको गुण जीवन भरी नै यथावत रहेको थियो।

उहाँ तानसेनस्थित पद्म पब्लिक हाइस्कूलमा अध्ययन गरी २०२३ सालमा प्रवेशिका परीक्षा उत्तीर्ण हुनुभएको थियो। २०२५ सालमा काठमाडौं आएर स्वयम्भुस्थित आनन्दकुटी कलेजमा आई.एस्सी. अध्ययन गर्नु भयो र पछि त्यही विषय फेरी पाटन कलेजमा दोहर्याउनु भएको थियो। उहाँ उच्च शिक्षाको लागि सन् १९७६ मा बनारस गएर बनारस हिन्दू विश्वविध्यालयबाट व्याचलर इन आर्टस् गर्नुभयो।

ललितपुरको जाउलाखेलमा बस्दै आउनुभएका उहाँ पछिल्लो



समय ललितपुरकै भनीमण्डलमा बसाई सर्नुभएको थियो। उहाँले २०३५ सालमा



सामान्य तहको कर्मचारीको रूपमा गोरखापत्र संस्थानमा सेवा प्रवेश गर्नु भई निरन्तर २८ वर्ष सेवा गर्नु भयो र २००६३ सालमा महाप्रवन्धक भई अवकाश प्राप्त गर्नुभएको थियो। गोरखापत्र संस्थानको सेवाकालमा उहाँ इमान्दार र कर्त्तव्यनिष्ट कर्मचारी हुनुहुन्थ्यो।

राष्ट्रले उहाँको कामको उच्च मूल्याङ्कन गर्दै कदर स्वरूप तत्कालीन राजा ज्ञानेन्द्रबाट ‘राष्ट्र सेवा पदक’बाट विभूषित हुनुभएको थियो।

चुपलागेर नबस्ने सँधैभरी केही गरिरहुँ भन्ने जागरूक स्वभावका उहाँ गोरखापत्र संस्थानबाट अवकाश पछि पनि खाली बस्नु भएन। बरू उक्त संस्थानबाट आर्जित अनुभवबाट उहाँले आफ्नै प्रयासमा ‘अक्षय’ नामक साप्ताहिक पत्रिका प्रकाशनमा संलग्न हुनुहुन्थ्यो।

तानसेनबाट राजधानी काठमाडौं बसाई सरे पछि आफ्नो जन्मभूमिको मायाँ र सम्झनाले काठमाडौं र तानसेन पाल्पा बीचको सम्बन्ध नजिक बनाउने उद्देश्यले उहाँले तानसेनका मित्रहरूसँग मिलेर २०५० सालमा तानसेन गुठीको स्थापना गर्नुभयो। उहाँ गुठीको आजीवन सदस्य हुनुहुन्थ्यो। २०५८-५९ सालमा गुठीको प्रमुख संयोजक (अध्यक्ष) हुनुभएको थियो। यस अतिरिक्त उहाँ अन्य विभिन्न संघ-संस्थाहरू नेपाल रेडक्रस सोसाइटी काठमाडौं, नेपाल हृदयरोग निवारण प्रतिष्ठान ललितपुर, नेपाल पर्वतारोहण संघ आदिमा पनि संलग्न हुनुहुन्थ्यो।

उहाँ हृदयरोग सम्बन्धी उपचारको क्रममा २०६५ साल फागुन १६ गते नर्भिक इन्टरनेशनल हस्पिटल, काठमाडौंमा स्वर्गारोहण हुनुभएको थियो। गुठीले एक सच्चा र कर्मठ व्यक्तित्व गुमाएको छ।

# From the land of birth to the land of deeds

**Er. Bidhan Chandra Rajbhandari**

Past President – Tansen Guthi Kathmandu
(2061/62 - 2062/63)



**First Opening about Me:**

My name is Bidhan Chandra Rajbhandari. I was born in Tansen, Palpa on Asoj 25, 2004 BS (October 11, 1947). The name of my father is Janak Bahadur Rajbhandari and mother Satya Laxmi Rajbhandari. I have two sisters Bidhata and Bishwareta and one brother Subhash. My wife is Prabha Laxmi (Vaidya) Rajbhandari. We were married 47 years ago. We have two children – the daughter Luna and the son Jenus. Both our children are engineers like me and currently they have been living and working in USA. They are married with children now. We have our own 3 grandchildren.

I with my all family migrated from Tansen to Kathmandu in Bhadra 2049. At present I together with my family have been living in Khumaltar, Lalitpur Metropolitan.

**My Academic & Professional Qualifications:**

- Bachelor of Engineering (B.E. Civil),
- Bachelor of Arts (Economics),
- Master of Science (Ecology & Environment),
- Post Graduate Diploma (Road Construction)/ MIHT, UK:

**Awards & Appreciations:**

1) Mahendra Vidya Bhusan 2029 BS;
2) Shubha Rajya Avishrek Padak 2031 BS,
3) Abhinandan by Nepali Nagarik Samaj in 2005 AD as an Elected Best Engineer of the Year (FY 2062-063) by their Committee.
4) Token of Appreciation from Nepal Forum for Rural Transportation & Development, 2009 AD
5) Kadar Sahit ko Yogdaan Patra from Tansen Guthi Trust, 2074 BS

**Memberships:**

1) Member of The Institution of Highways & Transportation, London, UK;
2) Life Member of Nepal Engineer's Association, Nepal;
3) Nepal Engineering Council in Civil Engineering Profession 'A'-Class;
4) Life Member of Nepal Forum for Rural Transportation & Development (NFRTD);
5) Founder Member & Life Member of Tansen Trust Kathmandu;
6) Founder & Life Member of Tansen Sinha Guthi, Tansen having Kathmandu Branch.

I was a Nominated Member of Nepal Standards Institution in BS (1980-81 AD). I became the President of Nepal Forum for Rural Transport and Development (NFRTD) – the local chapter of International Forum for Rural Transport and Development (IFRTD) in 2005 to 2008 AD. Also I was a Member of Rural Road Forum (RRF) in Kathmandu Nepal from 2007 to 2009 AD. Similarly needless to say I am one of the founder members of Tansen Trust. I was elected as the Chairperson (Chief Coordinator) of Tansen Trust for 2 years during FY 2061/62 to 2062/63 BS.

**My Capacity Building & Capacity Enhancement Training:**

I have received more than 30 diverse and variety of high level training on different subjects and specialized technologies related to engineering and management of projects and programmes. Those capacity building and capacity enhancement training for professional services were done in India, Bangladesh, Sri-Lanka, Switzerland, Kenya, Tanzania, Thailand, Malaysia, Indonesia, Cambodia, and United Kingdom besides Nepal during my career development and services in different organizations/ institutions.

It is an elevated note for me that I have worked in 19 different organizations/ companies and institutions during my professional jobs undertakings. I have always liked rolling from one job to a next one when there are opportunities of getting new or different or various knowledge and experiences because I like "learning to do by doing" therapy and at the same time I also believe in a proverb, which says - "rolling stone gathers no moss".

**My Past Unforgettable Services, Professions & Experiences:**

It is worth remembering that I taught mathematics and science as a regular high school teacher at the age of 18 in Tansen PPP High School, which is my own high school too, for full one year in 2021 BS to 2022 BS AD. Afterward also, I frequently went to that school as visiting teacher during my leisure periods and vacations every year during 1968 to 1972 when I was an engineering student. As a result today I have a large numbers of my own ex-students working in different high posts and positions, who remembers me when I meet them. It gives me wonderful feeling with pride.

I also worked part-time as visiting lecturer to B.E. classes in the Institute of Engineering, Pulchowk Campus, T.U in 1980 AD.

It is worth remembering for me that I had great grand opportunities in gaining vast experiences and knowledge of engineering professional in various fields like Hill Roads, Highways, Road Bridges, Suspension Bridges, Water Supply & Sewerage Systems, Irrigation, Small Hydro Power, Airport, Huge to Small Buildings, Land Development, Industrial Infrastructures, Engineering Designs, Project Managements, Constructions, by virtue of having worked with Nepal Government Departments, Construction Companies (national and international level) and Consulting Services Companies for different periods adding up to at least 12 years, with Bilateral and Multilateral



Donor Agencies for 18 years, International Consulting Companies including training and specialist visits adding to 5 years and private sector National Engineering Consulting Firms for 12 years.

After my first graduation in civil engineering at the age of 24, I had started my professional career from assistant engineer. I had gradually risen to different posts and positions in different offices and projects and assumed duties of senior engineer, resident engineer, sr. resident engineer, and chief resident engineer. I have done about 137 different medium to large infrastructure development projects in Nepal. Besides I also designed and supervised countless private sector infrastructure works and building projects. Among those, many development projects and programmes of Nepal, where I did work, were financed/ funded by WB, ADB, USAID, JAICA, DFID, SDC, and GTZ with partnership and funding contribution of Government of Nepal. Particularly in donor projects and programmes I had worked with different capacity such as Project Engineer, Project Manager, Deputy Team Leader, Team Leader, Project Coordinator, Rural Transport Policy Adviser, Highway Engineering Advisor, Planning & Monitoring Advisor, Construction Industry Specialist, Program Component Coordinator, Sr. National Program Officer, Project Coordinator, Chief Coordinator, Executive Director, Project Director. In one USAID project where I was in a commanding role I had to handle and manage 21 national consultants and 39 local contractors concomitantly. In the almost last part of my career I even established my own engineering consulting company and worked as Managing Director (2013 ~ 2018) before I handed over to my partner before going to USA in February 2019, where I stayed for 27 months (due to COVID-19 pandemic) with my children.

This way I can feel that I have carried out a very long and outstanding profession in engineering, which I consider to be a splendid achievement of my life time. Having worked for about 47 years, which is unusually a very long period (after my graduation in engineering at 24 years of age) with different capacities and capabilities and various posts and designations, I retired 3 years ago from my daily and regular type job. Still I tend to contain a joke by amusingly saying that at my retirement I was nonetheless a young person of only 24 years old (maintaining the age of my first engineering graduation) having 47 years of paramount experiences.

I enjoy keeping myself active for maintaining a dynamic and lively life style. I would always intend to carry on like this as far as I could and as long as I would be blessed for a good health. That is how, I am still doing short term (limited hours/week) consulting services for specialized type of works in engineering and construction planning and management fields, on requests from national engineering consulting firms and construction companies. And there are lots of demands coming for my services about Vaastu advice by private parties and housing companies. Similarly astrology services also keep my brain very attentive, thoughtful, interpretational and full of life.

**My Travels and Visits:**

In connection of my engineering services and works I have travelled different range of areas in 61 districts of Nepal from east to west and north to south. I have traveled in, visited to or stayed for quite some time in the following foreign countries:

India, Bangladesh, Sri-Lanka, Tibet (China), Thailand, Hong Kong, Malaysia, Singapore, South Korea, Indonesia, Cambodia, Dubai, United Arab Emirates, Turkey, Switzerland, Austria, France, Germany, United Kingdom, Tanzania, Kenya, United States of America, Canada and so on.

**My Specialties on Astrology & Dwelling Science (Vaastu):**

I am not only a scholastic student but also a dedicated practicing personality of the charming topics and attractive themes like Astrology and Dwelling Science (Vaastu

Shastra and Chinese Feng-Shui). As a matter of fact I have been practicing astrology since more than 35 years and Vaastu Shastra since more than 24 years now. After remarkable studies and lot of deep and thoughtful researches I have reached to my approach of practicing astrology, which is based on classical Parashariya Vedic method and logical scientific way for making better predictions as far as I can see various life events of a person and native who comes up to me with requests. In the same way I use similar approach and interpretation based on modern logical science and Vedic elucidation in Vaastu planning and for any correction of dwellings and other living environment. I have given numerous Vaastu advices and services to private parties and builders. I have read/studied and predicted thousands of horoscopes (Kundalis) and those people (my clients) in touch with me in astro-subjects seemed to be generally quite satisfied about my astro-works and astro-predictions. I also do Prashna Jyotish (horary astrology). My clients are naturally from Nepal. There are some scattered consultation requests coming from abroad as well (USA, Canada, Peru & Japan).

- **I have a great desire to teach Astrology to interested and capable disciples or students. I have not yet found one.**

**My Books:**

I have written some books, namely, (1) Feng Shui sahit ko Vigyanmayee Vaastu Shastra, (2) Environment Friendly Road Construction in Hilly Area of Nepal, (3) Rural Road Maintenance Management System in Nepal. Currently I am busy in writing a book on Astrology.

**Memories or Things That Make Me Feel Happy:**

- I have been an outstanding student throughout my life.
- I have a very loving and good family, children and grandchildren.
- Leaning and reading never ends in life. I love reading religious books like Geeta, Vedas, Shastras, Astrology, Purans, etc.
- I love Sanskrit although I have very limited knowledge. I like chanting Devi Devatas Stutis/ Slokas and tantric mantras. I also like doing Poojas. Similarly I am fons of Chad and Parvas.
- I love doing myself meditation every day.
- I love listening songs. Sometimes I would like to sing Hindi songs too on my own.
- I have been an outstanding performer in my assignments and jobs. That is why I got promoted faster in my services. I recall my one promotion equivalent to first class at the age of 29 (I had started my job at 24 and gradually rose but faster).
- In interviews and competitions I have been winning horse many occasions of my choice. That was how I was selected by USAID, SDC, GTZ among my tough competitors.
- I enjoy in astrology and vaastu shastra topical presentations or discussions. Horoscope reading and predictions including horary answering make me very attentive and focused, so that I do not make off-beam interpretation.
- I have proven to be a good facilitator, moderator and negotiator. I love conducting meetings.
- I have done many good rituals and rites in my life that can make me feel extremely happy.
- I enjoy telling jokes with personal styles.
- I love to watch flying aircrafts/planes.
- When I do not have to go to a party, I feel very happy.
- I really love Newari Parikaars and Bhoj.

BCR, August 10, 2021

# जन्मभूमिदेखि कर्मभूमिसम्म

**करुणा गोविन्द श्रेष्ठ**

**पूर्व अध्यक्ष**

**(२०६३/६४ - २०६४/६५)**

श्रुति अनुसार करिब १८५ वर्ष अगाडि मेरा बुढा जिजुबाजे गोपाल १६ वर्षको उमेरमा भक्तपुरबाट पोखरा हुँदै पाल्पा तानसेन आएका थिए। उनका छोरा उजिर सिंह र उजिर सिंहको छोरा राम गोविन्द श्रेष्ठ भए। राम गोविन्दका तीनजना श्रीमतीहरूबाट १० जना छोराहरू र तीनजना छोरीहरू भए। तीमध्ये सबभन्दा जेठो छोरा इन्द्रगोविन्द श्रेष्ठ तथा पद्मकुमारी श्रेष्ठको कोखबाट दोश्रो विश्वयुध्दको अन्त्यतिर पाल्पा तानसेन भगवती टोल, ठाडो गल्लीस्थित घरमा तेश्रो सन्तानका रूपमा मेरो जन्म भएको थियो। मेरो घाँटीमा सालनाल बेरिएर जन्मेकोले अक्सर त्यस्ता बच्चाहरू मृतक जन्मनु पर्नेमा म बाँचेको हुनाले भाग्यमानी हुनेछ भनेर सुँडेनीले भविष्यबाणी गरेकी थिइन् रे। म भाग्यमानी भएँ कि भइन थाहा छैन तर अभागी चाहिँ भइन जस्तो लाग्छ।

सानोमा म सगोल परिवारमा हुर्किएँ। त्यसबेला तानसेनमा पढेलेखेका व्यक्तिहरू औंलामा गन्न सकिने मात्र थिए। मैले बाबुलाल श्रेष्ठ, भारती मास्टर जस्ता गुरूहरूसँग पढ्ने मौका पाएको थिएँ। २००८ सालमा जनता विद्यालय स्थापना भएपछि त्यहीँ पढ्न गएको थिएँ। उक्त विद्यालयको स्थापनाकालमा मेरा पिता इन्द्रगोविन्द श्रेष्ठ त्यस विद्यालयको सञ्चालक समितिको प्रथम सचिव हुनुभएको थियो। यसैबेला मेरी ममतामयी माताको अकस्मात् स्वर्गारोहण भयो। त्यसबेला म, कल्याणगोविन्द दाइ र भाइ विजयगोविन्द सानै भएको र हाम्रो लालनपालन गर्न गाह्रो हुने भएकोले



मेरो बुबाले दोश्रो विवाह गरेर हामी सबै पोखरा गएका थियौं। त्यसबेला अहिले जस्तो मोटर बाटो थिएन, पैदल हिंडेर जानुपर्थ्यो। चार दिन लगाएर हामी पोखरा पुगेका थियौं। हामी पोखरामा बस्दा त्यहींको हाइस्कुलमा पढ्यौं। करिब एक घण्टाको बाटो हिंडेर स्कूल जानुपर्थ्यो। पोखरामा बस्दा मेरा बुबा र एकजना आर्मीका क्याप्टेन घनविक्रम राणा मिलेर एउटा राइस मिल राखेर धान कुट्ने उद्योग सञ्चालन गर्नुभएको थियो। पोखरामा पहिलो राइस मिल चलाएर उद्योग सञ्चालन गर्ने श्रेय मेरो बुबा र क्याप्टेन घन विक्रमलाई जान्छ।

त्यसबेलाको पोखरा बजार आज जस्तो विकसित थिएन। विन्ध्यवासिनी मन्दिर देखि पालिखेचोक हुँदै नालामुखमा सेतीगण्डकीको पुल पार गरेर पारिपट्टि आर्मी व्यारेक थियो। त्यहाँबाट एक लरकन बजार थियो र फूलबारी भन्ने ठाउँमा मिल राखेको थियो। २०१३ सालमा विशेष कारणबस आमा, बुबा र भाइ विजय काठमाडौं गए। म र कल्याणदाइ तानसेन फर्केर काकाहरूसँग बस्यौं र पुनः जनता विध्यालयमा पढ्न थाल्यौं।

२०१५ सालमा राजा महेन्द्रको देश भ्रमणको सिलसिलामा तानसेनमा पनि भ्रमण भएको र टुँडिखेलमा शिविर राखिएको थियो। त्यसबेला तानसेनमा निकै चहल-पहल भएको थियो। प्रत्येक विध्यालय र अन्य संस्थाहरूबाट साँस्कृतिक कार्यक्रमहरू गरिएकोमा जनता विध्यालयबाट प्रस्तुत गरिएको समूहनाचमा मैले पनि सहभागिता जनाएको थिएँ। पोखरामा बितेका केही वर्ष बाहेक मेरो बाल्यकाल तानसेनमै बित्यो। मेरो पढाई राम्रै थियो, कक्षामा प्राय:जसो दोश्रो हुन्थें। पढाइ बाहेक हाम्रो किराना पसलमा काकाहरूलाई सघाउँथें। शनिवार र मीनपचासको बिदामा साथीहरू सँग मिलेर गुलेली, एयरगन लिएर श्रीनगरडाँडा चाहार्थ्यौं। दिनभरि खल्लुक, काफल, म्याल,ऐसेँलु खाँदै चराहरूको शिकार गर्थ्यौं। मैले जिन्दगीमा पहिलोपटक एयरगन चलाउँदा चरा मरेको देखेर म आफैं छक्क परेको थिएँ।

हामी ठाडोगल्लीका साथीहरू मिलेर 'बालसेवा पुस्तकालय' खोलेका थियौं। विभिन्न हिन्दी, नेपाली, अंग्रेजी पुस्तकहरू तथा पत्र-पत्रिकाहरू मागेर, खोजेर पुस्तकालय सञ्चालन गरेका

थियौं। प्रत्येक वर्ष गाईजात्राको अवसरमा साथीहरू मिलेर बजारका प्रत्येक घर-घरमा नाच्दै, गाउँदै, रमाउँदै पैसा जम्मा गर्दथ्यौं र उक्त पैसाबाट हामीले नयाँ पुस्तकहरू किनेर पुस्तकालयमा थप्थ्यौं जसलाई त्यसबेलाको सबैभन्दा रमाइलो क्षण मान्थ्यौं। तानसेनमा हुने यस्तै विभिन्न जात्रा पर्वहरूमा वरिपरिका गाउँहरूबाट थुप्रै मानिसहरू जम्मा हुन्थे। जात्रा हेर्नुका साथै उनीहरूले किनमेल पनि गर्थे र व्यापार निकै राम्रो हुन्थ्यो।

यसरी समय बित्दै गयो र २०१८ सालमा म एस.एल.सी.मा दोश्रो श्रेणीमा उत्तीर्ण भएँ। मलाई बच्चाबेला देखि नै मेकानिकल इन्जिनियर हुने तीव्र इच्छा थियो। त्यो इच्छा पूरा गर्न साईन्स पढनुपर्थ्यो जुन पढाई तानसेनमा हुँदैनथ्यो त्यसको लागि काठमाडौं वा भारत नै जानुपर्थ्यो। त्यसबेला अरू धेरै साथीहरू पनि एस.एल.सी. पास भएका थिए। त्यस मध्ये गणेश बहादुर श्रेष्ठ, राजकुमार बज्राचार्य, सूर्यबहादुर सेन ओली, अरूणिमा प्रधान, मीरा थैव र मखनलाल श्रेष्ठ लगायत नौजना हामीहरू काठमाडौंमा पढ्न जाने भयौं। मेरो साँइला काका जितगोविन्द श्रेष्ठले मलाई साइन्स पढ्न प्रेरित गर्नुभएको तथा काठमाडौंमा पढ्न पठाउन प्रतिबद्धता जनाउनु भएकोले मैले काठमाडौं गएर साइन्स पढ्ने मौका पाएँ। काठमाडौंको पब्लिक साइन्स कलेज (हाल अमृत साइन्स क्याम्पस) मा भर्ना भएर २०२० सालमा आइ.एस्सी. दोश्रो श्रेणीमा पास भएँ। त्यो वर्ष थुप्रै विध्यार्थीहरूले तत्कालीन सोभियत संघमा पढ्न सरकार मार्फत छात्रवृत्ति पाएका थिए। पहिलो समूहमा जाने नौजनामध्ये म पनि परें। त्यसबेला अरू साथीहरू सँग पहिलो पल्ट डी. सी. ३ हवाईजहाज चढेर बनारस हुँदै भारतको राजधानी दिल्ली पुग्यौं। एक रात त्यहीं होटेलमा बसेर दोश्रो दिन हामी तत्कालीन सोभियत संघको ठूलो जेट प्लेन IL 62 चढेर राजधानी मस्को पुग्यौं। त्यहाँ दुईदिन जति बसेर हामी नौजना लाई युक्रेनको राजधानी किभ पठाइयो। नयाँ ठाउँ, केही नबुझिने नयाँ भाषा, नौलो खाना, नौलो परिवेशको सामना गर्नुपर्यो। त्यहाँ हामीहरूले अरू विभिन्न देशबाट आएका हामीजस्तै नयाँ विध्यार्थीहरू सँग Preparatory faculty मा पढ्न शुरू गर्यौं।

हामी बस्ने होस्टेलमा एउटा कोठामा दुइजना विदेशी र एकजना रसियन विध्यार्थी बस्ने व्यवस्था थियो। ती रसियन विध्यार्थी पनि हामीसँग अंग्रेजी सिक्न र हामीले रसियन भाषा सिक्न सजिलो होस् भनेर त्यसो गरेका रहेछन्। शुरुमा भाषाले गर्दा ज्यादै अप्ठ्यारो परेको थियो तर सँगसँगै हामीले भाषा सिक्दैगयौं। कतै जान, खानेठाउँ, पसलहरूमा गएर खान र सामान किन्न सक्षम हुँदै गयौं।

यसैगरी हामी तीन महिनामा बोल्न सक्ने भयौं। एक वर्ष preparatory course सिध्याएर हामी नौजना विद्यार्थीहरूले पढाई गरी राम्रोसँग उत्तीर्ण भएकोले आफूले रोजेको सोभियत संघ भरिको जुनसुकै इन्स्टिच्युटमा पढ्ने मौका दिइयो। मैले मस्कोको पावर इन्जिनियरिङ इन्स्टिच्युटमा पढ्ने मौका पाएँ। मस्को जानुभन्दा अगाडि दुई महिनाको गर्मीको छुट्टिमा हामी सबै नेपालीहरू र अन्य विद्यार्थीहरूका साथ ब्ल्याक सीमा छुट्टी मनाउन गयौं। सुरुको एक महिना हामीले सरकारी कृषि फार्ममा काम गर्यौं।यो फार्ममा हजारौं एकड जमिनमा अंगूर खेती गरिएको थियो।हामी विभिन्न देशबाट आएका करिब १०० जना जति विद्यार्थीहरू बिहान ब्रेकफास्ट गरेर भाइन यार्डमा जान्थ्यौं र करिब चारघण्टा काम गरेर फर्कन्थ्यौं। दिउँसो खाना एकदम राम्रो दिन्थ्यो र त्यसपछि आराम गरेर साँझ विभिन्न नाचगानको कार्यक्रम हुन्थ्यो।यसरी एक महिनाजति बिताएर त्यहाँबाट ब्ल्याक सीको रिसोर्टमा गयौं।त्यहाँ दिनभर ब्ल्याक सिको किनारमा बस्ने, नुहाउने, घामताप्ने, आराम गर्ने, खाने, र साँझ कल्चरल प्रोग्राममा भाग लिने, नाच्ने गर्थ्यौं। त्यो एउटा बेग्लै संसार, बेग्लै अनुभूति थियो। यसरी त्यहाँ एक महिना समय बिताएपछि किभ शहरमा फर्क्यौं। त्यहाँबाट म र अन्य साथीहरू मस्को गयौं। त्यहाँको मस्को पावर इन्जिनियरिङ इन्स्टिच्युटमा इलेक्ट्रिकल ईन्जिनियरिङ कोर्स पढ्न थाल्यौं। पाँचवर्षको कोर्स पढेर छमहिनामा थेसिस डिफेन्ड गरेर मास्टर इन इलेक्ट्रिकल ईन्जिनियरिङ डिग्री हासिल गरें।

त्यसबेला सोभियत संघको विभिन्न शहरहरूमा पढ्ने नेपाली विद्यार्थीहरूको एउटा संघ थियो। मुख्य अफिस राजधानी मस्कोमा रहेको उक्त संघ ज्यादै सक्रिय थियो। संघले त्यहाँ पढ्ने विद्यार्थीहरूलाई आवश्यकता अनुसार सहयोग गर्ने, नेपाली दुतावास र त्यहाँको शिक्षा मन्त्रालयसँग सम्पर्क राखेर विद्यार्थीहरूको समस्या समाधान गर्नुका साथै सबै विद्यार्थीहरू बीच एकता, सदभाव र समन्वय गर्नेगर्थ्यो।यो संघले सोभियत संघ बाहेक संसारका विभिन्न देशमा पढ्ने नेपाली विद्यार्थीहरूको संघ सँग सम्पर्क र समन्वय गर्थ्यो। म पनि उक्त संघको पहिला सहसचिव र पछि महासचिव भएर काम गरेको थिएँ। यसैबेला सन् १९६८ मा बुल्गेरियाको राजधानी सोफियामा भएको 9th International Youth Festival मा भाग लिने मौका पनि पाएको थिएँ।

सन् १९७१ मा आफ्नो इन्जिनियरिङको पढाइ सकेर म नेपाल फर्कें। नेपालको विमानस्थल देख्दै बिरक्त लाग्यो। अझ विमानस्थलबाट सिनामंगल हुदैं शहरतिर लाग्दा म त्यति धेरै वर्ष बाहिर बसेर नेपाल आउँदा

आफ्नो देशमा केही त प्रगति भयो होला भनेको त जस्ताको त्यस्तै, कस्तो गरिब देखिने। २०२० सालमा विदेश जाँदा म फर्कदा सम्म यो पञ्चायत व्यवस्था सिध्दिसक्ला भनेको त अझ गहिरो जरा गाडेर बसेको पाएँ। विमानस्थलमा मलाई कल्याण दाइले लिन आउनु भएको थियो। सरासर उहाँ बस्ने डेरा भौंसिकोमा पुगियो।यसरी नेपाल फर्केर दुई चार महिना त यसै हल्लिएँ र काम खोज्नतिर लागें। मजस्ता अरु दुई-तीन सयजना विभिन्न विषयका विशेषज्ञ, डाक्टर, इन्जिनियर पास भएर आएका सबैले मन्त्रालय, विभाग, मन्त्रीकोमा धाउनु पर्यो र बल्ल बल्ल छमहिना पछि नेपाल विद्युत कर्पोरेशनमा अस्थाइ जागिर पाएँ। त्यसबेला विद्युत कर्पोरेशनको कार्यक्षेत्र काठमाडौं उपत्यकाभित्र मात्र सिमित थियो। ६६ के.भी. र ३३ के.भी. प्रसारण लाइन १०० किलोमिटरभन्दा कम लम्बाइको थियो।आफूले पढेर र प्राक्टिकल गरेर, देखेर आएका पावर हाउसहरू, प्रसारण लाइनहरू हेर्दा यो खेलौना जस्तो लाग्थ्यो। मैले पढाइको सिलसिलामा भोल्गा नदीमा निर्मित धेरै पावर हाउसहरूमध्ये एउटा भोल्सकिइ पावर हाउसमा १२५ मेगावाटका २० ओटा युनिट अर्थात् पावर हाउसको कुल क्षमता २५०० मेगावाटको थियो। त्यो हेर्दा २१ मेगावाटको त्रिशूलीको पावर हाउस खेलौना जस्तो देखिन्थ्यो। त्यो पावर हाउस पनि भारत सरकारको सहयोगमा बनेको थियो। साथै पनौतीमा बनेको २४०० कि. वा. को हाईड्रोपावर पनि तत्कालीन सोभियत सरकारले बनाइदिएको थियो। यसरी मैले ३३ वर्ष ईन्जिनियर भएर काम गरेर निर्देशक पदबाट अवकास प्राप्त गरें।

यस अवधिमा विभिन्न दातृसंस्थाहरू जस्तै वर्ल्ड बैंक, ए.डी. बी., जाइकाबाट आर्थिक अनुदान तथा ऋणप्राप्त भएका आयोजनाहरूको प्रमुख भएर काम गर्ने मौका पाएँ। ती आयोजनाहरूमा काम गर्दा प्रत्येक दातृ संस्थाहरूको आफ्नै नियम, कानुन, प्रावधान अनुसार कामगर्नु पर्दा त्यति सजिलो थिएन। प्राविधिक कामका साथै प्रशासनिक काममा पनि उत्तिकै समय दिनुपर्ने अवस्था आउँथ्यो।प्रोजेक्टको लागि चाहिने सामानहरु धेरैजसो हाम्रो देशमा नबन्ने, नपाइने हुँदा विदेशबाट ल्याउनु पर्थ्यो। ती समानहरू किन्न हाम्रो देशको नियम भन्दा दातृसंस्थाको नियम पालना गरेर काम गर्नुपर्ने हुन्थ्यो। यसरी सबै झन्झटहरू पार गर्दै सबै आयोजनाहरूको काम पूरा गर्न सफल भयौं। मैले काम गर्दा सबभन्दा गाह्रो शहरी क्षेत्रमा प्रसारण लाइन बनाउनु थियो। उक्त लाइन बनाउँदा सो लाइनको मुनि र लाइनबाट केही दुरीसम्म घर बनाउन निषेध गरिने नियम हाल पनि अध्यावधिक छ। त्यस वापत सरकारले क्षतिपूर्ति दिनुपर्ने नियम बनाइएता पनि सो प्रसारण लाइन बनाउँदा थुप्रै जग्गा धनीहरूले मुद्दा दिएका थिए। यस्तै थुप्रै व्यवधानहरू पार गरेर प्रसारण लाइनको निर्माण गर्न सफल भइयो।

जिन्दगीमा मैले नेपालका धेरै जिल्लाहरू र संसारका विभिन्न देशहरूमा भ्रमण गर्ने मौका पाएँ। एशियाको जापान, चीन, ताइवान, हङकङ, सिङ्गापुर, फिलिपिन्स, थाईल्याण्ड, बंगलादेश, श्रीलंका तथा भारतका धेरैजसो ठूला शहरहरू जाने मौका पाएँ। साथै युरोपका बुल्गेरिया, स्विट्जरल्याण्ड, फिनल्याण्ड, अष्ट्रिया, नर्वे, इङ्लैंड, फ्रान्स, साइप्रस र पूर्वसोभियत संघका धेरै शहरहरू तथा The USA जाने मौका पाएँ।



**विभिन्न संस्थाहरूमा संलग्नता:**

- मोल्नियया पावर प्रा. लि. – संस्थापक
- नेपाल जेष्ठ जनसमाज – अध्यक्ष
- नि:सहाय सेवा सदन – संस्थापक उपाध्यक्ष, हाल कार्यरत उपाध्यक्ष
- तानसेन गुठी – आजीवन सदस्य तथा पूर्व अध्यक्ष
- Society of Electrical Engineers – संस्थापक सदस्य
- मित्र कुन्ज – पूर्व सहसचिव (आजीवन सदस्य )
- JICA Alumni Association - आजीवन सदस्य
- मैलुङ्ग खोला हाइड्रो पावर कम्पनी – संस्थापक तथा पूर्व अध्यक्ष
- बैभव फाइनान्स – पूर्व अध्यक्ष (हाल प्रभु बैंकसँग गाभिएको)
- नेपाल सहकारी बित्तीय संस्था – पूर्व सञ्चालक

**मानपदवी – गोर्खा दक्षिणबाहु चौथो**

मेरो बिहे डक्टर अम्बिका श्रेष्ठसँग भएको हो। उनी नेपालको पहिलो महिला साइक्याट्रिस्ट डक्टर हुन्। हाम्रा एक छोरा नविन श्रेष्ठ र छोरी डाक्टर एरिना श्रेष्ठ छन्। छोरा नविनको बिहे नविना श्रेष्ठ सँग भएर एक नातिनी स्वस्तिका श्रेष्ठ, हाल Bachelor अध्ययनरत छिन् र नाति शिरीषगोविन्द श्रेष्ठ, हाल IB अध्ययनरत छ। छोरी डाक्टर एरिनाको सेसिल प्रधानसँग बिहे भएर हाल The USA को फ्लोरिडामा कार्यरत छिन्। उनीहरूको एक छोरा अनयलाल प्रधान र छोरी जुही प्रधान छन्।

**रिटायर्ड लाईफ:**

नेपाल विधुत् प्राधिकरणमा ३३ वर्ष जागिर खाएर २०७२ सालमा रिटायर्ड भएपछि केही महिना आराम गरें। रिटायर्ड पछि के गर्ने? भनेर मैले पहिले नै प्लान बनाएको थिएँ। सोही अनुसार मैले साथीहरूसँग मिलेर पाँच मेगावाटको मैलुङ खोला जलबिद्युत आयोजनामा संलग्न भएर त्यसको बोर्ड मेम्बर भएर पछि चियरम्यान पनि भएर काम गरें। साथै साथीहरू सँग मिलेर मैले बैभव फाइनान्समा संलग्न भएर त्यसको अध्यक्ष भएर पनि काम गरें।

२०४६ सालमा देशमा भएको राजनीतिक परिवर्तन पछि जागिर हुँदा नै सामाजिक कार्यमा साथीहरूसँग मिलेर 'नि:सहाय सेवा सदन' भन्ने संस्था खोल्यौं। त्यो संस्थाको संस्थापक उपाध्यक्ष साथै हाल उपाध्यक्ष भएर कार्यरत छु। यो संस्थाले दीन, दु:खी, असहाय जेष्ठ नागरिकहरूलाई आश्रय दिएर खान, बस्न, औषधी उपचार र अन्य सेवा-सुविधा प्रदान गर्दै आएको छ।

तानसेन गुठीले २८ वर्ष पार गरी २९ औं वर्ष प्रवेशको अवसरमा
गुठीको उत्तरोत्तर प्रगतिको लागि हार्दिक
शुभकामना व्यक्त गर्दछौं ।



कृष्ण गंगा साई सप्लायर्स

कालिकानगर, बुटवल-११
फोन नं. ०७१-४३७२४३, ४१५१९६, फ्याक्स ०७१-४३८७३६
E-mail: satyasaihardware2054@gmail.com

# जन्मभूमिदेखि कर्मभूमिसम्म

**गृहमान सिंह**
पूर्व अध्यक्ष
(२०६५/६६- २०६६/६७)

**१. पारिवारिक जीवनी :**

पाल्पा तानसेन वसन्तपुर टोल निवासी बैद्य नौनिधि मान सिंह तथा धर्मपत्नी चंचला नाम्नी देवीको कोखबाट दोश्रो पुत्रको रूपमा, श्रीशाके सम्वत् १७७४, नेपाल सम्वत् १०७२, इस्वी. सं. १९५२, वि.सं. २००९ जेष्ठ ३१ गते शुक्रवार आषाढ कृष्णपक्ष षष्ठी तिथिका दिन मेरो जन्म भएको हो। वाल्य अवस्थामा सम्पूर्ण पालन-पोषण बुबा आमाबाट भएको थियो। घरमा बुबा आमालाई घरायसी तथा व्यापारको काममा सहयोग गर्दैआएको थिएँ।

मेरो विवाह पोखरा वगाले टोल निवासी वीरेन्द्र कुमार वाटाजू तथा धर्मपत्नी दीपलक्ष्मी वाटाजूकी दोश्री सुपुत्री गीतालक्ष्मी बटाजुसँग वि.सं. २०४० साल फागुन २२ गते सोमवारका दिन भएको थियो। मेरो सन्तानमा दुईजना मात्र छोराहरूमध्ये पहिलो छोरा डा. युजलमान सिंह को जन्म २०४२ साल माघ ६ गते भएको थियो, अहिले नेपाली सेनामा क्याप्टेनको पदमा सेवारत छ। उक्त सेवा वापत हामी दुबैको निःशुल्क स्वास्थ्य उपचार गराउने व्यवस्था भएकोमा हाम्रो तर्फबाट नेपाली सेना र छोराप्रति आभार प्रकट गर्दछौं। यही सेवाको दौरानमा (२०१७ मे) उसले भारतको पुने, क्यान्टोन्टमेन्ट एरिया वानोवेरिक, साउथ कमाण्ड अस्पतालको आर्म फोर्स मेडिकल कलेजबाट साइक्याट्रिक्स सम्बन्धि विषयमा एम.डी. गर्ने सुअवसर पाए। छोराको विवाह लाल बहादुर श्रेष्ठकी नातिनी हरि बहादुर श्रेष्ठ र स्वस्तिका श्रेष्ठ की छोरी तुत्तेपानी ललितपुर जिल्ला उपमहानगरपालिका



वडा नं. १४ निवासी दिपा श्रेष्ठसंग २०७० साल फागुण २५ गते सामाजिक परम्परा अनुसार भएको हो। निजको (डा.युजल मान सिंह र दिपा श्रेष्ठ सिंह) सुपुत्री जिदानिया सिंह भारतको पुने, क्यान्टोन्टमेन्ट एरिया, वानोवेरिक साउथ कमाण्ड हस्पिटलमा २०७६ साल कार्तिक शुक्ल पक्ष त्रयोदशी (१३) अर्थात २०७६ साल कार्तिक २४ गते बेलुका ५.१० बजे आईतबार (२०१९ नोभेम्बर १०) मा जन्मिएकी हुन्।

कान्छा छोरा ई.सजलमान सिंहको जन्म २०५० साल मंसिर १७ गते भएको थियो। ऊ अहिले हाइड्रोपावरमा कार्यरत छ। छोराहरूलाई डाक्टर र इन्जिनियरसम्म पढाउनको लागि मेरो धर्मपत्नी गीतालक्ष्मी सिंह (बटाजु) ले आफ्नै घरमा विधिपूर्वक २०५९ साल चैत्र २७ गते देखि 'दिप छात्रावास' खोली क्याम्पस र अन्य शैक्षिक संस्थाहरूमा अध्ययनरत छात्राहरूलाई (अरुको छोरीहरूलाई) मेहनत साथ सेवा गर्दै आइरहेकी छिन्। म सरकारी सेवामा २०३३ साल श्रावण १३ गते देखि २०६६ साल आषाढ ६ गते (३५ वर्ष) सम्म संलग्न भएको थिएँ।

**२. शैक्षिक गतिविधि :**

मैले तानसेन वसन्तपुर टोलस्थित जनता विद्यालय हाइस्कूलमा सुरुदेखि शिक्षा हासिल गरेको थिएँ। यस स्कूलमा मासिक ६० पैसा शुल्क तिरेर कक्षा दशसम्म पढेको थिएँ। यस स्कूलबाट २०२५ सालमा एस.एल.सी. उत्तीर्ण गरेपछि काठमाण्डौ आई पाटन कलेजमा आई.एस्सी. जीवविज्ञान विषय लिई अध्ययन गरी २०२८ सालमा उत्तीर्ण गरें। २०३० सालमा अमृत साईन्स कलेजमा विज्ञान स्नातक (बि.एस्सी) अध्ययन गरी उत्तीर्ण गरेपछि २०३२ सालमा त्रिभुवन विश्व विद्यालय कीर्तिपुरमा रसायन विज्ञानाचार्य (M.Sc. in Chemistry) को लागि भर्ना भई २०३५ सालमा उत्तीर्ण भएँ।

जागिरको दौरानमा १९८९ देखि १९९१ सम्म (दुईवर्ष) बेलायतको Clacton मा रहेको Col Chester Institute मा अभिलेखहरुको संरक्षण विषयमा 'Post Graduate Diploma in Library Conservation' सफलतापूर्वक अध्ययन सम्पन्न गरेँ।। नेपालमा उक्त विषय अध्ययन गर्ने म नै पहिलो व्यक्ति हूँ र यस विषयमा अध्ययन गर्ने हालसम्म अरू कोही पनि नभएकोले

म नै पहिलो साथै हालसम्म लाई एक्लो व्यक्ति हुँ।

पुरातात्विक संरक्षण विषयमा ६ महिने 'Conservation of cultural Property साँस्कृतिक सम्पदाको संरक्षण तालिम १९८३–१९८४ मा National Research Laboratory for Conservation of Cultural Property Lucknow बाट प्राप्त भएको थियो।

अभिलेख संरक्षण विषयमा दुइ महिने 'Short Course in Conservation and Book Binding' विषयको तालिम 1st Sep. 1995-30th Oct. 1995 मा मलेशियाको National Archives of Malaysia बाट प्राप्त भएको थियो।

**३. सरकारी सेवा एवम् अन्य सेवा :**

बि.एस्सी उत्तीर्ण गरेपछि २०३१ साल श्रावण १३ गते देखि २०३७ साल चैत्र १८ सम्म श्री ५ को सरकार वन मन्त्रालय, वनस्पति विभागको शाही औषधी अनुसन्धानशालामा असिष्टेन्ट केमिष्ट (प्रा.रा.अ.प्र.) पदमा रही सेवा गरेको थिएँ।

एम.एस्सी उत्तीर्ण गरे पछि श्री ५ को सरकारको शिक्षा मन्त्रालय पुरातत्व विभाग, राष्ट्रिय अभिलेखालयमा २०३७ साल चैत्र १९ देखि २०६४ माघ १ सम्म (प्रा.रा.प.तृ.) रसायनविद् र २०६४-१०-०२ देखि २०६६-०३-०६ सम्म वरिष्ठ रसायनविद् (प्रा.रा.प.द्वि.) पदमा रही सेवा गरेको थिएँ। लगभग ३५ वर्ष जति सरकारी सेवा गरें। हाल सम्म पनि सेवा गर्दै आइरहेको छु।

उक्त सेवा बाहेक आफ्नो उच्च शैक्षिक योग्यता अनुसार लुम्बिनी बौद्ध विश्व विद्यालयबाट सञ्चालित M.A. Museology विषयमा अध्ययन गर्ने विद्यार्थीहरुलाई Conservation सम्बन्धी शिक्षा २०७३ सालदेखि अहिलेसम्म निरन्तर दिँदै आइरहेको छु। साथै पुस्तकालय विज्ञानको तालिममा अध्ययन गर्ने विद्यार्थीहरुलाई Conservation सम्बन्धी शिक्षा अहिले सम्म दिँदै आइरहेको छु।

मेरो नाममा Preservation, Conservation and Restoration of Cultural Property नामक संस्था खोली विभिन्न संग्राहलयमा पुस्तकालय र अभिलेख संकलन गरेका स्थानमा संरक्षण सम्बन्धि सेवा प्रदान गर्दै आइरहेको छु।

**४. प्रकाशन :**

आफूले गरेको कामबारे विभिन्न पत्रिकाहरू जस्तैः पुरातात्विक संरक्षण सम्बन्धी पुरातत्व विभागले प्रकाशन गर्ने 'प्राचिन नेपाल' पत्रिका, अभिलेख संरक्षण सम्बन्धी अभिलेखालयले प्रकाशन गर्ने 'अभिलेख' पत्रिकामा प्रकाशन गर्दै आइरहेको छु।

**५. संघ संस्थामा संलग्नता :**

- नेपाल केमिकल सोसाईटी, नेपाल फर्मास्यूटिकल एसोसिएसन
- Association of British Alumni in Nepal, International



Council on Monuments and Sites of Nepal

- पश्चिमाञ्चल विकास मञ्च
- कुलेश्वर आवास परिवार कल्याण संस्था
- **'तानसेन गुठी':** आफ्नो जन्मभूमिको नाममा आफूले जन्माएको, हुर्काएको संस्था 'तानसेन गुठी' काठमाण्डौ भएको हुँदा यसमा अति नै आत्मीयता, स्नेह, मोह र माया छ। यसमा मेरो आफ्नो मुख्य योगदानको कुरा छोटकरीमा उल्लेख गर्न चाहन्छु :

**क) सामाजिक कार्य :**

तानसेन गुठीको आयोजनामा गर्दै आइरहेको ईहिः, ब्रतवन्ध कार्यमा सक्रिय भूमिका निर्वाह गरेको छु। उक्त कार्यको लागि आवश्यक पर्ने बाँस, पैयूँ, वर, पिपल, चाँपको हाँगाहरु कुलेश्वरदेखि कुम्भेश्वर मन्दिर सम्म पुर्याउने र ज्योतिषीकोमा गएर ब्रतवन्धको शुभ-साईत पनि लिन जानुपर्थ्यो। आफ्नो घर परिवारमा विवाहको कार्यक्रम हुँदा पनि गुठीको कामहरू नरोकी उक्त इहि, ब्रतबन्धमा सक्रिय भूमिका निभाएर कार्य सम्पन्न गरिरहेको छु।

**ख) धार्मिक तथा मर्मत कार्य :**

काठमाण्डौ देखि तानसेन सम्म गई विभिन्न मन्दिरहरुमा संरक्षण तथा मर्मत कार्य सम्पन्न गरिएको।

अमरगञ्ज गणेश मन्दिरको गजुरमा लगाइएको पहेँलो इनामेल हटाई तानसेन गुठीको पहलमा सुनको जलप लगाउन प्रमुख भूमिका निर्वाह गरेको।

तानसेन वसन्तपुरको लक्ष्मीनारायण मन्दिरमा रहेको फुटेको ठूलो घण्टालाई हटाएर गुठीको पहलमा पाटन औद्यौगिक क्षेत्रबाट ठूलो घण्टा बनाई उक्त मन्दिरमा राख्न प्रमुख भूमिका निर्वाह गरेको।

तानसेन टक्सारटोलको सूर्य विनायक गणेश मन्दिर मर्मत तथा जीर्णोद्धार गर्नको निम्ति पुरातत्व विभागमा विशेष पहल गरी रकम निकासा गरेको साथै तानसेन गुठीको साथीहरूबाट आर्थिक सहयोग जुटाई मन्दिरको मर्मत तथा जीर्णोद्धार गर्ने भूमिका निर्वाह गरेको।

पाल्पा बटुक भैरव मन्दिरको प्राङ्गणमा पानी राख्ने टैंकी उपलब्ध गराएको।

पाल्पा बटुक भैरबको मकुण्डोको दायाँबायाँ रहेको तोरण सफा गरी संरक्षण गरिएको।

भगवतीटोल स्थित भिमसेन मन्दिरको दोश्रो तल्लाको छानामा पित्तलको छाना राख्न पुरातत्व विभागबाट स्वीकृत लिन विशेष पहल गरिएको साथै आर्थिक सहयोग गरिएको।

तानसेन बजारको विभिन्न देवदेवीको रथ यात्रा गरी बजारमा घुमाउनको लागि विशेष पहल गरी अक्षयकोष स्थापना गरिएको।

तानसेन भगवती टोलस्थित रणउजीरेश्वरी भगवतीको रथ बजारमा परिक्रमा गराउन गाह्रो भयो भनी भगवती गुठीले आर्थिक सहयोग माग गरे अनुसार नेपाल सरकारलाई गुठीको पहलमा पूर्व प्रमुख संयोजक लक्ष्मणप्रसाद श्रेष्ठ, सल्लाहकार शोभा श्रेष्ठ र स्वयम् म गृहमान सिंह ले मुख्य भूमिका निर्वाह गरेको।

**ग) शैक्षिक क्षेत्र :**

गुठीको पहलमा तानसेनको स्कूलबाट एस.एल.सी. उत्तीर्ण गर्ने विद्यार्थीहरुका लागि Carrier Council अभिमुखी कार्यक्रम गर्न मुख्य भूमिका निर्वाह गरेको।

तानसेन गुठीको वार्षिक कार्यक्रममा तानसेनबाट आउने विद्यार्थीहरुलाई आफ्नै घरमा सञ्चालित होस्टलमा बस्ने व्यवस्था गरेको।

**घ) प्रकाशन :**

गुठीबाट प्रकाशन हुने चिनारी पत्रिकामा महत्वपूर्ण भूमिका निर्वाह गरेको।

**ङ) आर्थिक :**

गुठीको अक्षयकोषको रेखदेख गर्नुको साथै आय व्ययको हिसाबहरु राम्रोसंग राख्न उचित भूमिका निर्वाह गरेको।

**च) अफिसकोठा :**

२०५४ साल देखि गुठीलाई आवश्यक पर्ने सामान राख्ने र मिटिङ गर्ने कोठा उपलब्ध गराएको साथै हालसम्म गुठीको अफिस आफ्नै घरमा निःशुल्क उपलब्ध गराइएको (कागजी रुपमा २०६२ साल देखि देखिन्छ)।

**छ) गुठीमा संलग्नता :**

तानसेन गुठीमा २०५० साल वैशाख १२ गते रसिद नं. ७ बाट गुठीको सदस्यता लिएको प्रष्ट देखिन्छ। गुठीको संयोजकमा २०५४ साल र प्रमुख संयोजकमा २०६५ देखि २०६७ साल सम्म निरन्तर संलग्नता रहेको।

**७. पदक :**

नेपालमा पहिलोपटक भएको सार्क शिखर सम्मेलनको अवसरमा भक्तपुर, काठमाण्डौ र अन्य ठाउँमा मठ मन्दिरहरूको संरक्षण गर्न सहयोग पु-याए वापत सार्क मेडल अवार्ड बाट सम्मानित।

**८. भ्रमण :**

मैले थोरै देशहरुमा (भारत, श्रीलंका र बेलायत आदि) सरकारी सेवाको दौरानमा भ्रमण गर्ने अवसर प्राप्त गरेको थिएँ।

# जन्मभूमिदेखि कर्मभूमिसम्म

**शान्ता शाक्य**
निवर्तमान अध्यक्ष - तानसेन गुठी काठमाडौं
(२०७३/७४- २०७४/७५)

### पारिवारिक पृष्ठभूमि

तानसेन प्राकृतिक दृष्टिकोणले अत्यन्त रमणीय पहाडी जिल्ला पाल्पाको सदरमुकाम श्रीनगरको काखमा अवस्थित सुन्दर नगर हो जहाँ सबै जनजातिहरूको बसोवास छ। नेवार जातिको बाहुल्यता भएको तानसेनमा प्रायः काठमाडौं, भक्तपुर र ललितपुरका नेवारहरू व्यापार व्यवसायका लागि गएका र पछि त्यहीं रैथाने भएर बसेका भनिन्छन्। मेरो बुबाको पुर्ख्यौली थलो बुंगमती हो, पछि बाग्लुङ भई तानसेनमा बसोवास गर्नुभएको हो भने आमा ललितपुर गाःबहालबाट तानसेनमा बसोवास गरेका सन्तती हुन्। बुबा टक्सार टोलका हुन् भने आमा भीमसेन टोलका चेली हुन्। विवाह पश्चात् टक्सार टोलका स्थानीय वासिन्दा भएका हुन्।

मेरो जन्म सुन्दर नगरी तानसेन टक्सार टोलमा बुबा रामबहादुर गुभाजु र आमा मंगलकुमारी बज्राचार्यको कोखबाट २०१३ असार सत्र गते माइली पुत्रीका रूपमा भएको हो। बुबा ब्रिटिस समर्थक भई भारतीय सेनाका रूपमा दोस्रो विश्वयुद्धमा घाइते भई पेन्सन प्राप्त गरी अवकास जीवन बिताउनुभएको थियो, वहाँलाई लाहुरे राम दाइ भन्ने गरिन्थ्यो। पछि आमाबुबा दुबैजना व्यापार व्यवसायमा लाग्नुभएको थियो। आमा धार्मिक एवम् सामाजिक व्यक्तित्व पनि हुनुहुन्थ्यो। मेरा एक दिदी तीन बहिनीहरू र २ भाइ छन्। दिदी शकुन्तला शाक्य नर्सिङ प्राध्यापन पेसामा, बहिनी मुना (मन) बज्राचार्य सिलाइ, कटाइ तथा कपडा व्यवसायी, तारा बज्राचार्य पहिला



सोही व्यवसाय र कान्छी बहिनी सन्ध्या शाक्य ब्युटिसियन, ठूलो भाइ राजकुमार ठेकेदारीमा (स्वर्गे भइसकेको) र कान्छो भाइ सुरज बज्राचार्य व्यापार व्यवसाय (गाडी, मोटरसाइकल रिकन्डिसन बिक्री वितरण) गरी तानसेनमा नै बसी धार्मिक एवं सामाजिक सेवामा समेत संलग्न भई बसेका छन्।

### बाल्यकाल

मेरो बाल्यकाल आमाबाबुकै न्यानो काख र छत्रछायाँमा बितेको हो। घरकै हामी ५ जना दिदीबहिनी २ भाइ गरी सातजना भएकाले हाँसीखेली दिन बित्थ्यो। दिदी र म ठूला भएकाले भाइबहिनीहरूको हेरविचारको जिम्मेवारी र घरेलु काममा निपूर्ण हुनुपर्छ, छोरी मान्छे अर्काको घरगरी खाने भनिन्थ्यो र घरेलु कामहरू पनि गराइन्थ्यो। त्यसबाहेक छिमेकी साथीहरूसँग गुच्चा, डण्डीबियो, घ्वाइँकासा, खोपी, पुतली, भाँडाकुटी आदि खेलिन्थ्यो। आमाले विशेष हामी छोरीहरूलाई अनुशासनमा राख्नुहुन्थ्यो। बाहिर जाँदा भनेको बेला घर आइपुग्नु पथ्र्यो, कहिलेकाहीं होलन्दीसम्म पुगी बाटैभरिका पहेंला ऐसेलु टिप्दै खाँदै त कहिले साथीहरूसँग श्रीनगरको खोंचमा सफ्फी र काफल टिप्दै मजा लिंदा समय बितेको पत्तै हुँदैनथ्यो, ढिलो घर आइपुग्दा आमाको पिटाइ खानुपथ्र्यो भने बुबाले हामीलाई पिटाइबाट बचाउनु हुन्थ्यो। हामी बुबाभन्दा आमासँग डराउँथ्यौं। पछि पढाइमा व्यस्त हुँदै गएपछि बाल्यकाल बितेको पत्तै भएन। जेहोस्, प्रायः बाल्यकाल सबैको तीतोमीठो त भइहाल्छ तर पनि बाल्यकालका कतिपय घटना भने जीवनभर स्मरणीय रहने हुन्छ।

### पारिवारिक जीवन

मेरो विवाह वि.सं. २०३८ साल माघ महिनामा जन्मथलो भोजपुर, टक्सार कर्मथलो काठमाडौंमा बसोवास गर्दै आउनुभएका दानमान शाक्य (बुबा छत्रमान शाक्य तथा माता महालक्ष्मीका कान्छा छोरा) सँग भएको हो। विवाह पश्चात् वहाँको पुख्र्यौली घर नागबहाल (नाय्लखु) पाटनमा ७ वर्ष बसेपछि नयाँ बानेश्वरमा घर बनाई काठमाडौंले बन्न पुगियो। हाल धापाखेलमा स्थायी बसोवास छ। मेरा दुई छोरा छन्। ठूलो छोरो सुलभ शाक्य, बनेपा निवासी

रामगोपाल कायस्थ तथा श्रीमती चण्डिका कायस्थका छोरी हाम्री जेठीबुहारी रञ्जु कायस्थ र नाति हृदम शाक्य अस्ट्रेलियामा स्थायी बसोवास गर्छन् भने कान्छो छोरो कम्प्युटर इन्जिनियर सुजल शाक्य ललितपुर निवासी मोतीराम श्रेष्ठ तथा श्रीमती रेणु श्रेष्ठका कान्छी छोरी हाम्री कान्छी बुहारी मुना श्रेष्ठ र नाति अनुयश शाक्य ललितपुर, धापाखेलस्थित घरमा हामीसँगै बस्छन्। अहिले मेरो परिवार संख्या ८ पुगेको छ।

**शैक्षिक योग्यताको विवरण**

मैले मोहन कन्या हाइस्कुलमा कक्षा ८ सम्म अध्ययन गरेकी थिएँ भने वि.सं. २०२९ सालमा जनता मा.वि.बाट एस. एल. सी. उत्तीर्ण गरेकी हुँ । उक्त सालमा केटीहरूमा ४/५ जनाले मात्र सफलता हासिल गरेका थिए। त्यसबेला एस. एल. सी. पास हुँदा आफन्त र टोलछिमेकमा लड्डु दिई खुसीयाली बाइने चलन थियो। उक्त समय अत्यन्त सुखदायीको अनुभव गरेकी थिएँ।

वि.सं. २०३२ सालमा त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाबाट आई. ए. पास गरी बी.ए. प्रथम वर्ष पढ्दा–पढ्दै शिक्षा विषय लिएर पढ्ने इच्छा भएको र उक्त शिक्षा हासिल गर्न काठमाडौंमै जानुपर्ने हुनाले र शिक्षा विषय लिंदा शिक्षक बन्न सजिलो हुने जागिर पनि पाउने भने पछि आमाबुबाले मलाई साथी बिजुली श्रेष्ठका साथ २०३३ सालमा काठमाडौंमा पठाउनुभयो। त्यसपछि २०३५ सालमा कीर्तिपुर बहुमुखी क्याम्पसबाट शिक्षामा स्नातक गरें। सुरुमा काठमाडौंको नरदेवीमा म र साथी डेरामा बसेर पढेंका थियौं भने केही समयपछि मैले कीर्तिपुरको महिला छात्रावासमा बसी पढ्ने मौका पाएँ। २०३९ सालमा कीर्तिपुर बहुमुखी क्याम्पसबाट नेपाली विषयमा स्नातकोत्तर (एम्.ए.) गरें। तानसेन पाल्पाबाट महिलाले त्यो पनि शाक्यले नेपाली विषय लिई स्नातकोत्तर गरेको पहिलो हुनुपर्छ। त्यसबेला नेवार त्यसमाथि शाक्यले नेपाली विषय लिएर पढ्ने भन्ने कुरा विरलै हुन्थ्यो। महिलालाई बाहिर गई पढ्न पठाउने प्रचलन त्यति थिएन तर पनि आमाबुबाको शिक्षाप्रतिको मोह र आफूले पढ्न नपाए पनि छोराछोरीलाई शिक्षित बनाउनुपर्छ भन्ने धारणाको विकास भइरहेको सन्दर्भमा छोरीहरूप्रतिको विश्वासले गर्दा म र दिदी दुबैलाई बाहिर पठाई उच्च शिक्षा दिलाई दिएकोमा वहाँहरूप्रति हामी कृतकृत्य नै छौं। आज उच्च शिक्षा हासिल गर्न पाएकोमा आफूलाई धन्य सम्झिन्छु।



**सांस्कृतिक गतिविधिमा संलग्न**

विद्यार्थी जीवनमा विभिन्न साँस्कृतिक कार्यक्रमहरूमा भाग लिएको अविस्मरणीय रहेको छ।

- मोहन कन्या हाइस्कुल र जनता मा.वि. मा पढ्दा देउराली सांस्कृतिक परिवारबाट सम्पन्न साँस्कृतिक कार्यक्रममा भाग लिएको।
- बी.एड. र एम. ए. अध्ययनको समयमा प्रज्ञाप्रतिष्ठानको आयोजनामा नाटक महोत्सव प्रतियोगितामा मञ्चन गरिएका निम्न नाटकहरूमा विभिन्न भूमिकामा भाग लिएको।

१. तुँवालोले ढाकेको बस्ती – २०३३
२. बहुला कहिंका – २०३४
३. अन्धोको पनि आँखा खुलेको हुन्छ – २०३४
४. मूर्दावादमा उठेका हातहरू – २०३४
५. रातका बन्द आँखाहरू – २०३७

उक्त नाटकहरू कुनै सर्वनामको प्रस्तुति थिए भने कुनै विजय मल्लका नाटकहरू थिए।

**शैक्षिक, प्राज्ञिक एवम् सामाजिक क्षेत्रसँग सम्बन्धित गोष्ठी तथा तालिम**

प्राध्यापन पेसालाई सहायक हुने विभिन्न तालिम गोष्ठी आदिमा भाग लिन पाउनु पनि एउटा अवसर ठान्नुपर्दछ।

- त्रि.वि.पाठ्यक्रम विकास केन्द्र, अनिवार्य नेपाली विषय समिति, कीर्तिपुर काठमाडौंबाट अनिवार्य नेपाली विषय शिक्षकहरूको दोस्रो राष्ट्रिय अधिवेशन एक हप्ते कार्यशाला गोष्ठी।
- त्रि.वि. पाठ्यक्रम विकास केन्द्र र उच्च शिक्षा परियोजना (तीनवर्षे स्नातक तह अनिवार्य नेपाली) बाट 'तीनवर्षे स्नातक तह अनिवार्य नेपाली' विषयको पाठ्यक्रमसम्बन्धी कार्यशाला गोष्ठी।
- पद्मकन्या ब.मु.क्या. नेपाली विभाग (स्नातकोत्तर तहको नेपाली विषयको पद्य विधा प्राध्यापनमा देखा परेका समस्या र निराकरणका उपायहरू विषयक कार्याशाला गोष्ठी।
- महिला वातावरण समूह तथा PLINCO/SWMRC द्वारा सञ्चालित वातावरण सरसफाइ तथा स्वास्थ्य विषयक एक हप्ते कार्यशाला गोष्ठी।
- त्रि.वि.वि. पाठ्यक्रम विकास केन्द्रद्वारा सञ्चालित स्नातक तहको अनिवार्य नेपाली विषयको कार्यशाला गोष्ठी।
- महिला वातावरण समूहद्वारा आयोजित वातावरण संरक्षण तथा स्रोत व्यवस्थापनमा महिला वर्गको भूमिका विषयक गोष्ठी।
- उच्च मा.वि. शिक्षा बोर्डद्वारा सञ्चालित उच्च मा.वि. तहमा जनसंख्या, स्वास्थ्य तथा किशोरावस्थामा यौन तथा प्रजनन् स्वास्थ्य शिक्षा गोष्ठी।
- शैक्षिक तालिम केन्द्र, काभ्रेपलाञ्चोकबाट सञ्चालित सेवाकालीन तथा पूर्व सेवाकालीन प्राथमिक शिक्षक तालिमका लागि नेपाली भाषा शिक्षण विषयक १० दिने प्रशिक्षक प्रशिक्षण।

## सेवा संलग्नता

मेरो पढाइ नै शिक्षण क्षेत्र भएको हुँदा शिक्षामा त्रि.वि.वि. बाट स्नातक पूरा गर्ने बित्तिकै जनसेवा मा.वि., पाङ्गामा वि.सं. २०३५ साल देखि ७ वर्षसम्म माध्यमिक शिक्षक भएर पहिलो चोटि शिक्षण पेसामा प्रवेश गरेको हो। २०४२ सम्म स्कुलमा पढाएँ। स्थायी पनि भएँ तर क्याम्पसमा पढाउने मौका पाएकोले स्थायी जागिर छोडेर २०४२ साल श्रावणमा पद्मकन्या बहुमुखी क्याम्पसमा सहा. प्राध्यापक पदमा प्राध्यापन गरी पछि उपप्राध्यापकमा पदोन्नति र पछि सहप्राध्यापक पदमा रही ३३ वर्षसम्म प्राध्यापन गरेँ।

हाल क्याम्पसबाट सेवा निवृत्त भइसकेको छु। दिवा समूहमा सरकारी महिला क्याम्पसमा ३३ वर्षे सेवा, बिहानी समयमा आदर्श विद्या मन्दिर (AVM) +२ मा १५ वर्षे सेवा र बिहानीकै समयमा सान्त्वना मेमोरियल एकेडेमी +२, बी.ए. कक्षा र शिक्षक तालिममा ७ वर्षे सेवा प्रदान गरेँ। मेरो जीवन पूरै प्राध्यापन पेसामा समर्पित भएकोले आफ्नो सानोदेखि शिक्षक बन्ने धोको पूरा भएकोले आफूलाई सन्तुष्टि नै ठान्दछु।

## सामाजिक क्षेत्र

त्यसबेला पाल्पा रेडक्रसमा यसपाल शाक्य प्रमुख हुनुहुन्थ्यो। एस.एल.सी. दिनु अगि पाल्पा जिल्ला रेडक्रसमा सदस्य भई विभिन्न जात्राहरूमा विशेषगरी भगवती जात्राका दिन क्याम्प राखी सेवा गरेको अनुभव छ। त्यसवेला हैजाको इन्जेक्सन टोलटोलमा लगाउन जानुपर्थ्यो। मूल ढोका भित्रको परिसरमा स्वास्थ्य सम्बन्धी क्याम्प राखिन्थ्यो र प्राथमिक उपचार गरिन्थ्यो। हामी महिला सदस्यमा विद्या, विजया, पून्यवती र म थियौं भने केटाहरूमा पुरन बज्राचार्य, दुर्गा, वसन्त आदि थिए। त्यसबेला हामीलाई डा.राम छायाँमान अमात्यले सरकारी अस्पतालमा प्रारम्भिक उपचारको तालिम दिनुभएको थियो।

वि.सं. २०४४/४५ सालतिर काठमाडौंमा महिलाहरूको एउटा वातावरण सम्बन्धी समूह जसको नाम महिला वातावरण समूह (Women in Environment) थियो जसमा मैले ४ वर्षसम्म उपाध्यक्ष भई सेवा गरें। विद्यालयहरूमा वातावरण सम्बन्धी कार्यक्रम गर्ने, स्वास्थ्य शिक्षा दिने जस्ता कार्य गर्नुपथ्र्यो। मुख्य गरी वातावरण सरसफाइ र स्वास्थ्यसँग सम्बन्धित सेमिनार, विद्यालयमा प्रशिक्षण दिने आदि कार्य गर्नुपथ्र्यो।

## तानसेन गुठी

तानसेन गुठी, काठमाडौंमा मैले वि.सं. २०५७ सालमा साधारण सदस्यता लिई गुठीमा प्रवेश गरेकी थिएँ भने २०६७ सालमा आजीवन सदस्य र सोही सालमा कार्यसमिति सदस्य एवम् २०७१ सालमा उपाध्यक्ष भई २०७३/७४ र २०७४/७५ सम्म गुठीको प्रथम महिला अध्यक्षमा रही गुठीको सेवा गरेकी थिएँ। पहिलो महिला अध्यक्ष हुनु र गुठी २५ वर्षमा प्रवेश गर्नु र रजत महोत्सव सम्पन्न गर्ने जिम्मा मेरो कार्यकालमा पर्नु र सबैको सल्लाह, सहयोगबाट २५ वर्षे रजत महोत्सव धुमधामसँग सम्पन्न गर्न पाउनाले आफूलाई गौरवान्वित सम्झन्छु। हाल म गुठीको निवर्तमान अध्यक्षका रूपमा छु।

## आजीवन सदस्य

- तानसेन गुठी, काठमाडौं – वि.सं. २०६७
- शाक्यमुनि बौद्ध संघ, भोजपुर वि.सं. २०६८
- जे.पी. प्रतिष्ठान (मैत्रीसेवाश्रम) – २०७७

## साधारण सदस्य

सद्धर्म बौद्ध सेवा समाज वि.सं. २०७३, पाल्पा, काठमाडौं।

**कार्यसमिति सदस्य**

नेपाली कला संस्कृति तथा साहित्य प्रतिष्ठान, अस्ट्रेलिया – वि.सं. २०७५–२०७७

**सल्लाहार**

जुनेली साहित्य समाज नेपाल -२०७८

**साहित्यिक क्षेत्र**

मेरो विषय नेपाली भएको र प्राध्यापन पनि नेपाली भाषा साहित्य परेकोले मुख्यतः प्राध्यापन पेसामा प्रवेश गरेपछि मात्र मेरो साहित्यिक यात्रा प्रारम्भ भएको हो। मैले वि.सं. २०४६ सालमा पहिलो पटक 'अंकुर' पत्रिका वर्ष ९ अङ्क १ मा प्रकाशित 'दशैं कसको ?' नामक कथाबाट साहित्यिक यात्रा प्रारम्भ गरेकी हुँ। गोरखापत्र, रत्नश्री, मिर्मिरे, झङ्कार, उन्नयन, पलेस्वाँ, नेपाल ऋतु पौ, द भिजन, कस्तूरी, दीपशिखा, गाउँको बोली, फक्रँदो कोपिला, हिमालिनी, चिनारी, बौद्ध कविता संग्रह आदि विभिन्न साहित्यिक तथा अन्य पत्रपत्रिकाहरूमा नेपाल भाषा तथा नेपाली भाषाका कथा, लेख, निबन्ध, कविता आदि विधाका रचनाहरू प्रकाशित छन् भने रेडियो नेपालको महिला कार्यक्रममा तीन दर्जन भन्दा बढी कथा, लेख, सम्वाद, लघु नाटक आदि प्रसारित भइसकेका छन्। उपन्यास, कथा, नाटक, काव्यविधामा समालोचनात्मक रचना विभिन्न साहित्यिक पत्रिकामा प्रकाशित हुनुका साथै १४ वटा उपन्यासलाई समेटेको एउटा 'समीक्षाको परिवृत्तमा नेपाली उपन्यास' नामक पुस्तक वि.सं. २०७४ मा तानसेन गुठीको रजत महोत्सव कार्यक्रमका बीच शताब्दी पुरूष तथा वरिष्ठ संस्कृतिविद् डा.श्री सत्यमोहन जोशीबाट विमोचन भएको थियो। अन्य केही नेपाल भाषा र नेपाली भाषाका कथासंग्रहहरू प्रकाशोन्मुख अवस्थामा रहेको छ।

**सम्पादन**

१. चिनारी – तानसेन गुठीको वार्षिक पत्रिका – वि.सं. २०६८ देखि २०७३)
२. 'आमाको स्मृतिमा' – पुस्तक वि.सं. २०६८
३. फक्रँदो कोपिला – पत्रिका वि.सं. २०६५–२०६६

**सम्मान तथा पदक**

१. आँखादान सम्मान पत्र, तिलगंगा आँखा केन्द्र – वि.सं. २०५६
२. शिक्षा दिवश पदक, शिक्षा तथा खेलकुद मन्त्रालय – वि.सं. २०६४
३. प्रशंसा–पत्र, सान्त्वना मेमोरियल एकेडेमी – वि.सं. २०६५
४. दीर्घसेवा पदक, त्रिभुवन विश्वविद्यालय – वि.सं. २०६७
५. सम्मान–पत्र, पद्मकन्या बहुमुखी क्याम्पस – वि.सं. २०६७
६. सम्मान–पत्र, पद्मकन्या बहुमुखी क्याम्पस, नेपाली विभाग – वि.सं. २०७५
७. सम्मान–पत्र, पद्मकन्या बहुमुखी क्याम्पस – वि.सं. २०७५

**भ्रमण**

भारत (बौद्ध चारधाम), अष्ट्रेलिया, सिंगापुर आदि।

**निष्कर्ष**

जन्मथलो सबैका लागि अति नै प्यारो हुन्छ नै। सधैंभरि जन्मभूमिको सेवा गरी बस्ने इच्छा प्रायः सबैका होलान् तर इच्छा माया भए पनि त्यो सबैको लागि पूरा नहुन सक्छ। कुनै न कुनै कारणले जन्मभूमिलाई छोडेर कर्मभूमिमा जानुपर्ने हुन्छ। मूलतः प्रायः उच्च शिक्षा तथा अन्य सुविधा र अवसरका लागि आफ्नो प्यारो भूमिलाई छोडेर अन्त जानुपर्ने हुँदो रहेछ।

जन्मभूमि छोडेर गए पछि जीवनमा सफलता हासिल गर्न प्रायः धेरै जसोले संघर्ष त गर्नै पर्दो रहेछ। भनिन्छ, संघर्ष हो जीवन, जीवन संघर्ष। आफ्नो लक्ष प्राप्ति गर्न अज्ञानता, कुरीति, कुसंस्कार र अन्ध परम्परालाई चिर्दै अगाडि बढ्नु पर्ने मानव स्वभाव नै हो। जहाँ इच्छा त्यहाँ उपाय भनेझैं केही कुरा प्राप्त गर्न र बन्न सर्वप्रथम इच्छा त्यसपछि संकल्प गर्दै अगाडि बढ्नुपर्ने रहेछ। तानसेन जन्मभूमि भएपनि त्यसबेला उच्चशिक्षा र अवसरको कमीका कारण मेरो कर्मथलो काठमाडौं बन्न पुगेको हो। यही भूमिमा बसी उच्चशिक्षा, नोकरी र सामाजिक सेवा गर्न पाएकोमा आफ्नो जीवन धन्य भएको ठान्दछु।

तानसेन गुठी जस्तो विशुद्ध सामाजिक संस्थामा आवद्ध भई लगभग २१ वर्षसम्म संलग्न हुन पाउनु र प्रथम महिला अध्यक्षको अवसर प्राप्त हुनु गौरवको कुरा ठान्दछु। गुठीले पहिलो पटक गुठी सल्लाहकार र पूर्व अध्यक्षको जीवनीलाई प्रेरणाका श्रोतका रूपमा चिनारीमा क्रमशः प्रकाशित गरिने कार्यलाई प्रशंसनीय र स्मरणीय मान्नुपर्छ। यसकार्यले भविष्यमा निरन्तरता दिनु अत्यन्त उपयुक्त देखिन्छ। अन्तमा गुठीले सकारात्मक सोंच राखी क्रियाशील भई सबैलाई एकताको सुत्रमा बाँधी अझ प्रशंसनीय कार्य गरी गुठीको गरिमा अझ अगाडि बढाओस् भनी हार्दिक शुभकामना व्यक्त गर्दछु।

# जन्मभूमिदेखि कर्मभूमिसम्म

**दिल बहादुर शाक्य**
पूर्व-अध्यक्ष - तानसेन गुठी काठमाडौं, पाल्पा शाखा

अरूको बारेमा लेख्नु सहज हुन्छ तर आफ्नै बारेमा लेख्नु अलि असहज र अप्ठ्यारो हुँदोरहेछ। 'म र मेरो बारे' लेखेर पठाइ दिन तानसेन गुठी काठमाडौंबाट अनुरोध र सूचना गरे अनुसार संक्षिप्तमा केही लेख्ने प्रयास गरेको छु।

मेरो जन्म तानसेन, टक्सारमा २००८ साल श्रावण १ गते भएको थियो। म ६ वर्षको हुँदा नै मेरो बुबा जीतबहादुर शाक्यको देहान्त भएकोले मलाई बुबाको अनुहारको राम्ररी सम्झना छैन। मलाई मेरो मुमा पूर्णकुमारी शाक्य र ठूलो दाज्यूले म कान्छो भएको हुनाले पनि धेरै माया गरी हुर्काउनुभयो। मेरो ठूलो दाज्यू मुनीन्द्रबहादुर शाक्य (बबर दाई) को इच्छा आफू धेरै पढ्न नपाएता पनि मलाई पढाएर माष्टर (सर) बनाउने थियो। यसको लागि मेरी आमा र ठूलोदाइले मलाई कुनै कुराको कमी हुन दिनुभएन। बुवाको मायादेखि सबैकुरा दिनुभयो। ठूलोदाईले मलाई शुरुमा बुटवल सरकारी स्कूलमा भर्ना गरिदिनु भयो। त्यहाँ पढाउने मास्टर भारतीय थिए। कक्षा चारसम्म हिन्दीमा पढें। राष्ट्रिय गान भारतको "जन, गन, मन......." गाइन्थ्यो र भारतको प्रथम राष्ट्रपति, प्रधानमन्त्री भूगोल, इतिहास पढनुपर्थ्यो। त्यसबेला बुटवलमा मुद्रा-तौल आदि आना, छटाक सबै भारतको चल्थ्यो। हिन्दीको पढाइ ठूलोदाइलाई पटक्कै मन परेन र तानसेनको जनता मा.वि. (J.V.T.) मा कक्षा तीनमा भर्ना गरिदिनु भयो। मलाई सुरुमा साह्रै अप्ठ्यारो भयो। पछि नेपालीमा बोल्ने बानी पर्यो। कक्षा सात पास भएपछि कक्षा आठ र



नौ फेरि बुटवल हाईस्कूलमा पढें। कक्षा १० J.V.T. मा नै पढ्न आएँ।

२०२४ सालमा जनता विद्यालयबाट SLC उत्तीर्ण गरेपछि २०२५ सालदेखि त्रिभुवन कलेजमा बिहान आई.कम. मा अध्ययन गर्ने र दिउँसो सेन इन्स्टिच्यूटमा शिक्षकको रूपमा सेवा शुरु गरेँ। २०२६ सालमा आइ.कम. को परीक्षा राम्रोसँग नै दिएको थिएँ, तर परीक्षा नतिजा आउँदा गोरखापत्रमा मेरो सिम्बल नं. थिएन। फेल भयो भन्ने भयो। त्यसबेला तानसेनमा अहिले जस्तो फोन, मोबाइल, नेट, इन्टरनेट सिष्टम थिएन। साह्रै दुःखी र निराश भएँ। आत्महत्यादेखि घरबाट भाग्ने सोंचाइ पनि आएको थियो। डेढ महिनापछि परीक्षाको मार्कसिट कलेजमा आइपुग्यो। सबैभन्दा पहिले यसको सूचना दिन मेरो दाजुतुल्य आदरणीय सर प्रा. श्री आनन्दप्रसाद श्रेष्ठज्यू स्वयं सेन स्कूल आउनुभयो र Congratulations भन्नुभयो। डेढ महिना फेल भएर पास भएको खबरले म हक्का न बक्का भएँ, बोल्नै सकिन। पछि खुसी हुँदै आनन्द सरसँग कलेज गएँ। सबै सरहरुले बधाई दिनुभयो। मार्कसिट हेरें कुल प्राप्ताङ्क ५२४ सहित म दोश्रो श्रेणीमा पास भएको रहेछु। त्यो साल नेपाल भरी एकजना पनि प्रथम भएको थिएन। जम्मा आठजना मात्र दोश्रो श्रेणीमा र अन्य तृतीय श्रेणीमा पास भएका थिए। ती आठ मध्ये पनि गोरखापत्रमा सातजनाको मात्र सिम्बल नं. थियो, मेरो मात्र छुटेकोरहेछ। यसरी विद्यार्थी माथि खेलबाड पहिले पनि हुँदोरहेछ। त्रिभुवन कलेजबाट अन्य पाँचजना मेरा साथीहरू तृतीय श्रेणीमा पास भएका थिए। कलेजमा सबै विद्यार्थीहरू एवं साथीहरूले मलाई अबीर लगाई बोकेर नगर परिक्रमा गरेर घरसम्म छोइन आएका त्यो क्षण मेरो लागि अविस्मरणीय रह्यो। तर एउटा ठूलो अनुभव भयो फेलको।

त्यसपछि बि.ए., बी.एड. पनि पास गरें। शिक्षक हुन तालिमको अनिवार्यता भएकोले बी.एड. गर्नैपर्ने थियो। यसको निमित्त मेरा अर्का दाजु प्रा.डा. श्री विनोदप्रसाद श्रेष्ठज्यूको विशेष जोड र सिफारिसले गर्दा म सेवाकालीन शिक्षकको रूपमा छनोट भई कीर्तिपुर पढ्न जान पाएँ। बी.एड. प्रथम श्रेणीमा पास गरें। मेरो जीवन सफल भएजस्तो लाग्यो। मेरो सफलतामा मलाई सदैव प्रेरणा र मार्गदर्शन गर्नुहुने मेरा दुईजना दाजुतुल्य प्रा. श्री आनन्दप्रसाद श्रेष्ठ र



प्रा. डा. श्री विनोदप्रसाद श्रेष्ठज्यू प्रति कृतज्ञ छु र मेरो जीवन पर्यन्त कहिल्यै बिर्सन सक्दिन। वहाँहरूले मलाई आफ्नै भाइ बराबर दिनुभएको माया, हौसला, साहस र प्रोत्साहनको फलस्वरूप नै म आज सबैको प्रिय र सफल शिक्षक बन्न सकेको हुँ।

सेन माध्यमिक विद्यालयमा गणित शिक्षकको रूपमा प्रवेश गरेर २०५१ सालदेखि सहायक-प्रधानाध्यापक र २०६१ श्रावणदेखि प्रधानाध्यापकसम्म भई युवावस्थादेखि प्रौढावस्था सम्म निरन्तर मैले आफ्नो जीवनको चार दशकभन्दा बढी शिक्षाक्षेत्रमा बिताएँ। यस अवधिमा गणित र अन्य विभिन्न विषयका तालिमहरू, गणित प्रशिक्षक तालिम समेत प्राप्त गरी गणित विशेषज्ञको रूपमा शैक्षिक तालिम केन्द्र, पाल्पा र बाहिर समेत आबद्ध भएँ।

विद्यार्थीहरुले गणितलाई कठिन र बोर विषयको रूपमा लिन्छन्। तर मैले आफ्नो जीवनकालमा हासिल गरेको अनुभवमा सानै उमेर र सानै कक्षादेखि नै गणितका खेलहरू, गणितीय धारणा, यसको व्यवहार, प्रयोग र महत्व बुझ्ने र यसको अभ्यास गर्ने हो भने यो विषय कठिन नभई अति सरल र रोचक विषय हो। मैले गणितीय नविनतम् धारणा, ज्ञान, विधि र प्रविधि प्रयोग गरी हजारौं विद्यार्थीहरूमा गणितीय ज्ञान, सीप अभिबृद्धि गर्न सफल भएँ।

मैले अन्य जागिर नपाएको पनि होइन। मैले आफ्नो जन्मभूमि प्यारो तानसेन छोड्न चाहिन र जीवनभर तानसेनमै बसेर सेवा गर्ने अठोट गरेको थिएँ। मलाई ठूलोदाइले धेरै अंक सहित पास हुन हरहमेशा प्रेरणा र प्रोत्साहित गर्नुहुन्थ्यो। यो स्वत:स्फूर्त रूपमा मेरा लागि प्रेरणाश्रोत बन्यो। अतः ठूलो दाजुको इच्छा बमोजिम म माष्टर (सर) नै बन्ने लक्ष्य लिएर अगाडि बढें र सफल पनि भएँ।

कहिं कतै जाँदा मेरा पुराना विद्यार्थीहरूले 'सर' भनेर सम्बोधन गर्दा मलाई यो सम्बोधन अति प्रिय लाग्छ र गौरव लाग्छ। कतिपय विद्यार्थीहरूले त स्कूलबाट क्याम्पसमा पुग्दा आफ्ना गुरूका नाम मात्र बिर्सने होइन, गुरुलाई देख्दा आँखा तरेर बाटो मोड्ने पनि गर्छन्। मैले सदैव विद्यार्थीहरूलाई असल बन्ने र असल बाटोमा लाग्ने, मिठो र प्रिय शब्द बोल्ने, राम्रो व्यवहार गर्ने, दुःखी र असहायलाई सहयोग गर्ने र असल मानिस भएर बाँच्ने शिक्षा दिएको छु। असल शिष्य उत्पादन गर्न असल गुरू हुनु अत्यन्त जरुरी छ। मैले पढाएका विद्यार्थीहरू देशभित्र र बाहिर उच्च शिक्षा हासिल गरेर उच्च ओहदामा पुगेका छन्।

सेन माध्यमिक विद्यालयमा प्रधानाध्यापक भएपछि एम.एड. पनि उत्तीर्ण गरें। सबैको सहयोग लिई २–२ वर्षको अन्तरालमा क्रमशः शिक्षा, व्यवस्थापन र विज्ञान संकायको ११ र १२ कक्षा संचालन गरेको थिएँ। सर्वसाधारण जनताका छोरा छोरीको पहुँच पुग्ने सामुदायिक विद्यालयहरूकै गुणस्तर वृद्धिमा बढी ध्यान केन्द्रित गरेको थिएँ।

२०६८ सालमा यस विद्यालयमा निरन्तर सेवारत हुँदाहुँदै प्रधानाध्यापक पदबाट सेवा निवृत्त भएँ। अहिले मेरा श्रीमती सहित २ छोरी, २ छोराका साथ नाति- नातिनीहरु छन्। विभिन्न धार्मिक तथा सामाजिक संघ, संस्थाहरूमा आबद्ध भई सेवाकार्य गर्दैछु। तानसेन गुठी, तानसेन शाखाका आजीवन सदस्य, पूर्व–अध्यक्ष भई हालसम्म पनि यस गुठीको प्रगति र ख्यातिका लागि तत्पर भई सक्रिय रूपमा कार्य गर्दैआएको छु। विभिन्न संघ संस्थाहरूबाट अभिनन्दन पत्र, सम्मानपत्र, कदरपत्र, प्रशंसापत्रहरू र पुरस्कार प्राप्त गर्ने सौभाग्य पनि पाएको छु। विदेश भ्रमणमा भारत, सिक्किम, फिलिपिन्स, थाइलैण्ड, अमेरिका भ्रमण गर्ने सुअवसर पाएको छु। फिलिपिन्समा भएको ६ दिनको International Leadership Seminar मा नेपालबाट मैले पनि सहभागी हुने अवसर पाएको थिएँ। सो Seminar मा UPF बाट Ambassador for Peace उपाधि प्राप्त गरेको थिएँ। वास्तवमा समाज सेवामै सबैभन्दा बढी सुखानुभूति हासिल हुँदो रहेछ। यस समाज सेवाको क्षेत्र आफैँमा एक सम्मानित र आत्मसन्तुष्टि दिने विषय हो। हाम्रो जीवन अरुको लागि हुनु पर्दछ।

**विभिन्न संघ संस्थामा संलग्नता:**

१. सेन उच्च मा.वि. तानसेन: संस्थापक सदस्य, निवृत्त पूर्व प्रधानाध्यापक, सल्लाहकार
२. YMBA पाल्पा शाखा: संस्थापक पूर्व अध्यक्ष
३. Millennium Secondary School: संचालक समिति सदस्य
४. मैत्री क्लब, तानसेन: संरक्षक, सल्लाहकार
५. सामुदायिक महिला लघुबित्त बि.केन्द्र, तानसेन, पाल्पा: संस्थापक सदस्य, वरिष्ठ उपाध्यक्ष
६. तानसेन गुठी: २०५४ सालदेखि नै आबद्ध। यस गुठीले पाल्पा तानसेनमा वितरण गरिने सहयोग रकम (पुरस्कार, छात्रवृत्ति, स्वास्थ्य सहयोग, धार्मिक तथा ऐतिहासिक जात्रा, संस्कृति आदि) को लागि आवश्यक रेकर्ड पठाइ सहयोग गरेको।

(२०७१–२०७३) तानसेन गुठीको तानसेन समन्वय समिति अध्यक्ष तथा पाँच असार २०७२ देखि तानसेन शाखाको प्रथम शाखा अध्यक्ष।

तानसेन गुठी काठमाडौंको रजत महोत्सव (१० भाद्र २०७४) मा कदर स्वरूप प्रशंसापत्र प्राप्त गरेको।

टक्सार, तानसेन–३, पाल्पा

तानसेन गुठीले २८ वर्ष पार गरी २९ औं वर्ष प्रवेशको
अवसरमा गुठीको उत्तरोत्तर प्रगतिको लागि
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**सर्जु मान लिगल**
अध्यक्ष

**निवोधित सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.**
**Nibodhit Saving & Credit Co-operative Ltd.**
पाको न्यूरोड-२२, काठमाडौं, नेपाल
फोन नं.: ०१-४२५००८४, ९८४०२६०२१७

# भगवानले पटक पटक बचाएको कोरोना मुक्त मान्छे



**सर्जुमान लिगल**
अध्यक्ष, तानसेन गुठी काठमाडौं



२०७७ साल चैत्र २९ गते हामी तीनजना (म, मेरी श्रीमती जमुना प्रधान लिगल र छोरी तेजश्वी लिगल) काम विशेषले चितवन गएर नयाँ वर्ष २०७८ साललाई स्वागत गर्दै दुई दिन चितवनको बसाईपछि हामी सबैजना ३ गते काठमाडौं फर्केका थियौं। मेरी श्रीमतीलाई हल्का खोकी लाग्यो। घरबाट केहीदिन निस्केपछि हावापानी फेरिएर स्वास्थ्यमा केही होला की भनेर गाडीको सफर पछि सुत्ने उसको पुरानै बानी थियो। वैशाख पाँच गते साँझको खाना पकाएर सबैलाई ख्वाएर सुत्दा सम्म उसलाई न त कुनै स्वासप्रस्वासको समस्या थियो न त बिरामी भएको आभाष नै भएको थियो। भोलिपल्ट बिहान उनलाई हल्का सुक्खा खोकी र ज्वरो आएकोले नौबजे ग्राण्डी हस्पिटलमा गएर पि.सि.आर. टेस्ट गर्दा रिपोर्ट पोजेटिभ आयो। डाक्टरसँग परामर्श गरी फार्मेसीबाट कोभिडको औषधी भिटामिन सि, भिटामिन बि, भिटामिन डि, जिङ्क, प्यारासिटामोल र टक्सिन झोल ल्याएको खाएपछि सुतिन्। उनको नजिक बसेर सेवा गरेकोले हो की भोलिपल्ट बिहान मलाई झाडा पखाला लाग्यो, १०० डिग्री ज्वरो आएर उठ्नै नसक्ने अवस्थामा पुगें। उता जेठी छोरी तेजश्वी उठ्ने बेलामा ढाड दुख्यो के भएको बाबा भन्न थालिन्। यी लक्षणले हामी दुबैजनालाई कोभिड लाग्यो की भनेर ग्राण्डी हस्पिटलमा पि.सि.आर. टेस्ट गर्दा दुबैको रिपोर्ट पोजेटिभ आयो।

भारतमा लकडाउन भएको कारण देहरादुनमा इन्जिनियरिङ पढिरहेकी मेरी कान्छी छोरी राजश्वी नेपाल फर्केकी थिईन्। उनैको रेखदेखमा हामी तीनजना ८ गतेसम्म घरमै आइसोलेसनमा बस्यौं। अक्सिजन लेभल नाप्दा मेरो सेचुरेसन ९२, छोरीको ९६ र श्रीमती जमुनाको ६० मात्र भएको छोरी राजश्वीले बताईन्। पटक पटक 'मम्मी सास फेर्न अप्ठ्यारो भएको छ?' भनेर सोध्दा 'भएको छैन' भन्ने गर्थिन्। म आफैंले पनि 'तिमीलाई सास फेर्न गाह्रो भएको छैन?' भन्दा उनले 'छैन' भन्थिन्। के भन्छ यसले? यस्तो अक्सिजन लेभल घटेको छ। ल ल छोरीहरू मम्मीलाई हस्पिटल लैजानै पर्यो भन्दा भन्दै म पनि कोभिडको विरामी भएर थला परिरहेकोले लैजान्छु भन्दाभन्दै कतिवेला शरीरले नसकेर लठ्ठ परेर सुतेछु थाहानै भएन। राति ११ बजे तिर छोरीहरू बाबा थला परेर सुतिसकेको कारण मम्मीलाई हस्पिटलमा लैजान आँट गर्न नसकेर सुतेछन्। म त भोलिपल्ट नौ गते बिहान ५.३० बजे एक्कासी बिउँझेर हत्त-पत्त श्रीमतीको अक्सिजन सेचुरेसन नाप्दा ४० मात्र देखायो। लौ अब हस्पिटल लैजानु पर्यो भन्दा उनी जुरुक्क उठेर भर्याङ चढेर एक तल्ला माथि गईन्। म उसको पछिपछि लागें उनी दायाँ-बायाँ हिंडेर व्यायाम गर्न खोज्दा भुईंमा लड्न लागेकोले बिस्तारै बसालें। वास्तवमा त्यतिबेला उसको होश नै रहेनछ। म आत्तिँदै उसलाई बोक्न थालें, छोरीहरू पनि आए 'बाबा नआत्तिनुस्' भन्दै उनीहरू पनि समाल्न थाले। म उसलाई बोक्दै हस्पिटल पुर्याउनु पर्यो ल छोरी भन्दै भर्याङ उक्लिने बेलामा दैनिक पूजा गर्ने भगवानको मन्दिर नजिक पुगेको समयमा उसले 'खै छोइनुस् म आफैं हिंड्छु' भनिन्। मलाई लाग्यो पूजा कोठाभित्र बिराजमान गुठीको श्री रणउजीरेश्वरी भगवतीमाता तथा अन्य देवी देवताले उसलाई देख्नुभयो अनि उसलाई शक्ति आए जस्तो लाग्यो। सो दिन भगवानले देख्यो अब मेरो जमुनालाई सञ्चो हुन्छ भनी म मनमनै सोँच्न थालें। मैले उसलाई फेरि भुईमा राखें स्वयम् हिंडेर भर्याङ ओर्लँदै गर्दा कोठाको प्रवेशद्वारमा लम्पसार भएर ए.. ए..

ए.... भन्दै बसिन्। जतिबेला उनको अक्सिजन लेभल २० मा झरेको रहेछ। उनका हात खुट्टा लक्-लक् कामिरहेका थिए। शरीर लल्याकलुलुक भइसकेको थियो, ठूलो ठूलो आँखाले हामीलाई हेर्न थालिन्। बिहान छ बजेको थियो मन-मनमा 'ल भगवान के गरुँ?' भन्दै छोरीहरूलाई 'तिमीहरू आमालाई सम्हाल है' भन्दै म हस्पिटल जान ग्यारेजबाट गाडी निकालेर तयार गरेँ। उसलाई कोठामा लिनजाँदा छोरीहरू 'मम्मी खानुस्न' भन्दै फकाउँदै बिस्कुट र तातो जीवनजल ख्वाउँदै थिए। यसो अक्सिजन सेचुरेसन नाप्दा एकैचोटी ६० पुगेको थियो। अब ढिलो गर्नुहुन्न भनेर बोक्न खोज्दापनि उनी आफै भर्याङबाट ओर्लेर गाडी भित्र बसिन्। म पखाला लागेर कमजोर भएको कोभिडको बिमारी जीवनजल पिउँदै १९ वर्षकी दुई छोरीहरू सहित उनलाई लिएर वैशाख नौ गते १५ मिनेट भित्र ह्याम्स् हस्पिटल पुगेर इमर्जेन्सीमा भर्ना गरियो। एकछिनपछि इमर्जेन्सीका डाक्टरले 'उहाँको केस निमोनियाले क्रिटिकल छ आइ.सि.यू.मा राखेर उपचार गर्नुपर्छ यता खाली नभएकोले अर्को हस्पिटलमा खोज्नुहोला' भन्दा छोरीहरू आखाँभरी आँसु निकाली रुन थाले। समय यस्तै थियो कोरोना अत्यधिक मात्रामा बढिरहेको हुनाले आइ.सि.यू. पाउन नै मुस्किल थियो धेरै प्रयास गरेता पनि कतै पाइएन। अन्तमा निरन्तर प्रयास पछि भगवानको कृपाले नेपाल नेशनल हस्पिटलको शाखा कलंकीस्थित खासै नाम नसुनेको यति हस्पिटलमा बडो मुश्किलले आइ.सि.यू. बेड पाइयो। ह्याम्स हस्पिटलबाट उसलाई एम्बुलेन्समा अक्सिजन सहित लगेर यति हस्पिटलमा भर्ना गरियो। म आफैँ पनि कोरोनाको बिरामी तथा परिवारको पनि हेरचाह गर्न सकिने भएकोले डक्टरलाई म पनि कोरोनाको पेसेन्ट भनेर भर्ना भैदिएँ। जमुनालाई हाइ केयरमा उपचार शुरू गर्दा अक्सिजन लेभल ३५ मा झरेछ। डाइरेक्टर तथा छातीरोग विशेषज्ञ डा. श्री प्रकाश पौडेलज्यूले उनलाई आइ.सि.यू.मा राखेर हाइफ्लो अक्सिजन दिनुपर्छ भनेर रातको ११ बजे नेपाल नेशनल हस्पिटल लग्नुभयो। मलाई त्यहाँ हस्पिटलमा भर्ना भएर बस्न मन लागेन त्यसैले हातमा लगाइएको स्लाइन निकाल्न लगाएर औषधि पानी बोकेर घर फर्कें। उता जमुनालाई शरीरले डिमाण्ड गरे अनुसार अक्सिजन प्रतिघण्टा ५०, ६०, ७० लिटर सम्म पनि म्यानेज नभएपछि ८० लिटर प्रतिघण्टा सम्म दिएको थाहा पाइयो। पछि बल्ल अक्सिजन लेभल ९०, ९४ पुगेर केही प्रगति भयो। हामी आइ.सि.यू.मा बराबर नर्सको स्विकृति लिएर कोठाको सिसा बाहिर तीन मिटर परबाट उनलाई "तिमी हरेस् नखानु, हिम्मत गर्नु, ल्याएको खाना खान नछोड्नु है, हामी बाहिर बसेकाछौँ" भन्दै सँधै उसलाई मनोबल बढाइरहन्थ्यौँ। उनी हामीलाई आँखाभरी आँशु राखेर हात हल्लाएर भित्र नपस्न आग्रह गर्थिन्। उनी आफू कोरोनाको विरामी भइसकेको कारण अब परिवारमा कसैलाई नसरोस् भनी भित्र नपस्न रुँदै भनेको जस्तो लाग्थ्यो। म अस्पतालमा बसेर सँधैजसो रातको ११ बजे तिर घर फर्कने गरेको थिएँ। छोरीहरू आइ.सि.यू. बाहिर सँधै जसो डा.प्रकाश पौडेलको राउण्ड चेकअप समय कुरेर आमाको स्वास्थ्य स्थिति (प्रगति) बुझेर मात्र सुत्ने गर्थिन्। कान्छी छोरी राजश्री हस्पिटलमा आइ.सि.यू. बाहिर सुत्ने भएकोले उसलाई पनि पोजेटिभ देखियो। हामी सबै कोभिड पोजेटिभ भएर कमजोर भएतापनि औषधि खाँदै टोखा घरमा शान्ती दिदीको रेखदेखमा हस्पिटलमा खाना, खाजा, नास्ता पुर्याउने हाम्रो दैनिकी भएको थियो। म भगवान् प्रति विश्वास गर्ने भगवानमा पूर्णरुपमा समर्पित भएर मेरी श्रीमतीको जीवन रक्षा गरिदिन प्रार्थना गरिरहेको हुन्थेँ। भगवानले मेरो प्रार्थना सँधै सुनिरहनु भएकोले मेरो आँशु रोक्न पनि समय लिएको हुन्थ्यो।

यतिवेला सारा विश्व कोभिड महामारीको चपेटामा बल्झिरहेको अवस्थामा थियो। नेपाल अधिराज्यभरी कोभिड-१९ को दोश्रो लहरको महामारीबाट आक्रान्त हजारौँ मानिसहरू कोरोनाको कारण मृत्युवरण गरिरहेको अवस्था थियो। काठमाडौँ सहित देशका विभिन्न स्थानमा लकडाउनको अवस्था थियो। सेवा प्रवाह गरिरहेका अस्पतालमा संक्रमितहरू आइ.सि.यू. तथा अक्सिजनको अभावले उपचार नपाएर छट्पटाइरहेको तथा सँधैजसो ज्यान गुमाइरहेको दर्दनाक अवस्था बढ्दो थियो।

नेपाल नेशनल हस्पिटलको आइ.सि.यू.मा ३२ दिनसम्म मेरी श्रीमतीको उपचार भैरहेको थियो। भगवानको कृपाले उनको शरिरलाई ३० लिटरसम्म अक्सिजन दिँदा सेचुरेसन ९० क्रस भएको जानकारी पाएकोले अब स्वास्थ्य राम्रो हुने आशा पलायो। एक दिन उनीसँगै आइ.सि.यू.मा उपचारमा रहेकी सुर्खेतकी एक महिला स्वास्थ्यमा प्रगति भइसकेको भएता पनि अचानक उपचारमा रहेको अक्सिजन लेभल ३० लिटर सम्म झरिसकेको बेला अचानक निधन भएको खबरले हामीलाई फेरि चिन्तित बनायो। छोरी तेजस्वी आइ.सि.यू.मा उनै विरामीको कुरुवा बसिरहेका श्रीमानसँग बोल्ने गर्थिन्। २०७८ जेठ २५ गते साँझ उनको अचानक निधन भएको थाहा पाएर उनी हत्तनपत्त कसैको अनुमति बिना आइ.सि.यू. भित्रै आफ्नी आमाको मुख हेर्नपुगिन्। आफ्नो आमालाई तलदेखि माथिसम्म हेर्दा हात खुट्टा चलाउन नसकेकोले आमाको शरीरको पछाडिको भागमा बेड-शोल भएर तीन ठाउँमा घाउ भएको देखिन्। कतिदिन देखि दिशा गर्न नसकेर पेट पूरै फुलेको अनि 'मम्मी म छोरी तेजस्वी' भन्दा रुँदै 'मलाई कमोडमा दिशा गर्न मनलागेको छ बसाइदेउ न छोरी' भन्दै रुन थालिछन्। छोरीले डाक्टरसँग कुरा राखेर हस्पिटलका नर्स, गार्ड सबैको सहयोगमा कमोडमा लगिछन्। कति दिनसम्म सायद दिशा नै गरेको थिएन होला अनि भन्न थालिछन् 'छोरी

अब बल्ल पेट हल्का भयो अब म आनन्दले सुत्छु' भनेर सुतिन्। आइ.सि.यू.मा बसेर आमाको सेवा गर्न चाहेको कुरा छोरी तेजश्वीले डक्टरलाई आग्रह सहित जाहेर गरिन्। यसरी एउटी छोरीले आमालाई हस्पिटलमा भर्ना भएको दिनदेखि निरन्तर सेवा गरिरहेको देखेर डा. पौडेलले हुँदैन भन्न सकेनन्। 'छोरी तिमी पि.पि.ई., पन्जा, माक्स, टोपी र सेनिटाइजर प्रयोग गरेर भित्र रहेका नर्सहरूसँग परामर्श गरेर आमाको सेवा गर्न सक्छौ' भन्नुभयो। हस्पिटलका सबै नर्सहरू बिमारीको ख्याल राख्ने अतिशिष्ट र मेहनती भएतापनि जुनदिनदेखि छोरीले नर्सहरू सरह आफ्नी आमाको सेवा (आमालाई खाना, खाजा, नास्ता आफै खुवाउने, दैनिक सुताउने-उठाउने, दायाँ-बायाँ पल्टाइदिने, ढाडमा भएका बेडसोल, घाउ सफा गर्ने) गर्न थालिन् तबदेखि आमाको आत्मबल बढेको अनुभव गरे। आमाको स्वास्थ्य क्रमिक रूपमा सुधार हुँदै गयो, अक्सिजन १५ लिटर मात्र दिए पुग्ने भयो।

धेरैदिनको हस्पिटलको बसाईको कारण फ्रेस हुनको लागि जेष्ठ २६ गते राती साढे बाह्रबजे दुबै छोरीहरू घरमा सुत्न आए। सोही रातमा हस्पिटलमा अचानक अक्सिजनको सर्टेज भएर ६-७ जना बिरामीको निधन भएछ, रूवाबासी चलेछ। सबै बिरामीका कुरुवा बस्नेहरूलाई राती नै अक्सिजनको व्यवस्था गर्न हस्पिटलले अनुरोध गरेछ। म घरमा मस्तसँग सुतेको बेलामा रातको तीनबजे एक्कासी बाह्य शक्ति मेरो छातीमा टकरायो अनि के ? के ? के हो यो ? भन्दै म जुरुक्क उठेर दायाँ बायाँ हेरैं केही देखिन फेरी सुत्ने कोशिस गरैं निद्रा लागेन। सँधैजसो बिहानको खाना लिएर ११.३० बजे पुग्ने गरेको म भगवानको कृपाले बिहान साढे पाँचबजे दुध लिएर अचानक हस्पिटलमा पुगेँ। हस्पिटलमा डाक्टर तथा नर्सहरू सबै स्तब्ध तथा मौन रहेको अवस्था देखेँ। मलाई 'तपाईको बिरामीलाई पनि अक्सिजनको समस्या छ व्यवस्था गर्नुस् है' भन्दा म पनि झसँग भएँ। बजारमा अक्सिजनको अभाव भएको खबरले दायाँ-बायाँ कतै नसोँची अक्सिजनको व्यवस्था मिलाउन गाडीमा बस्न पुगेँ। हतारमा आउँदा फोन पनि घरमै छुटेछ। गाडी कुदाएर घरमा पुगी मेरा आफन्त तथा चिने-जानेका सबैलाई अक्सिजन व्यवस्था गर्न सकिन्छ कि भनेर फोन गरेँ तर पाइएन। दुबै छोरीहरू पनि आफ्ना साथीभाइहरूलाई आत्तिँदै फोन गर्दै हस्पिटल गए। अक्सिजन न कतैबाट व्यवस्था भयो न कसैले व्यवस्था भएको खबर गरे। अनि म कसैसँग कुरा नगरी विकल्प सोँच्न थालेँ। मलाई झट्ट याद आयो म अध्यक्ष रहेको निवोधित सहकारी संस्थाले यस्तै कोरोना महामारीको अवस्थामा अतिआवश्यक सदस्यहरूलाई सहयोग पुग्छ भनेर दुइवटा Oxygen Concentrator लिएको छ भन्ने खबर पाएको थिएँ। सो बिषयमा सम्वन्धित व्यक्तिलाई फोन गर्दा 'दाजु आउनुस् लिएर जानुहोला' भन्दा तुरुन्त गएर सो लिएर म कलंकी हस्पिटलको नजिक के पुग्दै थिएँ, हस्पिटलबाट फोन आयो 'दाजु तपाई कता हुनुहुन्छ ?' 'म हस्पिटल नजिक आइपुग्दै छु' भनेँ। 'ल दाजु एक शब्द नबोलिकन Oxygen Concentrator आइ.सि.यू.मा ल्याउनु होला यता बिमारीलाई गाह्रो भइसक्यो है' भन्यो। म दुई मिनेट भित्र हस्पिटल पुगी Oxygen Concentrator बोकेर चार तल्ला माथी के पुगेको थिएँ नर्सहरू लिफ्ट भित्रैबाट तानेर हतार हतारमा Oxygen Concentrator प्याकिङ्ग नयाँ खोल्दै आइ.सि. यू.मा लगेर श्रीमतीको नाकमा जोडिदिए। उसलाई हस्पिटलमा अक्सिजन नभएर सप्लाई नभएको अवस्थाबाट अक्सिजन सेचुरेसन ३५ मा झर्दै रहेछ Oxygen Concentrator मा जोडेर ५ लिटरमा दिएपछि सेचुरेसन ९०–९४ पुगेछ। यसरी उसलाई भगवानले फेरि पनि बचाए। मेरो छोरी तेजश्वी रुँदै भनिन् Óबाबा तपाईले यो अक्सिजन ठिक समयमा ल्याउनु भएर मम्मीलाई बचाउनु भयोÓ। मैले देखेको थिएँ मम्मीले हिक्क हिक्क गरेको नर्सहरू आत्तिरहेको थियो। यहाँ एकजनासँग अक्सिजन सिलिण्डर थियो म रोएर कत्ति बिन्ति गरेँ दिनुस् न मेरो मम्मीलाई बचाउन भन्दा पनि दिएन भनेर रोइन्। फेरी आफैंले 'दिन पनि किन देला र उसको बुढालाई बचाउन पर्छ' भनेर भनिन्।




छोरी तेजस्वि श्रेष्ठ आमाको लागि अक्सिजनको खाली सिलिण्डरको लाइनमा २०७८ बैसाख २६ (भाइरल तस्विर ) राजधानी पत्रिकाबाट

मलाई थाहा छैन मैले लिएर आएको यो Oxygen Concentrator ले कति समयसम्म

काम गर्छ। त्यसैले फेरि कसैसँग नसोधी अक्सिजन व्यवस्था गर्न लागिरहेको थिएँ। धेरै बिन्ती गरेपछि छोरीले शंकर ग्यास उद्योग बालाजुमा एउटामात्र दिन सक्ने खबर पाए लगतै लिन गएर आधाघण्टा भित्र आइ.सि.यू.मा बुझाएँ। श्रीमतीलाई उक्त अक्सिजन प्रयोग गरी मैले व्यवस्था गरेको Oxygen Concentrator अन्य एक बिरामीलाई पनि बचाउन सहयोग पुगेको थियो। यसो ब्याकअपको लागि त अक्सिजन व्यवस्था गरेर ढुक्क भएर बस्नुपर्छ भन्ने लागेर बिहान ७ बजे देखि ११ बजे सम्म औद्योगिक क्षेत्र तथा सप्लायर्समा बिन्ति गर्दै १४ वटा भरिएको अक्सिजन सिलिण्डर जम्मा गरेर घरमा स्टकराख्न सफल भएँ। केही समय भगवानप्रति हार्दिक आभार सहित धन्यवाद दिँदै आराम गरियो। सँधैजसो मेरो मनमा अक्सिजन सर्टेज होला की भन्ने त्रास रहिरह्यो। त्यसैले सँधै हस्पिटल जाँदा आउँदा गाडीमा तीनवटा भरिएको सिलिण्डर तैयारी अवस्थामा राख्ने गरेँ।

आइ.सि.यू.मा ३२ दिनको उपचार पछि जेष्ठ १० गते क्याविनमा सारियो। उनी न उठ्न सक्छिन् न बस्नै सक्छिन् न आफैँले राम्रो सँग खान सक्छिन्। शरीरको पछाडि भागमा तीनठाउँमा बेडसोल भएर घाउ भएको प्यारालाइसिस जस्तो अवस्था थियो। चौबिस घण्टा अक्सिजन १ लिटर देखि ०.५ लिटरसम्म दिनुपर्ने अवस्था रह्यो। हामी सबै परिवार क्याविनमा सँधै बिरामीको सेवामा बस्यौँ। सो दिन रातीको १२.३० बजे पुनः अक्सिजन सर्टेज भएर हस्पिटलमा रुवाबासीनै भएर डौदा-डौद भएको पाएँ। मेरो बिरामीलाई अक्सिजन ०.५ मा झरिसकेकोले एक दिनको लागि १ सिलिण्डर भए पुग्न सक्ने अवस्था थियो। हस्पिटलमा यसरी अक्सिजनको अभाव देखेर आफू चुपलागेर बस्न सकिन। आफूसँग घरमा स्टकमा भएको १४ वटा भरिएको अक्सिजन सिलिण्डरले धेरै बिरामीको जीवन रक्षाहुन सक्छ भन्ने लागेर छोरी तेजश्वी र हस्पिटलको कर्मचारी गएर घरबाट अक्सिजन सिलिण्डर लिएर आए। उक्त सहयोगले अस्पतालमा राती १ बजे देखि बिहान ७ बजेसम्म उपयोग गर्न पाउदाँ धेरै बिमारीहरूको जीवन रक्षागर्न राहत पुगेको थियो।

मनमा कुरा खेलिरह्यो फेरी काठमाडौंमा अक्सिजन अभाव भयो भने के गर्ने? पुनः हस्पिटलको खाली सिलिण्डर बोक्दै काठमाडौंको अक्सिजन उद्योगमा २-३ दिनसम्म लाईन बस्दै १२ वटा भरिएको सिलिण्डर जम्मा गरेर ढुक्क भएर बसेँ।

हस्पिटलको क्याविनमा १० दिनसम्म सलाईनको माध्यमबाट विभिन्न एन्टिबायोटिक औषधि दिईएको हुँदा उनको सुगर बढेको र इन्सुलेसन दिएपछि नर्मल अवस्थामा आएको थियो। केही दिनपछि विविध एन्टिबायोटिक औषधिहरू स्थगित भएपछि डा. पौडेलले अब डिस्चार्ज भएर घर जान सक्नुहुन्छ, उहाँ कोभिडको खतराबाट मुक्तभई फोक्सो बलियो भएको छ। घरमा केही औषधि र थेरापी गराई हिँडुल गर्न थालेपछि करिब एक-दुइ महिनामा अक्सिजन बिस्तारै छुट्ने जानकारी दिनुभयो। घरमा बिरामीको लागि केही दिन Oxygen Concentrator या अक्सिजन सिलिण्डर व्यवस्था गरेर डिस्चार्ज गर्नसक्ने जानकारी दिए। सोही अनुसार अक्सिजन कन्सन्ट्रेटर, अक्सिजन सिलिण्डर, ब्लड प्रेसर तथा सुगर नाप्ने यन्त्र समेत खरिद गरी व्यवस्था मिलाए पछि श्रीमतीलाई जेष्ठ २० गते डिस्चार्ज गरी घर ल्याउन सफल भएँ।

कोभिड लागेपछि उपचार गर्न हस्पिटल लैजाँदा आफैं हिँडेर गाडीमा बसेको, हिँडेरै हस्पिटलको ईमर्जेन्सीमा पुगेको



**अक्सिजन सिलिण्डरको जोहो गर्दै लेखक (कान्तिपुर दैनिकमा प्रकाशित)**

बिरामी आइ.सी.यू.मा ३२ दिन, क्याबिनमा १५ दिनको डाक्टर, नर्स तथा परिवारको अथक प्रयास र उपचार पछि खतरामुक्त त भयो तर शरीर गलेको दुब्लो पातलो, हात खुट्टाका मशल्स झुल्लिएको, कमजोर, हिँड्न नसक्ने, उठाई दिनु पर्ने, सुताई दिनु पर्ने, दायाँ बायाँ पल्टाइदिनु पर्ने, दिसा पिसाब गर्न बोकेर कमोडमा बसाली दिनुपर्ने, औषधि खान दिनुपर्ने, प्यारालाइसिस् जस्तो अवस्थामा रहेको मेरो धर्मपत्नीलाई सञ्चो भएर सँगै घरमा जान पाउँदा संसारमा यो भन्दा खुशीको क्षण अरू कुनै हुनै सक्दैन भन्ने लागिरह्यो। म मेरो बुढीलाई जसरी पनि हिँडाउछु नि भन्दै मनमनै खुशीले आँखा रसाउन थाल्यो। घर लैजान एम्बुलेन्स बोलाइयो। सँधैजसो हस्पिटलको एम्बुलेन्समा कोरोना पोजेटिभ भएका बिमारी बोक्ने भएकोले भर्खर ठिक भएको बिमारीलाई नलानु उचित हुने ड्राइभरको सुझावलाई मनन् गर्दै आफ्नै गाडीमा सानो ५ लिटरको फुच्चे अक्सिजन सिलिण्डरबाट १ लिटरको फ्लो दिएर हामीहरू हस्पिटलबाट निस्केको ५ मिनेट के भएको थियो अचानक आमालाई छोरीले सम्हाल्न नसकेर गाडी भित्रै अक्सिजन सिलिण्डर पल्टियो, फ्लोर मिटर फुट्यो, आमाको नाकमा अक्सिजनको साटो पानी पस्न थाल्यो। पुनः गाडी फर्काएर हस्पिटलको इमर्जेन्सीमा पुर्याएर केही समय अक्सिजन दिएर आराम गराएँ। फेरि एकपटक भगवानले बचायो जस्तो लाग्यो। नयाँ फ्लोर मिटर जोडेर होशियारीका साथ बिरामीलाई बीचमा राखेर दायाँ बायाँ दुई छोरीहरूले राम्रो सँग सम्हालेर बिस्तारै आधा घण्टा लगाएर टोखास्थित आफ्नो घरमा आरामसँग पुगियो।

नेपाल नेसलन हस्पिटलमा उपचार हुँदै मृत्युसँग लडेर नव-जीवन पाएको बिरामी हिँड्न नसक्ने अवस्थाको श्रीमतीलाई आफै बोकेर साँढे दुई तल्ला माथि बल्ल-तल्ल ल्याउन पाउँदा अन्तर आत्मा देखि नै अति प्रसन्न भएर मेरो आँखाले खुशीको आँसु रोक्न सकेन म सम्पूर्ण भगवानलाई हृदयदेखि धन्यवाद सहित आभार व्यक्त गरें। घरमा २४सै घण्टा श्रीमतीको सेवामा लागें। सँधैजसो समातेर उठाउनु पर्ने, सुताउनु पर्ने, हात मुख धोइदिनु पर्ने, चिया, नास्ता, खाना, खाजा अगाडि राखिदिनु पर्ने, दिशा पिसाब गर्न बोकेर लैजानु पर्ने, घरमा अक्सिजन दिएर अक्सोमिटरले सेचुरेसन निरन्तर हेरिरहनु पर्ने अवस्थाको थियो। उनलाई हिँडाउन र अक्सिजन छुटाउन घरमा थेरापीको साधारण रुपमा आफूले जानेको मात्र गरेर नहुने ठानेर घरैमा टिचिङ हस्पिटलका फिजियोथेरापिस्ट डा. मुकेश गुप्ताबाट थेरापी उपचारको व्यवस्था मिलाएँ। प्रत्येक दिन एक घण्टा थेरापी उपचार पछि दिनप्रतिदिन स्वास्थ्यमा प्रगति हुँदै गयो। एक महिनाको निरन्तर थेरापी उपचार पछि कृत्रिम अक्सिजन सुतेको बेला बाहेक अरू बेलामा दिनु नपर्ने भयो। नेपाल नेसनल हस्पिटलका छातीरोग विशेषज्ञ डा. प्रकाश पौडेलसँगको फलोअप चेकजाँच गर्ने क्रममा बिरामीको यूरिनल कल्चर टेष्ट गर्दा पिसाबमा केही इन्फेक्सन देखिएकोले ५ दिन स्लाइनबाट मेडिसिन दिनुपर्छ भन्नुभयो। हस्पिटलमा कोभिडको महामारीको अवस्थाले त्रसित रहेको कारण नर्सलाई होम सर्भिसको व्यवस्था गरी १० दिन मेडिसिन चलाएपछि नेगेटिभ आयो। २ महिना १० दिनपछि उनी बिस्तारै हिँडन थालिन्। घरको काममा खाना पकाउने तथा काट्कुट् गर्ने काममा सघाउन सक्ने भइन्। दैनिक औषधि पनि आफैँ खाने, कृत्रिम अक्सिजनको आवश्यकता नपर्ने भयो। अब उनी पूर्णरूमा ठिक हुन अझ तीन देखि छ महिना लाग्छ होला।

यसरी श्रीमती कोरोना लागेर मृत्युसँग लड्दा-लड्दा भगवानको कृपाले बाँच्न सफल भइन्। अहिले उनलाई यस बिषयमा सोध्दा चितवनबाट २०७८ साल वैशाख ३ गते घर आइपुगेको मात्र थाहा छ। त्यसपछि वैशाख ६ गते पि सि आर टेस्ट गर्न ग्राण्डी इन्टरनेसलन हस्पिटल पुगेको वैशाख ९ गते ह्याम्स् हस्पिटल मन्डिकाटार धुम्बाराही, यति हस्पिटल र नेपाल नेसलन हस्पिटल कलंकी पुर्याएको थाहा नभएको कुरा गरेको सुन्दा उनी बेहोस अवस्थामा रहिछन् अहिले उपचारपछि बल्ल उनको होस खुलेको थाहा भयो। यसरी भगवानले पटकपटक मेरी श्रीमतीलाई बचाइदिनु भएकोमा म सम्पूर्ण भगवानमा अन्तर आत्मादेखि हार्दिक कृतज्ञता सहित धन्यवाद अर्पण गर्दछु।

यसैगरी नेपाल नेसलन हस्पिटलका वरिष्ठ छातीरोग विशेषज्ञ डा. प्रकाश पौडेलज्यूको अथक प्रयासमा कोभिड महामारीको दोश्रो लहरमा निमोनियाले जटिल अवस्थामा पुगेका श्रीमती जमुना प्रधानको सफलतापूर्वक उपचार गर्नुभएर नव जीवन दिनुभएकोमा उहाँप्रति हृदयदेखि हार्दिक आभार सहित धन्यवाद अर्पण गर्दछु। साथै उहाँसँग उपचारमा खटिनु भएका अन्य डाक्टरहरू, नर्सहरू र सम्पूर्ण कर्मचारीहरू सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु। यस हस्पिटलका संस्थापक सदस्य तथा शेयर होल्डर श्री आरजन बरालज्यूमा हामी परिवार तथा बिरामीलाई स्वास्थ्य उपचार राम्रो हुने भनी हौसला दिनुहुँदै सहयोग गर्नुभएकोमा धन्यवाद छ। अक्सिजन नै नपाएको अवस्थामा अक्सिजन कन्सन्ट्रेटरको व्यवस्था गराई श्रीमतीको जीवन रक्षा गर्नमा अमूल्य भूमिका निभाउनु भएकोमा निवोधित सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. न्यूरोडलाई हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दछु। हामी सबै परिवारको सुस्वास्थ्यको कामना गर्नुहुने सम्पूर्ण आदरणीय गुठियार सदस्यज्यूहरू, मेरो परिवार, आफन्त, इष्टमित्र, छर-छिमेकी दिदी-बहिनी, दाजु-भाइ तथा मित्रहरूमा तथा प्रत्यक्ष-परोक्ष रूपमा सहयोग गर्नुहुने सबैमा हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दछु। श्री रणउर्जीरेश्वरी भगवती मातासँग यहाँहरू सबै सदा सुरक्षित तथा स्वस्थ रहनुहोस् भनि प्रार्थना गर्दछु।

तानसेन गुठीले २८ वर्ष पार गरी २९ औं वर्ष प्रवेशको
अवसरमा गुठीको उत्तरोत्तर प्रगतिको लागि
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

AMRIT-PRITHVI TRUST
अमृत-पृथ्वी अविनाशी गुठी

तानसेन गुठीले २८ वर्ष पार गरी २९ औं वर्ष प्रवेशको अवसरमा
गुठीको उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।







वात्सल्य किन्डरवेल्ट
Vatsalya Kinderwelt
Jaranku, Tarakeshwar



# समाजसेवी राधा भारती



**रेणुका देवी जोशी श्रेष्ठ**
भु. पू. अधिकृत, नेपाल बैंक लिमिटेड
आजीवन सदस्य तानसेन गुठी काठमाडौं

परिवारमा एकजना महिला सदस्य शिक्षित भएमा पूरै परिवार शिक्षित हुने मान्यता भएको मध्यकी हुनुहुन्छ राधा भारती। उहाँको जन्म वि.सं. १९८४ साल आश्विन २२ गते शुक्लपक्ष द्वादशी तिथी शनिवारका दिन भएको थियो। उहाँको बुवा रामरत्न राजभण्डारी खरदारको जागीरमा हुनुहुन्थ्यो। त्यस बखत खरदारको जागीर खाएको सरकारी व्यक्ति भन्नासाथ समाजमा निजको मान मर्यादा भिन्दै खालको हुन्थ्यो।

खरदारको जागीर खानुभएको उहाँको सोचाई फरक खालको थियो छोरीबेटीहरुलाई पनि पढाउनु पर्छ भन्ने। सोहि कारणले उहाँले छोरी राधालाई घरमै गुरु राखी पढाउन लगाउनु भयो। उहाँको पहलमा पछि छरछिमेकीका साहुमहाजनका छोराछोरीहरु जम्मा गराई एकजना व्यक्तिको खालीभएको दलान (दुकान)मा पाठशाला खोलियो। त्यस बखतको पढाई भनेकै दुर्गाकवच, बुद्धि चालक, लघु सिद्धान्त कौमुदी आदि पुस्तक मुख जवानी हिसाबले पढ्ने चलन थियो। बाल्यकाल देखि नै तिक्ष्ण बुद्धि भएकी राधादेवीले पढ्न भनेपछि अति मनपर्ने हुँदा आफ्ना पाठहरू घोकी कण्ठपारी छिटै बुझाउने गर्नुहुन्थ्यो।

केही समय पछि तानसेनमा शिक्षित अयोध्या प्रसाद प्रधान उहाँकी बहिनी बेगमती प्रधान, रत्नलक्ष्मी प्रधान, मथुरा प्रसाद प्रधानकी छोरीले पढाउनु हुन्थ्यो। त्यस बखत पाठशालामा अंग्रजी, हिसाब, संस्कृत, हिन्दी र नेपालीको पढाई पण्डित ढुण्डिराज शर्मा गुरुले पढाउनुहुन्थ्यो। यसरी राधादेवी राजभण्डारीले सात कक्षासम्मको पढाई गर्नुभयो। उहाँलाई पढ्न मन भए पनि स्कूल जाने वातावरण नभए पछि २००४ सालमा स्थपित पद्मोदय पब्लिक हाइस्कूलमा भारतबाट ल्याइएका मास्टर राजेश्वर श्रीवास्तव र मास्टर शंकरदत्त सँग प्राइभेटरूपमा घरमै पढी दशम् कक्षाको पढाई पूरा गर्नु भयो।

त्यसताका पद्मोदय पाल्पा पब्लिक हाईस्कूलमा काठमाडौंबाट झिकाइएका मास्टर इन्द्रलाल भारतीले पढाउनु हुन्थ्यो। 'भारती मास्टर'को नामले प्रख्यात उहाँ राम्रो सँग पढाउने हुनाले सबैको आदरणीय हुनुहुन्थ्यो। म्याडम् राधा भारतीको उहाँसँग आफूखुशी विवाह भयो। त्यसबेलाको रुढिवादी समाजमा पाल्पा तानसेनकी नेवार घरानाकी छोरीको यसरी अन्तरजातिय विवाह हुनु भनेको कम चुनौतीको कुरो थिएन। धेरै कठिनाई र समस्या भोग्नु परेतापनि दृढ विश्वासयुक्त व्यक्तित्वकी उहाँ विचलित नभई समय सापेक्षरूपले चल्न जान्नु भएको हुँदा उहाँको दाम्पत्य जीवन सफल भयो।

राणाकालको अन्यतिर अर्थात २००७ सालतिर तानसेनका घरानियाँ परिवारका छोराहरु भारततर्फ गएर पढेर आएका युवाहरु र अन्य शिक्षित व्यक्तिहरु आपसमा मिली पाल्पाका छोरीचेलीहरुको कल्याण र सम्वृद्धिका लागि एउटा कन्यास्कूल खोल्न अति आवश्यक ठानी पहल गरे। यसमा राधा भारतीको पनि सक्रिय भूमिका थियो। आफ्ना समकक्षी सँगीहरुसँग मिलेर तानसेन बजारको घर-घर गई आमाबुवा (गार्जियनहरू)लाई सम्झाई बुझाई आफ्ना छोरीबेटीहरू स्कूल पठाउनु पर्छ भन्ने महत्वपूर्ण अभियान चलाउनु भएको थियो। फलतः छोरीहरू २००७ भाद्र १६ गते सिल्खानमा स्थापित मोहन कन्या स्कूलमा भर्ना हुन आए। त्यसमध्ये म (लेखक) पनि पहिलो दिननै नाम दर्ता गरी भर्नाभई संस्थापक विधार्थी भएँ। त्यस स्कूलमा म्याडम् भारतीले पनि शिक्षिकाको रूपमा सेवा गर्नुभएको थियो। भर्खर खुलेको स्कूलमा अनेकौं वाधा अड्चन आइपर्दा उहाँ सहयोगीको रूपमा अगाडि पर्नुहुन्थ्यो।

सायद २०११-२०१२ सालतिरको कुरो जस्तो लाग्छ, हामी पढिरहेको स्कूलको प्रधान अध्यापकले स्कूल छोड्ने भएको हुँदा सबै मास्टर-मास्टर्नीसाहेब र हामी छात्राहरु मिली राधा म्याडमकै पहल र सक्रियतामा आवश्यक आर्थिक सहयोग जुटाई स्कूलको तर्फबाट उपहार स्वरुप गोल्ड मेडल समेत् प्रदान गरी भव्यकासाथ अनुकरणीय विदाई भएको थियो। प्र.अ. ठाकुर प्रसाद थान्जू भगवती टोल तानसेन निवासी हुनुहुन्थ्यो। कक्षामा गणित, विज्ञान र अंग्रेजी विषय पढाउनुहुँदा उहाँको बुझाउने तरिका सरल भएको हुँदा प्राय: सबै विद्यार्थीका प्रिय पात्र पनि हुनुहुन्थ्यो।

महिलाको उत्थानको लागि क्रियाशील भई स्थानीय महिलाको हक हितको पक्षमा सहयोग गर्दा दत्तचित्त

रहनुहुने हुँदा उहाँले आफ्नो नजिकैको नाताका व्यक्तिहरू र बजारका गन्यमान्य व्यक्तिहरूबाट आइलाग्ने नकारात्मक परिणामलाई किंचित् मान्नु भएन। सदा महिलाको पक्षमा लागि परिरहनुभयो।

शिक्षा क्षेत्रका सहयोगी उहाँले नयाँ शिक्षा लागु भएपछि बेलाबेलामा मोहन कन्या उच्च मा. वि., जनता उच्च मा.वि. र पाल्पा आवासीय उच्च मा.वि. मा व्यवस्थापन समितिको अध्यक्ष र सदस्य पदमा रही महत्वपूर्ण योगदान गर्दै आउनुभएको थियो भने उक्त शिक्षण संस्थाहरूमा आफ्ना स्वर्गीय पतिदेव मास्टर इन्द्रलाल भारतीको स्मृतिमा विभिन्न अक्षयकोषहरू स्थापना गरी पुरस्कार प्रदान गर्ने हेतुले पनि आर्थिक सहयोग पुर्याउदै आउनु भएको छ।

त्यतिमात्र होइन पाल्पाकै पहिलो तानसेन बहुमुखी क्याम्पस चलाउन आर्थिक समिति गठनगरी आर्थिक सहयोग गरी आफू स्वयम् सदस्य रही क्याम्पसको उत्थान र प्रगतिको लागि राम्रो सहयोग पुर्याउदै आउनु भएको छ।

कुनैपनि शिक्षण संस्था तथा अन्य सामजिक संस्थामा जहाँ जे कुराको आवश्यकता पर्दछ त्यहाँ सल्लाह दिएर हुन्छ कि आफै कमिटीमा बसेर हुन्छ कि आर्थिक सहयोग गरेर हुन्छ उहाँ सदैव कर्मठरूपले अग्रसर भएर लागिपर्नु भएको थियो।

उहाँले जिल्ला रेडक्रस सोसाइटीमा हुँदा महिला उप– समितिको संयोजक बनेर असहाय सुत्केरी महिलाहरुको नि:शुल्क उपचार र उद्धारकोलागि सहाहनीय योगदान गर्नुभएको थियो। पाल्पा लायन्स अस्पतालमा १९ वर्षसम्म कार्य समितिमा रही निःसहाय विरामीहरुको निःशुल्क आँखा अप्रेशन गर्नको लागि हारगुहार गरी १४ लाख सम्मको अक्षयकोष खडा गर्न उहाँ सफल हुनुभएको थियो। यसरी उहाँले ठूलो मानवीय उपकार गर्नुभएको छ।

समाजसेवी राधा भारती बाल कल्याण समितिको अध्यक्ष पदमा रहँदा



पनि उक्त बाल कल्याण कार्य सम्पादनको आवश्यकता र महत्वको पहिचानको लागि गाँउ गाँउमा थुप्रै बाल विकास केन्द्रहरु खोल्ने काममा अग्रणी रहनुभयो। यो बडो कठिन तथा खट्नु पर्ने कार्य थियो। पछि विस्तारै विस्तारै बाल विकास केन्द्रहरू स्थापित हुँदै जाँदा 'सेभ द चिल्ड्रेन' नर्वेबाट समेत संचालित कार्यको लागि आर्थिक सहयोग प्राप्त भएको थियो यसलाई ठूलो उपलब्धिको रूपमा लिइएको थियो।

उहाँले आफ्ना दिवंगत श्रीमान् इन्द्रलाल भारतीको स्मृतिमा सम्झना र पुरस्कार प्रदान गर्ने कार्यका लागि साहित्य तथा स्वास्थ्य प्रतिष्ठान पाल्पालाई वार्षिक १५,०००।- (पन्ध्र हजार रुपैयाँ) प्रदान गर्नुभएको छ भने 'इन्द्र राधा समाजसेवा पुरस्कार'का लागि रू. पच्चीस हजारको अक्षयकोषको व्यवस्थापन समेत गर्नु भएको छ।

उहाँले माध्यमिक विद्यालय तथा क्याम्पसहरूबाट बेलाबेलामा आयोजना हुने कार्यक्रमहरूमा सौजन्यतापूर्वक पुरस्कार, नगद, स्टेशनरी एवं प्रमाण–पत्रहरू प्रदान गर्दै आउनुभएको छ।

राधा भारतीले धार्मिक कार्यमा पनि त्यतिकै लगाव राख्दै आउनुभएको छ। तानसेन गुठीका आजीवन सदस्य उहाँले श्री ७ रणउज्जेश्वरी भगवती जात्रा र श्री नगर गणेश जात्राको लागि समुचित आर्थिक सहयोग प्रदान गर्दै आउनुभएको छ। उहाँ प्राय: सबै क्षेत्रमा निःस्वार्थ रुपले लागेर तन, मन, धन सबै थोकबाट सेवा गर्न सदा तत्पर रहनुहुन्छ। उहाँसँग आर्थिक सहयोग माग्न आउने कोही पनि विमुख भई फर्कनु परेको छैन्। उहाँको जीवन सबैलाई सेवा र सहयोग गर्नुमै बितेको छ भन्नुमा अत्युक्ति नहोला।

आफ्नो जीवन लगाई यसरी नि:स्वार्थ रूपले गर्नु भएको महत्वपूर्ण सेवा र सहयोगको लागि उहाँलाई विभिन्न संघ संस्थाहरुबाट कदर–पत्र, प्रशंसा–पत्र आदि प्रदान गरिएका छन्। नेपाल नेत्रज्योति संघ केन्द्रीय कार्यालय काठमाडौंबाट सम्मानपत्र साथै नगद रू.५०,०००।-(अक्षरुपी पचास हजार रुपैयाँ मात्र) समेतले उहाँलाई पुरस्कृत गरिएको छ। राधा भारती एक अथक समाजसेवी हुन् भन्दा फरक नपर्ला। उहाँको एक मात्र छोरी डा. वसुन्धरा र दुइजना नाति हुनुहुन्छ। आज समाजसेवी राधा भारतीले बयानब्बे वटा वसन्त पार गरिसक्नु भएको छ तापनि उहाँको मुहार पहिलेको जस्तै रौनक, जोश-जाँगरले भरिएको छोटो कद भएको स्फूर्ति बोली मैले देख्दा पाइरहेको छु। उहाँलाई भेट्न पाउँदा जहिले पनि मलाई अत्यन्त गर्व र खुशी लाग्छ। आफ्नो प्यारो पाल्पाकी यस्ती समाज सेविकाको सम्वन्धमा दुई शब्द कोर्न पाएकोमा मलाई ज्यादै हर्ष र गर्वको अनुभूति भएको छ। केही वर्ष अघि कोठैभित्र लडेर वाहिर हिंड्डुल गर्न गाह्रो भए पनि आफ्नो कोठा र कम्पाउण्ड भित्र हिंड्ने र आउने मानिसहरुलाई सर-सल्लाह दिएर सहयोग गरिराख्नुभएको छ। त्यस्तै बैठक तथा सभा सम्मेलनमा जानु परेमा गाडीबाट गई भाग लिएर सेवा गर्दै आउनुभएको छ।

भगवानले उहाँजस्तो कर्मठ सदाबहार व्यक्तिलाई सदा निरोगी र दीर्घायू राखून्। यहि मेरो कामना र प्रार्थना छ।

# तानसेन गुठीको उन्नयन




सुरेन्द्र लोहनी

तानसेन गुठीको शुभारम्भ भए उप्रान्त यसले निर्वाह गर्दै आएको प्रेरक एवम् उत्साहजनक गतिविधिबाट प्रभावित नहुने र प्रशन्नताको स्व:पानबाट वन्चित हुने को व्यक्ति होला र ? हाम्रो समाजभित्र सह–अस्तित्वको वृहत् आदर्शलाई आत्मसात् गर्दै आपसी सदभाव र प्रेम करुणाको माध्यमबाट वर्ग तथा समूहको उत्थानका साथै नेपालीहरूबीच भातृत्व कायम गर्न अग्रसर भएको यस गुठीको भूमिकालाई सत: सत: नमन गर्नु वान्छनीय देखिन्छ।

यो गुठीको सर्वापरि उद्देश्य नै व्यक्ति-व्यक्तिमा अन्तरनिहित प्रतिभा र मानवीय गुणको पहिचान गरी यथोचित सम्मानगर्ने र एक प्रतिष्ठित नागरिक भएको सन्देश समाजछेउ प्रवाहगर्ने प्रचलन रहिआएको पाईन्छ। यस अतिरिक्त पनि गुठीभित्र संलग्न महानुभावहरूको समुचित हित र उपकारको निमित्त यस संगठनले प्रेरणादायी कार्य गरिआएको यथार्थ चित्र पनि देखिन्छ। हुनत गुठीको विषय उठाउँदा यो आफैमा एक नवीनतम सोचको उपज भने होइन। खासमा, नेवारी समाजको परिवेशभित्र गुठीको अवधारणा र अस्तित्व परापूर्वकालदेखि परिचालन हुँदै एक जीवन्त परोपकारी संस्थाको रूपमा कार्यरत रही आएको इतिहास छ। यस्ता गुठीको जन्मदाता पनि ती समुदायका सचेत, प्रगतिशिल र दूरदर्शी सदस्यहरू हुन्छन् जसले केवल आफ्नो व्यक्तिगत लाभको खातिर मात्र ध्यान नदिई तमाम छरछिमेकमा बसोबास गर्ने वन्धु-वान्धवका समष्टिगत हित र भलाइको लागि सत्कार्य गर्दछन्। गुठीमा आवद्ध भएका सहगुठियारहरूले मर्दा-पर्दाका अवस्थामा पीडित परिजनप्रति ठूलो सहयोगी भूमिका निर्वाह गर्दछन् भने अन्य सामाजिक समुन्नतिको वा सम्बर्धनको दिशातर्फ पनि एकत्रित भएर स्व:धर्मको उत्तरदायित्व बहन गर्दछन्। सारांशमा भन्नुपर्दा, यसको परम लक्ष्य नै कुटुम्ब उपर आइपरेको बिघ्न–बाधा, कष्ट एवम् उत्पीडनका साथै प्राकृतिक विपत्तिमा पर्यन्त सामूहिक रूपमा मदद्गार बन्नु र क्लेशको निरुपण गर्नु हो।

तानसेन गुठी पनि यस्तै उपकारी भावनाबाट अभिप्रेरित भई 'सर्बजन हिताय, सर्बजन सुखाय'को मूलमन्त्रलाई पकडी २०५१ साल भाद्र ५ गते काठमाडौंमा स्थापना भएको रहेछ। सत्ताईस वर्षको यो लामो यात्रामा तानसेन गुठीले पाँचसय चौतीस जवान गुठियार सदस्यहरू बनाउन सफल भइसकेको छ। जसमा तीनसय आठ जवान व्यक्तिहरू आजीवन सदस्य नै रहेका छन। वास्तवमा, कुनै पनि संघ संस्थाको कुरा गर्दा यत्रो बृहत् आयतन बोकेको गुठीमा समाहित उल्लेख्य संख्यामा स्व:जनहरुका शानदार समुपस्थितिले यस तानसेनको गौरव र गरिमालाई तुलनात्मक हिसाबले ह्वात्तै बढाएको पाइन्छ। यसरी यो गुठीको आकार चौडा र समुन्नत हुने कारणप्रति दृष्टिगत गर्दा के देखिन्छ भने सल्लाहकार मण्डलमा प्रतिष्ठित चेहराहरू देशले नै गर्व गर्न लायकका मूर्धन्य तथा लब्धप्रतिष्ठित महानुभावहरू विराजमान भएको पाइयो। देशको गहन जिम्मेवारी बोकी राष्ट्र उत्थानमा अतुलनीय सेवा गरेका नारायणप्रसाद श्रेष्ठ, शंकरकृष्ण मल्ल, पृथ्वीराज लिगल, हितसिंह श्रेष्ठ, डा. मोहनमान सैँजु र क्या. रवीन्द्र प्रधान जस्ता अमूल्य निधिहरूलाई कुन सचेत नेपालीले सहजै बिर्सन सक्ला र ? ज्ञान, सीप र अनुभव जस्ता समस्त आयामबाट पारङ्गत भएका वहाँहरू जस्ता विज्ञहरुका परामर्श र मार्गनिर्देशनको बावजुद नै आज तानसेनले उन्नयन गर्न सफल भएको यो दृष्टान्त हो।






यतिखेर, गुठीको संगठनात्मक ढाँचा र प्रशासनिक क्षमतामात्र मजबुत छैन, बल्की आर्थिक हैसियतको खेमातर्फ दृष्टि फेर्दा पनि एक करोड बीस लाख भन्दा माथिको मौज्दात रहेबाट कुशल नेतृत्व र उत्कृष्ट व्यवस्थापनको परिणति हो भन्न सकिन्छ।

वास्तवमा, गुठी परिवारका यी अग्रजहरूका पृष्ठभूमि हेर्दा अधिकांश सदस्यहरूका जन्मस्थल पाल्पा तानसेनकै सरहदभित्र रहेको बोध हुन्छ। वहाँहरूका पिता–पुर्खाहरु भक्तपुर र पाटनबाट बसाई सराई गर्दै अन्ततोगत्वा तानसेनको निवासी हुनुभएको पाइयो। समयचक्रको अन्तरालमा पछि गएर समकालीन पिढीँका जेहेन्दार युवकहरू चाहिँ काठमाडौंमा बसोबास गर्ने हेतुले यहाँ आई उच्चशिक्षा हासिल गर्नुका वावजुद विभिन्न पेशामा आबद्ध हुनुभएको रहेछ। यस उसले,जब उपत्यका आएर वहाँहरूका व्यवसाय, जागिर वा व्यापारका आधारशीला खडा भयो तदनन्तर नै वहाँहरुले काठमाण्डौको भूमिलाई कर्मथलोको हैसियतमा अवलम्बन गर्नु भएको देखिन्छ। परन्तु, आफ्नो जन्मस्थलप्रतिको निश्चल अनुराग एवम् पवित्र समर्पणभावको उद्वेगस्वरूप प्रतीकात्मक रूपमै किन नहोस् तानसेनको नामाङ्कनबाट सबैले मतैक्यताका साथ गुठीको संरचना बनेको पाइयो। गुठीको गठन र सञ्चालन पछि फराकिलो भौतिक दूरीलाई भावनात्मक हिसावले निकट ल्याउने कार्यमा यसले सेतुको काम गरेको  देखिन्छ। काठमाडौंबासी हुँदाहुँदै पनि तानसेनको परम्परागत शैली, संस्कृतिबाट र त्यहाँको जीवन पद्धतिलाई पूर्ववत् अक्षुण्ण राख्ने मनोकांक्षाबाट प्रेरित भई गुठीको संरक्षकत्व र पहलमा विभिन्न हितकारी परियोजना सञ्चालन गरिएका छन् जस अन्तर्गत स्थानीय मन्दिरहरूका मर्मतसम्भार गर्ने, धार्मिक बिरासतसँग जोडिएका जात्रापर्वका महत्वलाई जीवन्तता प्रदान गर्ने र यसका खातिर आवश्यक पर्ने आर्थिक श्रोतको जोहो गर्ने साथसाथै, योग्य र जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति लगायत तदनुरुपका सहुलियत उपलब्ध गराउने जस्ता पुण्य कार्य गर्दै आएको छ।

धार्मिक आस्था र समाजसेवाको उच्च-आर्दशप्रति समर्पणभाव देखाउने उपक्रममा कतिपय श्रद्धालु दाताहरूले गुठीको संरक्षणमा अक्षयकोषहरूको स्थापना गर्नुभएको छ। हालसम्म यस्ताकोषहरूको संख्या ३३ भन्दापनि बढी पुगिसकेको छ र अझै थपिँदै जाने सम्भावना प्रचूर छ। यी अक्षयकोषहरू स्वास्थ्य, शिक्षाका विधामा स्थापित भएदेखि लिएर सांस्कृतिक,धार्मिक एवम् पछिल्लो समयमा आएर पर्यटनको क्षेत्रलाई पनि प्रोत्साहन गर्ने हेतुले समेटिएका छन्। यिनै कोषहरूबाट उपार्जन हुने व्याज आम्दानीबाट नरनारीका कल्याणका खातिर सदुपयोग भइरहेको छ।

यस लेखका पङ्क्तिकारले पनि पर्यटन विधा अन्तर्गतको ‘जीवन जयन्ती पर्यटक पथ-प्रदर्शक पुरस्कार’ कोषबाट गुठीको २७औं वार्षिक भेलाको पुनित उपलक्ष्यमा मिति २०७६ साल भाद्र ५ गते अभिनन्दित हुने सु–अवसर पाएको थियो। यस निम्ति, कोषकी संस्थापिका मान्यवर जयन्ती श्रेष्ठज्यूप्रति स–धन्यवाद आभार व्यक्त गर्दछु। म जस्तो सामान्य अदना प्राणीलाई पुरस्कारको भागी बनाउन सिफारिस गर्नुहुने सचिव प्रमी श्रेष्ठज्यू र पूर्व कोषाध्यक्ष दिनेश थान्जूज्यूप्रति पनि आभार व्यक्तगर्न चाहन्छु। टुर्गानका वरिष्ठ व्यक्तित्वहरू एवम् पूर्व अध्यक्ष त्रय क्रमशः विष्णु ज्ञवालीज्यू, हरेराम बरालज्यू र केदार तामाङज्यूका सदभाव म उपर अविछिन्न रह्यो। यस सन्दर्भमा उहाँहरू पनि मेरो अभिवादन र सम्मानका पात्र हुनुहुन्छ।

गुठीको २७ औं भेलाको सुखद र मनोरञ्जनात्मक माहौलको घडीमा आर्कषक व्यक्तित्वका धनी पृथ्वीराज लिगलज्यूसँग मैले भलाकुसारी गर्ने अवसर पाएको थिएँ। जसको अप्रितम अनुभुति मानसपटलमा अझै ताजा छ। लगभग ५० वर्ष पश्चात् उहाँसँग भएको अन्तरंग भलाकुसारीले मलाई कीर्तिपुर डाँडाको त्रि.वि.वि.मा लिगलज्यूसँग व्यतीत गरेको २ वर्षको शैक्षिक माहौलभित्रको स्मृतिमा पुर्याईदिएको थियो। जेहोस, आधा शताब्दी पछिको भेटमा उहाँका वाणी व्यवहार र हँसमुख चेहरा पूर्ववत् रहेकोले प्रभावित भएको छु। अन्तमा, श्री रणउर्जीरेश्वरी भगवती माताप्रति श्रद्धा भक्तिअर्पण गर्दै यो लेखलाई पूर्णविराम दिन्छु।



# डा. महेन्द्र प्रसाद प्रधानको व्यक्तित्व र योगदान



प्रकाश प्रधानाङ्ग

हाम्रो बाजे बद्री नारायण प्रधानले बुबा देबी प्रसाद प्रधानको विवाह भक्तपुरको हरिमाया संग गरी दिनु भयो। त्यति बेला हरिमायाको बुबा भक्तपुरबाट जागिरको सिलसिलामा तानसेनमा आउनुभएको रहेछ। ठूली आमा हरिमायाकै कोखबाट हाम्रो ठूलो दाई डा. महेन्द्र प्रसाद प्रधानको जन्म १९७३ आषाढ ३ गते भयो। दाई जन्मेको १८ दिनमा ठूली आमा बित्नु भएछ। त्यति वेला हाम्रो बुवा २० बर्षको हुनुहुन्थ्यो रे। दाईलाई दुध खुवाउन र हेरचाह गर्न धाइ पनि राखेको थियो रे।

हाम्रो बाजे बद्री नारायणको ४ जना श्रीमतीहरु, बजैहरु थिए। पहिलो श्रीमतीबाट हाम्रो बुवा देवी प्रसाद र बुबाको दिदी, हाम्रो बुबाको आमा विते पछि, माहिला बुवा अयोध्या प्रसाद र माहिला बुबाको दिदी, माहिला बुबाको आमा वितेपछिको बजैको सन्तान थिएन। त्यसपछि कान्छी बजै चन्द्र कुमारीको ३ जना छोराहरु सुर्य प्रसाद, लोकेन्द्र प्रसाद र योगेन्द्र प्रसाद प्रधान र ३ जना छोरीहरु तेजकुमारी, जनककुमारी र वेगमती थिए।

हाम्रो कान्छी बजैले पनि ठूला दाईलाई दुध खुवाउने र हेरविचार गर्नु भयो रे। त्यसैले बजैलाई ठूल्दाइले आमा नै भन्नु हुन्थ्यो। ठूल्दाईको आमा विते पछि बाजेले हाम्रो बुबा देवी प्रसादलाई पोखराबाट मुक्ति मायालाई विवाह गरिदिनु भएको रे। माहिली आमाको विवाह पछि दाई मुनिन्द्र प्रसाद र दाइ जितेन्द्र प्रसादको जन्म भयो। छोरी एउटी जन्म भएकी थिइन् रे तर सानैमा वितिन् रे। पछि प्युठानको मुक्ति प्रसाद राजभण्डारीको छोरी श्री लक्ष्मी हाम्री आमालाई प्युठान आएर बिवाह गरेर ल्याउनु भएको रहेछ। त्यतिबेला बुबा ४० बर्ष र आमा १५-१६ वर्षकी किशोरी थिइन्। हाम्रो मावली बाजे मुक्ति प्रसाद राजभण्डारीको छोरा मथुरा प्रसाद र छोरी श्री लक्ष्मी मात्रै सन्तान रहेछ। हाम्री आमा श्री लक्ष्मीको कोखबाट ३ छोरा शैलेन्द्र बनारसी र ब्रजेन्द्र प्रधान, ४ छोरी प्रकाश (म), विजय, रीता र उषाको जन्म भयो। हाम्रो बुबाको सन्तान ६ जना छोराहरु र चार जना छोरीहरु गरेर १० जना सन्तान भए।

ठूल्दाईलाई हेरविचार, तेल लाउने, दिसापिसाब धुने र दुध खुवाउने धाई आमाले गर्ने रे। साथै हाम्री बजैले पनि दुध ख्वाउने र हेर विचार गर्नु हुन्थ्यो रे। त्यतिबेला बजैको पनि हाम्रो फुपु वेगमती जन्मेको थियो रे। पहिलो नाती, आमा गुमाएकोले सबै दुःखी त थियो नै। बाजेले पनि नातीलाई तलमाथि सबै केही हुन दिनुहुन्नथ्यो रे। परिवारका सबैको माया र प्रेमले हुर्किदै जानु भयो रे। हाम्री ठुली आमा राम्री हुनु हुन्थ्यो रे। त्यसैले होला ठूल्दाई पनि राम्रो हुनुहुन्थ्यो। बच्चाको हाउभाउ हुर्किदैं बढ्दै जाँदा सबै दङ्ग थिए रे।

आमा नभए पनि परिवारको माया र प्रेम, परिवारले पनि बालकको सुलभ बाल क्रिडाले दङ्ग हुँदै दाईको वाल्यकाल वित्दै गयो। सानोमा नै शिक्षाको सुरुवात पनि भयो होला। त्यति बेला स्कूल नभए पनि महिला बा अयोध्या प्रसाद प्रधानले आफ्ना केटाकेटीहरुलाई गुरुहरुबाट शिक्षण गर्ने व्यवस्था गरिदिनु भएकोले महेन्द्र दाई, करुणा दाईले पनि वाल्यकालदेखि नेपाली, गणित, संस्कृत पनि पढ्नु भयो रे। पछि माहिलाबा ले अंग्रेजी भाषामा पनि शिक्षा दिनुभयो। पढ्नमा तेज र मिहनती भएर ठूलदाईलाई बनारसमा स्कूल पढ्न पठाउनु भयो। हाम्रो

बुबाहरुको बुटवलमा घ्यूको ठूलो व्यापार थियो। बुबाहरुको "सेठ मार्का" घिउ बनारस, कलकत्ता र सायद अरू ठाउँमा पनिजान्थ्यो। बनारसमा वुबाहरुले एउटा घर नै भाडामा लिएको हन्थ्यो। हाम्रो दाईहरु कन्छ बुवा ठुल्दाइ पनि बनारसमा पढ्दा त्यही बस्थे। ठुल्दाईले बनारसबाटनै हाईस्कूल पास गर्नुभयो।

दाई योवनावस्थामा राम्रो हिस्सि परेको र साथीहरुसँग मेलमिलाप गर्ने स्वाभावको थियो रे। फुटबल खेल्ने, घोडा चढ्ने शौक त छँदै थियो। तर घोडालाई नचाउन पनि सक्नु हुन्थ्यो। हाम्रो घर अगाडि बाटोमा घोडा उफार्ने, नचाउने गर्दा घोडाले पछार्ला भनेरै सबै डराउँथे। दाई चाहि हाँसी रहनु हुन्थ्यो। दाईको फुटबल खेल्ने शोक थियो। तानसेन टुँडिखेलमा साँझमा फुटबल खेल्न जानु हुन्थ्यो। व्याडमिन्टन र भलिबल पनि खेल्नु हुन्थ्यो। वहाँको साथीहरु त धैरै थियो, अहिले नाम सम्झिन सक्दिन। हरि शंकर शैंजु, बसन्तश्रेष्ठ, फोटोग्राफर गंगा बैज्रु र अरु पनि थिए। कहिलेकाही दुँडखेलमा फुटवल म्याच हुँदा तानसेनका सबै बद्धिजिवीहरु जान्थे, रमाइलो पनि हुन्थ्यो रे।

माहिलाबा अयोध्या प्रसादको श्रीमती हाम्री माइली आमा र वहाँकी छोरी बित्नु भयो रे। त्यसपछि माहिलाबा साह्रै दुखी हुनुभयो रे वहाँहरुको सम्झनामा। त्यसपछि माहिलाबाले संधै प्लाइन्चेट त्यतिबेला मात्र र अ आ देखि अं अः सम्म र क, ख ........ज्ञ सम्म, ०१ देखि ९ सम्म, सबभन्दा माथि ॐ लेख्थे। ठुलो बाक्लो सेतो कागजमा चार्ट (तालिकामा) प्लाइउड अलि बाक्लोको तीन खुट्टे बनाएर, अगाडीको खुट्टामा एउटा एरो बनाएर त्यो चार्ट माथि ३–४ जनाको हात राखेर अलिक शिक्षितको अथवा आफुले बोलाउनु पर्ने आत्मालाई बोलाउँदा धुप बालेर उसको ध्यान गर्नुपर्छ। त्यसपछि विस्तारै पहिलो त्यो चार्ट (तालिका) मा ॐ मा छुन्छ। त्यसपछि आत्मासँग को हो भनेर सोधेपछि विस्तार अक्षरमा छोएर कुरा गर्न मिल्थ्यो। यसो गर्नेलाई प्लाइन्चेट चलाउने भन्थे। हामी पनि दाजुहरुसँग बसेर प्लाइन्चेट चलाएर आत्मासँग कुरा गरि रहन्थ्यौं।

माहिलाबा ले प्लाइन्चेटमा माइलीआमालाई बोलाएर कुरा गरिरहने रे। हाम्रो ठूलदाई महेन्द्र प्रसाद माहिलाबा संगै बस्नुहुन्थ्यो रे। कहिलेकाही रातभरि नै सुत्नदिनु हुन्नथ्यो रे। प्लाइन्चेट चलाएर मलाई कहि जान र राती सुत्न पनि दिनु हुन्नथ्यो साह्रै दुःख दिनु हुन्थ्यो भनेर दाईले मलाई सुनाउनु भएको थियो।

माहिलाबुबाले चित्त शुद्ध चिन्तन मनन् र स्वस्थ स्वास्थ्यको महत्व बुझाएर वहाँको निर्देशनमा दाई महेन्द्र प्रसादले प्राणायाम, योग अभ्यासका लागि सामुहिक व्यायामशाला तानसेन अमर नारायणको फुलबारीमा सञ्चालन गरेका थिए। चुरोट गाँजा, रक्सी जस्ता कुलतको त्याग गर्न युवाहरुलाई प्रेरित गर्नुभएको थियो।

माहिलाबा अयोध्या प्रसादले ठूल्दाइलाई मेकानिकल इन्जिनियर र करुणा दाईलाई डाक्टर पढाउन कताकता पठाउन भएको रहेछ। वहाँहरु २ वर्ष पढेपछि त्यतिवेला कलकत्तामा दोस्रोविश्व युद्धमा जापानले कलकत्तामा बम हान्दा दुबै जना घर फर्केर आउनुभयो। त्यति बेला अरु नेपालीहरु पनि नेपाल फर्केका थिए। त्यसपछि वहाँ दिल्ली जानुभयो। त्यहाँ डेन्टल कलेज र हस्पिटलमा डिप्लोमा डेन्टल साइन्स पढ्नु भयो। पढाई सकेपछि जुलाई ३, १९४० मा वहाँले डेन्टलको डाक्टर पास गर्नुभयो। त्यसपछि वहाँ फेरी कलकत्तामा जानु भएर डा. बैकिमचन्द्र मुखर्जीको डेन्टल क्लिनिकमा वहाँको एसिस्टेन्ट जस्तै भएर काम गर्नुभयो। कलकत्तामा बस्नु हुँदा ठुल्दाइले डा. एन.सी. रायको आँखा क्लिनिकमा २ बर्ष ophthamlology मा ट्रेनिङ्ग लिनु भयो।

दिल्लीमा डेन्टल पढ्दा अरु नेपाली विद्यार्थीलाई पनि सम्झनु हुन्थ्यो, कमान सिंह पौडेल, वहाँले दिल्लीमा नै प्रेक्टिस गर्नु भयो रे। डा. द्वारिका मान राजभण्डारी दाई भन्दाजुनियर हुनुहुन्थ्यो रे। बहाँसँगकहिले काही भेट भएपनिदाईले वहाँहरुलाई सम्झिरहनु हुन्थ्यो।

दाईको पढाई, ट्रेनिङ्ग सबै काम सकेपछि तानसेनमा फर्कनु भयो। वहाँले घरमा नै आफ्नो डेन्टल किलिनिक संचालन गर्नु भयो। साथै आँखाको उपचार पनिगर्नु हुन्थ्यो। आँखाजाँच्ने र चश्मादिने पनिगर्नु भयो। त्यति बेलामिक्सचर औषधिको चलनथियो। हाम्रो घरमा एउटा कोठामा डिस्पेन्सरी पनिराखेको थियो। त्यहाँ कम्पाउण्डर बुद्ध लालजोशीले विरामीहरुलाई मिक्सचर बनाएर दिनु हुन्थ्यो। वहाल सानो सानो घाउ र सानो सानो खटिराहरुको अप्रेशन, इन्जेक्सनदिने कामहरु सबै गर्नुहुन्थ्यो। हाम्रो घरको दलानमा सबैको सल्लाहले औषधि र किताबहरु साथै स्टेशनरीको ठूलै पसलथियो। यो पसलको रेखदेख पनि ठुल्दाईले गर्नुहुन्थ्यो। पसलको नाम"प्रधान मेडिकल हल"थियो। यो प्रधानमेडिकल हलअहिले सम्म भाई शैलेन्द्र प्रधानले चलाईराखेको छ।

साल त थाहाभएन, ठुल्दाईको विवाहतानसेनको सिल्खान टोलको कृष्ण नारायण श्रेष्ठको छोरी चिनिया देवीसँगभएको थियो। वहाँहरुको ५जना छोराहर मृगेन्द्र, नृपेन्द्र, जिवन, दिपक र गोपालप्रधान, ३ जना छोरीहरु निलम, शशिर र सरोजा छिन्। हाम्रो घरमा ठूलो परिवार थियो।भाउजुलाई ८ जना बच्चाहरुलाई हुर्काउन गाऱ्है भयो होला। हुन त हाम्रो घरमा बुहारीहरुले भात पकाउनु पर्दैनथ्यो। बाहुनले दाल भात पकाउँथ्यो।भाउजुहरुले तरकारी पकाउने, अचार बनाउने दुध

तताउने गर्नुपर्थ्यो। भाउजुहरुले पालो गरेर भान्छा हेर्ने भन्थ्यो। घरमा काम गर्नेहरुको परिवार नै बस्थे। केटाहरुले पकाएको भाँडा माझ्ने, घोडा, भैंसीको चाकडी गर्ने, घाँस काटेर ल्याउने इत्यादी का मगर्थे। सायद त्यति बेला ५० जनाभन्दा बढि परिवार थिए होला जस्तो लाग्छ। ठूल्दाईका छोराहरु मृगेन्द्र र जिवन प्रधान इञ्जिनियर भए।

हरेक साल जाडो महिनामा आफ्नो सहायक १ जना र भान्से बाहुन एक जना लिएर प्युठान, गुल्मीको वाङ्ला, अर्घाखाँखी, वाग्लुङ पोखराहरुमा गएर स्वास्थशिविर खास गरेर आँखा र दाँतको उपचार र सल्लाह दिएर चलाउनु हुन्थ्यो। यो शिविरमा २–३ महिना लगाएपछि घर फर्किनु हुन्थ्यो। यसरी गाउँगाउँमा गएर दाँत र आँखाको विरामीहरुलाई सेवा दिएर सहयोग गर्नुभएको थियो। त्यति बेला यातायातको सुविधा थिएन। भारी बोकाएर हिंड्नु पर्थ्यो। कतै २–३ दिनकतै ३–४ दिनको बाटो पनि हिंड्नु पर्थ्यो। यो पनि दाईले सेवा र पुण्यको काम गर्नु भएको जस्तो लाग्छ। वहाँले संचालनात्मक दन्त चिकित्सा मलाई साह्रै मन पर्छ भन्नु हुन्थ्यो। दाँत भर्ने, रुट क्यानली, सुन भर्ने जस्ता कामहरु गर्नुहुन्थ्यो। गाउँ घरका मानिसहरु दाँतलाई जोगाउनु भन्दा निकाल्न खोज्छन्। उनीहरुलाई थाहा नभएर यस्तो भएको होला भन्नुहुन्थ्यो। वहाँले दाँत नभएकाहरुको दाँत राख्ने कामपनि गर्नु हुन्थ्यो। आफ्नो एसिस्टेन्टलाई सिकाएर दाँत बनाउने काम घरमा नै हुन्थ्यो।

वहाँ दिल्लीमा पसलको समान, दाँत र चश्माको सामान लिने कममा बराबर गई राख्नु हुन्थ्यो।त्यहाँ जाँदा नयाँ विधिहरु पनि सिकेर आउनुहुन्थ्यो। खुट्टाबाट चल्ने मिसिनले दाँत भर्ने विधिले गर्दा वहाँलाई सन्तुष्टी मिल्थ्यो। आखाँको उपचार गर्दा पनिवहाँलाई आत्मसंतुष्टि मिल्थ्यो। Vulcanite Denture बाट Acrylic मा जानु नै वहाँको सबैभन्दा ठुलो सफलता ठान्नुहुन्छ । वहाँले रगत आउने गिजामा मैन र कार्वोगजाइलिक एसिड जस्ता पदार्थ प्रयोग गर्नु हुन्थ्यो। मौखिक गुफा सफा राख्यो भने आफ्नो स्वास्थ राम्रो हुन्छ भन्नु हुन्थ्यो।

वि.सं. २००३ सालमा श्रीपंचमीको दिन पश्चिम नेपालकै सर्वप्रथम पब्लिक पुस्तकालय 'धवलपुस्तकालय'को जन्म भयो। यो पुस्तकालय खुलेपछि किताबहरु पनि संग्रह हुन लाग्यो। त्यतिबेला तानसेनमा रेडियो पनि आयो कि आएन थाहा भएन। त्यति बेला हाम्रो दाई डा. महेन्द्र प्रसाद प्रधान, करुणा प्रसाद प्रधान, जगत बहादुर जोशी, हरिशंकर सैजुहरु सक्रिय थिए। यो पुस्तकालय खुलेपछि तानसेनका मानिसहरु अझ युवाहरुले अध्ययन गर्न पाए। यसले गर्दा तानसेनमा साहित्य सृजनाको पनि शुरुवात भए जस्तो लाग्छ। हाम्रो दाई महेन्द्रले यो पुस्तकालयको लागि धेरै योगदान गर्नु भएको छ। काठमाडौं, पोखरा जाँदा पुस्तकालयको लागिचन्दा उठाएर ल्याउनु हुन्थ्यो। तानसेनमा हाई स्कूल र SLC पास गर्नेहरु र कसैको छोरा जन्मे पनि पुस्तकालयको लागि चन्दा उठाउनु हुन्थ्यो। पुस्तकालय भवन बनाउनको लागि काठहरु ल्याएर हाम्रो घरमा राख्नु भएको थियो।त्यो काठ कसैलाई छुन दिनुहुन्नथ्यो। गाईजात्रामा हरिशंकर सैँजु, विष्णु शंकर सैँजु र अरु साथीहरु मिलेर छोकडा नाच निकाल्थ्यौं। त्यसमा हाम्रो माहिला दाईले हार्मोनियमबजाउनु हुन्थ्यो। सचिवनगेन्द्र प्रसाद श्रेष्ठ केटा भएर ब्रम्ह शेखर वज्राचार्य र सामाकोटको एउटा युवक केटा, केटी भएर नाच्थ्यो। विष्णु शंकर सैजुले मेकअप गरी दिन्थ्यो।हाम्रो कान्छा बायोगेन्द्र प्रसाद प्रधानले गीत लेख्नुहुन्थ्यो। कान्छा बाले कविता र गीत राम्रो लेख्नुहुन्थ्यो। त्यतिबेला तानसेनमा पत्रिका निकाल्ने चलन थिएन। त्यसैले साहित्य लेखे पनि छापिदैनथ्यो।नाचको निम्ति रिहर्सल पनि हाम्रै घरमा हुन्थ्यो। साँझको भात पनि हामीकहाँ नै खान्थे। राती सुत्नपनि अबेलाभयो भने हामीकहाँ नै सुत्थे। यसरी निकालेको छोकडा नाचको रुपिँया पुस्तकालमा संकलन हुन्थ्यो। कहिलेकाही गाईजात्रामा साथीहरु प्राण प्रसाद उदय, हरिशंकर सैंजु र अरु साथीहरु मिलेर गीत गाएर पनि पुस्तकालयको लागि रुपिँया जम्मा गर्थ्यो। यसरी धवल पुस्तकालयको घर निर्माण गर्दा वहाँको साथीहरुसँग मिलेर सहयोग गर्नु भएको थियो। यो पुस्तकालयको स्थापना र विकासको लागिदाई महेन्द्रप्रसाद र दाई करुणा प्रसाद प्रधानले हर किसिमले प्रयत्न गरेका थिए। साँच्चै भनु भने वहाँहरुकोयोगदानले धवल पुस्तकालयले उत्तरोत्तर सफलताप्राप्त गरेको थियो। ठूल्दाई यो पुस्तकालयको आजीवन सदस्य पनि हुनुहुन्थ्यो। यो पुस्तकालयमा पुस्तक पढेर ज्ञान आर्जन गर्नपाइयो। कार्डबाट घरमा लगेरपुस्तक पाढ्नपाइयो। पछि साहित्यिक कार्यक्रमहरु पनि त्यही हुने गर्थ्यो। नारायण प्रसाद श्रेष्ठ पढेर तानसेन आए पछि जुनकिरी संघ भन्ने खोलेका थिए। यो संस्थाको कार्यक्रम राती हुन्थ्यो। यहाँ विभिन्न विषयमा कार्यक्रम हुन्थ्यो। हामी पनि सदस्य थियौं। फुपु वेगमती, दाईहरु र म पनि जान्थें, रमाइलो हुन्थ्यो। हाम्रो घरको २–३ वटा कार्ड थियो। मैले पुस्तकालयबाट बरिष्ठ हिन्दी साहित्यकारहरुको किताब पढ्थें। मलाई कथा लेख्दा धेरै साहित्यमा सहयोग हुन्थ्यो।

२००७ सालमा डा.महेन्द्र प्रसाद प्रधान, करुणा प्रसाद प्रधानर जगत बहादुर जोशीको अगुवाईमा २०–२५ युवाहरु स्काउट ड्रेसमाप्रजातन्त्रको नारा लगाउँदै गाउँगाउँहुँदै पोखरा सम्म गएकाथिए। स्काउटको ड्रेसमा ब्याचलगाउनहाम्रो फुपु वेगमती र अरुले पनिहातले बनाएकाथिए। तीयुवकहरुले नाराको साथै प्रजातन्त्रको राष्ट्रिय गीतपनिगाउँदै जाँदाउनीहरुको जोश देखेर तानसेनवासीदङ्ग परेका थिए। उनीहरु गए पछि रेडियोमा पोखरा गएकायुवकहरु विभिन्नजातका एकै ठाउँमा

भात पकाएर खाएभनेर खबर सुने पछि यिनीहरुले जातफालेछ भनेर घरमा बुबाहरु रिसाउनु भएको थियो। उनीहरु फर्केपछि. दाईहरुलाई गौदान गराएकोथियो।

महेन्द्रदाईले हाम्रो घरमा “महेन्द्रवाचनालय’खोल्नु भएको थियो। अहिले मैले साल त बिर्सिए। यो वाचनालयको निम्तिमाहिलाबाअयोध्या प्रसादले आफुसँग भएको किताबहरु दिनु भएको दियो।माहिलाबासँग धेरै पुस्तकहरु थियो। वहाँको पुस्तकहरुमाचारै वेद र अरु धार्मिक पुस्तकहरु पनिथिए।वाचनालयमाभारत र नेपालबाट निस्किने पत्रिकाहरु पनिदाईले लिनुभएको थियो। वाचनालयमाआएरपढ्न सबैले पाउँथे तर घरमा लैजानपाउँदैनथ्यो। अहिले जस्तो रेडियो, टि.वीको विकास भएको थिएन। त्यसैले युवाहरु पत्रिका, पुस्तक पढ्न ’वाचनालय’माआई रहन्थ्यो। यसरी पत्रिका पढ्दा देश भरकोखबर थाहापाउन सकिन्थ्यो। साथै भारतको खबर पाउनपनि सकिन्थ्यो। घरमा वाचनालयभएकोलेस्तरीय हिन्दीपत्रिकाहरू पढ्न मलाई सजिलो भयो। पुस्तकहरु त ’धबल पुस्तकालय’बाट ल्याएर पढ्थेँ।यसरी पुस्तकपत्रिका पढ्ने अभ्यासले गर्दा मैले कथाहरु लेख्न र मेरो कथा लेखनको गति पनि बढ्दैगयो। स्तरीय पनि भयो भन्ने लाग्छ।

साल त विर्सें राजा महेन्द्र वीर विक्रमशाहतानसेन आउनु हुँदा“महेन्द्रवाचनालय’को निरीक्षणगर्नु भएको थियो। साथै केहीअनुदानपनिदिनु भएको थियो। हाम्रो ठूलो परिवार थियो।सबै आफ्नो आफ्नो कार्य क्षेत्रमा बस्न लागे। हाम्रो आमावितिसक्नु भएको थियो। बुबालाई तानसेन बस्ने इच्छा भएन। बुबा र भाई बहिनीहरु हाम्रो मौजा सेमरा बजार रुपन्देहीमा बस्न थाल्नु भयो। माहिलाबुबाअयोध्या प्रसाद जागिरकोलागि काठमाडौं बस्नु भयो। साहिलाबुबा सर्यु प्रसाद व्यापारको लागि बुटवलबस्नु भयो। कान्छा बुबायागेन्द्र प्रसाद प्रधानहाम्रो मृगौलीमन्ने ..... वस्न जानु भयो। ठूल्दाईमहेन्द्र प्रसाद घोवाघाट बेसीमा बस्न जानु भयो। माहिलादाई मुनिन्द्र प्रसादप्रधानतानसेनमा नै बस्नुभयो। साइलादाई जितेन्द्र प्रसाद सेमरा बजार रुपन्देहीमा नै बस्नु भयो। यसरी आ–आफ्नो परिवारबिभिन्न ठाउँमा बसेर हाम्रो परिवारले कामगर्न थाल्यो। साइलाबाको छोरा रामेश्वर दाई, भुवनदाई,म, प्रकाश र मेरो भाई शैलेन्द्र प्रसाद बनारसी प्रधानतानसेनमा बस्थ्यौं। रामेश्वर दाईले हाइस्कूलमा रमैले कन्या स्कूलमा पढाउने कामगथ्यौं। भाईले त्यहीं पढ्थ्यो। ठूलदाईको बारेमा लेख्दा यो जानकारीलेख्न आवश्यक ठाने।

धोवाघाट, तानसेनको मिसन हस्पिटल जाने बाटोबाट दुई ओटा बाटो छुट्टिन्छ, तल्लो बाटोबाट.जाँदाधोवाघाट पुगिन्छ। त्यहाँ ब्राम्हणहरु र अरुको पनि बस्ती (गाउँ) छ। त्यहाँबाट अलिकउकालोगएपछि त्यहाँबुबाहरुको ठूलै मात्रामाजग्गाथियो। त्यहाँ मगर जातिको एउटा परिवार नै बुवाहरुलेराख्नु भएको थियो। त्यहाँभैंसी गोरु पनि खेती गर्नको लागिपाल्थ्यौं। खेतीपाती, भैंसी गोरुको रेखदेख सबै उनीहरुले नै हेथ्र्यो। बुबाले त्यहाँफलफूलको बगैंचा नै बनाउनु भएको थियो। त्यहाँ धेरै आँप र अरु फलफूलहरुखानपाइन्थ्यो।त्यहाँअलिमाथिमाहिलाबा साधु जस्तो हुँदा कुटी बनाउनु भएको थियो। चारैतिर भ्याल भएको,गर्मीमा शिलतहावालाग्थ्यो। माहिलाबात्यही बसेर ध्यानगर्नु हुन्थ्योरे पछि मेरो बुबागर्मीमा २–३ महिनात्यही बस्न जानु हुन्थ्यो। त्यहाँमुलको पानीखानपाइन्थ्यो।हामी स्कूल छुट्टी हुँदाशुक्रबारगएर आइतबार स्कूलआउन, तानसेन आउँथ्यौं।

ठूल्दाईको परिवार धोबाघाट बस्नजानु भयो। तर वहाँको काम त तानसेनमा नै थियो। विहान९ बजे खानाखाएर तानसेन आउनु हुन्थ्यो। दिनभरी पसल, दाँत, आँखाको काम गरेर साँझ बेसी फर्कनहुन्थ्यो। हामीले त्यो ठाउँलाई धोबाघाट बेसी भन्थ्यौं। वहाँअसाध्यमिहेनतीहुनुहुन्थ्यो। वहाँ बसेपछिमुलबाट निस्केको पानी’रिजर्भवाएर’ बनाएर पानीजम्मा गरेर धारामाआउने बनाउनु भयो। फलफूलकोबगैंचा त छदैँ थियो। कटहरको ठलो रुख च्युरीको ठूलो रुख र अमलाको रुख पनि छदैँथियो। पानीभएपछि दाईले फूल. र तरकारीहरु पनिप्रशस्त रोप्नु भयो। विहान एकछिन फुर्सद हुँदा र साँझअलिक.सबेरै फर्कनु हुँदादाईको हातमा कुटोहुन्थ्यो। मेहनतीभएकोले दिनभरी तानसेनमाआफ्नो कार्यक्षेत्रमा खट्ने। साँझबेसीमा आएपछिको समयमाफुल र तरकारी रोपेको ठाउँको माटोसँग खेलेर आफू बसेको. ठाउँको सौन्दर्य बढाई राख्नु भएको थियो।वहाँको इष्टमित्र साथीहरु र डा.फ्रेडिक पनि घुम्न जान्थेरे।कहिलेकाहीहामी बस्त पनिजान्थ्यौं।

बुबाहरु शायद२०२८ साल मा छुटिनु भएको थियो जस्तो लाग्यो। त्यतिबेला बजै, फुपुवेगमतीप्रधान र चारजनाबुबाहरु हाम्रो बुबा देवी प्रसाद, माहिलाबुबाअयोध्या प्रसाद र कान्छा बुबायोगेन्द्र प्रसाद प्रधानथिए। बुबाले त्यतिबेला नै आफ्नो ६ जना छोराहरु महेन्द्र, मुनिन्द्र, जितेन्द्र, शैलेन्द्र बनारसी र ब्रजेन्द्रलाई पनि छुट्याई दिनु भएको थियो। ठूल्दाईलाई हाम्रो घर अगाडिको घर परेको थियो। सबै छुटी सकेपछि ठूल्दाईहरु धोवाघाटबाट तानसेन बस्न आउनुभयो। तानसेनमाआफ्नो काम सुचारु रुपले चलाई नै रहनु भयो।

२०३७ सालफागुनमा ठूली भाउनु चिनिया देवीविरामीभएर दाईले काठमाडौं ल्याउनु भयो।वहाँहरु माडवारी सेवामा बस्नु भएको रहेछ। त्यातबेला मेरो श्रीमान डा.कृष्ण भगतप्रधानाङ्ग मारवाडी सेवामाविहानविरामीहरुकोउपचार गर्नु हुन्थ्यो। दाईहरु आउनु भएको थाहा पाएपछि मलाई फोन गरेर बोलाउनुभयो।म पनितुरुन्तबसमा बसेर गए। वहाँले दाईहरु

बस्नु भएको कोठामा पु¥याई दिनु भएर पछिआउँछु भनेर आफ्नो काममाजानु भयो। तानसेनमा'मिशन हस्पिटल' मा पेटको अपरेशन गर्नुभएकोरहेछ। भाउजुलाई ठीक नभएकोले यहाँवीर हस्पिटलमा उपचार गर्न ल्याउनु भएको रहेछ। दाईको छोरामृगेन्द्रको डेरा टेकुमाथियो। वीरः हस्पिटल भर्ना गर्नुपर्ने भएकोले नजिकै १दिनको लागि बस्नु भएकोरहेछ। दाई भाउजुसँग कुरा गरिरहेकीथिएँ। वहाँको काम सकेपछि आउनु भयो। हामीदाइहरुसँग विदा.लिएर घर आयौं। शायदभोलिपल्ट नै भाउजुलाई वीर हस्पिटल भर्ना ग¥यो। त्यसपछि भाउजुको अप्रेशनडा. दिनेश नाथगोंगलले गर्नु भयो। पेटको ठूलै अप्रेशनभयो। म र मेरो श्रीमान र अरु दाजूभाईहरुपनित्यहाँउपस्थितथियौं। भाउजुलाई क्यान्सर भई सकेको रहेछ। डाक्टरले ३ महिनाको समयपनिदिएको रहेछ। आफ्नो मान्छेहरु सबै हेर्न आउँथे। मैले पनिभदाहरुलाई पालो दिनजान्थें। डा. मन मृगेन्द्रको श्रीमतीदाईको ठूली बुहारीले पनि सासुको सेवा गरेकीथिईन। हस्पिटलमा शायद २ हप्ता राखेरमृगेन्द्रको डेरामाल्यायो। त्यहाँशायद १महिना बसेपछि भाउजुले तानसेन गएर सबैसँग भेट्ने इच्छा गर्नुभयो र तानसेन लग्यौं। भैरहवा, तानसेनमा सबैसँग भेट्नु भएपछि त्यहाँ सञ्चो भएनछ र तुरुन्त काठमाडौं ल्याएर शान्ताभवनको अस्पतालमा भर्ना गरेपछिहामीलाई खबर ग¥यो। त्यति बेलाहामीपुल्चोकमाहोमियो हस्पिटलको क्वाटरमा बस्थ्यौं। त्यतिबेलाभाउजु सिरीयस जस्तै थियो।दिन.रात कुर्नु पथ्र्यो। त्यसैले दाई र भदाहरु हामीकहाँ नै बस्थे। त्यति बेला मृगेन्द्रको श्रीमती.डा. मनको सानो दुईजना छोरीहरु थिए। सानो त सानै थियो होला त्यसैले उनी डेरा मा नै जान्थिन्।

त्यति बेलादाईको साइला छोरा जीवनप्रधान रुसमा इन्जिनियरिङ्ग पढ्दै थियो। भाउजुको अन्तिमअवस्थाथियो। मृगेन्द्रले भाइलाई झिकाउने कि नझिकाउने ?उसको परिक्षा पनिनजिकै छ होला। पढाई विग्रिन्छ कि के गरौं भनेर मसँग सोध्यो। मैले उसलाई तिमीले झिकाउनु पर्छ। संसारमा आमा जस्तो ठुलो अरु हुदैन अहिले तिमीले भाइलाई झिकाएनभने उसलाई जिन्दगी भरी धोको र तिमीलाई दोष आउँछ। त्यसैले जीवनलाई झिकाउनु पर्छ। बुबासँग सोध्नुपनि पर्दैन भने। जीवनलाई खबर पठाएर झिकायो। उनीपनिखबर पाउनासाथ छुट्टी मिलाएर आइपुग्यो। शायद ४०–४५ दिनसम्मभाउजुलाई स्लाइनमात्रदिएर राख्यो। दाई रोएरै बस्नुहुन्थ्यो। खानाखान पनि मान्नु हुन्नथ्यो कर लाउनु पथ्र्यो। सबैले मायामारिसकेको थियो। म र मेरो छोराहरु पनिपालो बस्नजान्थें। जन्मेपछि एकदिनजानैपर्छ। यहाँजतिपनि सृष्टि हुन्छ त्यो नश्रवर हुन्छ, अनित्य हुन्छ, नित्यहुँदैन। तर आफूलाई पर्दा साह्रै दुःखहुने सहनगाह्रो हुने रहेछ। भाउजुको अवस्थाले हामी सबै दुःखीथियौं। २०३८ साल ज्येष्ठ २० गते अस्पतालमा भाउजुले नस्वर देहत्याग्नुभयो। जे भएपनि सहनै पर्ने। ठुल्दाइलाई सम्हाल्नगा¥हो भएको थियो।

त्यसपछि ठुल्दाई काठमाडौंमा छोरा मृगेन्द्रको डेरामा बस्नुभयो। वहाँले कामगर्न पनि छाड्नु भयो। कहिले तानसेनकहिले काठमाडौं पनि बस्ने गर्नुभयो। जहाँ बसेपनि इष्टमित्र साथीभाई सँग भेट्ने र कोहीविरामीभएपनि घरमा होस या हस्पिटल त्यहाँपुग्नुहुन्थ्यो। दशैंमा शुभकामना लेखेर इष्टमित्र, नातागोता सबैलाई बाँड्नुहुन्थ्यो। तानसेन र पश्चिम नेपालमा डा. महेन्द्र भनेपछि नचिन्ने कोहि पनिथिएनहोला जस्तो लाग्छ। अहिले कसैलाई मेरो परिचयबताउँदा म डा.महेन्द्रको बहिनी भन्ने गर्छु। ९० वर्ष हुनलाग्दापनिदाईको मुहार चम्किलो थियो। हाम्रो घरमा पनि बराबर आइरहनुहुन्थ्यो। न्यूरोडतिर जाँदापनि स्कूलमामलाई भेट्न आउनुहुन्थ्यो।

मृगेन्द्रले टेकुमा घर बनाएपछि दाई काठमाडौंमा नै बस्नुभयो। हाम्रो घर कुलेश्वरमा भयो। मलाई पनि टेकु जान सजिलो भयो। दाईलाई पनिहाम्रो घरमा आउन सजिलो भयो। कहिले काहींमर्निङ्गवाकगर्दै आएँभनेर विहानआउनु हुन्थ्यो। वहाँले सक्दा सम्म मर्निङ्ग वाक गर्न विहानयताउता हिड्नु हुन्थ्यो। दाई काठमाण्डौमा बस्ने भएपछि मैले भाईपुजापनि गर्न पाएँ। वहाँ काठमाडौंमा बस्नु भएपछि मन बुहारी बैंककमा पढ्न जाँदाको समयमादाई पनि बैंकक जानुभयो। मनले भगवान बुद्धको विहारहरु र त्यहाँको बुद्धहरु भएको ठाउँहरु र हेर्न लायकको ठाउँहरु घुमाई दिएर, त्यहाँ एक महिनाको बसाई पछि काठमाडौं फर्कनु भयो। वहाँको कान्छा छोरा गोपालप्रधान अमेरिका बस्छ। त्यसैले अमेरिका जानु भएर सायद एक डेढ महिना घुमेर आउनुभयो। शायद ८० वर्ष नाघेका दाई विपश्यनाध्यान गर्न बुढानिलकण्ठ धर्मश्रङ्गमा १० दिनको ध्यान बस्न जानुभएको थियो। पछि ओमशान्तिको धर्म मानेर ओम शान्तीआश्रममाजानु हुन्थ्यो। वहाँ माउन्ट आबु राजस्थानपनिजानु भएको थियो।

२०६३ साल सायद वैशाख जेठतिर दाई तानसेन जानुभयो। त्यहाँ छर छिमेकी हितैषीहरु र आफ्नो मानिसहरु भेट्दा दाईलाई रमाइलो भयो होला। वहाँको छोरी शशी वहाँहरुको घरमा बस्थिन्। छोरीले पकाएको मिठो खाना खानुहुन्थ्यो। छोरीले पनिबुबाको सेवा गर्ने मौका पाइन। आषाढ ३ गते दाईको जन्मदिनपनित्यहिमनाउनु भएछ।त्यसपछि वहाँलाई सन्चो भएनछ र तुरुन्तै काठमाडौं (यहाँ) ल्याएछ। यहाँआइसकेपछि मृगेन्द्रले मलाई फोन ग¥यो। म टेकु गए। दाईलाई तानसेनबाट ल्याएको रहेछ। वहाँले जन्मदिनतानसेनमामनाएको कुरा भन्नु भयो। तपाईको जन्मदिनमलाई यादभएनभने। वहाँले रिसाएझैं गरेर मेरो जन्मदिनतिमीलाई किनथाहा हुन्छ ?तिमीहरु सबैको

जन्मदिनमलाई थाहा छ। मैले तिमीहरुलाई शुभकामनापनि दिन्छु भन्नु भयो। अब भुल्दिनभनेर माफीमागे।त्यहाँ देखि वहाँनसकने हुनु भयो। मृगेन्द्रले बरोबर हस्पिटल लगेर चेकअप गराई नै रहन्थ्यो। नसक्ने भनेर ओछ्यान पर्नुभएको थिएन। बाहिर जान सक्नु हुन्नथ्यो। म बराबर दाईलाई भेट्न जान्थेँ। वहाँविस्तारै कमजोरहुँदैजानु भएको थियो। म टेकुमादाईलाई हेर्न जाँदादाई एक्लै बसी रहनु हुन्थ्यो। मृगेन्द्र,निलमआफ्नो. आफ्नो काममाअफिस गई रहेको छ भन्नु हुन्थ्यो। कोहीआयो भने कुरा गर्न पाउँछु अलिकताभएपनिसमय कट्छ। कहिले काहीतिमी आउँछौँ। मन बरावर आई रहन्छ। खानेकुरा र मलाई चाहिने कुरापनिल्याई दिन्छ। उसको पनिअफिस जानु पर्छ। अफिस सकेपछि आइरहन्छ भन्नु हुन्थ्यो।

यो वर्षको भाई पुजामादाई हाम्रो घरमाभाइपुजा गर्न आउन सक्नु भएन। ठूल्दाईको मण्डप हाम्रो घरमा नै बनाएरकेशर दाईलाई मात्रपुजा गरे, टीका लगाई दिए। केशर दाइले २ जनादाजु भाई पुजागथ्र्यौं। दाई आउन सक्नु भएनभनेर मन खिन्न गर्नु भयो। म टेकुमा नै आएर पुजा गर्छु, तपाईलाई पनित्यहीबोलाउँछु,भनेकीहुँ। तर दाईलाई मण्डपमा बसाएरपुजा गर्न पनिहुँदैन बस्न पनिगा¥हो र इन्फेक्सनहुने डरहुन्छ भनेर मृगेन्द्रले भनेको ले त्यहाँनगएको भनेर केशर दाईलाई भनेँ। घरमा पुजा सकेपछि इन्फेक्सतहुने डर हुन्छ भनेर मृगेन्द्रले भनेको ले त्यहाँनगएको भनेर केशर दाईलाई भनेँ। घरमा पुजा सकेपछि  केशर दाईलाई खुवाएपछि म र केशर दाई ठुल्दाइलाई दिने भाग टिका माला सबै लिएर अगाडी घरको शिव के.सी.ले आफ्नो गाडीमा हामीलाईलगिदियो। हामी संग हाम्रो घरको रामप्रसादलाई पनि लगेका थियौं। हामीनपुग्दै प्रकाशआउने बेलाभयो मलाई कुर्सीमा राखी देउ भनेर कराई रहनु भयो रे। हामीटेकु पुग्दादाई कुर्सीमा बसी राख्नु भएको थियो। “मविरामी मान्छे किन अबेलाआएको ?” भनेर सोध्नु भयो। घरमा तपाईको मण्डपमा र केशर दाईलाई पुजा गरेर, खुवाएर आएकी। मैले खाएको छैनभनेँ। हाम्रो नखाईकन पुजा गर्ने जलनछ ्र रातो टीका सानो लगाई दिएं। पंचरंगी टीका ल्याएनौ भनेर सोध्नु भयो। मंडपमा पुजा गरेर ध्वाल्ल गरेँ। तसी (विमिरा) मा पंचरंगी टीका लगाई दिएं भनेर विमिरा हातमा दिएँ। पंचरंगी टीका आफैले औंलाले झिकेर लाउनुभयो। मालाखोइ त?माला ल्याइनौं?भनेर सोध्नु भयो।ल्याएकी छु भनेर मालालगाइदिनलागें।मृगेन्द्रले इन्फेक्सन हुन्छ भनेर लागाउनदिएन। बहाँको इच्छा.मैले पुरा गर्न सकिन। साह्रै दुःखलाग्यो।. मेरो मन मनले मैलै दाईलाई पुजा गरेको यहीआखिरी हुने होकि जस्तो लाग्यो। भदाहरुको पुजा नै गरेको रहेनछ। उनीहरुको पनिअलमल रहेछ। मैले उनीहरुको. लगि लगेको रोटी सबै बाँडी दिए। बहाँलाई देखेर आँशु झर्न लागेपनिआफै सम्हालिएँ। वहाँले खानहुने चीजबाहेकअलिअलि रोटीहरु लगेकीथिएं। मैले लगेको सामान सबै हातमा छुवाएर उता राखिदिए। रोटीदिँदा आजतिमीले ल्याएको मैले खान हुन्छ भन्दै आफै अलिअलिलिएर खाई दिनु भयो। खानु हुँदैनभनेर मृगेन्द्रले उता राख्नलग्यो।

पुजा सकेपछि हामी एकछिन बसेर जान्छु भनेर विदामागें। वहाँले केहीखाएर जाउभन्दै हुनुहुन्थ्यो। उनीहरुको अलमलथियो, त्यसैले जान्छु भनेर शिव के.सी. संगै गाडीमा घर फर्के। केशर दाई लाजिम्पाट जाने म एकछिन दाईसँग बस्छु भनेर बस्नुभयो।

घरमा आएपछि पनिदाईलाई सम्झेर मन खिन्नभइ रह्यो। तिहार सकेपछि दाई झनझन सक्नु भएन। म बराबर दाईलाई हेर्न जान्थें। वहाँको अगाडी बसेर साई भजन गरी दिन्थें। पछि अलिकगा¥हो भएर ओम हस्पिटलमा नै भर्ना गरेछ। त्यतिबेलाहाम्रो घरमा धनकुटाको रामकृष्ण भिनाजुआउनु भएको थियो।.हस्पिटलमा जानलाग्दाहामी सँग भिनाजु पनिजानु भयो। त्यतिबेलाभदाभदैनीहरू त्यहीथिए।दाई बोल्न नसकिसकेको रहेछ। हस्पिटल टाढा भएकोले म बराबर जान सकिरहेकीथिइन। दाईलाई हेरी रहें। भिनाजुले नाडी छामेर हेरी रहनु भयो।त्यहाँ धेरै बेर धेरै मानिसहरू पनि वस्नु हुँदैन होला। भदैनीनिलमले मन भाउजु दिनदिनै आउनु हुन्छ। आजआई पुगेको छैन भनिन्। दाईको अवस्था हेरेर मन हरेसखाएं।भिनाजुले अब घर जाउँभन्नु भयो। मृगेन्द्रलाई घरमा ल्याए पछि मलाई खबर गर है।भनेर हामी घर फर्क्यौं। घर फर्के पछि दाई अब धेरै दिन रहदैन। अन्तिमअवस्थाभइएसकेको छ भनेर भिनाजुले भन्नु भयो।

शायदत्यसको २–३ दिन पाँछ दाईलाई घरमा ल्याएछ डाक्टरले धेरै लैझाउ भन्यो रे। वहाँलाई हस्पिटलबाट घरमा १ बजे ल्याएछ। मृगेन्द्रले मलाई ३ बजे बुवालाई घरमा ल्याएँ’निनी’भनेर फोनगन्यो। म तुरुन्तमाइलीबुहारी विनितालाई जाउँभनेर वहाँ मेरो श्रीमानलाई दाईलाई घरमा ल्यायो रेम जादै गर्छुभनेर विनितालाई संगै लिएर म गएँ। घरमा वहाँको साथीहरु आएकाथिए। त्यति बेलामगेन्द्रकहाँजाने छोटो बाटोको पुलबिग्रेको थियो। हामीअलि तलबाट हिंड्दै गयौं। दाईलाई सानोखाटमा सुताई राखेको थियो। होशनभइसकेको थियो छोरा छोरीहरु अगाडि बसी रहेका थिए। मैले पनिदाईको अगाडि गएर हेरेँ। सबैलाई एक छिन मलाई छोडी देउ भनेर म र विनिताले ओमकार भनेर साईभजन एक चित्तभएर आँखाचिम्लेर गरेँ। दाईलाई शिवभजन मनपर्छ त्यसैले शिवभजनपनि दोह¥याइदोहो¥याई ५–६ वटा भजनगाएर ओमकार गरेर सकेपछि भदैनीनिलमलाई तिमीहरु चाँडै भात पकाउ रतिमीहरुले खाईहालभनेर मैले तरकारी केलाई

दिन्छु भनेर हातमामात्रलिएकीथिएँ। शशीले निलमदिदी छिटो आउभनेर बोलाईन्। हामी दौडेर वैठकमा आयौँ। दाईले अन्तिम स्वास छोडी सक्नु भएछ।सबै अनित्य छ नित्य केहीपनि छैन। जन्म संग मरण संगै आउछ, भनेर सबैलाई थाहा छ, तर आफुलाईपर्दा आफ्नो प्रियजनहरुलाई गुमाउनु पर्दाको दुःख सहनगाह्रोहुने रहेछ। तर हाम्रो केहीलाग्दो रहेनछ।सहनै पर्छ।

दाईले आफ्नो सबै जिवनयात्राबिसाएर आफ्नो भन्ने सबैलाई छाडेर वँहाले गर्नुभएको सत्कर्म मात्रलिएर विलाउनु भयो।हामी सबै मर्माहतभयौं। मृगेन्द्रमनलाई फोन गरेछ। मन केही समयपछि आई पुगिन्। एक छिन ट्वल्हाइनअनि स्लाईनदिन राखेको सबै झिकेर मुख छोपीदिइन्।त्यस पछि, त्यहाँ बैठकमा अलिकता ठाउँ खाली गरेर सफा गरेर सेतो कपडा मागिन, मैले पुरानो कपडा हुँदैन भनेकीथिएँ। म टेकुगईसकेपछि केशर दाई, भाउजु, मेरो श्रीमान्..र छोरा राजेश आईसकेका थिए। दाईको अन्तिमयात्रामा सबै उपस्थितथिए। छोरा राजेशले कति चाहिन्छ म लिएर आँउछु भने र मनलेयतिल्याउनभने। एक छिन पछि सेतो कपडा राजु (मेरो छोरा)ले ल्याईदियो। सेतो कपडा ओछ्याएर दाईलाई सुताए पछि सबैले तुलसीको पात राखेको पानीखुवायौं। अन्तिमअवस्थामा गर्ने कामउनीले नै गरिदिइन्। पछि मनले सेतो कपडालेदाईलाई छोपीदिइन्। साथै दाह संस्कार भोलीपल्ट गर्ने भएकोलेहामी सबै आ–आफ्नो घर फर्क्यौ।

अर्कोदिन सदविउ छर्ने दिनथियो म, मेरो श्रीमान् छोराहरु विहान टेकु पुगें। मानिसहरु आइनै रहेको थियो। निर कुमार दाई रशीलबहादुर दाई अनि उपेन्द्र काकापनिआइपुग्नु भयो। ठूल्दाई विपस्सना ध्यान गर्नु भइसकेको हुनाले, हामीले एक क्षण भएपनि मैत्रीध्यान गरौं भनेर निर कुमार दाईलाई भने। नीरकुमार दाईले राम्रो भन्यौं। हामी४ जनाले भएपनिमैत्रीध्यान गरौं भनेर सवैलाई एकछिन शान्तिसँग बस्न अनुरोध गरे, र केहि मिनट हामीले मैत्रीध्यानगर्‍यौं। ठूल्दाईको शवयात्रामा गाडीहरु नै कतिथिए. र्कात।हामीपनि सबै सहभागीथियौं। अगाडि दाईको शवयात्राशवबहान पछि हाम्रो गाडीथियो। मैलै बुद्धधर्म र संघको गुण स्मरण गर्दै आँशु थाम्दै गयौं। पशुपतिमापुग्दायहाँ काठमाडौंमा भएकातानसेनबासी र यहाँकामानिसको भिडले वहाँको गुण र सत्कर्मले छर्लङ्ग देखायो।

पशुपतिमापुगेपछि दाह संस्कारको काम शुरु भयो। दाईलाई ब्रम्हनालमा सुताए पछि सबैले पानीखुवाउने कार्य भयो। मैले पनि मन थामेर पानीखुवाए।साथै बुद्ध धर्म संघको शरणमा जानोस भनेर नतमस्तकभएर अन्तिमश्रद्धाञ्जली दिएर दिवंगतआत्माको चीर शान्तिको कामनागर्दै वाग्मतीबाट उक्लें। दाई अबअविष्मरणीय सम्झनामामात्रबाँकीरहने भयो। हाम्रो दाई सुखावतीभुवनमाबास होस्। अस्तु .....

**कविता**



# सानो तानसेन भित्र ठूलो सहर छ

– **वनमाली निराकार**

सानो तानसेन भित्र ठूलो सहर छ
बसस्टप- शीतलपाटी उकालो छ
पिउने पानी - प्रताप शमशेरको उधारो छ
विकास - चिच्याउने मात्र भुयुमान छ
सञ्चार - आकाशवाणी "आमा सञ्चै छ?"
सानो तानसेन भित्र ठूलो सहर छ ।

फुटबल खेल्न - टुँडिखेल मैदान छ
पौडीको लागि - नारनथान पोखरी छ
नुहाउन परे - होलाङ्दी र दूनधारा छ
नास्ताको लागि - चुकाउनी र मिसमास छ
मथुरा पेडा अब्बल दर्जा पास छ
सानो तानसेन भित्र ठूलो सहर छ ।

अनुशासन - भारती र ड्रील मास्टर छ
पढाइको स्तर - खेलाराज र जगत सरमा छ
मनोरञ्जन - गाईजात्रा र भगवती जात्रा छ
छोकडा नाच र फुलपाती छ
सन्तोष चलचित्रमा छ
सानो तानसेन भित्र ठूलो सहर छ ।

साहित्य के छ ?
देवकोटा द्वय र जोशी छ
चन्द्रप्रसाद यदाकदा खुशी छ
अरु सब फुच्चे केटा न हुन् रहर छ
सानो तानसेन भित्र ठूलो सहर छ ।।।

तानसेन
२४ /१२ / २०२८ हाल - भैरहवा

**(पचास वर्ष अगाडि लेखिएको यो कविताले तात्कालीन तानसेनलाई बुझ्न सकिने छ । अहिले त तानसेनमा धेरै परिवर्तन भई सकेको छ।)**

**जन्मथलोको समाचार**

# परित्यक्त पाल्पा



भागवत खनाल

बुद्धभन्दा थेरै समयअघि नै तराइको घना वनको उत्तरतर्फ पहाडी इलाकामा समानान्तर पाल्पाली सभ्यताको विकास भइसकेको थियो। मगर सभ्यताले उत्कृष्टता हासिल गरेको त्यस समयमा प्राचीन मगर भाषाको वर्चस्व रहेको अनुमान गर्न सकिन्छ। प्रसिद्ध इटालियन इतिहासकार तथा खोजकर्ता जोसेफ टुचीको भनाइअनुसार मंगोलियन भाषामा 'बाल्बा' शब्दको अर्थ सीप र कलाले भरिपूर्ण भन्ने बुझिन्छ। इतिहासले राम्रोसँग भेट्टाउन नसकेको त्यस बखतमा पाल्पाली कला र समृद्धिको प्रभाव भोट र चीनसम्म फैलिएको अनुमान छ। पाल्पा शब्द क्रमशः बाल्बा, बालुपा र पालुबा हुँदै कायम भएको अड्कल काटन कठिन छैन।

गण्डकी र कर्णाली परिभ्रमण क्षेत्रमा फैलिएको मगर साम्राज्यमा समयक्रममा ससाना स्थानीय विद्रोही मगर सरदारहरूले अधिपत्य कायम गर्दै गए। विक्रमको चौथौं शताब्दीतिर बाहिरी दुनियाँबाट आएका ससाना समूहले पहाडी भागमा विस्तारै आफ्नो सभ्यता, धर्म र संस्कृति फैलाउँदै थिए। सोही क्रममा कतिपय सत्तासीन मगर खानदानले आफूलाई क्षत्री तुल्याए। पाल्पाली सेनवंश पनि मगरको सन्तान रहेको बलियो अनुमान छ। त्यही मगरवंशका राजा चन्द्र सेनका छोरा राजा रुद्र सेनले आफ्नो राज्यको राजधानी रिब्दीकोटबाट पूर्वतर्फ पाल्पा भन्ने ठाउँमा सारेका थिए।

तानसेनबाट पश्चिमतर्फ करिब पाँच किलोमिटरदेखि १२ किलोमिटरभित्र अवस्थित भूभाग हो पाल्पा। राजा रुद्र सेनले स्थापना गरेको राजधानी कालभैरवको प्रसिद्ध मन्दिरको पश्चिम र हार्थोक बजारबाट पूर्वतर्फ रहेको हाल पुरानाकोट भनिने डाँडो हो। राजधानी तानसेन सारिएपछि स्थानीय जनताले साबिकमा पाल्पाली राजाको निवासस्थान रहेको टाकुरोलाई पुरानाकोट भन्न थालेका हुन्।

मानिसको मात्र नभई भूभागको पनि भाग्य हुन्छ। हजारौं वर्षअघि उन्नतिको शिखरमा पुगेको सभ्यतालाई आफ्नो न्यानो काखमा राखेका भूभाग आज त्यो वैभव र समृद्धिलाई माटोमुनि धारण गरेर बसेका छन्। त्यस्ता कतिपय स्थान मानवले भेट्टाउन पनि नसक्ने गरी लुकेर बसेका होलान्। विकसित र वैभवशाली गाउँ, सहर र सभ्यता विलीन भएर जानुमा भूकम्प, जलवायु, बाढी, सुक्खा, युद्ध र राजनीति आदिमध्ये कुनै कारणले काम गरेको हुन सक्छ। कतिपय परित्याग गरिएका ठाउँमा मानिसको बसोबास भए तापनि पुरानो जीवन्तता हुँदैन।

पाल्पा रुद्र सेनले राजधानी सारेको कारणले मात्र समुन्नत भएको होइन। त्यो सयौं वर्षदेखि आफैं समुन्नत थियो। सामरिक कारणले त्यही समुन्नत भूभागको एउटा टाकुरोमा रुद्र सेनले आफ्नो राजधानी कायम गरेका मात्र हुन्। त्यही टाकुरोमा बसेर रुद्र सेनका छोरा मुकुन्द सेन (प्रथम)ले आफ्नो राज्य विस्तार गर्ने सपना देख्दै टाकुराको पश्चिममा रहेको कोत्रे डाँडाको समथर जमिनमा सिपाहीलाई तालिम दिए। त्यही टाकुरोमा उनले पर्वते राजा प्रतापी नारायण मल्ललाई आफ्नी छोरीको कन्यादान गरेर दिए। तिनै पाल्पाली राजकुमारी विश्रवा देवीले दाइजो लगेकी पाल्पाली कालिका अहिले बाग्लुङकी कालिकाको नामले प्रसिद्ध छन्।

मुकुन्द सेनले राज्य विस्तार मात्र गरेनन्। काठमाडौं उपत्यकामा भीषण आक्रमण गरेर मत्स्येन्द्रनाथको यात्रामा निकालेको कालभैरवको मूर्ति पाल्पा ल्याएर स्थापना गरे। आक्रमण र लुटपाट गरे तापनि राजा मुकुन्द सेन काठमाडौं उपत्यकालाई कब्जा गरेर बसेनन्। बरु उनले उपत्यका आक्रमण गर्ने तिब्बती भोटेलाई लखेट्ने काममा सहयोग पुऱ्याए। उनले राजा रत्न मल्लसँग सल्लाह गरी नेवारलगायत विभिन्न जातिका २ सय १ जना मानिस ल्याएर पाल्पामा बसाले (निर्मल श्रेष्ठ– सेनकालीन इतिहास ...।)

विक्रम संवत् १५६० को दशकदेखि १८४० को दशकसम्म करिब पौने ३ सय वर्ष राजधानी रहेको पाल्पा दिनप्रतिदिन झनै समृद्ध हुँदै गयो। पाल्पाली राजा गन्धर्भ सेनले छोरी कौशल्यावतीको विवाह गोर्खाली राजा नरभूपाल शाहसँग गरिदिएका थिए। तिनै राजकुमारीबाट पृथ्वीनारायण शाहको जन्म भयो। पछि मुकुन्द सेन (द्वितीय)की छोरी राजेन्द्रलक्ष्मीको विवाह युवराज प्रतापसिंह शाहसँग भयो। राजा रणबहादुर शाह तिनै राजकुमारीका छोरा थिए। प्रतापसिंह शाहका भाइ बहादुर शाहले महादत्त सेनकी छोरी विद्यालक्ष्मीसँग विवाह

गरे। महादत्त सेनले राजधानी तानसेन सारेको दुई दशक पनि नबित्दै उनका छोरा राजा पृथ्वीपाल सेनलाई भीमसेन थापाले काठमाडौंमा हत्या गराएका हुन्।

रुद्र सेनले पाल्पा राजधानी सारेपछि राज्यको नाम नै पाल्पा कायम भयो। सेन राजाहरू पाल्पाली राजा कहलिन थाले। मुकुन्द सेन (प्रथम)ले राज्यविस्तार गरे पनि पछि गएर उनमा वैराग्य छाउँदै गयो। उनले एकीकृत राज्यलाई विभाजन गरी छोराहरूलाई बाँडिदिएर आफू देवघाटमा तपस्या गरेर बसे। मुनि मुकुन्द सेनको वैराग्य नै उनकै सान्तानका सन्तान पृथ्वीनारायण शाहलाई नेपालको एकीकरणकर्ताको श्रेय पाउनुमा सहायक बन्न पुग्यो। नत्र त पृथ्वीनारायण शाहले आफ्नो जीवनकालमा जितेको भन्दा धेरै भूभाग मुकुन्दले जितिसकेका थिए।

पाल्पाली राजाहरूको अवैधका बजिरसँग राम्रो सम्बन्ध र संगत थियो। काठमाडौंबाट कारिगर, शिल्पी तथा व्यापारीको आगमन र शीतकालीन राजधानी बुटवल हुँदै हिन्दूस्तानतिरबाट मालमत्ता झिकाउन थालिएको हुँदा परम्परागत मगर शिल्पविलीन हुँदै गयो। राजकुमार, राजकुमारी र राजपरिवारका मानिस मात्र नभई दरबारी कर्मचारीको जीवनसमेत ठस्सापूर्ण हुँदै गयो। राजधानी इलाकाभित्र पर्ने जोगेपानी, सामाकोट, मसुरे, भारकोट, हटिया, ढ्याकुलडाँडा, रानीठाटी, हार्थोक, डुमृका र खस्यौली आदि गाउँहरू त्यस बखतको सन्दर्भमा सभ्य, सुकिला, शिक्षित र सम्पन्न मानिस बसोबास गर्ने स्थानका रूपमा कहलिन पुगे।

त्यही क्रममा पाल्पालीको जीवनशैली र आडम्बरलाई लिएर अनेकौं लोकोक्ति विकसित भए। आफूलाई ओढ्न पछ्यौरी छैन पाल्पालीलाई खोल (पछ्यौरीमा मलमलको खोल हाल्ने हुँदा), पाल्पाली नानीको मुखै चहकिलो, पाल्पाली जमै कुप्रेतान पर्वते जमै लम्बेतान (पाल्पालीहरू पाखी काम्ला बोकेर नहिँड्ने ठस्सावाल हुँदा बास बस्ने ठाउँमा जाडाले कक्रक्क पर्ने प्रसङ)जस्ता उखानले पाल्पाली जीवनपद्धतिलाई उजागर गर्छन्।

तर, समय सधै अनुकूल चलेन। विशेष गरेर सेनवंशीय शासनको पतन र अमरसिंह थापा तैनाथवाला भएर तानसेनमा बसेपछि पाल्पाको पतन सुरु भयो। त्यस समयपछि पाल्पा भन्नाले तानसेन बजार बुझिन थाल्यो। हुने खाने पाल्पाली लट्टीपट्टी बोकेर तानसेन, बुटवल र काठमाडौंतिर लागे। पाल्पाली राजाका नजिकका कतिपय मानिस राजपरिवारसँगै भागेर गोरखपुर पुगे। शक्तिको नजिक बस्न मन पराउनेहरू धनसम्पत्ति लिएर हिँडे। व्यापारीहरू कोही तानसेन र कोही बुटवलतिर लागे। यसरी पाल्पाको धन, विद्या, व्यापार र सीप सबै बसाइँ सरेर गयो। कलात्मक सामान, पुस्तक, बाजागाजा, हातहतियार र सानसौकत सबै सदाका लागि बिदा भएर गए। दरबारका काठपात, इटा र ढुंगा स्थानीयले उठाएर लगे। राष्ट्रिय सम्पदाको त्यो लुटपाट सम्बन्धमा नयाँ सत्ताले कुनै सरोकार राखेन। समृद्ध राजतन्त्रसँगै समृद्ध पाल्पाली सभ्यताको पनि अन्त्य भयो।

सेनाले परेड खेल्ने चउर झाडीमा परिणत भए। राजकुमार, राजकुमारी र दरबारियाहरू घोडामा चढेर हिँड्ने सडक सुनसान, बिराना र चकमन्न भूत नाच्ने सडकजस्ता बन्न पुगे। राजाको जयगान, पूजापाठ, सरसल्लाह र नाचगान हुने रमाइला ठाउँमा स्याल कराउन थाले। सेन सभ्यताको पालामा विलुप्त भएको मगर सभ्यताको शिल्प र कला विस्मृतिमा गइसकेको हुँदा त्यसको पुनर्जागरण हुने सम्भावना पनि थिएन।

तत्कालीन गण्डकी र कर्णाली प्रदेशलाई पुरातन र आधुनिक सभ्यताको शिक्षा दिने केन्द्र अकस्मात परित्यक्त भयो। बुटवलबाट पाल्पासम्म आउने अनेकौं बाटा बन्द भए। कर संकलनमा सहजता र विदेशी आक्रमणलाई असहज बनाउन नयाँ सरकारले त्यो कदम चालेको थियो (ह्यामिल्टन)। सेन सभ्यताको केन्द्रबिन्दुका रूपमा रहेको राजधानी केही वर्षमै कहाँनेर थियो भन्ने पहिचानसमेत हुन नसक्ने गरी निर्दयी इतिहासको गर्तमा विलीन भयो।

सयौं वर्षदेखि बसोबास गर्दै आएको राज्यक्तिमा पहुँच राख्ने ठूलो समूह विस्थापित भयो। बाँकी रहेका धनाढ्य कोही भागे भने कोही बसाइँ सरे। उद्योग, व्यापार र शिल्प पनि पाल्पालाई परित्याग गरेर हिँडेपछि उजाड राजधानीमा बाँकी रहेका जनता रानी हराएका माहुरीजस्ता भए। बेरोजगारीले गर्दा मानिसले ऋण काढ्न थाले। सुकिलो बस्ने, मिठो खाने र ठस्सा देखाउने आदत बसेका पाल्पाली जनता खिसीट्युरीका पात्र हुन पुगे। सम्मानित लोकोक्तिहरू उपहासमा परिणत भए। परित्यक्त राजधानी पाल्पाका बासिन्दाहरूलाई लक्षित गर्दै नयाँ उखान हाल्न थालियो। 'उपियाँ जति उफ्रेर गए जुम्राको कच्रघान,' नाम भने धन्नाराम खानपिन ठण्डाराम, पाल्पाली ठसक रिनले भसक, भुटे भाङ पोले पिँडालु र उपती न पापती कुराकै चाङजस्ता उखान भनेर परित्यक्त पाल्पालीलाई खिसी गर्न थालियो। सवा २ सय वर्षअघि त्यसरी परित्याग गरिएको पाल्पाले २००७ सात सालको परिवर्तनपछि फेरि उठ्ने प्रयास गर्दै आएको छ। तथापि जुरुक्क उठेर आफ्नो पुरानो गौरव र पौरख फर्काउन अझै धेरै प्रयत्नको दरकार छ।

(लेखकको अनुमति लिएर 'राजधानी दैनिक' पत्रिकाबाट साभार गरिएको)

**जन्मथलोको समाचार**

# तानसेन गुठीद्वारा जात्रा पर्व र पुस्तकालयलाई सहयोग



मंगलबार, भदौ १५, २०७८, पाल्पा। तानसेन गुठी काठमाडौंले पाल्पामा सञ्चालित जात्रा पर्व र धवल पुस्तकालयलाई आर्थिक सहयोग गरेको छ। धार्मिक, सांस्कृतिक र सामाजिक परोपकारीको क्षेत्रमा सक्रिय रहँदै आएको गुठीले जात्रा पर्व र पुस्तकालयलाई आर्थिक सहयोग गरेको हो।

तानसेनको ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदाहरुको संरक्षण, सम्वद्र्धनका लागि यहाँ सञ्चालनमा आएका जात्रा पर्वहरुलाई आर्थिक सहयोग गरिएको गुठी तानसेन शाखाका अध्यक्ष सुशील प्रधानले बताए। तानसेन गुठी काठमाडौंबाट प्राप्त भएको दुई ९४ हजार ६ सय ३३ आर्थिक रकम रणउजीरेश्वरी भगवती मन्दिर, श्रीनगर सिद्धिविनायक मन्दिर, बुद्ध रथयात्रा गुठी, भिमसेन मन्दिर(भगवती टोल),भिमसेन मन्दिर (भिमसेन टोल), आनन्द विहार, बटुक भैरव मन्दिर, लक्ष्मी नारायण मन्दिर, पाल्पा भैरव मन्दिर, अमर नारायण मन्दिर, काल भैरव मन्दिर, देउराली सांस्कृतिक प्रतिष्ठान, पाल्पाली नाट्यकला सांस्कृतिक समूह र धवल पुस्तकालयलाई दिइएको गुठीका अध्यक्ष प्रधानले जानकारी दिए।



गुठीले तानसेनका क्यान्सर पिडित आशिष महर्जनलाई स्वास्थ्य उपचारमा समेत सहयोग गरेको छ। उक्त सहयोग रकम गुठी तानसेन शाखाका अध्यक्ष सुशील प्रधान, पूर्व अध्यक्षहरु सर्जुलाल शाक्य, दीलबहादुर शाक्य र सल्लाहकार केदारलाल श्रेष्ठले संयुक्त रुपमा सम्बन्धित संस्थाका प्रमुख तथा प्रतिनिधिलाई एक औपचारिक कार्यक्रमका बीच हस्तान्तरण गरेका हुन्। गुठीका अध्यक्ष प्रधानको अध्यक्षता, वरिष्ठ उपाध्यक्ष शकुन्तला बज्राचार्यको स्वागत, सचिव विनय बज्राचार्यको सञ्चालनमा हस्तान्तरण कार्यक्रम भएको हो।

तानसेनवासीहरुको सहयोगमा वि.सं. २०५० मा स्थापना भएको गुठी धार्मिक, सांस्कृतिक र सामाजिक परोपकारीको क्षेत्रमा सक्रिय रहँदै आएको छ। गुठीले तानसेनको ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदाहरुको संरक्षण, सम्वद्र्धन र विस्तारमा सहयोगी भूमिका खेल्दै आएको देखिन्छ। त्यत्ति मात्र होइन कोरोना महामारीका बेला भोक भोकै बस्न बाध्य मजदुरहरुको उद्धारमा होस् वा, आर्थिक अभावमा स्वास्थ्य उपचार नपाएर मृत्युसँग लडिरहेकाहरुको उद्धारका लागि समेत तानसेन गुठी सधैँ सहयोगीदाताका रुपमा क्रियाशील रहेको छ।

साभार : शितलपाटी.कम

**जन्मथलोको समाचार**

# अमेरिकामा सम्पन्न शारीरिक सुगठन प्रतियोगितामा नेपाली मूलका सिंहले जिते दुई स्वर्ण पदक







टेक्सस। अमेरिकामा सम्पन्न शारीरिक सुगठन प्रतियोगिता नेपाली मूलका उत्सव सिंहले दुई स्वर्ण पदक प्राप्त गरेका छन्। उनि यसरी प्रतियोगितमा सहभागी हुने सम्भवत स्वर्ण पदक हात पार्ने पहिलो नेपाली मूलका हुन्। उक्त प्रतियोगिता टेक्ससमा भएको थियो।

अमेरिकाको टेक्ससमा बस्दै आएका नेपाली मूलका शारीरिक सुगठनका उत्सव सिंह अमेरिकी पत्रिकाको आयोजना गरेको कार्यक्रममा सहभागी भएका थिए। उनले मिस्टर युएसए २०२१ नेचुरल प्रो क्वालीफाईएर कम्पिटिसन् (प्राकृतिक प्रो योग्यता प्रतियोगिता)मा दुई वटा स्वर्ण पदक प्राप्त गरेका हुन्।

सिंहले पुरुषहरुको फिजीक क्याटोगोरी र नोभिस क्याटोगोरी  (शारीरिक वर्ग र नवदीक्षित वर्ग) मा प्रथम स्थान हासिल गरेका हुन्। यो प्राप्त संगै उनि अब व्यवसायिक खेलाडीको रुपमा योग्य भएका छन्। उनि यस्तो पदक जित्ने पहिलो नेपाली हुन् भने उनले नेपाल र नेपालीको नाम उच्च राख्न सफल भएका छन्।

टेक्सस राज्यको ड्यालसमा बिगत ७ वर्ष देखि बसोबास गर्दै आएका सिंहको पुर्खौली घर बुटवल हो। उनले अगस्त २४ ,२०१९ का दिन अमेरिकाको मेरिल्याण्ड राज्यको लरेल शहरमा सम्पन्न एनपीसी क्यापिटल ग्रान्ड प्रिक्स प्रतियोगितामा सिंहलाई स्वर्ण पदक प्राप्त गरेका थिए।

उनि नेपालमा छँदा ७० केजी तौल समूहमा मिस्टर भक्तपुरमा तेश्रो स्थान प्राप्त गरेका थिए। नेपालमा शारीरिक सुगठनको अन्य खेल खेलेका छन्।

भक्तपुरमा भएको अर्को प्रतिस्प्रद्धामा मिस्टर बडी बिल्डिंग अफ द ईयरमा दोश्रो र भैरहवामा भएको मिस्टर नेपालमा सहभागी हुँदा आफ्नो तौल समुहमा तेस्रो स्थान समेत भएका थिए।

यसै गरि बुटवल श्री प्रतियोगितामा आफ्नो तौल समूह प्रतियोगितामा तेस्रो स्थान हासिल गरेका थिए।

अमेरिका संवाददाता
मंगलबार, २२ आषाढ, २०७८, nepalipatra.com

**जन्मथलोको समाचार**

# कर्णेलको भाकलपछि सरकारी जात्रा



शंकरमान सिंह



पाल्पाका तत्कालीन तैनाथवाला कर्णेल उजीरसिंहले भाकल पूरा भई विजय प्राप्त गरेको भन्दै १८७२ सालमा तीन तले भगवती मन्दिर निर्माण गरेका थिए

अंग्रेजलाई परास्त गरी राष्ट्रियता बचाएको अवसरमा श्री रणउजीरेश्वरी भगवती सिन्दुर यात्रा विजयोत्सवका रूपमा मनाउँदै आएको पाइन्छ। पाल्पास्थित यो ऐतिहासिक रणउजीरेश्वरी भगवती मन्दिर केही समयदेखि धार्मिक पर्यटकका लागि उचित गन्तव्य बनेको छ। यस वर्ष पनि मंगलबार अर्थात् भाद्र कृष्ण नवमीका दिन २०३औं सिन्दुर जात्रा हुँदैछ। १९७२ मा अंग्रेजसँगको युद्धमा जानुअघि तत्कालीन तैनाथवाला कर्णेल उजीरसिंह थापाले अष्टभुजा माता भगवतीलाई लडाइँ जित्नेका साथ भाकल गरेका थिए। त्यतिबेला लडाइँ फत्ते गरी पाउँ भनी हरेक वर्ष सरकारी सम्मानका साथ रथयात्रा चलाउने कर्णेल उजीरसिंहले भाकल गरेको भन्दै सरकारी स्तरमै हरेक वर्ष रणउजीरेश्वरी भगवती जात्रा मनाउने गरिएको छ।

### उजीरसिंहको भाकल

पाल्पाका तात्कालीन तैनाथवाला कर्णेल उजीरसिंहले भाकल पूरा भई विजय प्राप्त गरेको भन्दै १८७२ सालमा तीन तले भगवती मन्दिर निर्माण गरेका थिए। हरेक वर्ष भाद्र कृष्ण नवमीका दिन पाल्पाको तानसेनमा धुमधामका साथ मनाइने यो जात्रा नेपाल अंग्रेज युद्धसँग जोडिएको हुँदा राष्ट्रिय महŒवको भनेर चर्चा हुँदै आएको छ। १८७१–७२ सालमा नेपाल–अंग्रेजबीच जीतगढीको युद्धमा जीत हुन नसके पनि पश्चिममा नालापानी, मलाउ, जैठक आदि क्षेत्रमा जित भयो। त्यसपछि अंग्रेजहरूले आफ्नो अनुकूलमा नेपाललाई सुगौली सन्धीमा हस्ताक्षर गर्न बाध्य बनाएको थियो।

सुगौली सन्धीले नेपालको सिमाना पूर्वमा मेची नदी, पश्चिममा महाकाली, दक्षिणमा चुरे पहाड साँध लगाइदियो। नेपालले अधिकांश मैदानी इलाका गुमाउनु परे पनि मुख्य विवादको रूपमा रहेको बुटवल भने अंग्रेजले नेपाललाई नै दियो। बुटवल नेपालले पाउने सन्धी गरेपछि पाल्पाका तैनाथवाला उजीरसिंह थापा निकै खुसी भए। १९९० सालको भुइँचालोले मन्दिर चर्कियो। १९९२ सालमा भत्कियो। तत्कालीन श्री ३ जुद्ध शमशेरबाट मन्दिर जीर्णोद्वार गराउने हुकुम प्रमांगीअनुसार उजीरसिंहकै सन्तानले मन्दिरको २०३१ सालमा मर्मत सम्भार गरे। तत्कालीन राजा वीरेन्द्रबाट त्यसबेला मर्मतका लागि एक लाख रुपैयाँ निकासा गराएको देखिन्छ।

### राष्ट्रसँग जोडिएको जात्रा

तानसेनको भगवती टोलमा रहेको श्री ७ रणउजीरेश्वरी भगवतीको मूर्ति रथमा राखेर सिन्दुर जात्रा गर्ने चलन छ। तानसेनको भगवती टोलस्थित भगवती मन्दिरबाट बाजागाजाका साथ रथयात्रा सुरु हुन्छ। रथयात्रा तानसेन दरबार परिसर हुँदै दरबारको मूलढोकाबाट निकालेर बजार परिक्रमा गराइन्छ। नेपाली सेनाले पञ्चबली दिई विशेष पूजाअर्चना गर्छन्। रथयात्राको बजार परिक्रमापछि भगवती मन्दिर परिसरमै पुगेर बिसर्जन गर्ने गरिन्छ। जात्रा (चाडपर्व) नेपालमा प्रचुर मात्रामा छन् तर यो खट जात्रा अन्यभन्दा केही फरक छ।

खट (काठको मञ्च) मा देवताहरूको आकृति राख्ने र त्यसपछि उनीहरूलाई जुलुसमा निकाल्ने काम यस खट जात्रामा हुन्छ। एक परम्परा जो काठमाडौं उपत्यकामा पूर्वमल्ल र मल्ल युगदेखि शाह युगसम्म चलेको हो। जुन हालसम्म कायमै छ। राष्ट्र विस्तारको अभियानका साथै काठमाडौं उपत्यकामा मात्र प्रचलित

खट जात्राको परम्परा देशका अन्य ठाउँमा पनि मनाउन थालियो। पाल्पाका विभिन्न भागमा खट जात्रा पनि मनाइन्छ। पाल्पाको खाट जात्रामध्ये तानसेन (भगवती जात्रा) मा आयोजित एक बाँकीभन्दा फरक प्रकृतिको हो। यो जात्रा मात्र धर्मसँग जोडिएको छैन तर राष्ट्रवादसँग जोडिएको छ।

**सेनाको सहभागिता**

कम्पनी सरकारले कर्नेल उजीरसिंह थापाको नेतृत्वमा लडेको लडाईंमा उनीहरूका नेपाली शत्रुहरूको बहादुरी, धैर्य, रणनीतिक कौशल र युद्धक्षेत्रको क्षमता नाप्न सक्छ। युद्धक्षेत्रमा प्रवेश गर्नुभन्दा पहिले कर्णेल उजीरसिंह थापाले हतियार र गोलाबारुदको उचित व्यवस्था गरेका थिए। उनले सडक, पुल, कल्भर्ट र किल्लायुक्त चौकीहरूको निर्माण कार्य युद्धस्तरमा सुरु गरेका थिए। यसबाहेक विभिन्न देवता र देवीहरूको पूजा गरिएको थियो। सबैभन्दा शुभ समय निर्धारित गरिएको थियो ताकि युद्धमा जीत सुनिश्चित गर्न यो आवश्यक ठानिन्थ्यो।

अंग्रेजलाई परास्त गरी राष्ट्रियता बचाएको अवसरमा श्री रणउजीरेश्वरी भगवती सिन्दुर यात्रा मनाइन्छ। पाल्पास्थित यो ऐतिहासिक मन्दिर केही समययता त धार्मिक पर्यटकका लागि उचित गन्तव्य बनेको छ।

तानसेन बजारको बिचमा रहेको १६ हातको महिषासुर मर्दिनी भगवतीको खुट्टा छोएर कर्नेल उजीरसिंहले पनि शपथ खाए। एउटा ठूलो मन्दिर निर्माण गर्ने र सिन्दूर जात्राको आयोजना गरी देवीहरूको सबै क्षेत्र वरिपरि प्रसिद्धि फैलाउने सोचले मन्दिर बनेको हो। रथ पछि सहरको परिक्रमा गराइन्छ। जसमा सँगै संगीत ब्यान्ड र नर्तकहरू, साथ साथै नेपाली सेनाको सिपाहीहरू, ढाल र तरवार बोकेर गुरुज्यू पल्टनको सिपाहीहरू, पुलिस कर्मचारीहरू, सरकारी कर्मचारीहरू, विद्यार्थीहरू, आमजनता र विभिन्न संघहरू र संगठनहरू, यो नेपाली सेना ब्यारेकमा प्रवेश गर्दछ। जहाँ यो नेपाली सेनाद्वारा भगवती पूजाको सञ्चालन गर्नुअघि एक सलामी प्रदान गरिन्छ। जब ब्यारेकको गेटमा प्रवेश हुन्छ तब सिपाहीहरू आफैंले काँधमा रथ उठाउँछन्।

**इतिहास सम्झाउन नाटक मञ्चन**

यस यात्राको एक अन्य आधारभूत पक्ष भनेको एक नियमित पुजारीको दैनिक अनुष्ठान र मन्दिरमा पूजाको व्यवस्था गर्न हो। पुजारी हिन्दू परम्परा र अनुष्ठानअनुसार देवीको मन्दिरको मातृमण्डलीसँग सम्बन्धित अनुष्ठानहरू सञ्चालनको ज्ञान पनि हो। दुई सय वर्ष पहिले कर्नेल उजीरसिंह थापाले मल्ल वर्ण विहार ललितपुरका चन्द्रमणि गुभाजुलाई पाल्पा ल्याएका थिए। जसबाट नित्य–नैमैतिक पूजा र वर्षा बन्धन पूजा (करक पूजा), कालरात्रि अष्टमी र चैते दशैंको दौरान तान्त्रिक अनुष्ठान र पूजा गर्ने काम हुन थाल्यो। एउटै गुभाजु वंशजहरू आजसम्म यस मन्दिरमा पूजा सञ्चालन गरिरहेको पाइन्छ।

| १ | जिवन ज्योति बज्राचार्य | ११,००० | - | - | - | ११,००० |
| | **जम्मा** | ११,००० | - | - | - | ११,००० |
| **कुल जम्मा** | | ५३,९४९ | ८००,९३० | - | ६७३,७५१ | १८१,१२८ |

### अन्य सम्पत्तिको अन्तिम मौज्दात — अनुसूची ८

| सि.नं | शिर्षक | आ. व. २०७६/०७७ | आ. व. २०७५/०७६ |
|---|---|---|---|
| १ | भेष्ट | ३४,६५५ | ३७,१५५ |
| | जम्मा | ३४,६५५ | ३७,१५५ |

### भुक्तानी दिनुपर्ने — अनुसूची ९

| सि.नं | शिर्षक | आ. व. २०७६/०७७ | आ. व. २०७५/०७६ |
|---|---|---|---|
| १ | भुक्तानी दिनुपर्ने बासु देव जोशी | - | ३०,००० |
| २ | पि.पि. प्रधान एण्ड कंपनी | १९,७३५ | १९,७३४ |
| ३ | भुक्तानीमा कर कट्टी | ६,०९१ | ५,८२६ |
| ४ | मौस पुतलीसडक | - | २,४७६ |
| ५ | प्रमी श्रेष्ठ | - | १२,००० |
| ६ | भुक्तानी दिनुपर्ने( विधान श्रेष्ठ | - | ४,३०० |
| ७ | पाल्पाली सँगम | ५,००० | - |
| | जम्मा | ३०,८२६ | ७४,३३६ |

### सदस्यता शुल्क — अनुसूची १०

| सि.नं | शिर्षक | आ. व. २०७६/०७७ | आ. व. २०७५/०७६ |
|---|---|---|---|
| १ | आजिवन सदस्यता शुल्क : | ४५,००० | ५५,००० |
| २ | सदस्यता नवीकरण शुल्क | ५,८०० | १४,२०० |
| | जम्मा | ५०,८०० | ६९,२०० |

### व्याज आम्दानी — अनुसूची ११

| सि.नं | शिर्षक | आ. व. २०७६/०७७ | आ. व. २०७५/०७६ |
|---|---|---|---|
| १ | व्याज (मुद्दती) | ३७३,५५० | ३४३,९४२ |
| २ | व्याज (बचत) | ७४,४०७ | ६७,८८८ |
| ३ | डिबिडेन्ट (कोअपरेटिभ) | ४५ | ८८ |
| | जम्मा | ४४८,००२ | ४११,९१८ |

P Pradhan & Co. Chartered Accountants

**वार्षिक भेला बाट प्राप्त** **अनुसूची १२**

| सि.नं | शिर्षक | आ. व. २०७६/०७७ | | आ. व. २०७५/०७६ |
|---|---|---|---|---|
| १ | लाइफ मेम्बर कार्ड बापत | - | | ४,७५० |
| २ | भोज कुपन बिक्री | - | | ११२,४०० |
| ३ | वार्षिक भेला स्टल | १२२,३२० | | ३७,००० |
| | जम्मा | १२२,३२० | | १५४,१५० |

**अन्य आम्दानी** **अनुसूची १३**

| सि.नं | शिर्षक | आ. व. २०७६/०७७ | | आ. व. २०७५/०७६ |
|---|---|---|---|---|
| १ | आर्थिक सहयोग प्राप्त | १९,७०० | | २,००० |
| २ | चिनारी पत्रिका बाट | ९०० | | ४,६०० |
| ३ | तिर्थ यात्रा दर्ता शुल्क | ४,६३५ | | ४६,००० |
| ४ | भेष्ट बिक्री बचत | - | | ४०० |
| ५ | भगवती दान पात्र | ९,४२५ | | ८,९६५ |
| ६ | अन्य आम्दानी | १ | | - |
| | जम्मा | ३४,६६१ | | ६१,९६५ |

**धार्मिक सहयोग** **अनुसूची १४**

| सि.नं | शिर्षक | आ. व. २०७६/०७७ | | आ. व. २०७५/०७६ |
|---|---|---|---|---|
| १ | भीमसेन रथ | - | | ७१,३५८ |
| | जम्मा | - | | ७१,३५८ |

**वार्षिक भेला** **अनुसूची १५**

| सि.नं | शिर्षक | आ. व. २०७६/०७७ | | आ. व. २०७५/०७६ |
|---|---|---|---|---|
| १ | वार्षिक भेला भोज | ५१८,४९६ | | ४७५,०१८ |
| २ | विविध वार्षिक भेला | ६,३३९ | | ४१,७९४ |
| ३ | पत्रिका छपाई | १४८,८०० | | १३७,४७५ |
| ४ | शतवार्षिक समारोह | ३८,६०५ | | - |
| | जम्मा | ७१२,२४० | | ६५४,२८७ |

P.P. Pradhan & Co. Chartered Accountants

**धार्मिक कार्यक्रम खर्च** **अनुसूची १६**

| सि.नं | शीर्षक | आ. व. २०७६/०७७ | | आ. व. २०७५/०७६ |
|---|---|---|---|---|
| १ | सांस्कृतिक कार्यक्रम वार्षिक भेला रजत जयन्ती महोत्सव | - | | १,५०० |
| २ | धार्मिक सहयोग | १२४,३६९ | | १५६,००० |
| ३ | भीमसेन रथ | ७१,३५८ | | - |
| | जम्मा | १९५,७२७ | | १५७,५०० |

**विवध खर्च** **अनुसूची १७**

| सि.नं | शीर्षक | आ. व. २०७६/०७७ | | आ. व. २०७५/०७६ |
|---|---|---|---|---|
| १ | युवा सदस्य अभिमुखीकरण कार्यक्रम | १,५०० | | - |
| २ | साहित्य तथा सास्कृतिक पुरस्कार | १०,००० | | - |
| ३ | स्वास्थ्य छात्रवृति | २,९६० | | - |
| ४ | शौक्षिक छात्रवृति | ११७,०८८ | | - |
| ५ | आर्थीक सहयोग | ५,००० | | - |
| ६ | कार्य समिती बैठक | १०,५९४ | | - |
| | जम्मा | १४७,१४२ | | - |

**प्रशासनिक खर्च** **अनुसूची १८**

| सि.नं | शीर्षक | आ. व. २०७६/०७७ | | आ. व. २०७५/०७६ |
|---|---|---|---|---|
| १ | बैंक कमिशन | ६३५ | | १२० |
| २ | बैंक ब्याजमा कर कट्टी | ९३,५५१ | | ६०,२९८ |
| ३ | संचार तथा स्टेशनरी | ६,२८० | | १०,५२५ |
| ४ | लेखा परिक्षण शुल्क | २०,००० | | २०,००० |
| ५ | वेव साइट नबिकरण | ४,७०० | | - |
| ६ | गुठी नवीकरण शुल्क | - | | २,३३८ |
| ७ | लेखा | - | | ७५,२९४ |
| ८ | ह्रास कट्टि | १२,७८५ | | - |
| | जम्मा | १३७,९५१ | | १६८,५७५ |

गुठी सहयोग

अनुसूची १९

| सि.नं | शिर्षक | आ. व. २०७६/०७७ | | आ. व. २०७५/०७६ |
|---|---|---|---|---|
| १ | स्वास्थ उपचार सहयोग | ३३,८७० | | ९५,३९६ |
| २ | धवल पुस्तकालय सहयोग | ९,५२६ | | - |
| | जम्मा | ४३,३९६ | | ९५,३९६ |

सम्पादित कार्यकमहरु

अनुसूची २०

| | शिर्षक | आ. व. २०७६/०७७ | | आ. व. २०७५/०७६ |
|---|---|---|---|---|
| १ | ९० वर्षे पुजा | ८,५५० | | ३,९०५ |
| | जम्मा | ८,५५० | | ३,९०५ |

PP Pradhan & Co. Chartered Accountants

अनुसूची २१

**श्री तानसेन गुठी, काठमाडौं शाखा**
**आर्थिक वर्ष २०७६/०७७ को**
**प्रमूख लेखा निती तथा टिप्पणीहरु**

**१ लेखा परम्परा**

आर्थिक विवरणहरु एतिहासिक मुल्यको आधारमा तयार गरिएको छ र कम्पनीको कारोबारको लेखांकन accural basis मा गरिएको छ ।

**२ आर्थिक वर्ष**

यस गुठीको अर्थिक वर्ष नेपाली आर्थिक वर्ष अनुसार श्रावण महिना देखि असाढ मसान्त निर्धारण गरिएको छ ।

३ यस आर्थिक वर्षमा अक्षयकोषबाट प्राप्त भएको ब्याज आम्दानी सोही कोषमा जम्मा गरिएको छ ।

४ यस गुठीमा आ ब २०७६/७७ सम्म निम्न प्रकारका कोषहरु रहेका छन्

| कोषको प्रकार | जम्मा रकम |
|---|---|
| अक्षय कोष | ७,०५०,१६६.०० |
| मुद्दती खाता | ३,२०६,०००.०० |
| बचत खाता | २,१७४,५०६.७० |
| **जम्मा** | १२,४३०,६७२.७० |

अक्षय कोषबाट प्राप्त ब्याज रकम अक्षयकोषदातासँग भएको सम्झौता अनुसार बिभिन्न कार्यहरुमा प्रयोग गर्ने गरिएको छ। मुद्दती तथा बचत खातामा गुठिको आफ्नो स्रोतबाट जम्मा गरिएको रकम तथा अक्षयकोष वापत प्राप्त भएको रकम तर मुद्दतीखातामा जम्मा भैनसकेको रकम समावेश भएका छन्।

५ आर्थिक विवरण रकमहरु पूर्ण रुपैयाँमा देखाएका छन्।

६ गत बर्षका रकमहरु आवश्यकता अनुसार शिर्षकहरुमा मिलान गरिएका छन्।

PP Pradhan & Co. Chartered Accountants

# धन्यवाद ज्ञापन

यस तानसेन गुठी काठमाडौंको आ.व. २०७६-०७७-०७८ का विभिन्न कार्यक्रमहरू सफल पार्न आ-आफ्नो क्षेत्रबाट श्रम, समय र आर्थिक सहयोग प्रदान गरेर अमूल्य सहयोग गर्नुहुने सम्पूर्ण संघसंस्था तथा महानुभावहरूलाई गुठीको २८ र २९ औं साधारण सभा तथा वार्षिक भेला कार्यक्रमको शुभ–अवसरमा हृदयदेखि हार्दिक धन्यवाद ज्ञापन गर्दछौं। साथै गुठीको वार्षिक मुखपत्र चिनारी पत्रिका प्रकाशनमा शुभकामना सहित विज्ञापन उपलब्ध गराइ सहयोग गर्नुहुने सम्पूर्ण संघ–संस्था र व्यक्तिहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछौं। साथै भविष्यमा पनि यहाँहरूको यस्तै साथ र सहयोगको निरन्तरताको अपेक्षा गर्दछौं।

**क) विज्ञापनदाताहरू:**

| SN | Ad. Name | Page No. |
|---|---|---|
| 1 | Amrit Prithvi Avinasi Guthi | 120 |
| 2 | Amrit School | 44 |
| 3 | Axis Saving & Credit Co-operative Ltd. | 10 |
| 4 | Buddha Air | Color |
| 5 | Central Finance | 191 |
| 6 | City Express | Color |
| 7 | Hattiban Social Service Centre | 85 |
| 8 | International Mountain Museum | Color |
| 9 | Jalpa Devi Petrolium (P) Ltd. | 83 |
| 10 | Kathmandu Automobiles Center | Color |
| 11 | Krishna Ganga Sai Supplers | 104 |
| 12 | Kumari Bank | Color |
| 13 | Lumbin Medical College Teaching Hospital | 8 |
| 14 | Mahendra Bahadur, Usha Singh | 91 |
| 15 | Mahila Sahayogi Sahakari Sanstha Ltd. | 66 |
| 16 | Metro Kathmandu Gas Industries Ltd.STC | Back Cover |
| 17 | Muktinath B Bank | Color |
| 18 | Nibodhit Co-operative | 114 |
| 19 | Orient College Basundhara | Cover Inner |
| 20 | Prabhu Bank | Color |
| 21 | Public Sutradhar | 91 |
| 22 | Sagarmatha Silk | 62 |
| 23 | Samrachana Nepal | Cover Inner |
| 24 | Sapana Me Co-operative Society Ltd. | 75 |
| 25 | Shining English Boarding School | 87 |
| 26 | Siddhi, Butwal | 95 |
| 27 | The Bakery Café | 10 |
| 28 | Tilganga Aankha | Color |
| 29 | Vatsalya Kinderwelt | 120 |

**ख) नयाँ अक्षयकोष स्थापना:**

**'माधवराज मास्के स्मृति अक्षयकोष'**

माधवराज मास्केकी धर्मपत्नी श्रीमती निर्मला मास्केज्यूबाट रू.५,००,०००।- (अक्षरूपी पाँच लाख रुपैयाँ) को 'माधवराज मास्के स्मृति अक्षयकोष' गुठीका तीन उद्देश्यहरू (क. नेपालको राष्ट्रिय एवं अन्तराष्ट्रिय स्तरमा कुनैपनि क्षेत्रमा देशको नाम उच्च राख्ने कुनै पाल्पालीलाई नगद तथा सम्मान–पत्रद्वारा गुठीको निर्णय अनुसार काठमाडौंमा सम्मान गर्ने। ख. तानसेन गुठीका गुठियारहरू तथा परिवारमा स्वास्थ्य सहयोग गर्नुपर्ने अवस्था रहेमा गुठीको निर्णय अनुसार गर्ने। ग. पाल्पा तानसेनको कुनैपनि मठमन्दिर, पाटी-पौवा एवं धाराको निर्माण तथा जीर्णोध्दार गर्न आवश्यक भएमा गुठीको निर्णय बमोजिम सहयोग प्रदान गर्ने) मध्ये कुनै एक उद्देश्यको निम्ति अक्षयकोष स्थापना गर्नुभएकोमा उहाँलाई हार्दिक आभार सहित धन्यवाद।

**'लालेजोकर–सुखलक्ष्मी चित्रकार स्मृति अक्षयकोष'**

बुवा लालप्रसाद चित्रकार तथा आमा सुखलक्ष्मी चित्रकारको स्मृतिमा रू.२५,०००।-(अक्षरूपी पच्चिस हजार) को 'लालेजोकर–सुखलक्ष्मी चित्रकार स्मृति अक्षयकोष' तानसेन गुठीको संरक्षणमा रहने गरी दृष्टिविहीन विद्यार्थीहरू मध्ये एस.ई.ई. परीक्षामा उत्कृष्ट अङ्क ल्याई उत्तीर्ण हुने एकजना विद्यार्थीलाई नगद पुरस्कार प्रदानगर्ने उद्देश्यले किरण चित्रकारज्यूले कोष स्थापना गर्नुभएकोमा उहाँलाई हार्दिक आभार सहित धन्यवाद।

**देवी सरस्वती अक्षयकोष:**

२०७६ साल भाद्र २१ गते तानसेन गुठीको २७ औं वार्षिक भेला कार्यक्रममा थकाली भई श्री रणउजीरेश्वरी भगवतीमाताको पूजाअर्चना गरी सबैलाई टिका-प्रसाद प्रदान गर्नुका साथै वार्षिक भेला कार्यक्रमको प्रमुख अतिथी हुनुभएका आदरणीय श्री देवीध्वज सिमाङ्गेंडाज्यूले तानसेनस्थित जनता माध्यमिक विद्यालयबाट छनौट गरेको एकजना विध्यार्थीलाई स्कूलको वार्षिकोत्सवको अवसरमा छात्रवृत्ति प्रदान गरिने उद्देश्यले रू.१,११,१११।– (अक्षरूपी एक लाख एघार हजार एकसय एघार रूपियाँ) को 'देवी सरस्वती अक्षयकोष' स्थापना गर्नुभएकोमा उहाँहरूलाई हार्दिक आभार सहित धन्यवाद।

**देवलक्ष्मी-शान्तीलक्ष्मी स्मृति अक्षयकोषः**

गुठीका आजीवन सदस्य डा. श्री महेन्द्रप्रसाद श्रेष्ठ तथा साधारण सदस्य डा. श्री देवेन्द्रप्रसाद श्रेष्ठज्यूका पिता श्री

भगवतीप्रसाद श्रेष्ठ (भगवतीमास्टर) बाट तानसेनस्थित पद्म पब्लिक बहुउद्देशीय नमूना हाईस्कूलमा कक्षा आठ पासगरी कक्षा नौमा अध्ययनरत विद्यार्थी एकजनालाई छात्रवृत्ति प्रदान गर्ने उद्देश्यले तानसेन गुठीको संरक्षणमा रहने गरी रू.१,११,१११।– (अक्षररूपी एकलाख एघार हजार एक सय एघार रुपियाँ) को अक्षयकोष स्थापना गर्नुभएकोमा उहाँलाई हार्दिक आभार सहित धन्यवाद।

### भगवतीप्रसाद- गीतादेवी थान्जू अक्षयकोषः

गुठीका आजीवन सदस्य श्री राजेन्द्रप्रसाद थान्जूज्यूका श्रध्येय माता श्रीमती गीतादेवी थान्जू तथा परिवारबाट तानसेन बजारस्थित विभिन्न देवदेवीहरूको जात्रामा सहयोग गर्ने उद्देश्यले रू.१,११,१११।- (अक्षरुपी एकलाख एघार हजार एक सय एघार) को 'भगवतीप्रसाद गीतादेवी थान्जू अक्षयकोष' स्थापना गर्नुभएकोमा उहाँहरूलाई हार्दिक आभार सहित धन्यवाद।

### ग) हाँस्यव्यङ्ग र नृत्यकला तथा गायन

गुठीको गतबर्ष २७ औं वार्षिक भेला कार्यक्रममा तानसेनको मौलिक सांस्कृतिक हास्यव्यङ्ग प्रहसन प्रस्तुत गर्नुहुने श्री किरण चित्रकार तथा नेपाली गीत गाउनु भएर कार्यक्रमको शोभा बढाइदिनु भएकोमा गायक श्री यादवराज पाण्डेज्यूमा हार्दिक धन्यवाद छ।

साथै गुठी परिवार सदस्य श्री हिरादेवी श्रेष्ठज्यूबाट आकर्षक नृत्य प्रस्तुत गर्नुभई कार्यक्रमलाई अझ मनोरन्जन प्रदान गर्नुभएकोमा उहाँप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

### घ) श्री पाल्पा भैरवस्थान ताम्रपत्र निर्माण:

पाल्पा तानसेनस्थित सुप्रसिद्ध पाल्पा-भैरव मन्दिर परिसरमा आन्तरिक तथा बाह्य पर्यटकहरूको लागि सो मन्दिरको विषयमा जानकारी दिने उद्देश्यले स्थापना गरिने ताम्रपत्र निर्माणको सिलसिलामा भाषा सम्पादन, निर्माण, स्थापना तथा अनावरण कार्यक्रम सम्पन्न गर्नको लागि सहयोग गर्नुभएकोमा निम्न महानुभावहरूलाई हार्दिक धन्यवाद:

१) सल्लाहकार श्रीमती शोभा श्रेष्ठ: पुरातात्विक पक्षमा सल्लाहको लागि।
२) श्री निर्मल श्रेष्ठ तथा दिल बहादुर शाक्य तानसेन: ताम्रपत्रको ऐतिहासिक तथ्य तथा तिथिमिति सम्बन्धी मुख्य श्रोतव्यक्तिको भूमिकाको लागि।
३) प्रा. आनन्द प्रसाद श्रेष्ठ: अङ्ग्रेजी भाषा शुध्दाशुध्दि तथा सम्पादनको लागि।
४) श्री शान्ता शाक्य: नेपाली भाषा शुध्दाशुध्दि तथा सम्पादन।
५) श्री महेन्द्रलाल श्रेष्ठ, एम एस माउस प्रिण्टर्सः ताम्रपत्र तथा मन्दिरको नि:शुल्क ग्राफिक डिजाईनको लागि।
५) श्री दिनेशप्रसाद थान्जू: ताम्रपत्र निर्माण तथा लेखन कार्य संयोजनको लागि।

### नयाँ गुठी सदस्यहरू:

आ.व. २०७६-०७७-०७८ भित्र गुठीको सदस्यता ग्रहण गर्नुहुने सम्पूर्ण आजीवन तथा साधारण सदस्यहरूलाई स्वागत गर्दै उहाँहरूलाई हार्दिक धन्यवाद।

### लेखापरीक्षक श्री पि.पि. प्रधान

गुठीको आ.व. २०७६-०७७-०७८ को सम्पूर्ण आय–व्ययको लेखापरीक्षण गरी अन्तिम आर्थिक विवरणहरू तयार गरिदिनु भएकोमा गुठीका शुभचिन्तक आजीवन सदस्य तथा लेखा परीक्षक श्री पि. पि. प्रधान एण्ड कम्पनीका चार्टर एकाउण्टेण्ट श्री प्रतापप्रसाद प्रधानलाई हार्दिक धन्यवाद।

### आर्थिक सहयोग

गुठीका आजीवन सदस्य श्री प्रतापप्रसाद प्रधानज्यूबाट गुठीलाई रू.१६,५००।- आर्थिक सहयोग प्रदान गर्नु भएकोमा उहाँलाई हार्दिक धन्यवाद।

तानसेन गुठी काठमाडौंमा स्वास्थ्य उपचार सहयोगार्थ गुठीको स्वामित्वमा रहने गरी पाँचलिटरको दुईवटा अक्सिजन सिलिण्डर सहयोग प्रदान गर्नुहुने काठमाडौं पाटन निवासी दाता श्री कवीन्द्र प्रधानज्यूलाई हार्दिक आभार सहित धन्यवाद ।

तानसेन गुठी काठमाडौंमा स्वास्थ्य उपचार सहयोगार्थ गुठीको स्वामित्वमा रहने गरी ४० लिटरको अक्सिजन सिलिण्डर एकओटा (रू.२६,५००।– बराबर) सहयोग प्रदान गर्नुहुने दाता श्रीमती जमुना कुमारी प्रधान लिगल (धर्मपत्नी अध्यक्ष अध्यक्ष सर्जुमान लिगल) लाई हार्दिक आभार सहित धन्यवाद ।

पाल्पा तानसेनको सांस्कृतिक पर्वको निरन्तरता तथा प्रोत्साहन स्वरूप पाल्पाली नाट्यकला साँस्कृतिक समुहलाई रौं सहितको लाखे मुकुट थान एक साथै आगामी पाँचवर्ष सम्म प्रत्येक वर्ष निरन्तर रू.१०,०००।– का दरले आर्थिक सहयोग प्रदान गर्ने जानकारी गराउनु भएकोमा दाता गुठीका पूर्व अध्यक्ष श्री हेमन्तराज कोलाक्षपतिज्यूलाई हार्दिक आभार सहित धन्यवाद छ ।

पाल्पा तानसेनको सांस्कृतिक पर्वको निरन्तरता तथा प्रोत्साहन स्वरूप पाल्पाली नाट्यकला साँस्कृतिक समुहलाई लाखे नाचको लागि आवश्यक पर्ने १५x२७ ईञ्चको लाखे ढोल थान एक (रू.१८,०००।–) साथै आगामी पाँच वर्षसम्म प्रत्येक वर्ष निरन्तर रू.५,०००।- का दरले आर्थिक सहयोग प्रदान गर्ने जानकारी गराउनु भएकोमा दाता गुठीका आजीवन सदस्य डा. श्री शम्भूमान सिंहज्यूलाई हार्दिक आभार सहित धन्यवाद छ ।

कोभिड १९ को महामारीमा लकडाउनको अवस्थामा दुःखी, पीडित, असहाय तथा जेष्ठ नागरिकहरूलाई आश्रममा सेवा गर्ने तथा राहत वितरण गर्नको लागि खाद्यान्न सहयोगको कार्यक्रम सञ्चालन गर्न रू.५,५८,३४५।-( अक्षरुपी पाँचलाख अन्ठाउन्न हजार तिनसय पैंतालिस रुपैयाँ)को आर्थिक सहयोग जुटाउन योगदान गर्नुभएका सम्पूर्ण गुठियारज्यूहरू लगायत मनकारी सहयोगी दाताज्यूहरू सबैमा हार्दिक आभार सहित धन्यवाद छ।

तानसेन पाल्पास्थित अमरनारायण मन्दिर फूलवारी भित्र रहेको हनुमान मन्दिर पुनःनिर्माण तथा जीर्णोध्दारमा मन्दिर परिसरको हनुमानको मूर्ति सहयोग गर्नुभएका दाता तथा अजीवन सदस्य डा. श्री मनोहरलाल श्रेष्ठज्यू, श्री सिध्दि सकल गणेश मूर्ति स्थापना गर्न सहयोग गर्नुभएका अमृत–पृथ्वी अविनाशी गुठी र नौग्रहका मूर्तिहरू मध्ये केही मूर्ति स्थापना गर्न सहयोग गर्नुभएका दाता तथा आजीवन सदस्य श्री कोकिल गोविन्द श्रेष्ठज्यू र अन्य मन्दिरको छाना तथा मार्वल बिछ्याउन समेत गरी जम्मा रकम रू. १,९०,०२२ (अक्षरुपी एकलाख नब्बेहजार बाइस रुपैयाँ) आर्थिक सहयोग जुटाउन योगदान गर्नुभएका गुठियारज्यूहरू लगायत सबै महानुभावज्यूहरूमा हार्दिक आभार सहित धन्यवाद छ ।

काठमाडौंमा स्वास्थ्य उपचार वापत आर्थिक सहयोग गर्नको लागि जम्मा रकम रू.२,१७,५२१।- (अक्षरुपी दुईलाख सत्र हजार पाँचसय एक्काइस रुपैयाँ) आर्थिक सहयोग जुटाउन सहयोग गर्नुभएका गुठियारज्यूहरू लगायत सम्पूर्ण महानुभावज्यूहरूमा हार्दिक आभार सहित धन्यवाद छ ।

गुठी सदस्य परिवार श्रीमती गंगालक्ष्मी मल्लज्यूले आफ्नो स्वर्गीय श्रीमान यस गुठीका आजीवन सदस्य प्रा. डा. युगलकृष्ण मल्लको स्मृतिमा गुठी सदस्यमा स्वास्थ्यमा आइपर्ने विभिन्न रोगको लागि सेवन गर्नुपर्ने औषधि किनेर वितरण गरिने उद्देश्यले रू.१,११,१००।– (अक्षयरूपी एकलाख एघार हजार एकसय रूपियाँ) को 'युगल-गंगा अक्षयकोष' स्थापना गर्नुभएकोमा दाता श्री गंगालक्ष्मी मल्लज्यूमा हार्दिक धन्यवाद।

### गुठी नवीकरणमा सहयोग

यस गुठीको दर्ता हरेक साल विभिन्न सरकारी निकायहरूमा नविकरण गर्नुपर्ने प्रक्रियामा हरेक साल झण्झट नमानीकन विभिन्न कागजातहरू तयारी तथा दस्तुर आदि भुक्तानीमा गुठीलाई निरन्तर सहयोग गर्दै आउनुभएकोमा पूर्व अध्यक्ष श्री गृहमान सिंहज्यूलाई हार्दिक धन्यवाद।

### गुठीको कार्यालय कोठाः

गुठीको कार्यालय राख्न पूर्व अध्यक्ष श्री गृहमान सिंहज्यूको कुलेश्वरस्थित आफ्नो घरमा एउटा कोठा निःशुल्क प्रयोग गर्न दिनुभए बापत उहाँलाई गुठीको तर्फबाट कृतज्ञता ज्ञापन गरिएको छ।

### श्री महेन्द्र लाल श्रेष्ठ, एम एस माउस

विभिन्न अवसरमा तानसेन गुठीबाट सम्पादित विविध कार्यक्रमहरूमा आवश्यक पर्ने कलात्मक डिजाइनका कार्यहरू निःशुल्क रूपमा गरी सहयोग गर्नुभएकोमा हार्दिक धन्यवाद।

### दि बेकरी क्याफे

गुठीको स्थापना कालदेखि बैठक सभा-समारोहको लागि निःशुल्क रूपमा निरन्तर बैठक, सभा–कक्ष उपलब्ध गराउँदै आउनुभएकोमा दि बेकरी क्याफेलाई हार्दिक धन्यवाद।

साथै यसवर्ष ईन्फ्लुएन्जा र निमोनिया खोपको प्रथम चरण (२०७७ कार्तिक १५ गते) र दोश्रो चरण (२०७७ कार्तिक २२ गते)को कार्यक्रम सञ्चालन गर्नको लागि पुलचोकस्थित द वेकरी क्याफेमा बिहानको १२ बजे देखि ३ बजेसम्म निःशुल्क स्थान उपलब्ध गराई सहयोग गर्नुभएकोमा दि बेकरी क्याफे परिवारलाई हार्दिक आभार सहित धन्यवाद।

यसवर्ष गुठीको २८ र २९ औं वार्षिक साधारण सभा तथा भेला कार्यक्रम वर्तमान समयमा कोभिड महामारीको अवस्थालाई ध्यानमा राख्दै सिमित संख्यामा (२५ जनासम्म) उपस्थित गरी गर्नुपर्ने अवस्थामा स्वास्थ्य सुरक्षा अपनाए सम्पन्न गर्न सभाहल तथा स्थान नि:शुल्क उपलब्ध गराईदिनुभएकोमा हार्दिक धन्यवाद।

# हार्दिक श्रद्धाञ्जली



**जन्मः**
**२०१७ साल श्रावण ८ गते**

**स्वर्गारोहणः**
**२०७८ साल आषाढ ८ गते**

## स्व. राजु प्रसाद श्रेष्ठ

तानसेन गुठीको स्थापनाकाल देखि गुठीको रचयिताहरू मध्येका एकजनाको रूपमा परिचित गुठीका आजीवन सदस्य **राजु श्रेष्ठ**को जन्म २०१७ सालमा तानसेन मेहलधारा निवासी बुवा यज्ञप्रसाद श्रेष्ठ तथा माता रुपलक्ष्मी श्रेष्ठको पाँचजना सन्तान मध्ये दोश्रो तथा जेष्ठ सुपुत्रको रूपमा भएको थियो। उहाँको एकजना दिदी एकजना बहिनी र दुईजना भाइहरू हुनुहुन्छ। परिवारमा आमा, धर्मपत्नी पूर्णिमा, दुइ छोरीहरू डा. यशस्वी र डा.यष्टिका, एकजना छोरा यथेच्छ हुनुहुन्छ। उहाँको बाल्यकाल तानसेनमा नै बित्यो। बाल्यकाल देखि हँसिलो स्वभावका उहाँ अति नै भद्र तथा मिलनसार, र साथीभाइहरूमाझ तथा परिवारमा सबैका प्रियपात्र हुनुहुन्थ्यो।

तानसेनको जेठो स्कूल पद्म पब्लिक बहुउद्देशीय हाइस्कूल र सेन माध्यमिक विध्यालयबाट एस.एल. सी.सम्मको पढाई पूरा गर्नुभएको थियो। उच्च शिक्षा हासिल गर्ने क्रममा काठमाडौं स्थित अस्कल क्याम्पसमा आइ.एस्सी. अध्ययन पछि भारतको पटना विश्वविद्यालयबाट बि.कम. पास गरी त्यहिँबाट एम.कम.को परीक्षामा बोर्ड आठौँ मा पर्न सफल हुनुभएको थियो।  तीस वर्षकै उमेरमा उहाँ रोटरी नेपाल, माइतीघरमा आबद्ध हुनुभएको थियो। पछि सत्य साई केन्द्र, पाटनमा आबद्ध भएर भजन-कीर्तनमा लाग्नुभएको थियो।


आफ्नो बुवाले शुरू गर्नुभएको वाई.पी. कनस्ट्रक्सन कम्पनीमा उहाँले निरन्तर साथ सहयोग दिँदै आइरहनु भएको थियो। हाल लामो समय देखि काठमाडौं, झम्सिखेलमा आफ्नो व्यवसाय सञ्चालन गर्दै आउनुभएको थियो।

उहाँको ६१ वर्षको उमेरमा २०७८ साल आषाढ आठ गते असामयिक तथा दुःखद् निधन भएकोले गुठीले एक अभिभावक गुमाएको छ। गुठीलाई अति नै मायाँ गर्ने उहाँ जस्तो एक कर्मठ निष्ठवान व्यक्तित्वको निधनले गुठी परिवारमा अपूरणीय क्षति पुगेको छ। यस दुःखद् घडीमा गुठी परिवार गहिरो दुःख व्यक्त गर्दै दिवंगत आत्माको चीर शान्तिको कामनासहित भावपूर्ण हार्दिक श्रध्दाञ्जली अर्पण गर्दछ। साथै यस दुःखद् घडीमा शोकाकुल उहाँकी श्रध्येय आमा, धर्मपत्नी तथा शोकसन्तप्त परिवार, आफन्तजनहरूमा धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरोस् भनी श्री रणउजीरेश्वरी मातासँग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछ।

**सर्जुमान लिगल**
अध्यक्ष
तथा तानसेन गुठी परिवार काठमाडौं

tansen trust

# हार्दिक श्रद्धाञ्जली



**जन्मः**
सन् १९३७ नोभेम्बर १०

**स्वर्गारोहणः**
२०७६ साल चैत्र २ गते

## स्व. हितसिंह श्रेष्ठ

पाल्पा तानसेन वसन्तपुर टोलमा बि.स.१९९४ वैशाख (सन १९३७ नोभेम्बर १०) मा जन्मनु भएका **हितसिंह श्रेष्ठ** स्व. इन्द्रमान सिंह र स्व. मोहन मान सिंहका नाति तथा मूर्तेन्द्रमान सिंह र मोहनमाया सिंहको चार पुत्रहरू मध्ये जेष्ठ पुत्र थिए। उहाँका अन्य तीन भाईहरू ई. शक्तिमान सिंह, डा. शम्भुमान सिंह र डा. उपेन्द्रमान सिंह र पाँचजना दिदी बहिनीहरु क्रमश केशवलक्ष्मी श्रेष्ठ, गौतमी श्रेष्ठ, लोकमाया जोशी, स्व. देवी मल्ल र जयन्ती श्रेष्ठ हुन्। उहाँ पछिल्लो समय काठमाडौंलाई कर्मथलो बनाएपछि धर्मपत्नी तुल्लादेवी श्रेष्ठ सहित छोरा कर्नेल डा.मुकुन्द सिंह, बुहारी प्रीति राजभण्डारी र दुई नातीनी अक्षय श्रेष्ठ, प्रिया श्रेष्ठको साथमा लगनखेल ललितपुर स्थित आफ्नै निवासमा सपरिवार सँग बस्दै आउनुभएको थियो। उहाँको एक मात्र छोरी मगंला प्रधान र ज्वाँइ विनोदमान प्रधान तथा नाति अमिशमान प्रधान नातीनी बुहारी यमेना श्रेष्ठ र नातिनी डा. आमी प्रधान छन्।

उहाँले आफ्नो जीवनकालमा अगाडि बढ्न शिक्षा क्षेत्रलाई प्रथम प्राथमिकतामा राख्नुभएको कारण आफू उच्च शिक्षा हासिल गरेर परिवारका सबैलाई शिक्षित तथा उच्च स्थानमा पुर्याएर सफल अभिभावक बन्नुभएको छ।

प्रजातन्त्रको उदय पछि र नेपालको विभिन्न ठाउँबाट काठमाडौं आउने क्रम प्रारम्भ भएपछि पाल्पाबाट काठमाडौं आई अध्ययन गर्ने र नोकरी गर्नेमा उहाँ अग्रपङ्तिमा पर्नुहुन्छ। उहाँले तानसेन पाल्पामा खुलेको पहिलो स्कुलबाट सन् १९५२ मा एस.एल.सी. उत्तीर्ण गरेपछि भारत तथा काठमाडौंको विभिन्न स्थानबाट उच्च शिक्षा हासिल गर्नुभयो। उहाँले वनारस हिन्दू विश्व विद्यालयबाट सन् १९५४मा आइ.ए., पटना विश्व विद्यालयबाट सन् १९५६ मा बि.ए. र त्रि-चन्द्र कलेज काठमाडौंबाट सन् १९५७ मा बि.टी (Bachelor of Teaching), त्रिभुवन विश्व विद्यालय, नेपालबाट सन् १९६१मा एम.ए.(Economics) र म्यानचेष्टर युनभर्सिटी यु.के.बाट सन् १९६५ मा पोष्ट ग्रयाजुयट डिप्लोमा (Economic Development) गर्नुभएको थियो।

तत्कालीन समयमा भारतबाट स्नातक गर्नुभएका उहाँले पाल्पा तथा चैनपुरको सँखुवासभाको नर्मल स्कुल र शिक्षा कलेजको प्रशिक्षकको रूपमा पढाउने काम पनि थाल्नु भएको थियो। त्रिभुवन विश्वविद्यालयको स्थापना पछि अर्थशास्त्र विभागको पहिलो समूहको विधार्थी भै एम.ए. पास गरेपछि सन् १९६१ देखिनै नेपाल सरकारको सेवामा प्रवेश गर्नुभयो।

सिंह परिवारमा निजामतीतर्फ प्रशासन सेवामा प्रवेश गर्ने उहाँ पहिलो सदस्य हुनुहुन्थ्यो। उहाँले तीन दशकमा सरकारी सेवाको विभिन्न महत्वपूर्ण तथा चुनौतीपूर्ण जिम्मेवार पदमा रही सफलतापूर्वक कार्य सम्हाल्नु भएको थियो। उहाँ राष्ट्रिय योजना आयोग सचिवालयको शाखा अधिकृत, Ministry of Economic Planning को उपसचिव, उद्योग तथा वाणिज्य मन्त्रालयको उपसचिव, विराटनगर जुट विकास वोर्डको डेपुटी डाइरेक्टर, अर्थ मन्त्रालयको उपसचिव , अर्थ मन्त्रालयको अतिरिक्त सचिव, जलस्रोत मन्त्रालयको अतिरिक्त सचिव, आपूर्ति मन्त्रालयको का.मू. सचिव, राष्ट्रिय योजना आयोगको अतिरिक्त सचिवको कार्यकालपछि सेवा निवृत्त हुनुभयो। मूलत: आर्थिक तथा योजना क्षेत्रमा लामो समय व्यतीत गर्नु भएकोले उहाँको वैदेशिक सहयोगको क्षेत्र (Foreign Aid Sector)मा विशेष दक्षता भएको मानिन्थ्यो। एक समय उहाँलाई वैदेशिक सहयोगको पर्यायको रूपमा चिनिन्थ्यो।

पञ्चायत कालको अन्त्यतिर नाकाबन्दी लागेको समयमा आपूर्ति मन्त्रालयको जिम्मेवारी सम्हाल्नु देशकै एक महत्वपूर्ण तथा चुनौतीपूर्ण कार्य थियो। सेवा निवृत्त भएपनि विभिन्न सामजिक संघ सँस्थामा उहाँको संलग्नता थियो। उहाँ सामाजिक सेवा राष्ट्रिय समन्वय परिषदमा अर्थ मन्त्रालय प्रतिनिधिको रूपमा संलग्न हुनुहुन्थ्यो। यसैगरी विभिन्न समय नेविल बैंकको अध्यक्ष, खाद्य सँस्थानको अध्यक्ष, टिम्बर कार्पोरेसनको अध्यक्ष, खानेपानी संस्थानको संचालक समितिको सदस्य, नेपाल टेलिकमको बोर्ड सदस्य, नेपाल अर्बुद रोग निवारण संस्थाको आजीवन सदस्य, नेपाल हृदय रोग निवारण प्रतिष्ठान ललितपुरका संस्थापक सदस्य, शाही नेपाल वायूसेवा निगमका संचालक सदस्य, आई.आई.डी.एस. नेपालका रिसर्च फेलो रहि सेवा गर्ने अवसर उहाँलाई प्राप्त भएको थियो। यसरी राष्ट्रको लागि उहाँको योगदान र नेतृत्वदायी भूमिका महत्वपूर्ण रहेको थियो। सोही कारण उहाँको कार्यकुशलताको उच्च मूल्याङ्कन गर्दै कदरस्वरूप विभिन्न समयमा गोरखा दक्षिणवाहु चौथो(१९७५), गोरखा दक्षिणवाहु तेश्रो (१९७८) पदकबाट विभूषित समेत हुनुभएको थियो। यसैगरी उहाँ त्रि.वि.वि. अर्थशास्त्र केन्द्रिय विभागबाट पहिलो व्याचको विद्यार्थीको हैसियतले सम्मानित हुनुभएको थियो। यस गुठीका आजीवन सदस्य एवं सल्लाहकार रहनुभई निरन्तर बैठकमा उपस्थित भएर महत्वपूर्ण सल्लाह, सुझाव र मार्गदर्शन दिनुभएको प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै गुठीको रजत महोत्सवको अवसरमा उहाँ कदर–पत्र २०७५ द्वारा सम्मानित हुनुभएको थियो।

उहाँले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका विभिन्न जिल्लाहरूमा भ्रमण गर्नुको साथै भारतको अधिकांश प्रमुख तीर्थस्थलहरुको भ्रमण गर्नुभएको छ। साथै विभिन्न कालखण्डमा चीन, जापान, थाइल्याण्ड, वङ्गलादेश, वर्मा, सिंगापुर, श्रीलङ्का, बेलायत, अमेरिका, अष्ट्रेलिया, अष्ट्रिया, स्वीट्जरल्याण्ड, फ्रान्स, जर्मनी, क्यानाडा, युगोस्लोभिया इत्यादि देशहरूमा समेत भ्रमण गर्नुभएको छ।

तानसेन पाल्पाको देवस्थलका देवदेवीहरुको रथयात्रा तानसेन नगर परिक्रमा गराउन सहयोग पुगोस् भन्ने उद्देश्यले यस गुठीमा आफ्ना माता-पिताको नाममा स्थापित 'मूर्तेन्द्र– मोहन मायाँ स्मृति अक्षयकोष' रु.३००,०००।- (अक्षररूपी तिन लाख) को संस्थापक सदस्यहरू मध्येका एकजना संस्थापक हुनुहुन्छ।

उहाँको २०७६ साल चैत्र २ गते आइतवारको दिन ८२ वर्षको उमेरमा ब्रम्हलिन हुनुभएकोमा गुठी परिवार गहिरो दुःख प्रकट गर्दछ। यस दुःखद निधनले गुठी परिवारलाई अपूरणीय क्षति पुगेको छ साथै राष्ट्रले एक सच्चा इमान्दार, अनुभवी र कुशल राष्ट्रसेवक गुमाएको छ। उहाँको निष्ठा संघर्षका गाथाहरू हामी सबैका लागि एक प्रेरणाको श्रोत भएको छ। आजको दिन उहाँलाई पुनःस्मरण गर्दै दिवंगत आत्माको चिरशान्तीको कामनासहित भावपूर्ण हार्दिक श्रद्धान्जली अर्पण गर्दछ। साथै शोकसन्तप्त परिवार तथा आफन्तजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै धैर्यधारण गर्न सक्ने शक्ति प्राप्त होस् भनी भगवानसँग प्रार्थना गर्दछ।

**सर्जुमान लिगल**
अध्यक्ष
तथा तानसेन गुठी परिवार काठमाडौं

tansen trust

# हार्दिक श्रद्धाञ्जली



**जन्मः**
२००८ पुस ४ गते

**स्वर्गारोहणः**
२०७८ श्रावण २५ गते

## स्व. श्यामसुन्दर लाल कक्षपती

वि.सं.२००८ साल पौष ४ गते बुधबार पौष कृष्ण पक्ष षष्ठी तिथिका दिन तानसेन पाल्पामा जन्मनुभएका यस तानसेन गुठी काठमाडौंका आजीवन सदस्य एवं पूर्व अध्यक्ष श्याम सुन्दर लाल कक्षपतीको यही मिति २०७८ साल श्रावण २५ गते, सोमबार श्रावण शुक्ल प्रतिपदा तिथिको दिन बैंकक थाइल्याण्डमा ७० बर्षको उमेरमा असामयिक दुःखद निधन भएकोमा तानसेन गुठी परिवार गहिरो दुःख प्रकट गर्दै दिवंगत आत्माको चिरशान्तिको कामनासहित भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। उहाँ अन्तराष्ट्रिय स्तरको कार्य क्षेत्रमा यूरोपियन युनियन, चेम्वर अफ कमर्सको सदस्य, होटल संघ नेपाल (हान)को पूर्व अध्यक्ष तथा रेष्टुरेन्ट एण्ड बार एसोसिएसन नेपाल (रेवान)का संस्थापक अध्यक्ष रही समग्र देशको हितमा कार्य गर्दै नेपालको पर्यटन उद्योगको विकासमा योगदान गर्नुभएका नेपालीहरुलाई रोजगारी अवसर दिलाउन नेपालको क्याफे कल्चरको अग्रणी हुनुहुन्छ। देशको विभिन्न क्षेत्रमा संचालन भएका नाङ्लो क्याफे एण्ड पब, दि बेकरी क्याफे, नाङ्लो वेस्ट बुटवल÷पाल्पा, रिभरसाइड स्प्रिङ्स रिसोर्ट, कुरिनटार चितवन तथा श्यामस् आन ट्री क्याफे काठमाडौं र शुभतारा स्कुल ललितपुरका संस्थापक हुनुहुन्छ।

उहाँले यस गुठीमा समेत धार्मिक साँस्कृतिक र शिक्षा क्षेत्रमा सहयोग पुर्‍याउने उद्येश्यले बुबाको नाममा स्थापित रामलाल ज्योतिलाल स्मृति अक्षयकोषका दाता, श्रीनगर छात्रवृति पुरस्कारका संस्थापक सदस्य र तानसेन नेवाः छे नाममा गुठीको भवन निर्माण सहयोगार्थ सुन्दरीघाट काठमाडौंको जग्गादाता साथै स्थापना कालदेखि बैठक सभासमारोहका लागि निःशुल्क बैठक सभाकक्ष उपलब्ध गराउँदै आउनु भएका गुठीद्वारा अभिनन्दित समाजसेवी, अनुकरणीय, प्रेरणादायी एवं उदाहरणीय असल व्यक्तित्वको निधनले गुठी परिवार एवं समस्त पाल्पाली तथा राष्ट्रको सिङ्गो पर्यटन क्षेत्रमा अपूरणीय क्षति भएको छ। यस दुःखद घडीमा शोकाकुल उहाँका धर्मपत्नी रानीराज कक्षपती, छोरी नयनतारा कक्षपती, छोरा जयेन्द्र कक्षपती, बुहारी संजीवनी कक्षपती तथा शोक संतप्त परिवार र आफन्तजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै उहाँहरुमा धैर्यधारण गर्नसक्ने शक्ति प्राप्त होस् भनी भगवानसँग प्राथना गर्दछौं।

**सर्जुमान लिगल**
अध्यक्ष
तथा तानसेन गुठी परिवार काठमाडौं

tansen trust

# हार्दिक श्रद्धाञ्जली



**जन्म:**
२००६ आश्विन २६ गते

**स्वर्गारोहण:**
२०७७ आषाढ ३१ गते

## स्व. गोपाल प्रसाद श्रेष्ठ

तानसेन पाल्पा असन टोलमा वि.सं.२००६ आश्विन २६ गतेका दिन पिता श्रीकृष्ण श्रेष्ठ तथा माता पूर्णमायाँ श्रेष्ठको जेठो पुत्रको रूपमा **गोपाल प्रसाद श्रेष्ठ**को जन्म भएको थियो। उहाँको भाइ स्व. शरण कुमार श्रेष्ठ तथा बुहारी सुजन श्रेष्ठ र बहिनी द्रुव लक्ष्मी शाक्य र पुरन श्रेष्ठ हुन्। उहाँले नेपाल जनस्वास्थ्य कार्यलयमा कर्मचारी भएर सरकारी जागिर खानुभएको थियो। धरै समय पछि भगवती टोलस्थित आफ्नै निवासमा विविध फेन्सी सामानको व्यापार व्यवसाय गर्दै आउनुभएको थियो। परिवारमा असल अभिभावकको रुपमा कर्तव्य निर्वाह गर्नुभएका उहाँ धर्मपत्नी श्रीमती चमेली श्रेष्ठ तथा छोरा बुहारीहरू क्रमश: राजेश तथा निर्जु श्रेष्ठ, रवी तथा आशा श्रेष्ठ, राकेश श्रेष्ठ, राजीव तथा रुशी श्रेष्ठ र राजन श्रेष्ठ सहित सबैजनासँगै बस्दै आउनुभएको थियो। उहाँले आफ्ना छोराहरूलाई शिक्षित बनाएर विविध काममा लगाउनुभएको थियो।

साथै पाल्पा जिल्लाका विभिन्न संघसंस्थामा संलग्न रही निरन्तर क्रियाशील भएर समाजिक सेवाका कुशलतापूर्वक कार्य गर्दै आउनुभएको थियो। उहाँ तानसेन वार्ड नं. २ का वडासदस्य, हिन्दू महासंघ पाल्पाका उपाध्यक्ष, महेन्द्रबोधी माध्यमिक विद्यालयका व्यवस्थापन समिति पूर्व सदस्य, पाल्पा उपभोक्ता समिति सदस्य, तानसेन कालीगण्डकी लिफ्टिङ खानेपानी उपभोक्ता समिति सदस्य, पाल्पा उद्योग वाणिज्य संघका पूर्व सदस्य, रोटरी क्लब पाल्पाका सदस्य र तानसेन गुठी पाल्पा शाखाका विभिन्न पदमा रही कार्य सम्हाली २०७५-०७७ मा (दुइवर्ष) अध्यक्ष समेत रहनु भएको थियो।

मिति २०७७ साल आषाढ ३१ गते बुधवारको दिन ७२ वर्षको उमेरमा उहाँको असामयिक दुःखद् निधन भएकोमा गुठी परिवार अत्यन्त दु:खित, मर्माहत तथा स्तब्ध भएका छौं। उहाँ यस गुठीमा क्रियाशील भएर लाग्नुहुने शुभचिन्तक तथा तानसेनका एक समाजिक अभियन्ता साथै धार्मिक भावका एक कर्मठ, निष्ठावान् व्यत्तित्वको निधनले तानसेन गुठी परिवारमा अपुरणीय क्षति पुगेको छ। गुठी परिवार गहिरो दुःख प्रकट गर्दै दिवंगत आत्माको चीरशान्तिको कामनासहित भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ। साथै यस दुःखद घडीमा शोकाकुल उहाँकी धर्मपत्नी तथा पुत्रहरु लगायत शोकसन्तप्त परिवार, आफन्तजनहरुमा धैर्यधारण गर्न सक्ने शक्ति प्राप्त होस् भनी भगवानसँग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछ।

**सर्जुमान लिगल**
अध्यक्ष
तथा तानसेन गुठी परिवार काठमाडौं

tansen trust

# हार्दिक श्रद्धाञ्जली



**जन्मः**
**१९९१ साल पौष २१ गते**

**स्वर्गारोहणः**
**२०७७ साल वैशाख १२ गते**

## प्रा.डा. जुन थापा मल्ल

यस गुठीका आजीवन सदस्य, अक्षयकोषदाता एवम् शुभचिन्तक वरिष्ठ स्त्रीरोग विशेषज्ञ **प्रा.डा. जुन थापा** मल्लको ८५ वर्षको उमेरमा असामयिक दःखद निधन भएको हुनाले उहाँको आत्माको चीरशान्तिको कामना गरी उहाँप्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।

वसन्तपुर तानसेन पाल्पा निवासी बुबा डा. श्यामकृष्ण मल्ल तथा आमा रत्ना देवीका सुपुत्री तथा प्रा.डा. लोक विक्रम थापाका धर्मपत्नी उहाँले MBBS, DRCOG, MRCOG र FICS मा डिग्री हासिल गरी विभिन्न स्वास्थ्य तथा स्वास्थ्य सम्वन्धित शैक्षिक क्षेत्रमा उच्च योगदान पुर्याउनु भएको छ। आफ्ना सम्बन्धित विषयमा विभिन्न पुस्तकहरू प्रकाशित गरिसक्नुभएको उहाँ आफ्ना विषयमा प्रथम पाल्पाली महिला चिकित्सक हुनुहुन्छ। वहाँ नेपालका विभिन्न अस्पताल, स्वास्थ्य शैक्षिक क्षेत्रहरूमा संलग्न रही सेवारत हुनुहुन्थ्यो।

उहाँ स्वास्थ्य क्षेत्रमा पुर्याउनुभएको योगदानका कदरस्वरूप विभिन्न मानसम्मान र पदकबाट सम्मानित र विभूषित हुनुभएको छ। सोही क्रममा मिति २०६४ भाद्र २२ गते गुठीको १५ औं वार्षिक भेलाका दिन वहाँले पुर्याउनु भएको योगदानको उच्च कदर गरी गुठीद्वारा वहाँलाई दोसल्ला ओढाई सम्मान-पत्रद्वारा सम्मानित गरिएको थियो।

वहाँ सामाजिक व्यक्तित्व पनि हुनुहुन्थ्यो। सामाजिक सेवाभावमा अभिप्रेरित भई पाल्पामा स्थापित लुम्बिनी मेडिकल कलेज एण्ड रिसर्च सेन्टरबाट MBBS मा अध्ययनरत छात्र वा छात्रामध्येबाट सर्वोच्च अङ्क ल्याई उत्तीर्ण गर्ने एकजनालाई 'स्वर्णपदक' प्रदान गरी सम्मानित गरी प्रोत्साहित गर्ने उद्देश्यले उहाँ र उहाँका श्रीमान् प्रा.डा. लोकविक्रम थापाले वि.सं. २०६७ भाद्र ७ गते रू.१,००,०००।–(अक्षरूपी एक लाख) को 'जुन लोक अक्षयकोष' खोल्नुभएको छ।

वहाँले स्वास्थ्य क्षेत्रमा पुर्याउनुभएको योगदान स्मरणीय, उल्लेखनीय र प्रशंसनीय रहेको छ। उहाँ हिमाल अस्पताल प्रा.लि. ५१० थीर बम सडक, ज्ञानेश्वर काठमाडौंमा बसोबास गर्दै आउनुभएको थियो। वहाँका दुई छोरीहरू छन्।

अन्तमा वहाँको योगदानलाई स्मरण गरी वहाँप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दै परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं।

**सर्जुमान लिगल**
अध्यक्ष
तथा तानसेन गुठी परिवार काठमाडौं

tansen trust

# हार्दिक श्रद्धाञ्जली



**जन्मः**
२००६ कार्तिक २६ गते

**स्वर्गारोहणः**
२०७७ भाद्र ८ गते

## स्व. शुभ श्रेष्ठ

यस गुठीका आजीवन सदस्य, अक्षयकोषदाता एवं शुभचिन्तक **शुभ श्रेष्ठ**को ७१ वर्षको उमेरमा असामयिक दुःखद निधन भएको हुनाले वहाँको आत्माको चीरशान्तिको कामना गरी वहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।

लुम्बिनी अञ्चल, पाल्पा तानसेन नगरपालिका वडा नं. ३ भगवतीटोल ठाडोगल्ली निवासी बुबा मुक्तिप्रसाद श्रेष्ठ तथा आमा लक्ष्मीकुमारी श्रेष्ठका सुपुत्री शुभ श्रेष्ठ राष्ट्रिय स्तरमै स्थापित बहुमुखी प्रतिभा र व्यक्तित्व भएका साहित्यकार हुनुहुन्छ। वहाँले कविता, कथा, निबन्ध, उपन्यास, समीक्षा र नियात्रा विधाका ६ वटा पुस्तक लेखी प्रकाशित गरिनुका साथै विभिन्न पत्रपत्रिकाहरूमा विभिन्न लेखरचनाहरु प्रकाशित गरिसक्नुभएको छ। वहाँले नेपाली बिषयमा स्नातकोत्तर उपाधि हासिल गरी त्रि.वि.वि. आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र (सेडा) मा उपप्रशासक पदमा रही सेवा निवृत्त हुनुभएको थियो। शुरूमा लामो समयसम्म भगवतीस्थानमा प्राथमिक विध्यालयमा र पछि सेन मा.वि र पद्मोदय नमुना मा. वि. मा शिक्षण गर्नुभई त्रिभुवन बहुमुखी क्याम्पस पाल्पामा सहायक भण्डारपाल पदमा रही सेवा गर्नुभएको थियो।

वहाँ विभिन्न सामाजिक, धार्मिक एवम् साहित्यिक संघसंस्थाहरूमा आवद्ध हुनुहुन्थ्यो। वहाँको योगदानको उच्च कदर गरी विभिन्न संघसंस्थाहरूबाट वहाँलाई पुरस्कृत, अभिनन्दित, विभूषित र सम्मानित गरिएको थियो। वहाँको सम्मानार्थ वरिष्ठ साहित्यकार पुष्पराज रेग्मीले वहाँको जीवनीमा आधारित 'अर्पण' पुस्तक लेख्नुभएको छ र प्रकाशित पनि भइसकेको छ।

वहाँले आफ्ना आमाबुबाको नाममा वि. सं. २०७२ भाद्र २६ गते शिक्षातर्फ त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाबाट नेपाली विषयमा स्नातकोत्तर तहमा सर्वाधिक अङ्क प्राप्त गर्ने एकजना विध्यार्थीलाई प्रोत्साहन स्वरूप चाँदीको तक्मा सहित नगद पुरस्कार प्रदान गर्ने उद्देश्यले रू.१,१०,०००।– (अक्षरूपी एक लाख दशहजार) को 'मुक्तिप्रसाद-लक्ष्मीकुमारी अक्षयकोष' खोल्नुभएको छ।

अमर शहीद गंगालाल श्रेष्ठ तथा नेता पुष्पलाल श्रेष्ठका सहोदर भाइ देवीलाल श्रेष्ठका धर्मपत्नी शुभ श्रेष्ठ पछिल्लो समयमा मधुमेह रोगबाट पिडित भई दुबै मृगौलाको समस्या र उच्च रक्तचापबाट ग्रसित भई सहारा (सिनियर सिटिजन केयर होम एण्ड रिक्रियसन) आनन्दमार्ग, धुम्बाराही काठमाडौंमा बसी नियमित उपचारको क्रममा स्वर्गारोहण भएको थियो।

अन्तमा वहाँको योगदानलाई स्मरण गरी वहाँप्रति श्रद्धासुमन अर्पण गर्दै परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं।

**सर्जुमान लिगल**
अध्यक्ष
तथा तानसेन गुठी परिवार काठमाडौं

tansen trust

# हार्दिक श्रद्धाञ्जली



**जन्मः**
१९९० साल माघ ३ गते

**स्वर्गारोहणः**
२०७७ साल कार्तिक २ गते

## स्व. महालक्ष्मी थान्जू

**श्रीमती महालक्ष्मी थान्जू**को जन्म तानसेन वसन्तपुर निवासी पिता स्व. नारायण प्रसाद श्रेष्ठ र माता स्व. हिरादेवी श्रेष्ठको सुपुत्रीको रूपमा भएको थियो। उहाँको विवाह पाल्पा तानसेन शितलपाटी निवासी गणेशप्रसाद थान्जूसँग दोश्रो धर्मपत्नीको रूपमा २००८ सालमा भएको थियो। उहाँ एक कुशल गृहणी भएर पारिवार सम्हाल्नुको साथै श्रीमानको पर्ख्यौली व्यापार व्यवसायमा काँधमा काँध मिलाएर पूर्ण सहयोग गर्नुहुन्थ्यो।

उहाँको सातजना सन्तानहरूमा छोराहरू क्रमशः महेश, सुरेश, नरेश, दिनेश, दिपक, राजेशप्रसाद थान्जू तथा एक सुपुत्री निलम थान्जू हुनुहुन्छ। यसरी उहाँको ६ छोरा, ४ बुहारी, एक छोरी, एक ज्वाई, १४ नाती-नातिनी र १० पनाती-पनातीनीहरू छन्। उहाँका सबै सन्ततिहरू देश विदेशमा विविध पेशा, व्यवसाय र गार्हस्थ्य जीवनमा व्यस्त हुनुहुन्छ।

उहाँको चौरासी पूजा वि.सं. २०७३ पौष २८ गते बुटवल स्थित आफ्नै निवासमा आयोजना हुँदा परिवारका सदस्यहरू देश-विदेशका विभिन्न स्थानमा छरिएर रहनु भएको भएता पनि छोरा-छोरी, बुहारी, नाति, पनातिहरू सबैजना एकैठाउँमा जम्मा भएर आफ्ना परिवारका सदस्यहरू सँगै बस्न र देख्न पाउँदा ऊहाँ निक्कै हर्षविभोर तथा आनन्दित हुनुभएको थियो। आफ्नो चौरासी पूजाको बेलामा परिवारका सबै सदस्यहरूलाई Òतिमीहरू जहाँ रहेता पनि सँधै स्वस्थ र सुखी रहनुÓ भन्दै आशिर्वाद दिनुभएको थियो।

आफ्ना छोराछोरीहरूको बारेमा सानो-सानो कुरामा पनि अत्यन्तै पीर-चिन्ता लिनेहुने भएकोले उहाँका परिवारका सदस्यहरूले उहाँलाई सुखद् समाचार (गुड-न्यूज) मात्र सुनाउने गर्नुहुन्थ्यो। परिवारमा कोही बिरामी परेमा वा अपरेशन आदि स्वास्थ्य उपचार गर्नुपर्ने अवस्थामा पनि छोराछोरीहरूले आमाले धेरै चिन्ता गर्नुहोला भनेर सिधै नभनिकन घुमाउरो तरिकाले जानकारी गराउनु हुन्थ्यो। अचानक २०५३ साल पौष २५ गते श्रीमान् गणेशप्रसाद थान्जूको ७५ वर्षको उमेरमा बुटवलमा स्वर्गारोहण भएको थियो।उहाँको पतिसँगको ४५ वर्षको निरन्तर सहयात्राले चीर विश्राम लियो। छोराछोरीहरूको असल अभिभावकत्व कुशलतापूर्वक निभाउनु भई बच्चाहरूको साँस्कारिक लालन पालन, सामाजिक अनुशासन तथा शिक्षा-दीक्षाको उचित व्यवस्था गर्नुभयो।

शान्त स्वभावकी उहाँ नियमित पूजाआजा, ध्यान-कर्ममा मन लगाउनु हुन्थ्यो। उहाँको रूचि गरिब, दीनदुःखी र बेसहाराहरूलाई दान, चन्दा दिएर सहयोग गर्नुमा थियो। पछिल्लो समयमा उहाँको बसाई सँधै एकै स्थानमा नभई सिजन अनुसार गर्मी तथा जाडो मौसममा तानसेन, बुटवल, छपिया, काठमाडौंमा छोरा-बुहारी तथा नाति नातिनीहरुसँग समय बिताउन मन पराउनु हुन्थ्यो। साथै धर्म-कर्म तथा समाजिक कार्यमा आफ्नो गच्छे अनुसार सहयोग गर्दै आनन्दको जीवन बिताउँदै आउनुभएको थियो। उहाँ यस गुठीका शुभचिन्तक तथा 'गणेशप्रसाद सानुमाया, महालक्ष्मी थान्जू सांस्कृतिक अविनाशी कोष'का दाता समेत हुनुहुन्थ्यो। उहाँलाई तानसेनमा वर्षेनी मनाईने विविध धार्मिक, सांस्कृतिक जात्रा-पर्वहरू समयकाल सँगै विस्तारै लोप भएर जाने चिन्ता बढेकोले उपरोक्त कोषको व्याजबाट जात्रा पर्वहरूको निरन्तरतामा टेवा पुर्याउने उद्देश्यले सो कोषको स्थापना गर्नुभएको थियो। उहाँको काहिँला छोरा यस गुठीका आजीवन सदस्य तथा पूर्व कोषाध्यक्ष श्री दिनेशप्रसाद थान्जूले १० वर्षसम्म कार्यसमितिमा रहेर सक्रियताका साथ गुठीलाई योगदान दिनुका साथै चारवर्षसम्म कोषाध्यक्षको कार्यभार कुशलतापूर्वक सम्हाल्नुभएको थियो।

उहाँ २०७७ साल कार्तिक २ गते आइतवारको दिन ८७ वर्षको उमेरमा बुटवलस्थित क्रिमसन हस्पिटलमा जीवनको लामो यात्राबाट सदाको लागि हामी सबैलाई छोडेर ब्रम्हलीन हुनुभयो। उहाँको निधनले गुठी परिवारमा अपूरणीय क्षति पुगेको छ। उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना तथा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकूल परिवारजन तथा आफन्तहरुमा गुठी परिवार हार्दिक समवेदना व्यक्त गर्दछ।

**सर्जुमान लिगल**
अध्यक्ष
तथा तानसेन गुठी परिवार काठमाडौं

tansen trust

# हार्दिक श्रद्धाञ्जली



**जन्म:**
१९८६ साल चैत्र २० गते

**स्वर्गारोहण:**
२०७६ साल फागुण १४ गते

## स्व. मिथिलादेवी सिंह

**श्रीमती मिथिलादेवी सिंह** १९८६ साल चैत्र २० गतेका दिन धनुषा जिल्लाको जनकपुरमा पिता गजबहादुर श्रेष्ठ र माता नारायणीदेवी श्रेष्ठको कोखबाट कान्छी सुपुत्रीको रूपमा जन्मनु भएको थियो। कैयौं महान् व्यक्तिहरुको जन्मभूमि अनेक ज्ञानको उद्गमस्थल कला र संस्कृतिको धनी, ऐतिहासिक धार्मिक तिर्थस्थल मिथिला राज्यको राजधानी, माता सीताको जन्मभूमिमा जन्म भएको कारणले उहाँको नाम मिथिला राखिएको थियो। बुवाको पुर्ख्यौली घर काठमाडौंमा भएतापनि १९९० सालको महाभूकम्प अघि सरकारी जागिरको सिलसिलामा जनकपुरमा हुनुहुन्थ्यो। समयको विभिन्न कालखण्डमा परिवर्तन सँगसँगै उहाँको बुवा स्थायीरूपमा बुटवलमा व्यापार व्यवसाय गरी बस्नुभएको थियो। त्यतिबेला पढ्ने चलन खासै शुरु नभएको अवस्थामा उहाँ सामन्य लेख्न पढ्न जान्ने हुनुहुन्थ्यो।

त्यसताका तानसेनका मानिसहरू हिउँदमा व्यापार व्यवसायको क्रममा बुटवल झर्ने अनि गर्मी लागेपछि फर्कने प्रचलन भएकोले तानसेन बुटवल बसोबास गर्ने व्यवसायी तथा परिवारबीच घनिष्ठ सम्बन्ध रहेको पाईन्छ। २००६ साल आषाढ ५ गतेका दिन तानसेन वसन्तपुर निवासी कविराज दशरथमान सिंहसँग उहाँको विवाह भएको थियो। उहाँहरूका चार छोरा क्रमश: धरणीमान सिंह, रामचन्द्रमान सिंह,बाल कृष्णमान सिंह र शंकरमान सिंह तथा दुई छोरीहरू यमुनादेवी श्रेष्ठ, सावित्रीदेवी मास्के हुन्। उहाँहरूका नौ नाति, चार नातिनी, नौ पनाति र छ पनातिनी छन्। उहाँहरूको सन्ततिको विस्तार भइ हाल ३४ जनासम्म पुगेका छन्। सबै सन्ततिहरू स्वस्थ रही आ-आफ्नो कार्यक्षेत्रमा क्रियाशील हुनुहुन्छ।

कविराज दशरथमान सिंह वि.सं.१९७६ कार्तिक १४ गते वृहस्पतिबार बुवा बैद्य इन्द्रमान सिंह र माता चन्द्र कुमारी सिंहका कनिष्ठ सुपुत्रको रुपमा वसन्तपुर टोलमा जन्मेका थिए। छोराहरूमध्ये सबैभन्दा कान्छो (दशौं) पुत्रको रुपमा जन्म भएको हुँदा उहाँको नाम दशरथ राखिएको थियो। उहाँ तीनवर्षको नाबालक अवस्थामा पिताजीको स्वर्गारोहण भएको हुँदा आमा र दाजुहरूको संरक्षणमा उहाँको बाल्यकाल बितेको थियो।

तत्कालीन (राणाकालीन) समयमा विद्यालयको कुनै व्यवस्था नभएको कारण उहाँले निजी शिक्षकहरूबाट प्रारम्भिक शिक्षा आर्जन गर्नुभएको थियो। औपाचारिक शिक्षाको लागि भारतको दरभङ्गास्थित मारवाडी हाइस्कूलमा कक्षा छ मा प्रवेश गरी २००३ सालमा बनारस हिन्दु विश्वविद्यालय, भारत अन्तरगत मेडिकल र सर्जरी प्रभागबाट आयुर्वेदमा स्नातक उपाधि प्राप्त गर्नुभयो। आयुर्वेद इन्जेक्सन विज्ञान शिक्षा समिति, झाँसी विशारद (A.S.V.) उपाधि समेत प्राप्त गर्नुभयो। उपाधि हासिल गरे लगत्तै तानसेनमा आफ्नै निवासमा 'इन्द्रौषधालय' स्थापना गर्नुभई पाल्पामा स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले चिकित्सा व्यवसायमा संलग्न हुनुभयो। एकै थलोमा बसी एउटै पेशामा लगनशील भएर करिव छ दशकसम्म समस्त पाल्पाली तथा छिमेकी जिल्लाको गाउँहरूको घरदैलोमा पुगेर आधुनिक (एलोपेथिक) पद्धतिबाट स्वास्थ्य सेवा पुर्याउनेमा उहाँ एक कुशल र सफल चिकित्सकको रुपमा परिचित हुनुहुन्थ्यो।

साथै उहाँले विभिन्न शिक्षण संस्थाहरू तथा अन्य विविध क्षेत्रमा योगदान पुर्याउनु भएर सामाजको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो। २००४ सालमा स्थापना भएको पाल्पाको जेठो स्कूल पद्म पब्लिक हाइस्कूलको स्थापना कालेदखिनै सञ्चालक समितिको सदस्य, साथै उक्त विद्यालयमा एक वर्ष अवैतनिक शिक्षकको रुपमा सेवा गर्नुभयो। २०२३ देखि २०३० सालसम्म तानसेनमा अवस्थित त्रिभुवन कलेजको सञ्चालक समितिको सचिव, २०३० देखि २०३५ सालसम्म जनता मध्यामिक विद्यालय, तानसेनको सञ्चालक समितिका अध्यक्ष, २०५० देखि २०५५ सालसम्म तानसेन बहुमुखी क्याम्पस, तानसेनको सञ्चालक समितिका अध्यक्ष, २०५५ सालमा श्रीनगर विज्ञान उच्च मा.वि.को संस्थापक सदस्य, पाल्पा उद्योग वाणिज्य संघ, नेपाल रेडक्रस सोसाइटीको आजीवन सदस्य, लगायत तानसेनस्थित विभिन्न शिक्षण संस्थाहरूको भौतिक विकास, छात्रवृत्ती कोषको स्थापना गर्नुको अतिरिक्त बुटवल तथा पाल्पाको थुप्रै समाजिक, धार्मिक संघ संस्थाहरूको विकासको लागि आर्थिक सहयोग प्रदान गर्नुभएको थियो। साथै तानसेनस्थित सबै सार्वजनिक माध्यमिक विद्यालयहरूमा छात्रवृत्तिको लागि आवश्यक कोष स्थापना गरिदिनु भएको थियो।

लामो समय स्वास्थ्य सेवा , शिक्षा र अन्य सामाजिक एवम् धार्मिक क्षेत्रहरूमा पुर्याउनु भएको योगदानको उच्च कदर गर्दै विभिन्न ३५–४० प्रतिष्ठित संघ-संस्थाहरूले उहाँलाई सम्मान प्रदान गरेको थियो। तानसेन गुठीको वार्षिक भेला तथा साधारण सभा (२०६१ साल फागुण ६) को अवसरमा उहाँ सम्मानित हुनु भएको थियो।

यस गुठीको संरक्षणमा रहने गरी तानसेन स्थित त्रिभुवन बहुमुखी क्याम्पसका बि.ए. र बि.बि.एस विषयमा सर्वोच्च अकं ल्याई उत्तिर्ण गर्ने विध्यार्थी एक-एकजनालाई नगद पुरस्कार प्रदान गर्ने उद्देश्यले उहाँहरूबाट संयुक्तरूपमा रू. एक लाखको 'दशरथ मिथिला छात्रवृत्ति कोष' स्थापना गर्नुभएको थियो। उहाँहरू दुवैजना यस गुठीलाई अति नै मायाँ गर्ने तथा संस्थाको उन्नति र प्रगति चाहने शुभचिन्तक हुनुहुन्थ्यो। उहाँहरूका छोराहरू यस गुठीमा संस्थापक एवं आजीवन सदस्य द्वय श्री धरणीमान सिंह, श्री शंकरमान सिंह र आजीवन सदस्य श्री रामचन्द्रमान सिंह हुनुहुन्छ।

मिथिलादेवीको २०७६ साल फागुण १४ गते ९० वर्षको उमेरमा असामयिक दुखद निधन भयो। यस गुठीमा स्थापित दशरथ मिथिला छात्रवृत्तिका दाता एवं चिकित्सा क्षेत्रमा समर्पित एक अविस्मरणीय प्रतिष्ठित बहुआयामिक व्यक्तित्वका धनी समाजसेवी आदरणीय शताब्दी पुरुष कविराज दशरथमान सिंह तथा उहाँको धर्मपत्नी मिथिलादेवी सिंहज्यूको स्वर्गारोहणले गुठी परिवार एवं समस्त पाल्पालीहरुको लागि अपूरणीय क्षति भएको छ। गुठी उहाँहरू प्रति श्रद्धासुमन अर्पण गर्दै दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकाकुल परिवारजन तथा आफन्तजनहरूमा हार्दिक समवेदना व्यक्त गर्दछ।

**सर्जुमान लिगल**
अध्यक्ष
तथा तानसेन गुठी परिवार काठमाडौं

tansen trust

# हार्दिक श्रद्धाञ्जली



**जन्मः**
**१९८४ साल चैत्र ५**

**स्वर्गारोहणः**
**२०७७ साल फागुण २१ गते**

## स्व. गीतादेवी थान्जू

श्रीमती **गीतादेवी थान्जू**को जन्म वि.सं.१९८४ चैत्र ५ गते काठमाडौं, न्यूरोड निवासी भगवानदास श्रेष्ठ र सन्तुकुमारी श्रेष्ठको कोखबाट माहिली छोरीको रूपमा भएको थियो। पाल्पा, तानसेन निवासी स्व. श्री भगवतीप्रसाद थान्जूसँग २४ वर्षको उमेरमा वैवाहिक जीवनमा बाँधिनुभएकी उहाँका एक छोरी गुठीका आजीवन सदस्य उषा सिंह थान्जू तथा तीन छोराहरू गुठीका आजीवन सदस्य द्वय राजेन्द्र प्रसाद थान्जू, रविन्द्र थान्जू र विरेन्द्र प्रसाद थान्जू हुनुहुन्छ। व्यापार व्यवसायको सिलसिलामा उहाँहरू परिवार सहित बुटवलमा बस्दै आउनुभएको थियो। उहाँ एक सफल गृहिणी तथा आफ्ना श्रीमानको हेरक व्यापार व्यावसायमा हरपल सक्रिय भएर सघाउने एक व्यवसायी पार्टनर जस्तो हुनुहुन्थ्यो। पछिल्लो समय आफ्ना छोराछोरीसँग कहिले काठमाडौं ताहाचलमा त कहिले बुटवलमा बस्दै आउनुभएको थियो।

उहाँले विभिन्न संघ–संस्थाहरूः महिला शिल्पकला, नेवाः पुच, नेपाल रेडक्रस सोसाइटी, नेपाल परिवार नियोजन संघ आदिमा आबद्ध हुनुको साथै सामाजिक क्षेत्रमा विशेष योगदान दिनुभएको थियो। समाज सेवाको अतिरिक्त गायन तर्फ उहाँको विशेष अभिरुची थियो। रेडियो नेपालको स्थापनाकाल (२००७ साल) मा कर्णप्रिय गीतहरू गाउनको लागि साईकल चढेर सिंहदरबार पुग्नुहुने उहाँको महिला सशक्तिकरणमा समेत उल्लेख्य योगदान थियो। त्यतिबेलाका नाम चलेका कलाकारहरू उहँका समकालीन थिए। ८१ वर्षको उमेरमा पनि क्यानाडामा आयोजित नेपालीहरूको एक कार्यक्रममा आनी छोइङ डोल्मासँग मञ्चमा गीत गाउनु भई सबैको प्रशंसाको पात्र बन्नुभएको थियो। उहाँले नेपाल र भारतको विभिन्न शहर तथा प्रसिद्ध धार्मिक स्थलहरू जस्तैः तिरुपति बालाजी, हरिद्धार, बोलबम, साईबाबा तथा विदेशमा अमेरिका र क्यानाडाको भ्रमण गर्नुभएको थियो।

एक सकारात्मक सोचका धनी, मार्गदर्शक, दीर्घकालीन सोच भएकी उहाँ खुल्ला हृदय, स्वच्छ छविभएको कारणले ९२ वर्षको उमेरमा पनि उत्तिकै जागरुक हुनुहुन्थ्यो। यस गुठीले २०७६ साल श्रावण ११ गते शनिवारका दिन उहाँकै निवासमा ९० वर्षीय पूजा गरी उहाँलाई सम्मान गरिएको थियो। उक्त अवसरमा तानसेन बजारस्थित विभिन्न देवदेवीहरूको जात्रामा सहयोग गर्ने उद्देश्यले रू.१,११,१११।- (अक्षरुपी एक लाख एघार हजार एक सय एघार) को 'भगवती प्रसाद गीतादेवी थान्जू अक्षयकोष' स्थापना गर्नुभएको थियो। उक्त कोष तानसेन गुठीको नाममा मुक्तिनाथ विकास बैंक कमलादी शाखा (FD–F11035406316)मा जम्मा गरिएको छ।

उहाँले आफ्नो जीवनको सदुपयोग पूर्ण रुपमा गर्नुभई २०७७ साल फागुण २१ गते, शुक्रवारको दिन ९४ वर्षको उमेरमा यस संसारबाट बिदा लिनुभयो। गुठीका शुभचिन्तक एवं मृदुभाषी अभिभावकको स्वर्गाराहणले गुठी परिवारमा अपूरणीय क्षति पुगेको छ। उहाँको आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुका साथै शोकाकुल परिवारजन तथा आफन्तहरूमा गुठी परिवार हार्दिक समवेदना व्यक्त गर्दछ।

**सर्जुमान लिगल**
अध्यक्ष
तथा तानसेन गुठी परिवार काठमाडौं

tansen trust

# हार्दिक श्रद्धाञ्जली



**जन्मः**
२००९ साफ वैशाख १८ गते

**स्वर्गारोहणः**
२०७८ साल भाद्र १३ गते

## स्व. अरूण लाल श्रेष्ठ

तानसेन न.पा. भगवती टोल पुर्ख्यौली घर भई सिद्धानगर न.पा. वडा नं. ८ निवासी पिता स्व. चिरञ्जीवी लाल श्रेष्ठ र माता स्व. जय लक्ष्मी श्रेष्ठका सुपुत्र अरूण लाल श्रेष्ठको यही मिति २०७८ साल भाद्र १३ गते आइतबारका दिन ६९ वर्षको उमेरमा सिद्धार्थनगरमा असामयिक दुःखद निधन भएको छ । वहाँ यस तानसेन गुठी काठमाडौंमा स्थापित “जयचिरञ्जीवी स्मृति अक्षयकोष” का दाता हुनुहुन्छ । वहाँको निधनमा तानसेन गुठी परिवार गहिरो दुःख प्रकट गरी दिवंगत आत्माको चिरशान्तिको कामनासहित भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

यस दुःखद घडीमा उहाँका शोकाकुल धर्मपत्नी रिता श्रेष्ठ, छोरा अशोक श्रेष्ठ र छोरी अर्चना श्रेष्ठ मुल्मी तथा शोकसन्तप्त परिवार र आफन्तजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै उहाँहरूमा धैर्यधारण गर्न सक्ने शक्ति प्राप्त होस् भनी भगवानसँग प्रार्थना गर्दछौं ।

**सर्जुमान लिगल**
अध्यक्ष
तथा तानसेन गुठी परिवार काठमाडौं

tansen trust

# हार्दिक श्रद्धाञ्जली



**रम्भा देवी कसजू**
जन्मः वि.सं. १९८५ भाद्र १३
स्वर्गारोहणः वि.सं. २०७८ श्रावण ११



**उर्मिला देवी श्रेष्ठ**
जन्मः वि.सं. १९९९ माघ
स्वर्गारोहणः वि.सं. २०७८ श्रावण ७



**यज्ञ प्रसाद श्रेष्ठ (वाई.पी.श्रेष्ठ)**
जन्मः वि.सं. १९९२ असार १३
स्वर्गारोहणः वि.सं. २०७८ जेठ २१



**पूर्ण चन्द्र श्रेष्ठ**
जन्मः वि.सं. १९८९ मंसिर
स्वर्गारोहणः वि.सं. २०७८ जेठ २०



**किशोर महर्जन**
जन्मः वि.सं. २०१६ मंसिर २८
स्वर्गारोहणः वि.सं. २०७८ वैशाख २८



**गोपाल प्रसाद श्रेष्ठ**
जन्मः वि.सं. १९८४ पौष १९
स्वर्गारोहणः वि.सं. २०७८ वैशाख २३



**कृष्ण भक्त श्रेष्ठ**
जन्मः वि.सं. १९९० असार २८
स्वर्गारोहणः वि.सं. २०७८ वैशाख १



**कृष्ण बहादुर बज्राचार्य**
जन्मः वि.सं. १९९० पौष २२
स्वर्गारोहणः वि.सं. २०७७ चैत्र २०



**गणेश कुमारी श्रेष्ठ**
जन्मः वि.सं. १९९४ माघ २०
स्वर्गारोहणः वि.सं. २०७७ चैत्र ६



**राजेन्द्र मुनि शाक्य**
जन्मः वि.सं. २०१७ माघ २३
स्वर्गारोहणः वि.सं. २०७७ माघ १९



**माधव राज मास्के**
जन्मः वि.सं. १९९५ पुस २७
स्वर्गारोहणः वि.सं. २०७७ पुस २३



**मंगल प्रसाद श्रेष्ठ**
जन्मः वि.सं. १९९७
स्वर्गारोहणः वि.सं. २०७७ कार्तिक ६



**प्रकाश चन्द्र मलेकु**
जन्मः वि.सं. २०३० श्रावण ८
स्वर्गारोहणः वि.सं. २०७७ कार्तिक ३



**पशुपति प्रसाद अमात्य**
जन्मः वि.सं. १९९७ आषाढ ३
स्वर्गारोहणः वि.सं. २०७७ आश्विन २२

# हार्दिक श्रद्धाञ्जली



**रुद्र राज शाक्य**
जन्म: वि.सं. २००६ श्रावण २४
स्वर्गारोहण: वि.सं. २०७७ आश्विन १२



**देवी माया भारी**
जन्म: वि.सं. १९९२
स्वर्गारोहण: वि.सं. २०७७ भाद्र २६



**ब्रम्ह लक्ष्मी श्रेष्ठ**
जन्म: वि.सं. १९९७ माघ १०
स्वर्गारोहण: वि.सं. २०७७ भाद्र २५



**अनागरिका धम्मदिना गुरुमा**
जन्म: वि.सं. १९८१
स्वर्गारोहण: वि.सं. २०७७ असार २०



**हिरा प्रसाद सुवाल**
जन्म: वि.सं. १९८५ फाल्गुन २५
स्वर्गारोहण: वि.सं. २०७७ आषाढ ८



**कमला कक्षपती**
जन्म: वि.सं. २०१७ असार १
स्वर्गारोहण: वि.सं. २०७७ जेठ ३२



**कर्ण शेखर बज्राचार्य**
जन्म: वि.सं. १९९४ फाल्गुन २०
स्वर्गारोहण: वि.सं. २०७७ वैशाख १४



**जानकी देवी गोङ्गल**
जन्म: वि.सं. १९९८ असार २७
स्वर्गारोहण: वि.सं. २०७७ वैशाख ७



**देवी रत्न बज्रचार्य**
जन्म: वि.सं. २००५ असार २७
स्वर्गारोहण: वि.सं. २०७६ फागुन १५



**देव कुमारी प्रधान**
जन्म: वि.सं. २००४
स्वर्गारोहण: वि.सं. २०७६ मंसिर ५



**गजेन्द्र बहादुर मल्ल**
जन्म: वि.सं. १९९०
स्वर्गारोहण: वि.सं. २०७६ कार्तिक २९



**धन दर्शन बज्रचार्य**
जन्म: वि.सं. २००४ पुस १५
स्वर्गारोहण: वि.सं. २०७६ कार्तिक १२



**बलराम श्रेष्ठ**
जन्म: वि.सं. २०१२ कार्तिक २७
स्वर्गारोहण: वि.सं. २०७६ असोज १६



**उत्तम मान श्रेष्ठ**
जन्म: वि.सं. २००९ भाद्र १३
स्वर्गारोहण: वि.सं. २०७६ भाद्र २१



**विजय लक्ष्मी लिगल**
जन्म: वि.सं. २०११ आश्विन २१
स्वर्गारोहण: वि.सं. २०७६ चैत ४

# LIST OF TANSEN GUTHI MEMBERS

| | Name | Mobile | Home | Email Address | Address |
|---|---|---|---|---|---|
| | **KATHMANDU, LIFE MEMBERS** | | | | |
| | **Name** | **Mobile** | **Home** | **Email Address** | **Address** |
| | **A, B** | | | | |
| 1 | Aaradhana Shrestha | 9841148761 | 01-2019025 | | Dallu |
| 2 | Aarju Shrestha | 9841278025 | 01-4437425 | kathmanduauto2012@gmail.com | Maharajgunj |
| 3 | Achyut Man Singh | 9851010992 | | | Bhainsepati |
| 4 | Aishworya Man Baishyat | 9841385493 | | baisyet66@gmail.com | Kapurdhara |
| 5 | Amit Shrestha | 9851144849 | | amit_shrestha2040@hotmail.com | Tansen |
| 6 | Amrita Sainju Rajbhandari | 9841734501 | | | Kupondole |
| 7 | Anand Bahadur Joshi | 9841381537 | 01-6914042 | anandajoshi@hotmail.com | Baneswore |
